पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

माधव घिमिरेको जन्म वि.सं. १९७६ साल आश्विन ७ गते गौरीशङ्कर घिमिरे र द्रोपदी घिमिरेका पहिलो सन्तानका रूपमा हालको गण्डकी अञ्चल, लमजुङ जिल्लाको बाहुन डाँडा गा.वि.स. ५ पुस्तन गाउँमा भएको हो । उनले नेपाली साहित्यको कविता / काव्य, गीतिनाटक, गीत, निबन्ध अनुवाद, कथा आदि क्षेत्रमा कलम चलाउँदै आएका छन् । उनका रचनामा कलात्मकताको अपूर्व सङ्गम पाइन्छ । परिष्कारवादी शिल्प र स्वच्छन्दतावादी भावधारा साथै मानवतावादी भावको कुशलतापूर्वक समन्वय गरी खण्डकाव्यको रचना गर्ने घिमिरेका प्रकाशित खण्डकाव्यहरू **पापिनी आमा** (वि. सं. २०१३), **नयाँ नेपाल** (२०१३) **गौरी** (२०१५), **राजेश्वरी** (२०१७), **राष्ट्रनिर्माता** (२०२३), **धर्तीमाता** (२०३०), **बोराको परदा** (वि.सं. २०५७), **गौथली र गजधम्मे** (वि.सं. २०५७), **इन्द्रकुमारी** (वि.सं. २०५७) प्रकाशित खण्डकाव्य हुन् । नेपाली साहित्यका फाँटमा 'ज्ञानपुष्प' (वि.सं. १९९२) प्रथम प्रकाशित कविताबाट साहित्यिक यात्रा आरम्भ गरेका घिमिरेले एक दशकभन्दा लामो खण्डकाव्य रचनाको साधना र **गौरी** जस्तो शोक भाव मूलक उत्कृष्ट खण्डकाव्यको प्रकाशन गरेको पाइन्छ । भाव र भाषाको उत्कृष्ट समन्वय गरी पाठकलाई साहित्यको मधुर रस पिलाउन सफल देशभक्ति भाव साथै मानवताको प्रयोग उनका खण्डकाव्यमा पाइन्छ ।

खण्डकाव्यकार माधव घिमिरेले आफ्ना खण्डकाव्यमा मानव हुनुको विशेषता वा मनुष्यत्व र मानिसका प्रवृत्ति, प्रतिष्ठा, आदर्श आदिमा विश्वास गर्ने सिद्धान्त मानिसले मानिसप्रति गर्ने व्यवहारको प्रयोग समानता, स्वतन्त्रता, भ्रातृत्व जस्ता मानवतावादी पक्षहरूको चित्रण गरेका छन् । घिमिरेका काव्यकृतिमा हार्दिकता, कल्पनाको प्रचुरता, पूर्वीय आर्य संस्कृतिप्रतिको अनुराग, इतिहास प्रेम, प्रकृति प्रेम, राष्ट्रिय भावना, अद्भूतता आदि प्रवृत्ति पाइनुका साथै मानवतावादी भावना समेत पाइन्छ ।

प्रस्तुत शोध माधव घिमिरेका खण्डकाव्यमा मानवतावाद शीर्षकमा आधारित छ । घिमिरेका **पापिनी आमा** (वि. सं. २०१३), **नयाँ नेपाल** (२०१३) **गौरी** (२०१५), **राजेश्वरी** (२०१७), **राष्ट्रनिर्माता** (२०२३), **धर्तीमाता** (२०३०), **बोराको परदा** (वि.सं. २०५७), **गौथली र**

**गजधम्मे** (वि.सं. २०५७), **इन्द्रकुमारी** (वि.सं. २०५७) प्रकाशित खण्डकाव्यमा मानवतावादको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

माधव घिमिरेका खण्डकाव्यमा स्वच्छन्दतावादी भावधाराको प्रयोग भएको पाइन्छ । ऐतिहासिक, सामाजिक र पौराणिक विषयवस्तुमा आधारित उनका खण्डकाव्यमा हार्दिकता, काल्पनिकता, अतीतप्रतिको मोह, प्रकृति प्रेम जस्ता पक्षको चित्रण पाइन्छ । यस शोधमा माधव घिमिरेका खण्डकाव्यमा मानवतावाद के-कसरी रहेको छ त्यस विषयमा अध्ययन गरिएको छ ।

प्रस्तुत शोध समस्याहरू निम्नलिखित छन् :

(क) माधव घिमिरेका ऐतिहासिक खण्डकाव्यमा मानवतावादी सञ्चेतना के-कसरी अभिव्यञ्जित भएको छ ?

(ख) माधव घिमिरेका सामाजिक र पौराणिक खण्डकाव्यमा मानवतावादी भाव कुन कुन अवस्थामा प्रयोग भएको छ ?

## १.३ शोधको उद्देश्य

वि.सं. १९९२ देखि हालसम्म निरन्तर रूपमा साहित्य साधनमा लागि परेका माधव घिमिरेका थुप्रै कृतिहरूले उच्च महिमा र गरिमा राखेका छन् । प्रस्तुत शोधको विषय माधव घिमिरेका खण्डकाव्यमा मानवतावाद रहेको छ । तसर्थ यस शोध उद्देश्य समस्याकथनमा उठाइएका समस्याहरूको खोजी गर्नु रहेको छ । माधव घिमिरेका खण्डकाव्यमा प्रयोग गरिएको मानवतावाद र मूल्य, मान्यताका आधारमा खण्डकाव्यको स्थानको खोजी गरी स्पष्ट पार्नु यस अध्ययनको उद्देश्य रहेको छ । प्रस्तुत शोधपत्रका उद्देश्यहरूलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

(क) माधव घिमिरेका ऐतिहासिक खण्डकाव्यमा अभिव्यञ्जित मानवतावादी सञ्चेतनाको विश्लेषण गर्नु,

(ख) माधव घिमिरेका सामाजिक र पौराणिक खण्डकाव्यमा प्रयोग भएको मानवतावाद माथि प्रकाश पार्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

माधव घिमिरेका काव्यकृतिको बारेमा विभिन्न कवि, समालोचक र लेखकहरूले आ-आ˜नो धारणा व्यक्त गरेका छन् । विभिन्न विद्वानहरूको टीका टिप्पणी र समालोचनात्मक लेखहरू प्रकाशित गराएको पाइन्छ ।

वासुदेव त्रिपाठीको **कवि घिमिरेका काव्ययात्रा र 'राजेश्वरी खण्डकाव्यको रूपरेखा** ( २०२८) खण्डकाव्य शीर्षकको लेखमा घिमिरे कालिदास, गेटे, किट्स र रबीन्द्रानाथको काव्यधारासाग निकटता चाहने रोमान्टिक भाव र क्लासिकल शिल्पका कवि हुन् भनेका छन् । 'राजेश्वरी' खण्डकाव्यमा राजेश्वरीलाई मानवताको प्रतीकको रूपमा उभ्याइएको छ भनेका छन् ।

तारानाथ गौतमले **कवि माधवप्रसाद घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व** (२०३७) अध्ययन शीर्षकको शोधपत्रको अध्ययनमा 'गौरी' शोककाव्यमा घिमिरेको व्यक्तिगत शोक छताछुल्ला भएकाले मानवता प्राप्त भएको पाइन्छ भनेका छन् । सामाजिक कुरीति र नेपाली समाजको एउटा परम्पराका प्रतिछायाका रूपमा 'पापिनी आमा' खण्डकाव्यको विश्लेषण गरिएको चर्चा गरेका छन् ।

खेम दाहालले **नेपाली संस्कृति र घिमिरेका काव्य कविवर माधव घिमिरेको अभिनन्दन ग्रन्थ** (२०६०) शीर्षकको समालोचनात्मक लेखमा कवि घिमिरेका काव्ययात्राको प्रमुख काव्यकृतिको चर्चा गरेका छन् । राजेश्वरीको ऐतिहासिक यथार्थ देखाउदै लेखकले राजेश्वरी काव्यमा मानवतावादी भाव व्यक्त गरेका छन् । 'राष्ट्रनिर्माता' काव्यमा पृथ्वीनारायणको दूरदर्शी भावनाको विश्लेषण गर्दै देशप्रतिको माया दर्शाउनुमा मावनतावादी भाव व्यक्त भएको उल्लेख गरेको छन् ।

पूर्णप्रकाश नेपालको 'गौरी खण्डकाव्यमा दार्शनिक शब्द माधुर्य एक दृष्टि', **अभिनन्दन ग्रन्थ,** (२०६०) शीर्षकको समालोचनात्मक लेखमा गौरी काव्यको सेरोफेरोमा घिमिरेको काव्य प्रवृत्तिगत मूल्याङ्कन गरेका छन् । 'गौरी' खण्डकाव्यमा व्यक्त वियोगान्त कथावस्तुमा व्यक्त भएको मानवतावादी भाव व्यक्त भएको उल्लेख गरेका छन् ।

घनश्याम दाहालको **राजेश्वरी खण्डकाव्यको कृतिपरक अध्ययन** (२०६०) शीर्षकको शोधपत्रमा कवि घिमिरेको राजेश्वरी खण्डकाव्यको विश्लेषण गरेका छन् । शोधपत्रको भावविधान शीर्षकमा मानवतावादी भाव अभिव्यजित भएको चर्चा गरेका छन् ।

यसरी विभिन्न सन्दर्भमा उनका खण्डकाव्यका बारेमा कवि, लेखक, समालोचकहरूले चर्चा परिचर्चा गरेपनि सिङ्गो रूपमा घिमिरेका खण्डकाव्यमा मानवतावादको अध्ययन हुन बााकी रहेकाले यहाा उनका खण्डकाव्यमा भएको मानवतावाद बारेमा समग्र अध्ययन र विश्लेषण गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

माधव घिमिरेका खण्डकाव्यमा पाइने मानवतावादको विवेचना गरी ती खण्डकाव्यमा मानवतावादी भाव प्रकट भएका खण्डकाव्यहरूका विशेषताहरूलाई ठम्याउन सक्नुमा नै यस शोधकार्यको शोधपरक प्राज्ञिक औचित्य एवम् शोधपरक महत्त्व रहेको छ । मानवतावादको खोजी गरी विश्लेषण गरिने भएकाले उक्त शोधकार्य स्वतः औचित्यपूर्ण हुने देखिन्छ । घिमिरेका सबै खण्डकाव्यहरू उत्तिकै महत्त्वपूर्ण भए पनि **पापिनी आमा, राजेश्वरी, गौरी, राष्ट्रनिर्माता** जस्ता खण्डकाव्य उच्च स्थानमा पुग्न सफल छन् । ती खण्डकाव्यको विभिन्न दृष्टिले अध्ययन, अनुसन्धान भएपनि मानवतावाद सम्बन्धी अध्ययन भएको पाइदैन । काव्यमा मानिसका प्रवत्ति, प्रतिष्ठा, आदर्श, मानवीयता, समानता, स्वतन्त्रता, भ्रातृत्व जस्ता तत्त्वका रूपमा उपस्थित गराइ खण्डकाव्यमा पारेको प्रभाव देखाउनु आफैमा औचित्यपूर्ण कुरा हो । लोकगाथा, ऐतिहासिक, सामाजिक विषयवस्तु ग्रहण गरी रचना गरिएका खण्डकाव्यमा मानवतावादको चित्रण गरिएकाले यो शोधकार्य महत्त्वपूर्ण र उपयोगी समेत बनेको छ । उनका खण्डकाव्यमा भएको मानवतावादको बारेमा जान्न चाहनेहरूलाई यस शोधले मद्दत गर्ने हुादा पनि यो शोध औचित्यपूर्ण ठानिएको छ ।

## १.६ शोधको सीमाङ्कन

माधव घिमिरेका खण्डकाव्यहरूको अध्ययन विभिन्न आधारमा गर्न सकिन्छ । अध्ययन गर्न सकिने आधार विभिन्न भएपनि यहाा मानवतावादी दृष्टिले अध्ययन गरिएको छ । मानवतावादका दृष्टिले मात्र घिमिरेका प्रकाशित खण्डकाव्यहरूको अध्ययन गर्नु यसको सीमा हो ।

## १.७ सामग्री सङ्कलन

यस शोधको तयारीका क्रममा माधव घिमिरेका खण्डकाव्यको पठनलाई प्रमुख प्राथमिकता दिई आवश्यक सामग्री सङक्लन गरिएको छ । माधव घिमिरेका खण्डकाव्यमा मानवतावादमा मात्र अध्ययन गर्ने हुादा सूक्ष्म पठनद्वारा गरिएको छ ।

यस शोधको तयारीका क्रममा माधव घिमिरेका खण्डकाव्यको पठनलाई प्रमुख प्राथमिकता दिई आवश्यक सामग्री सङ्कलन गरिएको छ । पुस्तकालयीय अध्ययन, सूक्ष्म पठन, अन्तरवार्ताबाट सामग्री सङ्कलन गरिएको छ ।

### १.७.१ विश्लेषणको आधार

मानवतावादमा आधारित भएर माधव घिमिरेका खण्डकाव्यको वर्णनात्मक, विश्लेषणात्मक विधिद्वारा अध्ययन गरिएको छ । त्यस कारण मानवतावादलाई मुख्य आधार बनाइएको छ यसै आधारमा रही यस शोध सामग्रीको व्याख्या विश्लेषण यस शोधमा गरिएको छ ।

## १.८ शोधपत्रको सामान्य रूपरेखा

कुनै पनि अनुसन्धानात्मक कार्य सहज रूपमा सञ्चालन गर्नका लागि त्यसको रूपरेखा तयार गर्नु आवश्यक हुन्छ । शोधार्थीलाई सही बाटोमा डोऱ्याउनका लागि रूपरेखाले महत्त्वपूर्ण भूमिका खेल्दछ । प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित एवम् व्यवस्थित बनाई प्रस्तुत गर्नका लागि निम्नलिखित छ परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधको परिचय

दोस्रो परिच्छेद : मानवतावादी चिन्तनको स्थापना र विकास

तेस्रो परिच्छेद : माधव घिमिरेका मानवतावादी चिन्तनको पृष्ठभूमि र प्रेरणास्रोत

चौथो परिच्छेद : माधव घिमिरेका सामाजिक र पौराणिक खण्डकाव्यमा मानवतावाद

पाँचौं परिच्छेद : माधव घिमिरेका ऐतिहासिक खण्डकाव्यमा मानवतावाद

छैटौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

## दोस्रो परिच्छेद

# मानवतावादी चिन्तनको स्थापना र विकास

## २.१ पृष्ठभूमि

मानव सभ्यतासागै मावनीय भावनाको उद्भव भएको पाइन्छ । मानवतावादी चिन्तन मानवीय भावनासाग सम्बन्धित छ । कल्पना, चिन्तन, विचार, विवेक, वृद्धि, ज्ञान र सभ्य आचरणका आधारमा मानिस सृष्टिकै प्रारम्भदेखि अन्य प्राणीभन्दा उत्तम मानिन्छ । पौराणिक युगको महाभारतीय युद्धदेखि आधुनिक विश्वमा घटेका पहिलो वा दोस्रो विश्वयुद्धजस्ता महाविनाशकारी घटनाहरू सबै मानिस मानिसका बिचमा देखिएका प्रतिस्पर्धा, प्रतिरोध, अराजकता, वैमनस्यता र जिजीविषाकै परिणाम हुन् । मानव सभ्यतासागै मानिसले मानिससित मानिसकै जस्तो व्यवहार गर्नुपर्ने महत्त्व बुझ्दै गयो । विवेकी प्राणी मानिसको उक्त अनुभव वा अनुभूतिबाटै अप्रत्यक्ष रूपमा मानवतासम्बन्धी चिन्तनहरू अघि बढ्दै आएका छन् । "यजुर्वेद' उल्लिखित पृथ्वीमा शान्ति होस्, अन्तरिक्षमा शान्ति होस्, जलमा शान्ति होस्, औषध्यादिमा शान्ति होस्, वनस्पतिमा शान्ति होस्, जस्ता अभिव्यक्तिहरू र बाइबलमा आफूलाई जति आफैले प्रेम गरिन्छ त्यति नै छिमेकीलाई पनि गरेमा मात्र मानव कल्याण वा विश्वकल्याण सम्भव हुन्छ भन्ने अभिव्यक्ति मानवताकै पृष्ठभूमि हुन् (बस्याल, २०७१ : १) । पूर्व र पश्चिमका प्राचीन ग्रन्थ तथा अन्य भनाइहरूमा मानवीय धर्म तथा कर्तव्य सम्बन्धी यथेष्ट दृष्टिकोणहरू पाइए पनि मानवतावादी चिन्तन युरोपेली पुनर्जागण (सन् १३२१- १६५०) र त्यसपछि विकसित अवधारणा हो ।

मानव सभ्यता तथा मानव जीवनका अनन्त यात्राहरूमा पटक-पटक आरोह अवरोह देखिए पनि मावन मूल्य र अस्तित्वले निरन्तरता लिइरहेको छ । मानिसहरू आˆनो कर्तव्यबाट बञ्चित नहोऊन, प्राणी, वनस्पति लगायत प्रकृतिका भौतिक पदार्थहरूमा समेत उनीहरूको सकारात्मक भावना रहिरहोस् र मानव जीवन सार्थक हुादै धर्तीमा शान्ति सुव्यवस्था कायम रहोस् भन्ने कल्याणकारी भावनाले गर्दा नै पूर्व र पश्चिमका मनीषिहरूले **वेद, बाइबल, उपनिषद, गीता, पुराण, त्रिपिटक कुरान** आदि ग्रन्थहरू रचना गरेका हुन् । पौराणिक ग्रन्थहरूमा उल्लिखित धर्मले मानिसलाई जीवन र जगत्को विशेष प्रक्रियाबाट सेवा गर्ने निर्देश दिएको पाइन्छ । पाश्चात्य जगत्मा बाइबलले पनि मानवसेवालाई प्राथमिकता दिएको पाइन्छ । त्यसैगरी मुस्लिम धर्मग्रन्थ कुरानमा मानवको समर्पण ईश्वर

(अल्लाह) मा हुनुपर्ने, ईश्वरको भूमिका सबैको  संरक्षक र सर्जकका रूपमा हुने र जगत्का यावत् कुराको मल्याङ्कन मृत्युपछि ईश्वरले नै गर्ने कुरा उल्लेख गरिएको पाइन्छ (न्यौपाने, २०६७ : २) । मानवतावादी उद्‌गम एवम् विकासलाई केलाउादा पूर्व र पश्चिमका पौराणिक ग्रन्थहरूमा प्रतिबिम्बित मानवीय चिन्तनका साथै दुवै क्षेत्रका विद्वान, विचारक तथा दार्शनिक मनीषीहरूको जीवनदृष्टि पनि केलाउनु पर्दछ । प्राचीन धर्मग्रन्थ र मनिषीहरूका चिन्तनमा मानवताको बीज भएपनि आधुनिक चिन्तन वा दर्शनलाई समेत समेटेको पाइन्छ ।

पश्चिममा मावनीय सम्यताको विकास सामान्यत प्राचीन कला हुादै मध्यकाल, पुनर्जागरण काल र आधुनिक कालका रूपमा अधि बढेको पाइन्छ (डब्लु,डब्लुडब्लु डट विकिपोडिया दि फ्रि इन्साइक्लोपेडिया) । तसर्थ ग्रिसेली तथा रोमेली सभ्यताको चरणलाई प्राचीन काल मानिएको छ । प्राचीन सभ्यतालाई होमर, एस्किलस, सोफोक्लिज, प्रोटागारेस, सुकरात, प्लेटो, र अरिस्टोटलहरूले नेतृत्व गरेका थिए । त्यो युग वैचारिक तथा बौद्धिक आन्दोलनको युग थियो । त्यसपछि युरोप तथा अमेरिकामा अनुदार तथा स्वेच्छाचारी शासकहरूको युग सुरु भयो । जर्मनेली महाकवि दााते (इ.सं. १२६५ - १३५१) ले त्यस युगमा प्राचीन सभ्यताको आधारशिला जोगाइराख्ने प्रयत्न गरे तर धर्मभीरु, कट्टर र अनुदार धमाधिकारी तथा शासकहरूले उनको प्रयासलाई सफल हुन दिएनन् । युरोपेली पुनजार्गरण भन्दा अघि र प्राचीन ग्रिसेली सभ्यताभन्दा पछाडिको न्यस मध्ययुग (इ.सं. ४०० देखि १३००) भनिन्छ । पुनजार्गरण कालका प्रथम मानवतावादी दार्शनिक पेट्रार्क (सन् १३०४-१३७४) अनुसार मानवतावादी दृष्ट्रिले मध्ययुगलाई अध्यारो युगको संज्ञा प्राप्त छ । पूर्व युगमा धर्म, पाप, जात, वर्ण, लिङ्ग, क्षेत्रीयता, सम्प्रदाय, कुन, परम्परा, रीतिरिवाज, नैतिकता, ईश्वर, पुनर्जन्म स्वर्ग नर्क जस्ता मान्यताहरू मानवीय आदर्शका पर्याय बनेका थिए । अर्थात् यी मान्यताहरूले चारैतर्फबाट मानवसमाजलाई प्रभावित तुल्याएका थिए । होमर, प्लेटो आदिका मानव कल्याण सम्बन्धी विचारहरूलाई जब मध्ययुगीन दासता, कठोरता र बर्बरताले बिर्साइदिने प्रयास गरे त्यसपछि समाजसेवी दार्शनिक र राजनीतिकहरूको नेतृत्वमा युरोप तथा सामाजिक मूल्यहरूलाई ब्यूझाउने प्रयत्नका साथै परिवर्तनशील विश्व मानवताका मूल्यहरूलाई सही दिशाबोध गराउने प्रयत्न गऱ्यो ।

इटालीमा मानवतावादी दार्शनिक पेट्रार्क युरोपेली पुनर्जागरण कालका प्रभावशाली व्यक्तित्वका रूपमा चिनिन्छन् । इटालीकै अर्का दार्शनिक गिओवानी बोकासियो (१३१३-१३७५) पनि मानवतावादी विचारका प्रवर्तक मानिन्छन् । पुनर्जागरणकालीन मानवतावादी

दार्शनिकहरूबाट युरोप र अमेरिकामा मानवीय सभ्यताको प्रसार भयो । समय समयमा जनहित विपरित शासन चलाउने तानाशाहहरूलाई नैतिक रूपमा जुन जुन आन्दोलनको नेतृत्वदायी भूमिका प्रदान गरे । ती मानवताकै पृष्ठपोषण भई देखा परेका छन् । फ्रान्सका मानवतावादी दार्शनिक जिन ज्याक रुसो (१७१२-१७७८) लगायत मन्टेस्क्यु वा वाल्टेयरले लुई सोहोाको तानाशाही सत्ताको विद्रोहमा विरुद्धमा स्वतन्त्रता, समानता एवम् भ्रातृत्वको विचार अघि सारेका थिए तिनै विचारकहरूका विचारहरू मानतावादका पूर्वाधार हुन पुगे (बस्याल, २०७१ : पृ.२) । यिनै दार्शनिकहरूले निर्माण गरेको पृष्ठभूमिमा नै मानवतावादी विचार मौलाउदै अघि बढिरहेको छ ।

## २.२ मानवतावादको परिचय

मानवतावाद ९ज्गmबलष्कm० शब्दको उत्पत्ति ल्याटिन ह्युम्यानिट्स ९ज्गmबलतबक० साग सम्बन्धित छ । उक्त शब्दमा अङ्ग्रेजी इज्म ९ष्कm० प्रत्येयक गाासिएर उन्नाइसौा शताब्दीदेखि यो ह्युम्यानिजमका रूपमा प्रसिद्ध भएको हो (डब्लुडब्लुडब्लु डट विकेपेडिया दि फ्रि इन्साइक्लोपेडिया डट कम) हयुम्यनिजम शब्दले सन् १८३६ मा अङ्ग्रेजी शब्दकोशमा प्रवेश पाएको थियो । सर्वप्रथम यस शब्दको प्रयोग गर्ने श्रेय इटालेली दार्शनिक पेट्रार्क (सन् १३०४-१३७४) लाई छ जो पुनर्जागरण काल (१३२१-१६५०) को पितासमेत मानिन्छन् । पुनर्जागरण पछि मानवता शब्द र त्यससम्बन्धी विचारको विधिवत् प्रयोग तथा थालनी फ्रान्सेली दार्शनिक जिन ज्याक रुसो (सन् १७१२-१७७८) बाट भएको हो । वर्तमानमा 'मानवतावाद' अङ्ग्रेजी 'ह्युमानिज्म' शब्दको अनुवाद हो । विशेष गरी ह्युमानिज्म शब्दले मानवतावादलाई सङ्केत गर्दछ । मूलत : मानवतावाद भनेको सृष्टिका अन्य प्राणी वा अस्तित्वहरूका स्वजातिका साथै सम्पूर्ण चराचर जगतप्रति सद्भाव वा समभावको व्यवहार प्रस्तुत हुनुपर्दछ भन्ने अर्थ बुझिन्छ । मानवतावादलाई विभिन्न व्यक्ति एवम् सङ्घ संस्थाहरूले भिन्न भिन्नै अर्थमा परिभाषित गरिएको पाइन्छ । जुन निम्नानुसार छ :

नेपाली बृहत् शब्दकोशमा मानिसका प्रकृति, प्रतिष्ठा, आदर्श आदिमा विश्वास गर्ने मत वा सिद्धान्त, मानिसले मानिसप्रति गर्ने व्यवहारको राम्रो सिद्धान्त हो भनिएको छ ।

च्याम्बर्सका अनुसार मानवतावाद भौतिक जगतप्रति प्रेम एवम् करुणा राख्दै यही सीमामा बाािधिएर मानव- अस्तित्वको व्यावहारिक खोज गर्ने चिन्तन हो । यसले निःस्वार्थ मानवसेवालाई प्राथमिकता दिादै सम्पूर्ण मानिसहरूप्रति प्रेमभाव प्रकट गर्नुपर्ने कुरामा जोड दिन्छ ।

डब्लुडब्लुडब्लु डट अमेरिकन हृयुमानिष्ट अर्गनाइजेसन (२००२) का अनुसार मावनतावाद जीवनको एउटा दर्शन हो र यसले ईश्वरीय साधनातिर भन्दा मानवजातिको कल्याणमा ज्यादा जोड दिएको छ । यस दर्शनले मानवीय क्षमताको विकासमा जोड दिादै त्यस क्षमतालाई मानवसेवामा उपयोग गरी मानिसले दीर्घकालीन सुख प्राप्त गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

द ब्रिस्टल हृयुमानिष्ट ग्रुपका अनुसार मानवतावाद तर्कसङ्गह र सार्थक मानवजीवन तथा सामान्य : मानवीय भावनाको नजिक पुग्छ र यसले मानवीय प्रकृति र मानिसका अनुभवका आधारमा आर्जित नैतिक मूल्यलाई मान्यता दिन्छ ।

द इन्साइक्लोपेडिया अफ फिलोसपी (१९६७) का अनुसार मानवतावाद एउटा दर्शन हो । यसले मानवको मूल्य र स्वाभिमानलाई महत्त्व दिन्छ । यसले मानिसका सबै कुराको मापन गर्छ र जसरी पनि मानिसको प्रकृति सिप एवम् विचारलाई साथमा लिएर हिाड्छ ।

मानवतावाद दार्शनिक र नैतिक विषय हो यसले व्यक्तिगत रूपमा मानवजातिको मूल्य र सामूहिकताका रूपमा मानवीय संस्थालाई महत्त्व दिन्छ । यसले व्यक्ति र सामुहिकतालाई सन्तुलनमा राख्दछ । यस वादले सामान्यतया स्थापित सिद्धान्त वा विश्वास भन्दा समालोचनात्मक दृष्टि र प्रयोजनवादलाई जोड दिएको पाइन्छ । मानवतावादको अर्थ निरपेक्ष नभई सापेक्ष हुन्छ । यो बौद्धिक आन्दोलनसित सागसागै अधि बढिरहन्छ । विशेषत : मानवतावादले एउटा दृष्टिकोणलाई जनाउाछ जुन मानवीय प्राकृतिक विचारसित प्राय : मिल्दो हुन्छ ।

आधुनिक सन्दर्भमा सन् १९३३ मा मानवतावाद सम्बन्धी धोषणापत्र जारी गर्दै अमेरिकन हृयुमेनिस्ट एसोसिएसनले संस्थागत रूपमा यस शब्दको पहिलो प्रयोग गऱ्यो यस एसोसियनको नेतृत्व युनिभर्सिटी अफ सिकागोले लिएका थिए । उक्त घोषणापत्रका अनुसार परम्परित नैतिकताको पालना गर्नु पर्ने, मानवीय संवेदना बुझ्नु पर्ने, दीनहीनहरूको लागि केही गर्ने प्रयास

उत्तम हुने अर्काप्रति सकारात्मक सोच राख्नु पर्ने, मानिसलाई हानिकारक हुने कुरा पत्ता लगाउने र तिनलाई हटाउने कार्यतर्फ उन्मुख हुनु नै मानवतावाद हो ।

विविध वाङ्मय मानवताले प्राचीन ग्रिसेली तथा रोमेली युगदेखि स्वतस्फूर्त वा आयोजित रूपमा स्थान पाउदै आएको हो । मध्ययुगमा लुप्त देखियो र पुनर्जागरण कालमा यसले इटालीका दार्शनिकहरू विशेषगरी पेट्रार्कबाट बढी प्रभावित हुने मौका पायो । पुनर्जागरण पछि फ्रान्समा रुसोबाट साहित्य एवम् राजनीतिमा मानवतावादले प्राथमिकता पायो । समानता, स्वतन्त्रता र भ्रातृत्वमा आधारित रुसोको मानवतावादी विचारको प्रत्यक्ष प्रभाव फ्रान्सेली स्वतन्त्रता आन्दोलनमा देखा पऱ्यो । फ्रान्सबाट यो वाद जर्मनी बेलायत, अमेरिका, भारत र विश्वका अन्य देशहरूमा फैलिएको पाइन्छ (डब्लुडब्लुडब्लु डट विकिपेडिया दि फ्रि इन्साक्लोपेडिया) । यसरी समानता, स्वतन्त्रता र भ्रातृत्वमा आधारित मानवता विभिन्न देशहरूमा फैलिदै नेपालमा समेत देखा पऱ्यो ।

मानवतावादको पृष्ठभूमि पुनर्जागरण कालमा निर्माण भएको हो । इटालीका मानवतावादी दार्शनिक पेट्रार्क युरोपेली पुनर्जागरण कालका प्रभावशाली व्यक्तित्व हुन् । इटालीकै अर्का दार्शनिक गिओवानी बोकासियो र जर्ज जमिस्टोस प्लेथोन, पोर्चुगली पेटर दुके आदि पुनर्जागराणकालीन मानवतावादी दार्शनिकहरू हुन् । पुनर्जागरण कालपछि मानवतावादी दर्शनलाई स्थापित गरी त्यसको विशेष व्याख्या गर्ने श्रेय फ्रान्सेली दार्शनिक रुसोलाई प्राप्त छ । फ्रान्सपछि मानवतावादी दर्शन विशेष गरी जर्मनेली साहित्य, बेलायती साहित्य अमेरिकाली साहित्य र भारतीय साहित्य हुदै नेपाली साहित्यसम्म आइपुगेको हो । फ्रान्समा रुसो, बाल्टर र दिदरो, जर्मनीमा लेसिङ्ग, गोइथे, कान्ट, हेगेल आदि । १९ औ शताब्दीमा आएर बेलायत तथा अमेरिकामा विलियम वर्डस्वर्थ, स्यामुअल टेलर कलरिज लर्ड वाइरन, सेली र जोन किट्स्देखि नै मानवतावादी विचारको व्यापक अभ्यास भएको पाइन्छ । त्यसपछि बङ्गला महाकवि रवीन्द्रनाथ ठाकुरको नेतृत्वमा भारतमा यस दर्शनले चर्चा पायो (डब्लुडब्लुडब्लु डट इन्डियन फिलोसोफी डट कम) । त्यसपछि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधव घिमिरे जस्ता साहित्यकारबाट यो वैचारिकता नेपालमा पनि विधिवत् रूपमा भित्रिएको हो ।

परिभाषा विचार र दर्शनका दृष्टिले मानवतावादलाई विविध धारहरूमा विभाजन गरिएको पाइन्छ । तसर्थ मानवतावादसाग धार्मिक तथा आध्यात्मिक मानवतावाद सम्बन्धी परिभाषा र धार, भौतिक मानवतावाद, सम्बन्धी परिभाषा मानवतावाद सम्बन्धी परिभाषा चर्चित छन् । प्राय : समग्र मानवतावादी विचारधाराहरूका सबल पक्षहरूलाई समेटेर हेर्दा

स्वतन्त्रता, समानता र भ्रातत्वमा आधारित मानवतावाद नै वर्तमान सन्दर्भमा बढी वैज्ञानिक एवम्, आधुनिक मानवतावाद हो ।

## २.३ मानवतावादी चिन्तनको उद्‌गम र विकास प्रक्रिया

मानवहितका लागि चिन्तन परम्परा धेरै पुरानो र लामो पाइन्छ । धर्मग्रन्थ, पुराण, इतिहास, साहित्य, संस्कृति तथा संस्कारहरूमा चिन्तकका विचार एवम् वाणीमा मानवहितका विविध स्वरूप प्रतिध्वनि भएका छ । पूर्वीय र पाश्चात्य चिन्तन परम्परालाई अलग-अलग रूपमा निरूपण गर्न सकिन्छ ।

### २.३.१ पूर्वीय चिन्तन परम्परा

पूर्वी धर्मदर्शनले विशेष गरी हिन्दूधर्म एवम् दर्शनको प्रतिनिधित्व गरेको छ । पूर्वीय धर्मदर्शनका सन्दर्भमा हिन्दू तथा बौद्ध धर्मलाई प्रमुख आधार मान्दै र मुस्लिम तथा 'कन्ˆयुसस' आदि धर्मलाई पनि समेटेर यी सबै धर्म एवम् दर्शनमा प्रतिबिम्बित मानवीय चिन्तनदृष्टिलाई क्रमशः चर्चा गर्न सकिन्छ ।

### क) वैदिक चिन्तन

आर्यहरूका प्राचीन धरोहरूका रूपमा वेद विश्वकै प्राचीन ग्रन्थ मानिन्छन् (शास्त्री, २०१६ : १४) । वेदलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अर्थवेद गरी चार भागमा वर्गीकरण गरिएको छ । वेदका मन्त्रद्रष्टा ऋषिहरूमा विश्वामित्र वशिष्ठ, भारद्वाज, गौतम, आदि प्रमुख देखिन्छन् (साङकृत्यायन, २००२ : २९३) । वैदिक युग धर्म र दर्शनको उत्पत्ति काल पनि हो । बौद्धिक महर्षि मानवधर्ममा विश्वास गर्दै पठन-पाठन, आदान-प्रदान जस्ता षट्कर्ममा संलग्न भएका देखिन्छन् । उनीहरूका कर्ममा मानवेचित गुण, व्यवहार, धर्म निष्ठा आदि विषयहरूले प्राध्यान्य पाएका छन् । शुक्लयजुवर्देमा व्यक्त "मानिसले आˆनो कर्तव्य पूर्ण गर्दै पूर्णायू बाँच्ने कोसिस गरोस् कर्तव्यलाई बिचमा त्यागेर नहिडोस् यसैमा उसको कल्याण छ ।" भन्ने चिन्तनमा वैदिक मन्त्रले मानवताको उच्चतम मूल्यलाई आत्मसाथ गर्न मानिसलाई प्रेरणा दिइरहेको छ ।

## ख) औपनिषदिक चिन्तन

वेदका शाखाहरू मध्ये ब्राह्मण ग्रन्थको पछिल्लो भागका रूपमा उपनिषद्हरू ज्ञानको स्रोतका रूपमा लिइन्छन् । सङ्ख्यात्मक रूपमा दुई सय भन्दा बढी भए पनि वेदको ज्ञानखण्डलाई सहज रूपमा प्रकाश पार्ने उपनिषद्हरू भने ईश, छान्दोग्य, बृहदारण्यक, ऐतरेय, तैत्तिरीय, प्रश्न केन, कठ, मुण्डक, माण्डूक्य, कौषीतकी, मैत्री शेताश्वर, आदि छन् । (शास्त्री २०१६ : २४) । ईशावस्योपनिषद्मा 'कर्म गर्दै जाऊ त्यसक्रममा तिमीले जे प्राप्त गर्छौ त्यसको उपभोग गर, अरूसाग रहेको कुनै वस्तुमाथि लोभ नगर ।" भन्ने आदर्शपरक विचार एवम् चिन्तनले पनि मानवीय भावनालाई चित्रण गरेको पाइन्छ (न्यौपाने, २०६७ : २९) । छान्दोग्य उपनिषद्को छैटाै अध्यायामा आरुणिले आ ना गुरु महर्षि धौम्यप्रति गरेको गुरुसेवाका सन्दर्भमा मानवीय भावको विशेष चर्चा गरेको छ । शुक्लयजुर्वेदको शतपथब्राह्मणको अन्तिम आख्यक भागका रूपमा रहेको बृहदारण्यक उपनिषद्मा ऋषि याज्ञवलक्यद्वारा अभिव्यक्त दार्शनिक विचारको महत्त्व ज्यादा रहन गएको पाइन्छ । यसैगरी तीन अध्यायमा विभक्त तैत्तिरीय उपनिषद्मा शिक्षावल्लीको ११ औा अनुवाकका सन्दर्भमा व्यक्त गरिएका "सत्य बोल, धर्मचरण गर, प्रमाद नगर, मातापिता तथा अतिथि तथा आचार्यजनहरूलाई देवता तुल्य मान, दोषरहित कर्ममा प्रवृत्त होऊ" जस्ता आत्माज्ञानको महत्त्वलाई चर्चा गरिएको छ । हाम्रा इन्द्रियहरूको यावत् कर्ममा आत्माभिव्यञ्जन हुने रहस्य खुलाएको छ ।

कठोपनिषद्मा हामीहरूबिच द्वेष नहोस, हाम्रो ज्ञान ओजपूर्ण होस् , हामीमा शक्ति आओस, सागै बाचौा, सागै नाचौा, जस्ता उच्च मानव आदर्शका भावहरू अभिव्यञ्जित भएकाले आत्माज्ञानका अतिरिक्त मानवकल्याणका अन्य विषय वा प्रसङ्गहरूको संयोजन भएको पाइन्छ । सदाचार, सत्यनिष्ठा, कर्तव्ययोगजस्ता महत्त्वपूर्ण मानवकर्तव्यको चर्चाका साथै मानवजीवनसाग सम्बन्धित दुई महत्त्वपूर्ण विषयमा प्रकाश पारिएको छ । ती हुन् श्रेयस तथा प्रेयस्, श्रेयस विषयमा मानिसलाई आत्मकल्याण वा उदात्त मार्गको अनुसरण गर्न आह्वान गरिएको छ भने प्रेयस विषयमा इन्द्रियादि सुखभोगमा संलग्न मानवचरित्रको प्रदर्शन गरिएको छ । मुक्ति, भक्ति, ध्यान, आत्म, परात्म, सृष्टि तथा ब्रह्म आदि अध्यात्म विषयबारे माण्डुक्य उपनिषद्मा चर्चापरिचर्चा भएको छ । यसगरी मैत्री, श्वेताश्वरोपनिषद्हरूमा पनि आत्माजीवात्मा सृष्टि, मुक्ति, योग आदि वेदान्त दर्शनका प्रमुख पक्षहरूको चर्चा गरिएको छ (

न्यौपाने, २०६७ : ३१) । आत्माबोध, जीवनबोधका यिनै सन्दर्भहरूमा यी  औपनिषदिक मानव आदर्श/एवम् मानव मूल्यको सन्दर्भ पाइन्छ ।

### ग) पौराणिक चिन्तन

पछिल्लो समयमा पुराणका व्यापक परिवर्तन भएका छन् । पुराणहरूले वैदिक धर्म र वेदान्तदर्शनका चिन्तनलाई जीवनोपयोगी तथा व्यावहारिक बनाई प्रस्तुत गरेका छन् । पुराणको सार भनेको पाप पुण्यकर्मको वर्णन हो । त्यसलाई साररूपमा परोपकार पुण्यप्राप्ति हो र परपीडनम् पापकर्म हो भनी बुझ्न सकिन्छ । अठार पुराण मध्ये सबैभन्दा बढी चर्चित श्रीमद्भगवतमा दार्शनिक चिन्तनका गहन विवरणहरू पाइन्छन् । यस ग्रन्थको मूल ध्येय मानिसहरूमा आस्तिक विचारको विकास गर्नु रहेको छ । मानवजीवन भोगको निम्ति नभएर त्याग एवम् समर्पणका निम्ति पनि हो । मानिसले भौतिक सम्पत्ति त्यतिमात्र सञ्चय गरोस् जतिले आफ्नो क्षुधा-प्यास मेटिन्छ तर यसभन्दा बढी सन्तति आदिका निम्ति भनी सम्पत्ति सञ्चय गर्ने मानवीय प्रवृत्तिलाई दुरुत्साहन गर्नुपर्छ भन्ने आध्यामिक सन्दर्भले विद्यमान युगको मानवीय प्रवृत्तिलाई प्रकाश पार्नुका साथै मानव कर्तव्यतर्फ उत्प्रेरित समेत गरेको पाइन्छ । त्यसैगरी पवित्र, तीर्थ, नदी एवम् मूर्तिलाई भन्दा सन्तमहन्तलाई महत्त्व प्रदान गरिएको सन्दर्भ भागवतमा आएको छ । ज्ञान- विज्ञान, आत्मपरात्म, सृष्टि-अवतार, इहलोक, परलोक, पाप-पुण्य आदिको चर्चा साथै मानिसलाई मनुस्यत्व बोध गर्न वा मानवीय मूल्यको निरूपण गर्न प्रोत्साहन गरिएको छ । मन्दराचल-पर्वत (मन्दरागिरि) मथन गर्दा उत्पन्न हलाहल विषलाई पिएर शिव ‘नीलकण्ठ’ भएको सन्दर्भलाई बुझ्ने जोकोहीले त्यस पुराणमा उपकार भाव व्यक्त भएको बुझ्न सक्छ । सामर्थ्य अनुसार दीन दुःखीमा दान दिनुपर्छ यहि दिन्छु भनी नदिएर दुःखी जनहरूका उमङ्गमा निराशा ल्याउछ भने सदा सर्वदा उनीहरूप्रति मानिस ऋणी हुनुपर्छ भनी मानवधर्मको महत्त्व प्रकाश पारिएको छ (न्यौपाने, २०६७: ३३) । मानिस अधर्म रूपी दुःखमार्गबाट नहिडोस् भन्ने उक्त पुराणमा हिंसाका विविध रूपहरूलाई अधर्म र धर्मलाई सुख र आनन्द रूप मानिएको छ ।

मार्कण्डेय पुराण अन्तर्गतकै देवी भागवत् पुराणमा देवी-शक्तिको गाथागान भएको पाइन्छ  मातृशक्तिकी प्रतीक देवीद्वारा देवहरू आद्यशक्तिको कल्पित सृष्टि संरचना पूर्ण गर्ने आधार शक्ति हुन् भन्ने देवीभागवत्मा वर्णन गरिएको छ । दुःखी दरिद्रीहरूमा करुणा राखी दिइने धन धान्यमा र अज्ञानी जनमा ज्ञानको प्रकाश छरेर अशक्त र असहायलाई दिइने निर्भय

दानले नै मानवमूल्यको उचाइ बढ्छ । यस प्रकृतिका जीवन- आदर्शका गम्भीर वाणी एवम् विचारहरू पुराणमा यत्रतत्र अभिव्यक्त भएका पाइन्छन् ।

आदिकवि बाल्मीकिद्वारा रचित अति लोकप्रिय र प्रसिद्ध पौराणिक काव्यग्रन्थ 'रामायण' (इ.पू. ६००-५००) मा आदर्शमय पितृभक्ति, भ्रातृप्रेम, पतिभक्ति, मातृभक्ति तथा बान्धवधर्ममा अपूर्व आदर्श पाइन्छ । मर्यादा पुरुष, राम, सीता, आर्दशबान्धव लक्ष्मणका कर्म र चरित्रमा मानवीय आदर्शको द्योतन भइरहेको छ । सत्-असत् मानव आचरण बिच उत्पन्न द्वन्द्वको समग्र रूप रामायण भएकाले सत्य एवम् असत्यको सङ्घर्षमा असत्यको पराजय र सत्यको जय जराउने अभीष्ट यस काव्यमा अङ्कित भएको पाइन्छ । काव्यको अन्तमा मानवीय भावको विजय देखाएका छन् । यस महाकाव्यमा भौतिक तथा मानवव्यवहारका गम्भीर पक्षहरूको उद्घाटन समेत भएको छ ।

संस्कृतमा रचिएको बृहत महाकाव्यका रूपमा परिचित महाभारत प्राचीन तथा ऐतिहासिक ग्रन्थ हो (शर्मा २०६८ः ८३) । १८ पर्वमा विभक्त यस ग्रन्थको मूलसार कौरव र पाण्डवहरूमा देखापरेको विग्रह र त्यसबाट उत्पन्न भीषण द्वन्द्व हो । यस महाकाव्यका प्रसङ्ग शिवि राजाको प्रसङ्ग आख्यक पर्वमा आएको नृयज्ञ (मनुष्य वा अतिथिसेवा) के विषय होस् आधिकारिक कथा भित्रको पाण्डवहरूको सत्यमार्गको हिडाइ मानवआदर्श वा मानवता भाव पाइन्छ । महाभारतको आख्यक पर्वमा चर्चित नृयज्ञको प्रसङ्गले मानवआदर्श र मूल्यलाई माथि उठाएको पाइन्छ । समाजमा सबैको प्रतिष्ठा होस्, प्रत्येक व्यक्ति अर्काको निमित्त बााचोस, आर्तजनलाई खान, सुत्न दिइयोस, तिर्खाएकालाई पानी र भोकाएकालाई भोजन उपलब्ध होस्, असल, जनहरूलाई मन, नयन, वचन दिइयोस्, धर्मविधिद्वारा अतिथिको सेवा होस् (न्यौपाने, २०६७ : ३५) भन्ने व्यवहारिक आदर्शमा मानवताको प्रतिबिम्बन भएको छ । सत्य तथा न्यायको केन्द्रीयतामा विश्वसमाज, ब्रहमाण्ड सञ्चालित भइरहेको रहस्य यस काव्यमा पाइन्छ ।

भगवत्गीतामा उपनिषद्का महत्त्वपूर्ण विषयहरू प्रतिबिम्बित छन् । उपनिषद् रूपी गाईबाट श्रीकृष्णले अर्जुनका निम्ति अमृतरूपी दूध दोहन गरे (साांकृत्यायन, ऐजन : ३२२) भन्ने उक्तिबाट उपनिषद्को सार 'गीता' हो भन्ने स्पष्ट हुन्छ । गीता पूर्वीय अध्यात्म दर्शनको महत्त्वपूर्ण अङ्ग हो । यसमा उपनिषद्को सार अभिव्यक्त भएको छ । ज्ञान, भक्ति र कर्मयोगको वर्णन गीतादर्शनको प्रमुख ध्येय भए पनि कर्मले मानिस महान् बन्ने विषयलाई महत्त्व दिएको छ । मानिस कर्मको अधिकारी भए पनि फलप्राप्तिको अधिकारी होइन,

कर्मफलको तृष्णा नगरी कर्मरत हुनु मानवीय कर्तव्य हो । "कर्मण्र्यवाधिकारस्ते मा फलेषु कदाचन ।मा कर्मफलहेतुर्भूमा ते सङ्गोऽस्त्वकर्मणि" (श्रीमद् भगवतगीता, २/४७) उपकार, सदाचार, त्याग दान, निष्ठा आदिलाई अङ्गाली आ ̄नो कर्मलाई सञ्चालन गर्नुपर्ने निर्देश गीतादर्शनले दिएको छ । कर्मवादी जीवन दृष्टिमा गीतादर्शनमा मानवीय उच्च, आदर्श, उदात्त कर्म एवम् निःस्वार्थ मानवकर्तव्यको परिचर्चा भएको पाइन्छ ।

### घ) नीतिग्रन्थहरूमा पाइने चिन्तन

मानवजीवनलाई गतिशील बनाउने धार्मिक, सामाजिक विधिका रूपमा नीति ग्रन्थहरू प्रमुख मानिन्छन् । यस्ता ग्रन्थहरूमा 'मनस्मृति' (इंपू. ४००) र 'मानवल्कयस्मृति' (इ.पू १००) प्रमुख छन् । 'मनुस्मृति' १२ अध्यायमा विभक्त छ । मानवजीवनलाई अनुशासित एवम् मार्यदित बनाउन मनुद्वारा प्रतिपादित विधि वा सिद्धान्तहरूमा दण्डविधि पनि छ । त्यसले मानवजीवनलाई कुण्ठित तथा नियन्त्रित बनाएको छैन । जीवनमा अनुशासनको प्रतिपादन गर्ने मनु स्वभावतः अराजकताका कट्टर विरोधी हुन् । उनी लोकलाई हेला गर्दै परलोकतर्फ आाखा गराउनेलाई समर्थन गर्दैनन् । मनु स्वभावत : मानव कल्याणका सम्पोषक हुन् भन्ने प्रष्ट पाइन्छ । 'याज्ञवाल्क्यका' वाणीहरूमा पनि मानवता एवम् मानवआदर्श प्रखर रूपमा पाइन्छ । 'हिंसा नगर्नु, सत्य बोल्नु, चोरी नगर्नु, इन्द्रियलाई संयममा राख्नु, दान दिनु, संयमित हुनु, दया-धैर्य धारण गर्नु जस्ता व्यवहारवादी अभिव्यक्ति पाइन्छन् । अतिथिसेवालाई ठूलो मानव-धर्म ठान्दै याज्ञवल्क्यग्रन्थमा भनिएको छ : साांझमा आएका जस्तोसुकै अतिथि किन नहोस् मधुर वचनले स्वागत गरी यथाशक्ति भोजन, जल उपलब्ध गराएर विश्रामको व्यवस्था गर्नुपर्छ" भन्ने मानवीय मूल्यलाई समावेश गरिएको पाइन्छ ।

चाणक्य (इ.पू.३००) राज्यसञ्चालन तथा समाजसञ्चालनका नीतिनिर्माताका रूपमा प्रसिद्ध छन् । मानवीय भावले युक्त वाणीहरू तथा विचारहरू परिवार समाज र राज्यको पथप्रदर्शन स्रोत बनेका छन् (चाणक्यनीति दर्पण, पृ. १४) । कुलको हितको निम्ति एक व्यक्तिले, गाउाको उन्नति र हितका निम्ति एउटा कुलले जिल्ला वा क्षेत्रका निम्ति एउटा गाउाले त्याग र समर्पण देखाउन सक्नुपर्छ (चाणक्यनीति दर्पण, पृ.१४) ।

यसरी मानिसका स्वाभावजन्य अवगुणहरूलाई सुनझैं खारेर सच्चा मानिस बनाउने यस प्रयत्नमा नीतिहरूले अभिभावकत्व ग्रहण गरेका छन् । सबै खुसी, निरोगी रहुन, जगत्मा

कल्याण छाओस् सबैमा यस्ता धारणा आओस् कसैमा दुःख विपत्ति नपरोस् । भन्ने सुक्ति यस महावाणीमा मानवआदर्श चुलिनुका साथै उदात्त मानवता पोखिएको छ ।

### ङ) बौद्ध दर्शनमा पाइने मानवतावादी चिन्तन

यस धर्मका प्रवर्तक माहात्मा गौतम बुद्ध (ई.पू ५६७) का विचार तथा दर्शनहरू मध्यमार्गी छन् । यस दर्शनको उपनिषदहरूबाट प्रतिपादित 'अहिंसापरमो धर्म" सिद्धान्त र आदर्शलाई प्रमुख उद्देश्य मानी शान्ति र मानवताको पक्षमा जोड दिएको छ । बुद्धका अष्टाङ्गमार्गहरूमा निहित भावहरूमा मानवकल्याणकारी विचारहरू पाइन्छन् । मानवता र विश्वबन्धुत्व भाव प्रतिबिम्बित भएको छ । विभिन्न प्रकारका अवयवद्वारा निर्मित भए पनि हाम्रो शरीर जसरी एक छ, त्यसरी नै ती अवयवमा लाग्ने चोट दुःखहरूको प्रकृति  पनि भिन्न नभएर एउटै हुन्छ भनिएको छ । अहिंसा भावको विस्तार गर्दै शान्तिलाई विश्वस्तरमा विस्तार गर्ने ध्येय यस दर्शनमा रहेको पाइन्छ ।

## २.३.२ पाश्चात्य चिन्तन परम्परा

पश्चिमको पहिलो सभ्यता ग्रिसेली सभ्यता हो (ई.पू ८०००) । यसमा ग्रिसेली सभ्यताको प्रभाव रहेको पाइन्छ । हिब्रू जातिको योगदान महत्त्वपूर्ण मानिन्छ । पश्चिमी सभ्यताको आदिम स्रोत प्राचीन ग्रीक सभ्यता हो । पाश्चात्य सभ्यता, संस्कृति धर्म एवम् दर्शनको विकास प्राचीन ग्रीकबाट ल्याटिन सभ्यतामा रूपान्तरित हुदै आधुनिक सभ्यतामा परिणत भएकाले यिनै सभ्यतालाई पाश्चात्य चिन्तनको आधारमानी यिनै सभ्यताबाट विकसित प्राचीन पौराणिक तथा सांस्कृतिक ग्रन्थहरूको विचारहरू एवम् दार्शनिकहरूमा वाणीमा अभिव्यञ्जित मानवीय चिन्तनलाई पाश्चात्य परम्पराका रूपमा हेर्नु आवश्यक देखिन्छ ।

### क) हिब्रू चिन्तन

हिब्रू सभ्यता भनेको मध्य पूर्वी एसियामा विकसित सभ्यता भए तापनि पाश्चात्य सभ्यताको जग हिब्रू -बाइबलमा आधारित पाइने हुादा पाश्चात्य मानवतावादी चिन्तनपरम्पराको चर्चा गरिएको पाइन्छ । बाइबल शब्दको विकास ग्रिक भाषाबाट भएको पाइन्छ । बाइबल पुस्तकहरूको सार हो र यसमा धेरै किताबहरू समेटिएका छन् । हिब्रू बाइबललाई तीन शाखामा विभाजन गरिएको छ । ती शाखाहरूमध्ये प्रमुख शाखा 'तोरा' हो ( न्यौपाने, २०६७ : ४४) । यसमा धार्मिक विधि तथा नियमको व्याख्या गरिएको छ । यस अन्तर्गत जेनेसिस, एक्सोडस, लेभिटिक्स, नम्बर्स र डेउटोशेनमी 'तोरा' आध्यात्मिक विधि वा

नियमसम्बद्ध विषयसाग सम्बन्धित भए पनि यसमा धार्मिक इतिहासको चर्चा, ईश्वरवर्णन एवम् ईश्वरलाई प्राप्त गर्ने सही दिशा एवम् विश्वासमाथि विमर्श गरिएको पाइन्छ । क्रिस्चियन धर्म-दर्शनको मूल आधारका रूपमा रहेको बाइबलमा 'शक्ति, कल्याण, दया एउटै ईश्वरबाट निःसृत हुन्छन्" भन्ने कुरामा जोड दिएको पाइन्छ । असल मानवीय कर्मले मानिस जीवनबाट मुक्त हुने र स्वर्गीय सुखको भोगी हुने, सन्दर्भ उक्त ग्रन्थमा छन्, त्यसैले मानिसलाई सदाचारी, निष्ठावान हुन र समर्पणका निम्ति लाग्न उत्साहित गरेको छ ।

## ख) ग्रिसेली चिन्तन

होमरको 'इलियाड' प्राचीन ग्रिक संस्कृति, सभ्यता र मूल्यलाई एकीकृत गर्दै यसप्रति श्रद्धाभाव देखाएर यो महाकाव्य निर्माण गरेका छन् । इलियाड दुःखान्तक महाकाव्य भएकाले मानवीय पीडा, संवेदनाको अभिव्यक्ति यसमा ज्यादा पाइन्छ । इलियडमा पितृभक्ति, भ्रातृप्रेम प्रतिबिम्बित रहेको पाइन्छ । अस्तित्वको लागि लडिएको ट्रय युद्धमा सत्यको जीत र असत्यको हार देखाइएको छ । होमरको 'ओडिसी' मा युद्धरत वीरहरूको यात्रावर्णन (वीरगाथा, प्रेमगाथा, ऋषिगाथा समेतको वर्णन) गरिएको छ अन्य प्रसङ्गहरूमा मानव आदर्श एवम् अमानवीयताको झलक पाइन्छ ।

ग्रिसेली सभ्यतामा मानव महत्त्वलाई जोड दिने दार्शनिक चिन्तक, साहित्य सर्जक मनीषीहरू एस्किलस, सोफोक्लिज, प्रोटागोरस, सुकरात, प्लेटो, अरस्तु आदि प्रमुख रहेका छन् । यिनले भौतिकवादी, अध्यात्मवादी, मानवतावादी चिन्तनलाई आ~ना साहित्यिक कृतिमा अभिव्यक्त गरेका छन् । एस्किलसले 'प्रमिथस बाउण्ड' नाटकमा मानवहितका निम्ति स्वर्गबाट आगो चोरेर धर्तीमा ल्याउने प्रमिथसको त्याग बलिदानलाई चर्चा गरेका छन् । मानिसलाई दुःखपूर्ण जीवनका कथाव्यथाले जति मनुष्यत्व बुझ्न अभिप्रेरित गर्छ, त्यति सुखान्तक नाटक वा साहित्यले गर्न सक्दैन भन्ने अभिप्राय एस्किलसको पाइन्छ । सोफोक्लिजको मानवजीनका सार्वभौम सत्य विषयलाई समेटिएको पाइन्छ । अध्यात्म संसारको मोहभन्दा भौतिक जगत्को यथार्थतिर बढी आकर्षित देखिन्छन् । प्रोटागोरस ग्रीक मानवतावादी विचारक एवम् चिन्तकका रूपमा हेरिन्छन् । उनका अनुसार मानिस सृष्टिका यावत पक्षहरूको मापक हो भन्ने यिनको कथनले मानिसलाई सृष्टिको विशिष्ट उपलब्धि ठानेको पाइन्छ र मानिसका विवेक र ज्ञानको अथाह भण्डार भएको कुरा स्वीकार गरेको पाइन्छ । सुकरात युनानी दार्शनिक हुन । यिनका चिन्तनहरूमा ग्रिसेली दर्शनको आधार पाइन्छ । उनलाई मानवीय सत्यका पक्षपातीका रूपमा

लिइन्छ । विचार र दर्शनलाई वस्तुर्मुखी तुल्याउने प्रयत्न गरेका छन् । नैतिकता, सदाचार, ज्ञान र सत्यलाई विशेष जोड दिएका छन् । सुकरातका शिष्य प्लेटो (ई.पू. ४२९-३४७) प्रसिद्ध दार्शनिक एवम् चिन्तक हुन् । युरोपको विश्वविद्यालयमा उनले मानवजीनलाई दर्शन र अध्यात्मज्ञानको शिक्षा दिएका थिए । प्लेटोको 'द रिपब्लिक' पुस्तक प्रसिद्ध ग्रन्थमध्येको एक मानिन्छ । यसका काल्पनिक आदर्शराज्यको चर्चा गरिएको छ । प्लेटोका न्यायसिद्धान्तहरूमा उल्लेखित समाजका सम्पूर्ण व्यक्तिहरूको कल्याण गर्ने, मानवीय प्रतिबिम्बित भएको देखिन्छ । अरस्तुको मान्यता राज्यले अपनाउने मैत्रीभाव, छिमेकी राष्ट्रसागको असल सम्बन्धजस्ता असल नीतिले गर्दा अर्को राज्यले हस्तक्षेपको नीतिलाई आगाल्दैन भन्ने आशय निहित छ ।

### ग) रोमेली चिन्तन

प्लेटोबाट प्रभावित सिसेरो रोमन राजनीतिक विचारक हुन् । प्रकृतिले मानिसलाई विवेक सम्पन्न बनाएको छ र प्रकृतिका सिद्धान्तलाई मानिसले अपनाउनु पर्छ भन्ने यिनको प्राकृतिक चिन्तनमा न्याय पूर्ण र शाश्वत मानवीय चिन्तन भएको पाइन्छ ।

## २.३.२.१ रुसोको मानवतावादी चिन्तन

मानवतावादी फ्रान्सेली दार्शनिक रुसोको मानवतावाद सम्बन्धी चिन्तनहरू यस शोधकार्यका लागि सैद्धान्तिक पर्यायधारका रूपमा लिएको छ । स्वतन्त्रता, समानता र भ्रातृत्व सम्बन्धी रुसोको अवधारणाहरू माधवप्रसाद घिमिरेका खण्डकाव्यमा पाइने स्वतन्त्रता, समानता र भ्रातृत्वपरक मानवतावादी चिन्तनकै निकट छन् ।

### (क) स्वतन्त्रता चिन्तन

मानिस स्वतन्त्र जन्मिन्छ तर जन्मिनेबित्तिकै ऊ चारैतिरबाट सिक्रीले बाधिन्छ भन्ने रुसोको वाक्यमा अभिव्यक्त विचार स्वतन्त्रता सम्बन्धी सर्वाधिक चर्चित अधिव्यक्ति हो । रुसोले आ̐नो पुस्तक 'दि सोसल कन्ट्र्याक्ट' मा व्यक्त गरेको स्वतन्त्रता सम्बन्धी अभिव्यक्तिहरू यस प्रकार छन् - स्वतन्त्रता प्रकृतिप्रदत्त अधिकार हो । बालक आ̐नो अभिभावकहरूको संरक्षण, आवश्यकता हुादासम्म उनीहरूकै वरिपरि रहन्छन् तर आफू सक्षम भइसकेपछि कसैको नियन्त्रणमा रहन चाहादैन । क्रमशः ऊ बढ्दै जान्छ अनि बाबुको रूप धारण गर्दछ । ऊ स्वभावत : आफुलाई हेरचाह गर्नेहरू अशक्त हुादै गएपछि उनीहरूलाई नै हेरचाह गर्ने

व्यक्तिका रूपमा सबल बन्दै जान्छ । मानिसको सुरक्षाका लागि प्रकृतिप्रदत्त कानुनका रूपमा यो क्रम देखा परिरहन्छ । कोही शासन गर्नका निम्ति र कोही शासित हुनका निम्ति जन्मिएका हुन भन्ने सोचाइ भएका राजाहरूबाट मानवीय स्वतन्त्रताको हनन स्वतः भइदिन्छ । आफूलाई भगवान ठान्ने अनि जनतालाई पशु र दास ठान्ने सम्राट कलियुला कानुनका विरोधी थिए । राजाहरूले आफूलाई भगवान् र शासितहरूलाई दास ठान्ने परम्परा अघि बढ्दै गएपछि समाज वा राज्यमा मालिक र दास हुनु नै प्राकृतिक कानुन हो भन्ने भ्रमले ठाउा लिएको पाइन्छ (रुसो, दि फ्रर्स्ट सोसाइटिज) । एक मानिसले आ^नो स्वतन्त्रतालाई त्याग्नु भनेको केवल स्वतन्त्रताको त्याग मात्र होइन अपितु मानवता र मावनीय कर्तव्य हनन गर्ने बाटोमा अघि बढ्नु हो । स्वतन्त्रताको त्याग गर्नु आ^नो परिचयलाई त्याग्नु समेत हो । त्याग प्राकृतिक प्रतिस्पर्धाको विरुद्धमा छ अर्थात् स्वतन्त्रता  प्राप्तिका निम्ति प्रतिस्प्रर्धा गर्नु प्राकृतिक न्याय हो । स्वतन्त्रता गुम्यो भने मानिसले सम्पूर्ण नैतिक हैसियत गुमाउाछ र उसको व्यक्तितत्व शून्य हुन्छ ।

रुसोले स्वतन्त्रताको महत्त्व दर्साउादै भन्छन् आफूलाई दास बनाउन खोज्ने मानिस सबैभन्दा ठुलो शत्रु हो ऊ भन्दा बाहेक अरू जस्तोसुकै शत्रु किन नहोस्, उसको बााच्न पाउने स्वतन्त्रतालाई हनन् गर्ने अधिकार कसैसित हुादैन । यदि कसैको दास नै बनाउाछ भने पनि त्यसको बदलामा उसलाई मार्ने पर्छ भन्ने व्याख्या गरिनु गलत हो । न त कसैलाई जितेकै भरमा उसको स्वतन्त्रतामा भेट्ने अधिकार नै कसैसित हुन्छ । रुसोका अनुसार मानिसले आ^नो नैसर्गिक वा वास्ताविक अधिकार र प्राकृतिक स्वतन्त्रता जहिलेसम्म प्राप्त गर्न सक्दैन तबसम्म अशान्ति, हिासा र आन्दोलनहरू भइरहन्छन् । (दि सोसिय कन्ट्राक्ट) (स्वतन्त्रताको महत्त्वलाई अझै बढाउादै रुसोले दि पिपुल भन्ने पाठमा यसरी व्यक्त गरेका छन् - “स्वतन्त्रताको अवसर अझ बढी प्राप्त हुादै जाने कुरा स्वभाविक हुन सक्छ तर यो क्षतिपूर्ति गर्दै जाने विषय हुन सक्दैन ।” यसबाट रुसोले स्वतन्त्रतालाई जन्मसिद्ध अधिकार मानेका छन् । रुसोको उक्त स्वतन्त्रता सम्बन्धी मान्यताका आधारमा घिमिरेका खण्डकाव्यमा प्रयोग भएको स्वतन्त्रतालाई केलाइएको  छ ।

### (ख) समानता चिन्तन

रुसोका अनुसार हरेक मानिस सिङ्गो समाजको अभाज्य अङ्ग हो त्यसैले कोही भन्दा कोही व्यक्ति सानो ठूलो नभई समान हुन्छ । उनका सम्बन्धित पुस्तकमा व्यक्त गरेका समानता सम्बन्धी मान्तयाहरू यस प्रकार छन् :

हरेक मानिसलाई सबै चिज प्राप्त छ, यहाा कसैले कसैलाई दिने वा कसैबाट कसैले लिने भन्ने हुादैन । आफू माथि केवल आ^नो अधिकार हुन्छ । आ^नो अधिकारबाट बञ्चित हुनेले पुन : प्राप्त गर्ने अधिकार पनि आफैसित सुरक्षित राखेको हुन्छ । जब व्यक्तिगत इच्छाले सामूहिक रूप धारणा गर्दछन् । त्यसलाई सामान्य इच्छा भन्ने नामकरण गरिन्छ । त्यस्तो इच्छामा कसैको एकाधिकार हुादैन । कानुन निर्माणको महत्त्वपूर्ण पक्ष भनेकै सामान्य इच्छा हो जहाा हरेक व्यक्तिले समानताको अनुभूति गर्दछ । सामान्य इच्छा त्यस्तो शक्ति हो जसको मातहतमा व्यक्तिगत इच्छा रहेको हुन्छ (दि सोसल कन्ट्रयाक्ट) । प्राकृतिक रूपले आफूलाई आवश्यक पर्ने सबै कुरा पाउनु पर्ने अधिकार आम मानिसमा निहित हुन्छ (रियल प्रोपर्टी) । व्यक्तिगत सम्पत्तिलाई सामाजिक अधिकारको मातहतमा राखिनु पर्दछ । यसको अभावमा न त स्थायित्व हुन्छ न त सामाजिक सम्बन्ध बलियो हुन्छ । सामाजिक सम्झौताले भौतिक असमानतालाई प्रतिस्थापित गर्नु पर्दछ । मानिस मानिसका बिचमा नैतिक तथा बैधानिक हैसियत समान किसिमको हुनुपर्दछ । प्राकृति रूपमा शारीरिक र मानसिक शक्तिका दृष्टिले दुर्बल देखिने मानिसहरूले पनि स्वतः नैतिक वा कानुनी अधिकार प्राप्त गरेकै हुनुपर्दछ ।

कुशासनमा समानताका नाममा दरिद्रहरू अझ दरिद्र बनाइन्छन् र गरिबको नाम बेचेर धनीहरूले फाइदा लिइरहन्छन् । रुसोका यिनै समानता सम्बन्धी मान्यताका आधारमा घिमिरेका खण्डकाव्यमा प्रयोग भएको समानतालाई केलाइएको छ ।

### (ग) भ्रातृत्व चिन्तन

रुसोका अनुसार परम्परागत धर्ममा कतिपय राम्रा कुराहरू छन् तर ती धर्महरूमा समाज र राज्यभन्दा परको सत्यमा विश्वस गरिएको छ । रुसोका अनुसार हृदयलाई देश र पृथ्वीभन्दा पर पु¥याउन खोज्नु भनेको सामाजिक भावनाका लागि अत्यन्तै प्रतिकूल हो । यसलाई नागरिक धर्मका रूपमा स्वीकार गर्न सकिादैन । रुसोले आ^नो सम्बन्धित कृति 'दि सोसल कन्ट्रयाक्ट' का अन्य विभिन्न पाठहरूमा भ्रातृत्व सम्बन्धी मान्यतालाई अघि सारेका छन् जुन निम्न रहेका छन् :

रुसोले नै हरेक व्यक्तिहरू आफू सक्षम भएपछि अरूका निम्ति काम गर्न चाहन्छन् त्यो चाहना नै सबैको खुसीको लागि भैदिन्छ । सामाजिक सामूहिक चाहनालाई 'जनरल बिल' भनिन्छ । सामुहिक चाहनाले हरेकका अधिकार र सहभावलाई जगाइदिन्छ (दि लिमिट्स अफ दि सोभेरियान पावर) । जसले अरूको भलाइका लागि काम गर्न चाहदैन वा जान्दैन, उसले पनि

सामूहिक चाहना पूरा गर्ने उद्देश्यले कसै नकसैलाई मतदान गरेकै हुन्छ, त्यसैले हरेकको भलाइ वा खुसी निहित भएको हुन्छ ।

रुसोको विचारमा सार्वभौम सत्ता अविभाज्य हुन्छ, अथवा त्यो शासक वा शासितका नामले कसैमा भाषिक वा कसैमा कम्ती हुने विषय होइन । सार्वभौम सत्ता नागरिकतामा भएको राज्यमा आपसी मेलमिलापमा वा भ्रातृत्वको सम्बन्ध गाढा हुनुपर्दछ । उनका अनुभूतिमा त्यस्ता मानसिभित्र नागरिक हुन्, जसलाई राज्यमा स्वतन्त्रता र सार्वभौम अधिकार प्राप्त छ । उनका अनुसार नागरिकको स्वतन्त्रता र सावैभौमिकता नै सफल राज्यका आधारभूत विशेषता हुन् । रुसोका यिनै भ्रातृत्व सम्बन्धी मान्यताका आधारमा घिमिरेका खण्डकाव्यमा प्रयोग भएको भ्रातृत्व चिन्तनलाई केलाइएको छ ।

## २.४ भारतीय साहित्यमा मानवतावादी चिन्तन

भारतमा बेलायती उपनिवेश (सन् १६१५ देखि १९४७) सम्म कायम थियो ३०० वर्षभन्दा लामो अङ्ग्रेजी शासनले भारतीय संस्कार, संस्कृति, स्वाभिमान, धर्म, दर्शन, कला र साहित्यलाई निकै प्रभाव पारिरह्यो (न्यौपाने, २०६७: ७५) । यसै समयमा विश्वका अन्य देश महादेशका धेरैजसो राजनीतिक, साहित्यिक तथा औद्योगिक परिवर्तनहरू भए । पहिलो विश्वयुद्ध (स्न १९१४) र दोस्रो विश्वयुद्ध (सन् १९४४) जस्ता मानवसंहारकारी घटनाहरू यसै समयमा भए । भारतमा अशिक्षा, अज्ञानता, रोग र भोक व्याप्त भएकै कारण अङ्ग्रेजहरूले आधिपत्य जमाइरहने मौका पाए परिणाम स्वरूप भारतीय साहित्यमा स्वतन्त्रता, समानता, भ्रातृत्व जस्ता पक्षहरूका आवश्यकता पश्चात राजनीतिमा बालगङ्गाधर तिलक, विपित भन्द्र पाल र लाला लाजपत रायहरूले अङ्ग्रेजी दासताको विरुद्ध विभिन्न अभियानहरू सञ्चालन गर्न थाले । यस अभियानलाई माहात्मा गान्धीले तीव्रतासाथ अघि बढाए । यसका साथै गान्धीले असहयोग आन्दोलन, भारत छोड आन्दोलन  र सविनय अवज्ञा आन्दोलन प्रभावकारी बनाए जसको प्रत्यक्ष प्रभाव साहित्यमा पर्न गएको पाइन्छ ।

बङ्गला साहित्य हिन्दी साहित्यको पृष्ठधार हो । रवीन्द्रनाथ टैगोर (सन् १८६१- १९४१) बङ्गला छायाबादका केन्द्रीय प्रतिभा हुन् । संस्कृति हिन्दी साहित्यका साथै उत्कृष्ट नाटककार, कथाकार, समालोचक, दार्शनिक, चित्रकार, कलाकार एवम् सङ्गीतकार थिए । संस्कृत साहित्यका महाकवि कालिदास लगायत हिन्दी भक्तियुगका विद्यापति, विहारीलाल र सन्त कविवरका साथै पश्चिम साहित्यकारहरू : सेक्सपियर, मिल्टन, वाइरन, सेली गेटे र दाातेको

विशेष प्रभाव पाइन्छ । स्वच्छन्दतावाद, छायावादका लागि टैगोरको 'गीताञ्जली' विश्वप्रसिद्ध काव्य हो । यसमा नोबेल पुरस्कार प्राप्त गरेका टैगोरले प्रकृतिलाई सत्यम्, शिवम् र सुन्दरम् दृष्टिले मूल्याङ्कन गरी मूलतः विश्वबन्धुत्व जनित मानवतावादी स्वर पाइन्छ ।

## २.५ नेपाली साहित्यमा मानवतावादी चिन्तन

नेपाली भाषामा हाससम्म पत्ता लागेको पहिलो अभिलेख जुम्लाको रेलिङ् गुम्बामा प्राप्त (वि.सं १२१३) को अशोशचल्ल कालीन ताम्रपत्र हो । ग्रन्थका दृष्ट्रिले प्राप्त सबैभन्दा पुरानो कृति 'भास्वती' (वि.सं. १४५७) हो । नेपाली वाङ्मय यात्रामा विभिन्न विधा, उपविधा, विषय, विचार र प्रवृत्तिहरू देखा परेका छन् । प्रारम्भिक नेपाली वाङ्मयमा रचनाहरूमा निबन्धहरू राजा गगनीराजको यात्रा (वि.सं. १५५०), 'खण्डखाद्य' (वि.सं. १६४९), 'बाजपरीक्षा' (वि.सं. १७००) , 'ज्वरोत्पत्ति चिकित्सा' (वि.सं. १७७३), 'प्रायश्चित प्रदीप' (१६८०) र 'दिव्योपदेश' (१८३१) जस्ता कृतिहरू मध्ये 'दिव्योपदेश' मा विचारको तीव्रता पाइन्छ (बस्याल, २०७१ : २१) । नेपाली साहित्यको खण्डकाव्य विधालाई हेर्दा वि.सं. १८२६ देखि काव्यरचना भएको मानिन्छ । प्राथमिक काल (वि.सं. १८२६-१९४० सम्म), माध्यमिक काल ( वि.सं. १९४१-१९७४) र आधुनिक काल (वि.सं. १९७५ देखि यता) गरी तिन चरणमा विभाजित छ । यस अन्तर्गत आधुनिक काललाई पनि परिष्कारवादी धारा (वि.सं. १९७३-१९९०) स्वच्छन्दतावादी धारा (वि.सं. १९९१-२०१६), प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९), प्रगतिवादी धारा (वि.सं. २००५ देखि) उत्तरआधुनिकतावादी धारा (वि.सं. २०३० देखि हाल सम्म) गरी विभाजन गरिएको पाइन्छ (अवस्थी, २०६४ : ८३) । प्राथमिक कालीन उदयानन्द अर्यालको 'पृथ्वीन्द्रोदय' महाकाव्य नै पहिलो नेपाली महाकाव्य हो । प्राथमिक कालीन नेपाली कविताका परम्परामा देखा परेका भक्तिधाराका सशक्त कवि प्रतिभा भानुभक्त आचार्य (वि.सं. १८९१-१९२५) ले रचेको सातकाण्डे र १३१९ श्लोक भएको रामायणको लमाइ रहेको छ । यसै गरी माध्यमिक कालीन रचनाहरू होमनाथ खतिवडाका रामाशवेमेध र कृष्णचरित्र, रेवतीरमण न्यौपानेका विश्वजीतलीजा र तुलसीकृत रामायण जस्ता कृतिहरू रचना भएको पाइन्छ ।

आधुनिक नेपाली खण्डकाव्यलाई हेर्दा लोकगाथा, डोटी, कर्णाली प्रदेशका लोक जीवनमा प्रचलित रहिआएका 'भारत' , 'चैत', 'चाचरी' जस्ता लोकगाथामा खण्डकाव्यात्मक लोकपरारूप पाइन्छ । नेपाली कविताको प्राथमिक शिष्ट लेख्य साहित्यिक परम्पराको प्रथम खण्डकाव्यात्मक कृति मानिन्छ अन्य कविताहरूमा वसन्त शर्माको कृष्णचरित, समुन्द्रलहरी,

भानुभक्त आचार्यका प्रश्नोत्तर, बधुशिक्षा र भक्तिमाला, रघुनाथ पोखऱ्याल 'सुन्दरकाण्ड रामायण बालुन' आदि माध्यमिक कालीन श्रृङ्गारिक धारा र भक्तिधाराको अभिव्यक्तिका साथ अन्य खण्डकाव्य रचना समेत देखा परे । मोतीराम भट्टद्वारा रचित प्रह्लाद भक्ति कथा, गजेन्द्रमोक्ष उषाचरित्र, राजीवलोचन जोशीको 'केदार कल्प' र पतिव्रता चरित्र' लक्ष्मीदत्त पन्तको श्री सत्यहरिश्चन्द्रवर्णनम् कृष्णप्रसाद रेग्मीको 'प्रभावती चरित्र', सवाई काव्य' मनिराज शाहीको चरीको सवाइ, अमृतजङ्ग सिजापतिको सासूबुहारीको सवाई आदि । यसै क्रममा समृद्ध भाषामा जस्तै नेपाली भाषामा पनि उत्कृष्ट कलात्मक कविताकाव्य रचना गर्न सकिन्छ भन्दै 'वर्षाविचार' (१९६६), 'ऋतुविचार' (१९७३) जस्ता परिष्कारवादी काव्य प्रकाशनमा आए । वि.सं. १९७०मा स्थापित गोरखा भाषा प्रकाशनी समिति र चन्द्रिका व्याकरणले नेपाली लेख्य भाषाको मानवीकरण गरी लेखाइ र छपाइमा एकरूपता पाइन्छ ।

नेपाली काव्य साहित्यमा मानवतावादी चिन्तन लेखनाथ पौड्याल (वि.सं. १९४२-२०२२) ले परिष्कारवादी धारालाई अङ्गाल्दै अघि बढेको पाइन्छ । पूर्वी आध्यात्मिक दर्शनका प्रभावहरूलाई ग्रहण गर्दै लौकिक जीवनलाई उपयोगी हुने जीवनदृष्टि एवम् दर्शन प्रस्तुत गर्नु काव्य विशेषता मानिन्छ । नैतिक, उपदेशात्मक प्रकृतिमा यिनका काव्यमा पूर्वीय अध्यात्मदर्शनको प्रभावका साथै समाजका मूल्य र मान्यताहरूमा समय सान्दर्भित युगसापेक्ष मूल्यको चाहना पाइन्छ । पौड्यालका 'ऋतृविचार' (१९७३), जस्ता परिष्कारवादी काव्य प्रकाशनमा आए । वि.सं. १९७० मा स्थापित गोरखा भाषा प्रकाशनी समिति र चन्द्रिका व्याकरणले नेपाली लेख्य भाषाको मानवीकरण गरी लेखाइ र छपाइमा एकरूपता ल्याएको पाइन्छ ।

नेपाली काव्य साहित्यमा मानवतावादी चिन्तन लेखनाथ पौड्याल (वि.सं. १९४२-२०२२) ले परिष्कारवादी धारालाई अङ्गाल्दै अघि बढेको पाइन्छ । पूर्वीय आध्यात्म दर्शनका प्रभावहरूलाई ग्रहण गर्दै लौकिक जीवनलाई उपयोगी हुने जीवनदृष्ट्रि एवम् दर्शन प्रस्तुत गर्नु काव्य विशेषता मानिन्छ । नैतिक, उपदेशात्मक प्रकृतिका यिनका काव्यमा पूर्वीय अध्यात्म दर्शनको प्रभावका साथै समाजका मूल्य र मान्यताहरू समय सान्दर्भित युगसापेक्ष मूल्यको चाहना पाइन्छ । पौड्यालका 'ऋतृविचार' (१९७३), बुद्धिविनोद' (१९७३,)' 'सत्यकलि संवाद' ( १९७६), 'गीताञ्जली' (१९८६), 'तरुण तपसी' (२०१०) आदि रचनामा मानवतावादी विचार र आदर्शलाई आत्मसात गरी तयार पारिएको 'पिञ्जराको सुगा,' 'गौथलीको चिरिबिरी' आदि फुट्कर कविताहरू मानवता तथा मानव दर्शनका सशक्त प्रमाण हुन् ।

परिष्कारवादी धारालाई अङ्गाल्दै कवि बालकृष्ण सम (वि.सं. १९५९-२०३७) ले नेपाली साहित्यको गद्य र पद्य विधामा कलम चलाउदै लेखनलाई निरन्तरता दिएका छन् । उनका 'आगो र पानी' (२०१०), 'चिसो चुल्हो' (२०१५) महाकाव्य, 'बालकृष्ण समका कविता' (२०३८) कविता सङ्ग्रह रहेका छन् । समका काव्यात्मक भावलाई विचार एवम् दर्शनको आधिक्यताका साथै कलात्मक प्रकृतिका र सौन्दर्यमय, मानवतावादी र मानवतावादी चिन्तनलाई काव्यमा उपस्थापन गर्ने मूल ध्येय रहेको पाइन्छ । स्वर्ग र देवता', 'म पनि द्यौता मान्छु,' 'माग्ने जोगी' आदि कविता कृतिमा मानवतावादी चिन्तन पाइन्छ ।

आधुनिक नेपाली काव्य साहित्यको दोस्रो प्रहारमा स्वच्छन्दतावादी धारलाई भित्र्याउदै नेपाली काव्य साहित्यमा नयाा मोड ल्याउने काम लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) मानवतावादी कविका रूपमा चिनिन्छन् । प्रकृति, मानवता र ईश्वरका प्रतिबिम्बिनहरू देवकोटाका काव्यकृतिमा यत्रतत्र पाइन्छन् । देवकोटाका काव्य रचनाहरूमा 'वन', 'भिखारी', 'यात्री', 'प्रभूजी भेडो बनाऊ', 'साथी', 'पागल' आदि फुटकर कविताका साथै 'मुनामदन' ( १९९२), 'तिपलिङ्गी' (२००२) 'कुञ्जिनी' (२००२), खण्डकाव्य तथा 'शाकुन्तल' (२००२), 'सुलोचना' (२००३), 'प्रमिथस' (२०१०) जस्ता महाकाव्यमा कविको मानवतावादी चिन्तन सशक्त रूपमा प्रकट भएको पाइन्छ । 'भिखारी' फुरकर कवितामा प्रचुर मात्रामा मानवतावादी भाव प्रकट गरिएको छ । यस कवितामा असमानता जन्य परिस्थितिका कारण भाइभाइका विच देखा परेको विभेदमा विद्रोह प्रकट भएको छ । 'यात्री' कवितामा वेदान्त दर्शनका आत्मपरात्मको बोधका भावहरू पनि प्रतिबिम्बन भएका छन् । 'मुनामदन' 'तिपलिङ्गी' र कुञ्जिनी खण्डकाव्यमा मुलुकमा भएको सामाजिक यथार्थ प्रकृति संस्कृति आदिको चित्रणका क्रममा मानवीयताको परिदृश्य अङ्कित रहेको पाइन्छ । यी कृतिहरूमा उदार मानवतावाद प्रतिबिम्बन भएको पाइन्छ । 'प्रमिथस महाकाव्यमा मानवीय हक एवम् अधिकार तथा स्वतन्त्रताको प्राप्तिमा अन्याय विरुद्ध लड्ने उत्प्रेरणा प्रदान गरेको पाइन्छ ।

स्वच्छन्दतावादी धारालाई आगाल्दै काव्यकार माधव घिमिरेले 'ज्ञानपुष्प' कविता (१९९२) मा गोरखापत्रमा प्रकाशन गरी काव्ययात्राको थालनी गरेको हुन् । 'नवमञ्जरी' (१९९४), 'घामपानी' (२०१०), 'बालालहरी' (२०२६) 'किन्नर किन्नरी', (२०३३), 'सुनपङ्खी चरी', (२०५३), 'चैतवैशाख' (२०६२), 'बिजुले र बिजुल्य'(२०६३), 'पापिनी आमा' (२०१३), नयाा नेपाल' (२०१३) 'गौरी' (२०१५), 'राजेश्वरी' (२०१७), 'राष्ट्रनिर्माता' (२०२३), 'धर्तीमाता' (२०३०), 'इन्द्रकुमारी' (२०५७) जस्ता खण्डकाव्य 'शकुन्तला, (वि.सं. २०३८), 'मालती

मङ्गले' (२०२९), 'विषकन्या' (२०५०), 'अवस्थामा'(२०५३), 'हिमालवारि हिमालपारि'(२०५४), 'देउकी' (२०५५) जस्ता गीतिनाटकहरू रची आ ̄नो साहित्यिक सृजनशील यात्रालाई निरन्तरता दिएका छन् । घिमिरेका 'राजेश्वरी', 'पापिनी आमा, गौरी जस्ता महत्त्वपूर्ण रचनामा सामाजिक कुरीति, सामाजिक भेदभावका साथै स्वतन्त्रता, समानता जस्ता पक्षलाई आगाल्दै मानवतावादी चिन्तन प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै राष्ट्रनिर्माता नयाा नेपालमा देश भक्तिभाव प्रकट गरिएको पाइन्छ । माधव घिमिरेका खण्डकाव्यको मूल विषयवस्तु सृष्टिसौन्दर्य, धती र मानवका मातृत्व सम्बन्ध नेपालको राष्ट्रिय इतिहास, प्रकृति-संस्कृति र सामाजिक तथा व्यक्तिगत समस्या साथै रहस्यबोध, विश्वबन्धुत्व, राष्ट्रनिर्माण साथै मानवतावादी भाव व्यक्त भएको पाइन्छ । 'राजेश्वरी' खण्डकाव्यको (एघारौा छाल) श्लोकमा व्यक्त भाव 'साच्चै बााच्न सकूा मरेर अरूको अव्यर्थ उद्देश्यमा' जस्ता जीवनवादी-मानवातावादी बैचारिक स्वरको अभिव्यक्ति गरिएको छ ।

मानवतावादी अवधारणालाई हेर्दा फ्रान्सेली समाजशास्त्री तथा दार्शनिक जिन ज्याक रुसो (सन् १७१२-१७७८) बाट भएको हो । रुसोको समानता, स्वतन्त्रता र भ्रातृत्वलाई मानवतावादको मूलभूत स्वरूप मान्न सकिन्छ । सचेत व्यक्ति, असल समाज र चौतर्फ विकासको अपेक्षा गर्नेले सधै स्वतन्त्र हुने र जोसुकैसित समान हुने चाहनाका साथै मावनीय सद्गुण वा सद्भावसित सम्बन्धित कृतिहरू प्राचीन काल, मध्यकाल, एवम् युरोपेली पूर्नजागरण कालमा पर्याप्त देखा परेको पाइन्छ । रुसोको वैचारिक चेतनाको पृष्ठभूमिका आधारमा फ्रान्सेली राज्यक्रान्ति (सन् १७८९) सम्भव भएको थियो । लुई सोहौ जस्ता फ्रान्सेली तानाशाहबाट फ्रान्सवासीले मुक्ति वा स्वतन्त्रता पाउनुमा रुसोको ठूलो योगदान रहेको छ । ब्रिटिस उपनिवेशबाट पीडित अमेरिकाली जनताद्वारा गरिएको अमेरिकी स्वतन्त्रता आन्दोलन समाज, जाति, देश वा मानवीय अस्तित्व रक्षाका निम्ति वैदेशिक उपनिवेशबाट मुक्त हुनु पर्छ भने प्रेरणा दियो । राजनैतिक स्वतन्त्रताको समानान्तर रूपमा जब गास, बास र कपासको उचित प्रबन्ध नभई मानवीय अस्तित्व रक्षा असम्भव छ भन्ने जानकारी पछि राजनीतिक स्वतन्त्रताले मात्र मानवताको उत्थान हुन सक्दैन भन्ने चेतना विस्तार हादे गयो । त्यसपछि युरोप तथा अमेरिकामा तीब्र गतिले औद्योगिक क्रान्ति अगाडि बढ्न थाल्यो ।

विश्वका क्रान्तिको स्वरूप औधोगिक विकास र देशीय स्वतन्त्रताको अधिकारको प्राप्तिको रूपमा देखा पर्नुका साथै क्षेत्रीय अधिकार, भौगोलिक अधिकार तथा शक्ति सन्तुलन

सम्बन्धी प्रतिस्पर्धाको सीमान्त चेतनाका रूपमा देखा पऱ्यो । सन् १९१४ मा पहिलो र १९४४ को दोस्रो विश्वयुद्ध देखा परे । मानवीय स्वतन्त्रता तथा राजनीतिक चेतनाको प्रेरणा एवम् प्रभाव स्परूप जारशाहीका विरुद्धमा लेलिनले नेतृत्व गरेको रुसी राज्यक्रान्ति (सन् १९१७) र अनुदार तानाशाही मञ्जुवंशमा विरुद्ध माओत्सेतुङ्ले नेतृत्व गरेको चिनिया समाजवादी क्रान्ति सन् (१९४१) सफलतापूर्वक सम्पन्न भए । क्रमशः ब्रिटिस उपनिवेश विरुद्धमा महात्मा गान्धीले नेतृत्व गरेको भारतीय स्वतन्त्रता आन्दोलन (सन् १९४७) एवम् राणाशासन विरोधी नेपाली जनक्रान्ति (वि.सं. २००७) ले पनि साकार रूप लिएको छ ।

भारतमा महात्मा गान्धीको नेतृत्वमा चर्केको अङ्ग्रेजी विरोधी आन्दोलन एकातिर मानवीय स्वतन्त्रताका निम्ति थियो भने अर्कातिर विश्वबन्धुत्व वा भ्रातृत्वको मर्ममा आधारित थियो । दुःख कष्ट भनेको आˆनो भाग्य, कर्म र पूर्वजन्मको फल हो भन्ने विश्वास थियो । शासकहरूको विरोध गर्ने कोही थिएन । राजा भनेको भगवान हो भने अन्धता व्याप्त थियो । स्वतन्त्रता, समानता, भ्रातृत्व र विकासका निम्ति विश्व परिवेशमा घटित विभिन्न खालका आन्दोलनहरूका पृष्ठभूमिमा सन् १९४७ मा भारत अङ्ग्रेजहरूको उपनिवेशबाट मुक्त भएपछि नेपाली राजनीति र जन-मानसमा त्यसको प्रत्यक्ष प्रभाव पऱ्यो । मानिस-मानिसमा भावनात्मक वा भ्रातृत्वको सम्बन्ध हुनु पर्दछ र प्राकृतिक वा सामाजिक साधनस्रोतको उपभोग गर्नका लागि हरेक मानिसको मानवीय हैसियत वा अधिकार समान हुादो रहेछ भन्ने मानवतावादी विचारको प्रचार प्रसार हुादै गयो ।

## २.६ निष्कर्ष

मानवीय भावनाको विकास आदिम युगबाटै हुन थालेको भए पनि मानवजीवन र जगत्बारे नवीन दृष्ट्रिकोण सहित हेर्ने परम्राको सुरुवाट पछि मात्र विकसित भएको पाइन्छ । युरोपको पुनर्जागरण युगबाट मात्र मानवजीवन र जगत्बारे विशेष किसिमले चिन्तन गर्न थालिएको हो । हाल दर्शनको रूपमा परिणत भएको छ । जीवन र जगतको कल्याणका निम्ति चिन्तन गर्ने परम्पराको थालनी मानवतावादी दर्शनबाट भएको हो । भौतिक जीवन र जगतप्रति करुणा, दया, प्रेम, सद्भाव, राख्दै निः स्वार्थ भावले मानिसको सेवा गर्नुपर्ने प्रगतिशील जीवनदृष्टिहरू यस दर्शनबाटै अनुसरण गरिएका हुन् ।

मानवतावाद एउटा प्रगतिशील जीवनदृष्टिका रूपमा अगाडि आएको विषय वा दर्शन हो । मानवसेवा नै मानवधर्म हो भन्ने यस दर्शनले भौतिकता भन्दा परको सत्यलाई स्वीकार

गरेको पाइदैन । ईश्वर स्वर्ग तथा नरकजस्ता काल्पनिक यथार्थका पछाडि नलागी सत्यवादी परमार्थी, निः स्वार्थ जीवनदृष्टि लिएर जगत्कल्याणका निम्ति यावत् मानवकर्म र कर्तव्य सञ्चालित हुनुपर्छ भन्ने अवधारणा यस दर्शनका प्रतिबिम्बित छ । सार्थक जीवनकानिमित कर्मशील चरित्रको अवलम्बन मानिसले गर्नुपर्छ भन्ने अवधारणा यस दर्शनबाटै पाइन्छ । मानवतावादी चिन्तन वस्तुपरक हादा बढी आदर्शमूलक बनिरहेको पाइन्छ भने मानवतावादी चिन्तन वस्तुपरक हादा बढी यथार्थमूलक विषयतिर लहसिएको पाइन्छ । समग्रमा यी दुवै वादहरूले यही भौतिक विश्वमै समृद्धि र कल्याणको कामना गरिरहेका छन् ।

मानवीय चिन्तनलाई केन्द्रविन्दुमा राखी मानिसलाई आत्मकेन्द्री भन्दा परकेन्द्री हुन वा बन्धुत्वको भावना जागृत गर्नुपर्छ भन्ने दृष्टिकोण रहेको छ । शान्ति, सहअस्तित्व, सहकार्यजस्ता उदार आदर्शगुणलाई अवलम्बन गरी हिड्दा विश्वमा सङ्घर्ष वा युद्ध नभई सद्भाव, सहयोगजस्ता मानवीय असल गुणहरूको विकास हुने चिन्तनमा निहित रहेको पाइन्छ ।

## तेस्रो परिच्छेद

# माधव घिमिरेका मानवतावादी चिन्तनको पृष्ठभूमि र प्रेरणा स्रोत

## ३.१ माधव घिमिरेका मानवतावादी चिन्तनको पृष्ठभूमि

### ३.१.१ जन्म, बाल्यकाल र शिक्षा दीक्षा

खण्डकाव्यकार माधव घिमिरेको जन्म वि.सं. १९७६ साल आश्विन ७ गते मङ्गलवार गौरीशङ्कर घिमिरे र द्रोपदी घिमिरेका पहिला सन्तानका रूपमा हालको गण्डकी अञ्चलनाको लमजुङ् जिल्ला अन्तर्गत भीरपुस्तनको काखमा अवस्थित पुस्तुन, बाहुनडाँडा गाउामा भएको हो (पोखरेल, २०५० पृ. ६५) । उनको न्वारनको नाम टोपनाथ घिमिरे, औपचारिक नाम माधवप्रसाद घिमिरे र साहित्यिक नाम माधव घिमिरे हो । घिमिरे आफू दुई- अढाइ वर्षको हुादा आमाको मृत्युपछि बाबुसाग कालीलेकमा गोठमा बस्दा बाबुले गाउने बालुन, गाथा र त्यहाा गाइने बाह्रमासे गीतहरूबाट लोकगीतप्रति आकर्षित भएका थिए । साथै त्यहााको प्रकृतिसित पनि उनी आकर्षित भएका देखिन्छन् । उनकापिता सामान्य लेखपढ गर्न जान्ने खालका थिए । मिठो लोकगीत गाउने र भाका हालेर कविता वाचन गर्ने मध्ये प्रमुख हुनुहुन्थ्यो (पोखरेल, २०५० : १६२) । ब्राह्मण कुलमा जन्मिएका घिमिरेले कुलको रीतिरिवाज अनुसार घरबाट अक्षर आरम्भ गर्दछन् । उनले ६ वर्षको उमेरदेखि दुर्गाकवच र चण्डी पढ्न थाले । उनले भास्वतीबाट पञ्चाङ्ग निकाल्ने विधि सिके । गोठमा नै रहादा उनले उपदेश मञ्जरी रामायण र पूर्ण उपदेश मञ्जरी श्लोक हालेर गाउने गरेका र यिनै साहित्यिक कृतिहरूको अध्ययनसाग उनका साहित्यिक रचनाप्रति बढी आकर्षित भएको पाइन्छ । लेक बसाईको समयमा कवि तीर्थराज पाण्डेयद्वारा लिखित उपदेश- मञ्जरी पनि पढ्न पाएका थिए । यही साहित्यप्रतिको अनुराग र प्राकृतिक सौन्दर्यका दृश्यले पारेको प्रभावले घिमिरेको कवि जीवन निर्माणमा ठूलो भूमिका खेलेको देखिन्छ ।

औपचारिक रूपमा घिमिरेले वि.सं. १९९३ सालमा काठमाडौाको रानीपोखरी संस्कृत पाठशाला प्रथम परीक्षा प्रथम श्रेणी उत्तीर्ण गरे । त्यसपछि तीनधारा पाठशालामा भर्ना भएर पछि बनारसको क्विस कलेजबाट वि.सं.१९९७ सालमा मध्यम परीक्षा प्रथम श्रेणीमा तथा त्यसै कलेजबाट २००१ सालमा सर्वदर्शन विषयमा शास्त्री पनि प्रथम श्रेणीमै उत्तीर्ण गरे । त्यस बेला सोमनाथ सिग्देल व्याकरण र साहित्यका गुरु रहेका थिए । दुराडााडामा बसेका बेला उनले 'उपदेश मञ्जरी' को सिको गरी बसन्ततिलका र उपजाति छन्द मिलाएर पहिलोपल्ट

कविता लेखेर सुनाएक थिए (पोखरेल, २००५ : ६८) । खुदीबेनीमा बस्दा 'वैरव्यपुण्य' शीर्षकको कविता लेखेर त्यहााका नाराणदत्त पण्डितलाई सुनाएपछि उनले "कवि हुन्छौ क्यारे' भन्ने भविष्यवाणी गरेको र वसन्ततिलका छन्दको नियम सिकइदिएको कुरा स्वय् घिमिरेले बताएका छन् । (न्यौपाने, २०६८: पृ.७) । खुदीवेनीको बसाइका क्रममा उनले गोरखापत्रमा प्रकाशित लेखनाथ पौड्याल तथा चत्रपाणि चालिसेका कविताहरू पढ्ने अवसर प्राप्त गरेका थिए । घिमिरेको प्रथम प्रकाशित कविता 'ज्ञानपुष्प' र अरू नौवटा कविता वि.सं. १९९२ सालको गोरखापत्रमा प्रकाशित छन् । खुदीबेनीमा बस्दा पढेका कालिदासका कवितापनि कवि घिमिरेको सिर्जनाका प्रेरक तत्त्व बन्न पुगेका थिए । वि.सं. १९९४ मा नवमञ्जरी' कविता सङ्ग्रह वि.सं. १९९५ सालको 'स्वदेशी गीत' शीर्षकको पहिलो लोकलयात्मक कवितादेखि स्वच्छन्दतावादी-छायावादी प्रभाव क्षेत्रतर्फ उन्मुख देखिन्छन् । क्रमशः २००२ सालमा प्रकाशित 'गोविन्द' महाकाव्यांश सम्म आइपुग्दा परिष्कारवादी शैलीको साधनाक्रमसागै स्वच्छन्दतावादी छायावादी भावधारा समेत निकै चल्मलाएको पाइन्छ ।

### ३.१.२ पारिवारिक जीवन

एघार वर्षको उमेरमा घिमिरे हिउादमा पुस्तुन र वर्षामा बाबुसागै लेकमा बस्दै आएका थिए । त्यसबाट उनलाई प्रकृतिसाग नजिकिने अवसर प्राप्त भयो । उनको परिवार त्यति शिक्षित नभएपनि सामान्य संस्कृतिको पठन पाठन गने, उपदेश मञ्जरी जस्ता नेपाली साहित्यका पुस्तकमा चाख राख्ने र लोकगीत गाथामा रुचि भएको थियो । गोठमा बस्दा उनले आ^ना पिताले श्लोक हालेर गाएका बालुन र लोकगीतको प्रभाव पनि उनको लोकलयप्रतिको आशक्तिको पृष्ठभूमि बनेका छन् ।

वि.सं. १९९० सालमा चौध वर्षको उमेरमा माधवप्रसाद घिमिरेको पहिलो विवाह लमजुङ खुदीबेनीकी गौरी पोखरेलसाग भएको थियो । गौरीबाट उनका दुई छोरी शान्ति र कान्ति छन् । घिमिरेको जीवनमा यो विवाह बरदान सावित भएको देखिन्छ किनभने उनले ससुरालीमा दुई वर्ष बसेर अध्ययन गर्ने क्रममा कविता लेख्न सुरु गरेका हुन् । गौरीसाग सफल र सुमधुर दाम्पत्य जीवन व्यतीत गरिरहेका घिमिरेलाई वि.सं. २००४ सालमा विरहबोधका कारुणिक कविताको सिर्जनाको मुख्य कारण बन्न पुग्यो । पत्नी वियोगकै कारण उनले 'गौरी' शोककाव्य रचना गरेका छन् । घिमिरेको दोस्रो विवाह वि.स. २००५ साल माघमा महाकाली

अधिकारीसाग सम्पन्न भयो (न्यौपाने, २०६७ :७) । महाकालीबाट चार छोरीहरू मञ्जु, उष , किरण र ज्याति तथा दुई छोरीहरू इन्दिवर र राजिव गरी छ सन्तान प्राप्त भएका छन् । गौरी तर्फका दुई छोरी सहित आठ जना छोराछोरीको जिम्मेवारी बहन गरेर पनि घिमिरेलाई साहित्य यात्रामा अनवरत रूपले लागि रहने परिवेश सिर्जना गर्ने कार्यमा महाकाली घिमिरेको योगदान महत्त्वपूर्ण मानिन्छ ।

यसरी घिमिरेको वैवाहिक जीवनमा गौरी तथा महाकालीको आगमन अत्यन्त ठूलो सफलताको रूपमा सावित भएको पाइन्छ । घिमिरे प्राज्ञिक व्यक्तित्व र महाकाली सफल गृहणी भएको कारण उनले सम्पूर्ण परिवार शिक्षित, सम्पन्न र प्रतिष्ठित रूपमा स्थापित भएको छ । साहित्य सिर्जनाका लागि घिमिरेको यस्तो आदर्श परिवार उपयुक्त तथा प्रेरक बनेको देखिन्छ ।

## ३.२ माधव घिमिरेका काव्यको प्रेरणास्रोत

प्राकृतिक सौन्दर्यले भरीपूर्ण पहाडी जिल्लामा जन्मिएका घिमिरेको लोक गीतका सुमधुर भाका सुसेलिने पहाडी निश्छल र मर्मस्पर्शी प्राकृतिक घनाजङ्गलको अनौठो दृश्य साहित्यिक प्रेरणाको स्रोत रहेको पाइन्छ । प्राकृतिक दृश्य, मातृवियोग एवम् छटपटी वर्षाकालीन पहाडीको एक्लो बसाई घिमिरेका लागि साहित्यिक प्रेरणाको प्रमुखस्रोत बनेको देखिन्छ ।

संस्कृत साहित्यका महाकवि कालिदासका काव्यबाट प्रभावित भएको पाइन्छ । साहित्य सिर्जनाका क्रममा महाकवि लक्ष्मीप्रसाद देवकोटा र बङ्गाली ख्यातिप्राप्त साहित्यकार रवीन्द्रनाथ टेगोरबाट प्रभावित भई प्रेरणा ग्रहण गरेको देखिन्छ । त्यसैगरी उनी अङ्ग्रेजी साहित्यका परिष्कारधर्मी स्वच्छन्दतावादी कवि किट्सका सन्निकट देखिन्छन् । घिमिरे प्रारम्भमा लेखनाथ पौड्यालका रचना तथा तीर्थराज पाण्डेका 'उपदेश मञ्जरी' का कविताबाट प्रभावित देखिन्छन् । महात्मागान्धीबाट वैचारिक प्रेरणाका साथै अहिंसावादी मानवतावादी विचार उनका सबै काव्यकृतिमा प्रमुख रूपमा प्रकट भएको पाइन्छ ।

मानवीय स्वतन्त्रता, समानता र भ्रातृत्वलाई आत्मसाथ गर्दै कवि घिमिरेका पापिनी आमा, राजेश्वरी, गौरी जस्ता महत्त्वपूर्ण कृतिले मानवताको वकालत गरेको पाइन्छ । रुसोको मानवीय स्वतन्त्रता, समानता र भ्रातृत्वमा आधारित मानवतावाद घिमिरेका काव्यकृतिमा पाइन्छ ।

## ३.३ मानवतावादी चिन्तनका दृष्टिले माधव घिमिरेका खण्डकाव्यको वर्गीकरण

### ३.३.१ खण्डकाव्यको विवरण

माधव घिमिरेका हालसम्म प्रकाशित ९ वटा खण्डकाव्यमा सामाजिक, पौराणिक, ऐतिहासिक, विषयवस्तु ग्रहण गरी रचना गरिएका छन् । प्रकाशित खण्डकाव्य निम्नानुसार छन् ।

सामाजिक खण्डकाव्य - पापिनी आमा, गौरी, बोराको परदा, गौथली र गजधुम्मे

पौराणिक खण्डकाव्य - धर्तीमाता

ऐतिहासिक खण्डकाव्य - नयाा नेपाल, राजेश्वरी, राष्ट्रनिर्माता र इन्द्रकुमारी

### ३.३.२ खण्डकाव्यको वर्गीकरण

खण्डकाव्यकार घिमिरेका प्रकाशित ९ वटा खण्डकाव्यको सामाजिक, पौराणिक र ऐतिहासिक आधारमा यस शोधकार्यमा वर्गीकरण गरिएको छ । ९ वटा खण्डकाव्यमध्ये मानवतावादी चिन्तनका दृष्टिले स्वतन्त्रता, समानता तथा भ्रातृत्व चिन्तन र घिमिरेका खण्डकाव्यहरूमा अभिव्यञ्जित विचार चिन्तनसित मिल्दो, जुल्दो खण्डकाव्यको निकटता पाइन्छ । घिमिरेका खण्डकाव्य सामाजिक, ऐतिहासिक र पौराणिक विषयवस्तुमा आधारित भएकाले उक्त खण्डकाव्यको वर्गीकरण निम्नानुसार गरिएको छ :

#### ३.३.२.१ सामाजिक खण्डकाव्यमा मानवतावादी चिन्तन

खण्डकाव्यकार माधव घिमिरे आˆना विभिन्न खण्डकाव्यहरूमा सामाजिक विषयवस्तु ग्रहण गर्दै मानवतावादलाई समेटेको पाइन्छ । घिमिरेको प्रथम खण्डकाव्य 'पापिनी आमा' मा हाम्रो समाजमा विधवा विवाहलाई मान्यता नदिदा उत्पन्न भएको समस्या, एउटी बालविधवा युवती भएपछि यौवनको चरम आवेगमा आमा त बन्छे तर उसलाई समाजले अस्वीकार गरेको ठानी मातृस्वरूपी 'आमा' नबनेर प्राणहरणी 'पापिनी आमा' बन्न विवश हुन्छे । मातृत्वबोध र सन्तान प्रतिको अमानवीय अवस्थाको चित्रण यस खण्डकाव्यमा प्रस्तुत गरिएको पाइन्छ । मानवको स्वतन्त्रताको हनन भएको स्वतन्त्ररूपमा बााच्न समाजलाई अपाच्य हुने विवशता यस खण्डकाव्यमा प्रस्तुत भएको पाइन्छ । अन्तमा उक्त विधवा युवती बात्सल्यमयी आमा नै बनेर फर्किन्छे । हाम्रो समाजमा यथार्थ वा अर्न्तआत्माले पापिनी आमा रहेका तर बाह्य रूपमा सभ्य सुसास्कृत नारीको रूप धारणा गरेर कयौा नारीहरू रहेका छन् ।

'गौरी' खण्डकाव्यका माध्यमबाट मातृत्वप्रेम र दाम्पत्यप्रेमको चित्रण गरिएको छ । एउटा सुखी परिवारमा आइपरेका दैवी प्रकोपका कारण आइपरेको समस्या दुई सन्तानकी आमाको मृत्यु हुादा आइपरेका समस्यालाई चित्रण गरिएको यस काव्य मातृत्वप्रेम, वात्सल्यप्रेम र दाम्पत्यप्रेमको चित्रण र मानवताको चित्रण गरिएको छ ।

'बोराको परदा' खण्डकाव्यका माध्यमबाट कुनै युवकको प्रेममा फसेर मिठो सपना बोकी सहर पस्ने र विचल्लीको जीवन जिउन विवश नेपाली युवतीहरूको यथार्थलाई देखाएका छन् । ग्रामीण समाजमा विद्यमान अवस्था र विवशतालाई चित्रण गरिएको छ । एउटी नारीले भोग्नु परेको दुःख उसको जीवनको अन्यौलता मानवीयता हराउादै गएको वर्तमान समाजको चित्रण यस खण्डकाव्यमा गरिएको छ । एउटी ग्रामीण युवतीले मिठो सपना बोकेर सरह पस्छे पेटमा सात महिनाको बच्चा छ एक्लै पाटीको कुनामा बोराको पर्दा लगाएर जीवन चलाइरहेकी छ । उसको जीवन जति सङ्घर्षशील भए पनि उसले परिणाममा केही पाउन सकेकी छैन र उसको एक मात्र सन्तान पनि यही बोराको परदामा हुर्किंदै भिखारीको जीवन जिउादै छ । यस काव्यका माध्यमबाट कवि घिमिरेले ठूलाले सानालाई हेप्ने धनीले गरिब माथि गर्ने अमानवीय व्यवहार र वर्तमानमा मानिस यथार्थता भन्दा पर रहेर पन्छिने प्रवृत्ति वर्तमान यथार्थको चित्रण गरिएको छ । हाम्रो समाजमा हरेक पाटीहरूमा एक न एक विवशताका कारण बोराको परदा टाागिने नै गरिएको छ । वर्तमानमा मानिस यथार्थ भन्दा फिल्मबाट प्रभावित हुने प्रवृत्तिलाई चित्रण गरिएको छ । स्वतन्त्रता, समानता माथि हनन भइरहेको अधिकार खोज्न जान्ने तर अधिकार दिन नसक्ने वर्तमानलाई यस खण्डकाव्यले चित्रण गरेको पाइन्छ । घिमिरेको अर्को खण्डकाव्य 'गौथली र गजधम्मे' मा गौथली र गजाधार हाम्रै समाजमा रहेका अपाङ्ग मान्छेहरूमा प्रतिनिधि पात्र हुन् । अपाङ्गले जति शुभभाव र सहृदयबाट समाजका अन्य साङ्ग व्यक्तिले उनीहरूप्रति गर्ने खिस्सिको भाव उनीहरूको केही पनि गर्न सक्दैन भन्ने विचारले होच्याइएको अमानवीयताको चित्रण गरिएको पाइन्छ ।

यसरी माधव घिमिरेले आˆना खण्डकाव्यहरूमा सामाजिक विषयवस्तुको प्रयोग गरी समाजमा भइरहेका र हुने गरेका विभिन्न समस्या वर्तमानमा निरीह बन्दै गएको स्वार्थीपनलाई व्याङ्ग्ये गर्दै सुधारको बाटो समेत देखाएका छन् । पापिनी आमा मार्फत विधवा विवाहलाई मान्यता दिनु पर्ने कुरामा जोड दिएका छन् भने बोराको परदामा बस्ने तर सबैबाट अपहेलित एउटी नारी र उसको बालकको यथार्थ स्थिति दर्शाउादै उनीहरू त्यस अवस्थामा पुग्नुमा हाम्रै

समाज र यहाा रहेका भ्रष्ट संवेदनाहीन माध्यमबाट आफूलाई साङ्ग सोच्ने विचारमा अपाङ्ग हाम्रो समाजले सहृदयी र प्रतिभाले सम्पन्न अपाङ्गहरू माथि गर्ने दुर्व्यवहार र उनीहरू माथिको सोचलाई देखाइएको छ ।

### ३.३.२.२ पौराणिक खण्डकाव्यमा मानवतावादी चिन्तन

पूर्वीय सभ्यताका मेरुदण्ड मानिने चार वेदहरूमा विभिन्न सूक्तहरू रहेका छन् । एक सूक्त एउटा विषयमा मात्र केन्द्रित हुने गर्दछ । सूक्तहरू दर्शनले भरिपूर्ण हुने गर्दछन् । बौदिक सूक्त भन्नाले तिनै चार वेदहरूमध्ये अथर्ववेदमा उल्लिखित पृथ्वीसूक्तका आधारमा आˆनो 'धर्तीमाता' (२०३०) खण्डकाव्य रचना गरेका छन् । वैदिक सूक्तको मुख्य विषयवस्तुका साथै अन्य कविभाव प्रस्तुत गर्दै यस काव्यमा विषयवस्तु प्रस्तुत गरिएको छ । पृथ्वीसूक्त र धर्तीमाता दुवैको केन्द्रीय कथ्य पृथ्वीको महिमा गान र अर्चना नै रहेको छ । यसरी धर्तीमाता खण्डकाव्यका माध्यमबाट घिमिरेको वैदिक सूक्तमा प्रयुक्त पृथ्वीगानको विषयवस्तुलाई आˆनो खण्डकाव्यको विषयवस्तु बनाउन सफल भएका छन् ।

पृथ्वी र मनुष्यको अनादिकाल देखिको स्नेहसूत्र भित्र लहरिएको एक सूक्ष्म दीर्घ कथावस्तु मूल ग्रन्थ 'पृथ्वीसूक्त' मै पनि पाइन्छ र त्यही कथातन्तु वा आख्यानसूत्रलाई 'धर्तीमाता' ले समातेको छ । पृथ्वी र मान्छेका बिचको सम्बन्ध, मान्छे भित्रको प्रबल जिजीविषा, भोगेच्छा र सङ्घर्षशीलताको बीजारोपण र मान्छेका निमित्त सर्वस्व र शख्य आधार पृथ्वी नै किन मानिन्छ यस्ता कुराहरू धर्तीमाताले दिन खोजेको छ । मानव जातिकै प्रतिनिधित्व गर्ने धर्तीबासी विशुद्ध सार्वभौम मान्छे धर्तीमा प्रिती गाास्न र दुःख सङ्घर्ष झेलेर पनि हाासी हाासी बाााच्न चाहन्छ । मानव सहयोगी स्वभावको छ, ईर्ष्या-द्वेष गर्न र झगडा गर्नु भन्दा सद्भाव सहयोग, सहानुभूति लिन-दिन चाहने सौम्य प्रकृतिको छ । विराट् मनुजत्वको प्रतिनिधित्व गर्ने मानवीय संवेदना, सद्भावना, श्रदा र सहानुभुतिले सम्पन्न मानव पात्रको वा मानव चरित्रको दिप्ति 'धर्तीमाता' ले प्राप्त गरेको छ ।

### ३.३.२.३ ऐतिहासिक खण्डकाव्यमा मानवतावादी चिन्तन

ऐतिहासिक स्रोतबाट विषयवस्तु छनोट गरिए पनि यस ऐतिहासिक विषयले सर्जकको मनमा पारेको प्रभावलाई कृतिको विषयवस्तुको रूपमा प्रस्तुत गर्ने गरिन्छ । इतिहासमा उल्लेखित पात्र, घटना वा सन्दर्भले सर्जकका मनमा पारेको प्रभावलाई प्रस्तुत गर्ने गरिन्छ ।

घिमिरेका ऐतिहासिक खण्डकाव्यमा 'नयाा नेपाल' (२०१३) खण्डकाव्यमा शाहवंशका श्री ५ पृथ्वीनारायण शाह, श्री ५ त्रिभूवन र श्री ५ महेन्द्रले नेपालको विकासका लागि पुऱ्याएको योगदानको खुला हृदयले गान गरेका छन् । पृथ्वीनारायण शाहको एकीकरण योगदान श्री त्रिभूवनले प्रजातन्त्र स्थापना गरेर नेपाललाई पुऱ्याएको योगदानका साथै श्री ४ महेन्द्रको आ^नो प्रारम्भिक शासन अवधिमा गरेका विकासका कुराहरूले उल्लेख गरिएको पाल्पाकी राजकुमारी राजेश्वरीका कथालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । राजेश्वरीले षड्यन्त्रपूर्वक सती पठाएको ऐतिहासिक सन्दर्भलाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । 'राष्ट्रनिर्माता' खण्डकाव्यमा घिमिरे श्री ५ पृथ्वीनारायण शाहको अखण्ड नेपालको भावलाई प्रस्तुत गर्न सफल भएका छन् । एकै आमाका सन्तान भएर पनि एक नेपालको अखण्डताका पक्षमा विश्वबन्धुत्वका पक्षमा उभिएका छन् ।

'इन्द्रकुमारी' पनि ऐतिहासिक विषयवस्तुमै आधारित रहेको छ । यस काव्यमा घिमिरेले मकवानपुरकी राजकुमारी र हेमकर्णकी छोरी इन्द्रकुमारी र पृथ्वीनारायण शाहकी पहिली श्रीमती इन्द्रकुमारीलाई मुख्य पात्रका रूपमा लिएका छन् । पृथ्वीनारायण शाहले दाइजोको सन्दर्भमा आ^नो जेठान दिग्बन्धनसाग कुरा नमिलेपछि आ^नी विवाहिता पत्नी इन्द्रकुमारीलाई माइतमा नै छोडेको सन्दर्भलाई मुख्य विषयवस्तु बनाइएको छ ।

यसरी माधव घिमिरेले आ^ना चारओटा खण्डकाव्यको विषयवस्तु ऐतिहासिक नै लिएका छन् । राजेश्वरी र राष्ट्रनिर्मातामा बढी सफलता प्राप्त गर्न सफल भएका घिमिरेले मानवता, राष्ट्रियता देशप्रेम, देशभक्तिलाई चित्रण गरेका छन् । 'नयाा नेपालमा शाहवंशका श्री ५ पृथ्वीनारयण शाह, श्री ५ त्रिभूवन र श्री ५ महेन्द्रले नेपालको विकासमा पुऱ्याएको ऐतिहासिक प्रसङ्ग राजेश्वरीमा देश र जनताका लागि बााच्न चाहने राजेश्वरीलाई जवरजस्ती दाइजोको कारण (पृथ्वीनारायण) ले माइतमा नै छोडेको ऐतिहासिक सन्दर्भले कविको मनमा पारेको प्रभावलाई आ^नो ऐतिहासिक विषयवस्तुका माध्यमबाट मानवतावादको वकालत गरेको पाइन्छ ।

समग्रमा भन्नुपर्दा खण्डकव्यकार माधव घिमिरे आ^ना खण्डकाव्यहरूमा सामाजिक , पौराणिक र ऐतिहासिक विषयवस्तुका साथै स्वतन्त्रता समानता र भ्रातृत्वलाई समेट्दै मौलिकपनलाई पनि प्रशस्त स्थान दिएका छन् । घिमिरेका खण्डकाव्यमा गान्धी, रुसो,

देवकोटाको मानवतावादको प्रभाव रहेको पाइन्छ । साथै पौराणिक ग्रन्थको प्रभाव समेत पाइन्छ ।

## ३.४ निष्कर्ष

मानवतावादी चिन्तनका दृष्टिले माधव घिमिरेका खण्डकाव्यहरूको वर्गीकरण शोधकार्यको उद्देश्य प्राप्तिका लागि उपयुक्त, सामाजिक, पौराणिक र ऐतिहासिकतालाई आधार बनाई वर्गीकरण गरिएको छ । तसर्थ सामाजिक, पौराणिक र ऐतिहासिक खण्डकाव्यहरूको कथावस्तु, उद्देश्य र पात्र गरी तिन तत्वमा भएको मानवतालाई क्रमशः चौथो र पाँचौं परिच्छेदमा चित्रण गरिएको छ ।

चौथो परिच्छेद

# माधव घिमिरेका सामाजिक र पौराणिक खण्डकाव्यमा मानवतावाद

## ४.१ विषय प्रवेश

माधव घिमिरेका सामाजिक खण्डकाव्यहरूमा 'पापिनी आमा' (२०१३) 'गौरी' (२०१५), 'बोराको परदा' (२०१५) र 'गौथली र गजधम्मे' (२०५७) गरी चारओटा खण्डकाव्यलाई लिन सकिन्छ । यी काव्यमा समाजमा व्याप्त विसङ्गति विकृतिलाई चित्रण गरिएको छ । मानिसले एक अर्काप्रतिको स्नेह हराउदै गएको वर्तमान समयको चित्रण घिमिरेका खण्डकाव्यमा पाइन्छ । मनुष्य तत्त्वलाई बिर्सिएको समाजको चित्रण गर्दै काव्यकार घिमिरेले स्वतन्त्रता, समानता र भ्रातृत्वलाई समेटेको पाइन्छ । यसैगरी पौराणिक खण्डकाव्मा 'धर्तीमाता' लाई लिन सकिन्छ । पौराणिक विषयवस्तुलाई मौलिक शैलीमा प्रस्तुत गर्दै रचना गरेको पाइन्छ । प्राचीन धरोहरका रूपमा रहेको वेदका ऋचाहरूमा पनि मानिसले आ˜नो कर्तव्य त्यागेर हिाड्नु हुादैन, कर्म गर्दै जानुपर्छ अरूको वस्तुमाथि लोभ गर्नु हुादैन अरूलाई सम्मान गर्नु पर्छ भन्ने भावनाको अनुशरण गरिएको पाइन्छ । घिमिरेका खण्डकाव्यमा पनि मानवले मानवलाई गर्ने व्यवहार समान हुनपर्छ स्वतन्त्रताको अवसर पाउनुपर्छ भन्ने भाव व्यक्त भएको पाइन्छ । मानिस स्वतन्त्र जन्मिन्छ र जन्मिएपछि ऊ बन्धनमा बाािधिन्छ भन्ने रुसोको भनाइ पनि काव्यकार घिमिरेमा पाइन्छ । मानिसले आ˜नो स्वतन्त्रतालाई त्याग्नु भनेका केवल स्वतन्त्रताको त्याग गर्नु आ˜नो परिचयलाई नै त्याग्नु हो । स्वतन्त्रता र समानता हनन् गर्नु हाम्रो समाजमा विद्यमान शाषक र शोषित वर्ग विचको सम्बन्ध एक अर्कोले गर्ने व्यवहार जस्ता पक्षको चित्रण घिमिरेका खण्डकाव्यमा पाइन्छ । समाजमा काम, श्रमको सम्मान हुन नसक्नु, उच र निच वर्ग विचको विभेद जस्ता पक्ष उल्लेख गर्दै मानवताको चित्रण गरिएको दया, माया, प्रेम सद्भावमा आधारित समानता स्वतन्त्रता र विश्ववन्धुत्वलाई स्थापित गरिएको छ ।

## ४.२ ‵पापिनी आमा' (२०१३) खण्डकाव्यमा मानवतावाद

सामाजिक विषयवस्तुमा आधारित 'पापिनी आमा' खण्डकाव्य रचनाकाल (२०१०) साल हो भने यसको प्रथम प्रकाशन (२०१३) साल 'इन्द्रेनी' .(वर्ष १, अङ्क ५) पत्रिकामा भएको हो । साथै राजेश्वरीसित गाभिएर प्रकाशित हुादा चार फााकी हटाइएको (३२.३३) पाइन्छ । यस

काव्यले पुस्तकाकार स्वरूप (२०१७) सालमा राजेश्वरी खण्डकाव्यका साथमा प्राप्त गरेको हो । वार्णिक छन्दमा रचना गरिएको यस खण्डकाव्य दुई चरणको एक फााकी (श्लोक) गरी पहिला जम्मा ८५ बााकी १७० हरफ रहेका छन् । यस खण्डकाव्यमा रहेको मानवतालाई कथावस्तु, पात्र र उद्देश्यका आधारमा तल निम्नअनुसार विश्लेषण गरिएको छ ।

### ४.२.१ कथावस्तुमा मानवतावाद

प्रस्तुत काव्य एउटी बाल विधवाको जीवनको एक मार्मिक घटनामा आधारित छ । यस काव्यमा प्रस्तुत विषयवस्तुको केन्द्रीय अवधी जम्मा एक रातमा घटेको घटना हो भने साङ्केतिक अवधि लगभग आठ नौ महिना लामो देखिन्छ । यस काव्यमा एउटी बालविधवा जव २२ वर्षका जवानीमा पुग्छे बैसले उद्यम गतिमा पुगेकी विधवाका मनोलोकमा जवानीका चाखहरू जुरमुराएका बेला वसन्त ऋतु आउाछ त्यसै बेला पल्लो घरको झ्यालभित्र नवदम्पत्तीको मिलनको चहलपहल उसले देख्छे । यी सब उद्दीपनहरूद्वारा त्यस विधवाको पुरुष कामना पति प्रेम प्राप्त गर्ने चाहना अत्याधिक प्रबल भएर आउाछ । यसै परिस्थिति र परिवेशमा त्यो विधवा कुनै युवकसागको प्रेममा समर्पित हुन्छ । गर्भाधान भएको थाहा पाएपछि त्यो युवक भाग्छ । यस्तैमा त्यस विधवाको आठ - नौ महिना पुग्न लाग्दो गर्भ केही समय नपुग्दै हुरीवतास र मेघगर्जनको कर्नले हानिदिन्छ । एकान्त अध्यारो कोठामा राति बालक पैदा हुनासाथ त्यसलाई छिपाउन ऊ मसान घाट दौडिन्छे । त्यो मध्यरातको समय हुन्छ । आाधीहुरी जोडले चलिरहेको, पानी दर्किरहेको मध्यरातको समय हुन्छ । त्यस्तो बेला ऊ मसानघाट पुग्छे । यसै बेला उग्र प्राकृतिक प्रकोपमय आाधीबेहरीले आत्तिइरहेको प्रेतात्माहरू देख्छे । कुनै शिशुप्रेतहरू उसको दुध चुस्न खोजेझैं गर्छन, कुनै बालप्रेम मलाई घर लगिदेऊ भन्छन्, कुनै युवाप्रेत र युवतीप्रेत 'मलाई मरेको नसम्झ, मेरो मुटु आलै छ, मलाई बााच्न देऊ' भनेझैं गर्छन । यो सब अति करुणा र भयावह दृश्यकै विच ऊ बालक पोल्टामा च्यापेको च्याप्पै स्यालले भर्खर चिहान खोस्रेर पारेको खाल्टोमा घुप्लुक्क घोप्टिन्छे । तत्पश्चात् त्यो बालविधवामा एक्कासि परिवर्तन आउाछ : ऊ आ ना शिशु सन्तान नमार्ने अठोट गर्छे । ऊ शिशुलाई उठाएर छातीमा टाासेर 'म आ नो सन्तान आफै मार्दिना मलाई कसैले के गर्न सक्छ भन्दै ममतामयी माता बनेर हुङ्कार गर्न थाल्छे यसै क्षणमा आाधीबेहरी रोकिन्छ, मिरमिरे उज्याालो हुन थाल्छ, क्रमशः प्रभाती किरण टल्किन थाल्छन् यतिमा काव्य समाप्त हुन्छ ।'

आमा भैकन पनि पापिनी बन्ने वा अवैध यौन सम्बन्धद्वारा आमा बन्ने नारीले गर्ने शिशुहत्या नै यहाा कविको समस्याका रूपमा छ । समाजमा विद्यमान रहेका दूषित स्थितिमा आधारित सामाजिक विषयवस्तु काव्यको मुख्य कथानक पाइन्छ । एउटी यौवनमयी विधवा अवैध गर्भधारणबाट जन्मन पुगेको शिशुलाई फाल्न मसानघाटमा गएका बेला उसभित्रको मातृत्व जागृत भएर उक्त शिशुलाई नफाली हिम्मतका साथ शिशु बोकेर फर्केको छोटो कथा यस काव्यमा समेटिएका`छ । जसमा मातृत्व शक्तिलाई काव्यका माध्यमबाट यसरी व्यक्त गरिएको छ :

क्यै पर पुगी बालकलाई छातीमा च्यापेर

उभिन्छे घरै फर्कू कि भनी हुरीमा कापेर । (राजेश्वरी, २०१७, ४५/१९)

मातृस्नेहलाई काव्यकारले यस श्लोकमा चित्रण गरेको पाइन्छ । सामाजिक मान्यता एवम् मातृत्व शक्तिका बिचको अन्तरद्वन्द्व सिर्जनाको मुहान मातृत्व नै शक्तिशाली भूमिका रहने कुरा कविले आख्यानीकरणका माध्यमबाट व्यक्त गरेका छन् । सिङ्गै संसार एक शिशुको निम्ति हो, ऊ यसलाई भोग्न आएको हो यही भोग्न पाउाछ भने उसको अतृप्त आत्माले यसलाई छाया भएर घेर्छ, यदि एक शिशु चाहिन्न भने सिङ्गै संसार पनि चाहिन्न । मानिसका मनुष्य विरोधी नियमलाई भन्दा पनि सहानुभूति, सर्वकाल, सर्वदेश सर्वमानमा समान रूपले सञ्चालित हुन्छ यही नै उसको महत्ता हो । यही विपुल वात्सल्यमा मनुष्य प्राणी लालायित र पालित हुन्छ । एउटा मुर्च्छित नारी पनि त्यही मातृशक्तिको सङ्केतमा सहसा उठेर आ`नो काखको शिशुको निम्ति सारा विरोध र अवरोधलाई चुनौति दिन तयार हुन्छे (घिमिरे, पापिनी आमाको सम्वन्धमा) । भन्दै मातृशक्तिलाई उच्च कोटिमा राखेर मानवताको चित्रण गरिएएको छ ।

यसरी काव्यकार घिमिरेले 'पापिनी आमा' काव्यमा समाजमा विद्यमान विधवा भएर वस्नुपर्ने वाध्यताले निम्त्याएको समस्यालाई चित्रण गरिएको छ भने स्वतन्त्र भएर बााच्न पाउने अधिकार हनन् भएको छ । समाजमा यस्ता प्रशस्तै घटनाहरू छन् यस्ता समस्याले समाजमा फैलाएको विकृति विसङ्गतिका साथै अमानवीय प्रवृत्ति प्रतिको व्याङ्गे गरिएको छ । आमाले सन्तानलाई गर्ने स्नेह अगाध छ । सन्तानप्रतिको मातृत्व कहिल्यै र जति दुःख कष्ट भोग्नु पर्दा पनि कमी हुादैन भन्ने मातृत्व भाव यस काव्यमा प्रस्तुत गरिएका छ । समाजम

विद्यमान विसङ्गतिलाई आफैबाट निमूर्ल गर्नुपर्छ । परिवर्तनको थालनी आफैबाट गर्नुपर्छ भन्ने स्वतन्त्रता समेत व्यक्त गरिएको छ ।

मानवता हराउादै गएको वर्तमानलाई समेत कतिपय अवैध बच्चा हत्या गर्ने प्रवृत्तिप्रतिको अमानवीयतालाई मसान घाटमा चिच्याइरहेका मृत आत्माहरू, बालक, भूत प्रेत जस्ता प्रसङ्गमा यसरी प्रस्तुत गरिएको छ :

बालक लाखौा उठे भैm लाग्यो माटोमा गाडेका

दूध नै खान नपाईकन आमाले छाडेका । (४९/५४)

समाजमा पापिनी नभए पनि अन्तरात्मामा सधैं पापिनी रहने र अपराधवोधले उसको जीवन नारकीय बन्दछ भन्दै प्रेम गर्नु पाप थिएन प्रेमको फललाई प्रकट गर्नु पाप होइन पाप हो बालहत्या भन्दै समाजमा भएका र हुने गरेका मानवता र अमावनताका पक्षलाई यस काव्यमा प्रस्तुत गरिएको छ । नारी माथि हुने पीडालाई विषयवस्तु बनाई गर्भाधारण भएको थाहा पाउनासाथ भाग्ने युवक जस्ता स्वार्थी छलकपटी मानिसले समाजमा भएका नारीहरूप्रति गर्ने व्यवहार उनीहरूले भोग्याको रूपमा हेर्ने अमानवीय व्यवहराले निम्त्याएको समस्यालाई समेत चित्रण गरिएको छ ।

वात्सल्यप्रेम र मातृत्वले आमालाई सङ्घर्षशील जीवन बााच्न सिकाएको छ । सन्तानको मायाले मसानघाटवाट पनि काखमा बालक च्याप्दै घर फर्किएको एउटी नारीले समाजले जे सुकै भने पनि आ ैनो सन्तान हत्यागर्न नसकेको अवस्था छ । यस अर्थमा वात्सल्यप्रेम मातृत्व शक्ति प्रवल छ भन्ने पाइन्छ । वात्सल्य प्रेम र मानवता पर्याय रूप हुन भन्न सकिन्छ । अन्तमा आफूले जन्माएको बालकलाई आपैmले मार्नु नै सबैभन्दा ठूलो गल्ति हुने सम्झिादै काव्यमा यसरी प्रस्तुत गरिएका छ :

हृदय सारा सुम्पेर पनि आखिर मै हाारु

आफूले जन्म दिएर आपैm बालक मै मारुा ।

(४९/७३)

बालकको जन्मन पाउनु उसको अधिकार हो । एउटा बच्चा विनाश हुनु सृष्टिको विनाश हो, वा एउटा नवजात बालक बाहिर आउन नदिन, त्यसै ैयाक्न भनेको सृष्टि जो भइरहेको छ त्यसलाई नष्ट गर्नु हो भन्दै काव्यमा यसरी प्रस्तुत गरिएको छ :

ढुङ्गाको काप फोरर पनि उम्रन्छ पीपल

सिर्जना-शक्ति संसारमा कैल्यै हुदैन विफल ।

(५०/७४)

मानवता हराउदै गएको वर्तमान समयमा हरेक व्यक्तिमा मानवता हुनुपर्छ भन्ने भाव पाइन्छ । मानवताहीन भएमा संसार नै ध्वस्त हुन्छ । मातृत्व, भ्रातृत्व, देशभक्ति, स्वतन्त्रता र समाजता जस्ता पक्षलाई सबैले अवलम्वन गर्नुपर्छ भन्दै मातृत्वको चरण भाव यस काव्यमा रहेको छ । समाजमा भइरहने अवैध यौनसम्बन्धबाट जन्मिएका शिशु यसको समस्या रूपमा रहेका छन् । अवैध शिशु वा शिशुहरू यसको विषय नभई त्यस्ता शिशु जन्माउने नारी यसको विषय हो । आमा भैकन पनि पापिनी बन्न विवश भएकी नारी नै यसको विषयवस्तु हो ( पोखरेल, २०६९ : ७) । मानवलाई अमर ठान्ने र सृष्टिले नै प्रकृतिधर्म मान्ने कवि दृष्टिले प्रयोगस्थल हो । प्रकृतिमा पनि ध्वंस र विनाश विद्यमान छ तर यो ध्वंसको लागि हुने ध्वंसको आयोजना होइन वरु सृष्टिको विरुद्ध षड्यन्त्र वा पापको विरोमा उठ्ने हुङ्कार हो । विश्वकी विराट प्रकृति सृजनाकी मूलशक्ति हुन उनी सृष्टिको सुरक्षामा सधैं खडा हुन्छिन् जस्तोसुकै र जतिसुकै प्रयत्न गरेपनि विश्वको सृजनशीलता वा सिर्जनात्मक क्रियाशीलतालाई निश्क्रिय वा विनष्ट गर्न सकिदैन । विधवालाई उनका चाहना अनुरूप स्वतन्त्रता नहुनु, त्यसका कारण निम्तिएको समस्या र अवैध बालहत्या जस्ता विषयमा साथै पुरुषले नारीप्रति गर्ने पशुवत अमानवीय व्यवहारलाई यस काव्यमा व्यक्त गरिएको छ । मानवीयता, स्वतन्त्रताको, समानताको कदर नहुनुले मानवता र अमानवताको चित्रण यस काव्य गरिएको छ ।

### ४.२.२ पात्र/सहभागीमा मानवतावाद

'पापिनी आमा' खण्डकाव्यमा विधवा युवती, नवजात शिशु र धोकेवाज युवक गरी जम्मा तिन पात्र रहेका छन् । युवक पात्र काव्यको मञ्चमा नआई झल्याक्झुलुक् कल्पना लोकमा झुल्किएको छ । युवक काल्पनिक सम्भाव्य पात्र मात्र हो र यसको काम विधवालाई प्रेममा फसाएर गर्भवती बनाई अल्पिनुमा समाप्त हुन्छ । नवजात शिशु काव्यको मञ्चमा आउाछ तर उसको भूमिका केही देखिदैन वा त्यसले रोएको सम्म सुनिदैान निष्क्रिय प्रायः 'रगतको डल्लो' झैं प्रतीत हुन्छ । यस काव्यको मूल पात्र बाइस वर्षे विधवा नै हो । यस काव्यमा मुख्य पात्रको चरित्रलाई यसरी विश्लेषण गरिएको छ ।

क) विधवा युवती

विधवा युवती खण्डकाव्यको प्रमुख नारी पात्र हो । बालविधवाको वाइस वर्षको जवानीको चित्रण गरिएको छ । वाइस वर्षे तरुनी विधवा युवतीका मनालोकमा जवानीको चाखहरू जुर्मुराउन थाल्यो त्यस बेलामा पल्लो घरको झ्यालभित्र नवदम्पत्तीको मिलनको चहलपहल देख्छे । यसरी नव दम्पत्तिका क्रियाकलापले उसका मनभित्र दमित यौन इच्छा जागरुक गराउन उत्प्रेरक बन्दछ । यसै परिस्थिति र परिवेशमा ऊ कुनै युवक साागको प्रेममा समर्पित हुन्छे । यही सम्बन्धका कारण ऊ गर्भवति हुन्छे । ऊ सबै आफन्तलाई सम्झन्छे तर उसलाई सहारा दिने कोही हुादैन एकान्त कोठमा राति शिशुलाई जन्मदिनासाथ त्यसलाई लुकाउन मसानघाट पुऱ्याउाछे त्यसैबेला उग्र प्राकृतिक प्रकोपमय आाधीबेहरीले आत्तिएकी ऊ अन्धकार मसानघाटमा विजुलीको झल्याक झुलुकले अनेकौं प्रेतआत्माहरू देख्छे । कुनै शिशुप्रेतहरू उसको दुध चुस्न खोजेझैं गर्छन् भने कुनै बालप्रेत 'मलाई घर लगिदेऊ' भन्छन् । कुनै युवाप्रेत युवतीप्रेत 'मलाई मरेको नसम्झ, मेरो मुटु आलै छ, मलाई बााच्न देऊ' भनेझैं गर्छन । अति करुणा र भयावह दृश्य र अभिव्यक्तिका कारण उसमा नवजात शिशुप्रतिको स्नेह झन् झन बढ्दै जान्छ र उसमा एउटा अजेय मातृत्व जागृह हुन्छ (लामा, २०६६ : ३९) । यसै अवस्थामा ऊ सामाजिक बन्धु र सामाजिक दृष्टिले अवैध मानिदिने कार्यको कडा प्रतिवाद गर्दै आ ॅनो अवैध रूपमा जन्मिएको सन्तानलाई नमार्ने अठोट गर्दै शिशुलाई उठाएर छातीमा टाास्छे (पोखरेल, २०६९ : ४) । यसै क्षणमा आाधीबेहरी रोकिन्छ र मिर्मिरे उज्यालो हुन्छ । विद्रोही स्वभावले विधवालाई सन्तान हत्या भन्दा सन्तानप्रतिको मातृत्वले शिशुहत्या नगरी घर फर्किन्छे ।

यसरी विधवा युवतीलाई मुख्य पात्रका रूपमा उीभ्याई सिङ्गो खण्डकाव्य अगाडि बढेको छ । वर्तमानमा हुने गरेको विकृति विसङ्गतिको प्रतिनिधित्व समाजले विधवाको स्वतन्त्रतामाथिको बन्देजले निम्त्याएको समस्या जस्ता पक्षलाई यस पात्रका माध्यमबाट चित्रण गरिएको छ । मातृस्नेहले सन्तानको हत्या गर्न नसकि समाजका विकृतिसाग लडेर भए पनि बााच्छु भन्ने साहस भएकी एउटी विधवा आमा बनेकी छ । समाजका कुरीतिले विधवालाई समानता र स्वतन्त्रताबाट बाञ्चित गरेको देखाइएको छ भने मातृस्नेहका आधारमा हेर्दा मानवतावादी पात्रका रूपमा उभ्याइएको छ । समाजमा डरले बालकको हत्या गर्ने सभ्य बनेर सेतो सारी चोलीमा सजिएका अनगिन्ती आमाहरूका प्रतिनिधित्व पात्रका रूपमा अभ्याएको छ भने त्यस्ता भित्रभित्रै पापिनी बनेका हजारौं आमाहरूले गरेका शिशुहत्या जस्ता अमानवीयताको चित्रण समेत गरिएको छ ।

यसरी सामाजिक बन्धनले कसैको जीवन पद्दतिलाई नै यातनामय वा कष्टकर बनाइदिन्छ भने वस्तुत त्यो समाज र ती सामाजिक मान्यताहरू नै त्रुटिपूर्ण रहन्छन् । चाहना अनुरूप विधवालाई पनि विवाहको मान्यता दिनुपर्ने उसको स्वतन्त्रताको कदर गरिनु पर्ने देखिन्छ । त्यस्तो स्वतन्त्रतामाकिो बन्देजका कारण कतिपय आमा पापिनी बन्नु परेको छ । तसर्थ विधवा प्रति गर्ने व्यवहार, हेपाहा प्रवृत्तिलाई अन्त्य गर्दै समान स्वतन्त्रता हुनुपर्ने देखिन्छ । एक आपसमा मानवीयता भएमा विधवाले समाजमा निम्त्याएको समस्या कम हुने यस पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यिनै सामाजिक मान्यताका त्रुटिपूर्ण परम्पराले पिरोलिएको विधवा युवती कठोर कदम चलाउन वाध्य हुन्छे, तर ऊ भित्रको मातृत्वले न त उसलाई सामाजिक मान्यताले वाधा पुऱ्याउाछ । स्नेहशील माता, संघर्षकी जननी, वात्सल्यकी मुहान हाम्रै आदर्श गाउा समाजकी सरल हृदया भएकी बैंसालु नारी पात्रका रूपमा ऊ देखापरेकी छे । समाजमा विधवालाई गर्ने कुप्रवृतिका कारण समाजका कतिपय अमानवीय पशुवत व्यवहार भएका पुरुषहरूले आ^नो स्वार्थका लागि एउटी नारीलाई दिएको दुःख र उसको जीवनमा आइपर्ने समस्याको मूल कारण पुरुष नै हुन पुग्छ तर समाजले दोषी नारीलाई ठानिन्छ । तसर्थ हाम्रो समाज अझै नारीप्रतिको हेपाहा प्रवृत्तिबाट मुक्त हुन सकेको छैन अमानवीयता भएका कतिपय, हाम्रै समाजमा विद्यमान देखावटी आदर्श पुरुषले एउटी विधवा नारीलाई साथ र सहयोगको सट्टा स्वार्थ लुटेर विधवाको जीवन नै बर्बाद बनाउान समेत पछि नहटने समाजको अमानवीयतालाई चित्रण गरिएको छ । यस काव्यकी 'पापिनी आमा' पात्रका माध्यमबाट काव्यकारले अवैध सम्बन्ध उचित हैन विधवाले अवैध सम्बन्ध राखेर सन्तान जन्माउनुलाई राम्रो हैन वरु विधवालाई विवाह गर्न दिनुपर्ने उनको स्वतन्त्रता माथि हनन् गर्न नहुने सन्देश यस पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् ।

यस काव्यमा विधवा युवतीले अवैध सम्बन्ध राखी गर्भाधारण गर्नु र बच्चा जन्माउनु गर्वको कुरा होइन । तर समाजले विद्यमान मान्यता विधवाले विवाह गर्नु हुादैन भन्ने मान्यता चुनौती हो । 'पापिनी आमा' खण्डकाव्यले जवानीमा विधवा भई वस्नु परेमा यस्तै विकृति समाजमा आउन सक्छ भन्ने कुरालाई देखाइएको छ । काव्यकार घिमिरेले 'पापिनी आमा' शीर्षक दिई रचना गरेको यस काव्यमा आमा भैकन पनि पापिनी भन्ने चित्रण गरिएको छ । समाजमा भएका अमानवीयताले निम्त्याएको समस्या आमाहरूले अवैध सम्बन्धका कारण गर्ने शिशुहत्या युवक जस्ता व्यक्तिले गरेको अमानवीयता जस्ता पक्षलाई यस काव्यकी नारी पात्रका माध्यमबाट हराउादै गएको मानवताको चित्रण गरेको छ ।

ख)	युवक

'पापिनी आमा' खण्डकाव्यमा गौण पात्रका रूपमा उपस्थित युवक धोकेवाज पात्रका रूपमा आएको असत् पात्र हो । समाजमा स्वेच्छाचारी कामुक, पुरुषबाट अपहेलित, अपेक्षित तथा कठित नारीहरूप्रति विशेष सहानुभूति प्रकट गर्दै काव्यकारले त्यस्ता निन्दनीय कार्य गरेर नारीजाति वासनातृप्तिको साधन मात्र ठान्ने पुरुषलाई धिकार गरेको छ । त्यस्ता कामरत पुरुषले सृष्टिकी जननी नारी जातिलाई 'पापिनी आमा' बन्न वाध्य छन् । यस काव्यमा युवक पात्रका माध्यमबाट हाम्रो समाजमा रहेका यस्ता कु-प्रवृत्ति भएका व्यक्तिको प्रतिनिधि पात्रकासाथै अमानवीयताको प्रतीकका रूपमा उभ्याइएको छ । गौण रूपमा आए तापनि यस पात्रले काव्यलाई दुःखद बनाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । सानो गल्तिले एउटी नारीले जीवनभरी दुःख कष्ट भोग्न बाध्य हुनुमा युवक पात्रको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ र मानवताहीन मानिसको प्रतिनिधिका रूपमा आएको छ । एउटी विधवा नारीलाई साथ दिनुको सट्टा धोका दिएर भोगेको समाजमा यस्ता स्वार्थ थुप्रै हुन्छन् । यस्ता समाजका कलङ्कलाई सुधार गर्नुपर्ने अपेक्षा समेत यस काव्यमा गरिएको छ ।

### ४.२.३ उद्देश्यमा मानवतावाद

काव्यमा विधुवायुवतीले अवैध सम्बन्ध राखी गर्भधारण गर्नु र बच्चा जन्माउनु गर्वको कुरा होइन, तर समाजमा विद्यमान मान्यता विधवाले विवाह गर्न हुादैन भन्ने मान्यतालाई चुनौतिको रूपमा लिन सकिन्छ । जवानीमा विधवा भई वस्नु परेमा यस्तै प्रकारको विकृति समाजमा आउन सक्छ । विधवा नारीले पनि नयाा जीवनको सुरुवात गर्न चाहेमा वा दोस्रो विवाह गरेर बस्न चाहेमा खुला रूपमा विवाह गर्न पाउनु पर्छ भनी विधवा विवाहलाई समेत मान्यता दिनुपर्ने 'पापिनी आमा' खण्डकाव्यको प्रमुख उद्देश्य हो । विधवा होस् कि सधवा होस् विवाहिता होसकी अविवाहिता होस् सिर्जनशील मातृशक्तिको प्रतीक नारीले सिर्जनाका निम्ति पुरुषसाग सम्पर्क राख्नु 'पापमा हात चोप्नु होइन र जसरी जन्मे पनि शिशु 'पापको डल्लो' होइन भन्ने कुरामा स्थापित गर्न यस काव्यको मूल उद्देश्य देखिन्छ ।

यसरी काव्यकार घिमिरेले सामाजिक विषयवस्तुलाई समेटिएका समाजमा भईरहेका विकृति विसङ्गतिप्रति व्याङ्ग्य गर्दै सुधारको अपेक्षा भेदभाव रहित समाज निर्माण गर्नुपर्छ र अवैध सम्बन्ध जुन हाल एकदमै विकृतिको रूपमा फैलिदै गएको छ । यस्ता विकृतिको निर्मूल

गर्दै समाज सुधारको अपेक्षा यस काव्यले गरेको छ । नारीका समस्या दुःख पीडालाई समेत समेटिएको यस काव्यमा स्वतन्तता, समानताको चाहना रहेको छ । समाजमा हुने गरेका अमानवीयता, सुधारको चाहना रहेको छ । समाजमा हुने गरेका अमानवीयता अवैध सम्बन्ध र त्यसको परिणाम जस्ता पक्षको चित्रण गर्दै यस्ता अमानवीय प्रवृत्ति सुधारको चाहना रहेको छ । यस्ता अमानवीय प्रवृत्तिले निम्त्याएका समस्या मानवसमाजका लागि शोभनीय विषय होइन यसलाई कविले मानव सभ्यताप्रतिको विडम्बना तथा मानवतामाथिको कलङ्कका रूपमा लिएका छन् यस्तो मानवता हराउदै गएको समाजमा मानवताको वकालत गरेको छ । समाजमा हेपिएका पछाडि परेका नारीका समस्यालाई उजागर गर्दै मन्द विद्रोह आएको छ । समाज सुधारात्मक यस दृष्टिकोणमा समता र सद्भावलाई विस्तारित गरिनु पर्ने उद्देश्य बनाएको छ । नारी जातिप्रतिको अपहेलना विधवा नारीले भोग्नु परेको समस्या र समाजका आदर्श भनिने पुरुषले गर्दा निम्त्याएको समस्यालाई प्रस्तुत गर्दै अमानवीय प्रवृत्ति अन्त्यको चाहना यस काव्यमा गरिएको छ ।

सच्चरित्रता, नैतिकता, सद्भाव जस्ता नैसर्गिक मानव आदर्शको जागरण मानवजीवनलाई सतर्कतातिर मोड्ने चिन्तन हादा प्रस्तुत कवितामा मानवतावादी स्वर झल्किएको छ । आदर्श समाजका कामना नै यसको मूल उद्देश्य मान्न सकिन्छ । मातृत्व शक्ति कति प्रवल छ, मातृत्वले पापबाट पनि उकास्न सक्छ भन्ने देखाइएको यस काव्यमा स्वतन्त्रता, समानता र मातृत्व, वात्सल्यलाई चित्रण गरिएको छ ।

### ४.२.४ निष्कर्ष

प्रेमबाट थालिएको यस खण्डकाव्यमा मानवजीवनको चित्रण गरिएको छ । युवतीको आत्मिय प्रेम र युवकको स्वार्थी प्रेमका साथै आमाले सन्तानप्रतिको मातृत्वप्रेम प्रस्तुत गरिएको छ । काव्यमा वर्णित मातृत्वप्रेम करुणा, वात्सल्य आदिका सन्दर्भबाट कविको मानवतावादी चिन्तन प्रष्ट भएको पाइन्छ । 'पापिनी आमा' खण्डकाव्यमा प्रकृतिकेन्द्री मानवतावादी चिन्तन पर्याप्त मात्रामा पाइन्छ । यसमा प्रकृतिको बेजोड वर्णन गरिएको छ। प्रकृति परिवेशलाई मानवतामा रूपान्तरित गर्दै प्रकृतिलाई माता ता ममतामयी रूपमा कविले हेर्न चाहेका छन् । यस काव्यमा आमा पात्र मानवताको प्रतीक एवम् प्रतिमूर्तिका रूपमा देखापरेको छ । समाजमा विधवा भएर वस्नु परेको अवस्थाको चित्रणका साथै समाजमा हुने गरेका अवैध सम्बन्ध र आमा भैकन पनि पापिनी बनेका कतिपय आमाहरूको प्रतीकका रूपमा समेत लिइएको छ ।

अवैध सम्बन्धबाट जन्मिएको सन्तानलाई समाजको अगाडि छल्न मसानघाट पुगेकी पापिनी आमा सन्तानप्रतिको मातृस्नेहले उक्त शिशुलाई काखमा च्याप्दै समाजका मूल्य र मान्यतालाई भन्दा आ^नो सन्तानप्रतिको प्रेमलाई उच्च ठान्दै फर्कनु नै मानवता हो भन्ने देखाइएको छ ।

'पापिनी आमा'मा समाजमा व्याप्त विधवाले विवाह गर्नु हुदैन भन्ने मान्यताले निम्त्याउने समस्या र यस्ता मान्यताले एउटी नारीले भोग्नु परेको जीवनको पीडा र उसको स्वतन्त्रताको हनन गरिनु मानवता विपरीत काम हो भन्ने भाव यस काव्यमा व्यक्त गरिएको छ । एक आपसमा प्रेम, सद्भाव र कदरको भाव प्रकट गरी समाजमा नारीलाई उचित स्थान दिलाउनु नै सच्चा मानवता हो पुरुषले गरेको अमानवीय व्यवहारको चित्रण गर्दै आमाले सन्तानप्रतिको मातृत्वलाई यस काव्यमा प्रस्तुत गर्दै मानवताको चित्रण गरिएको छ ।

'पापिनी आमा' विसङ्गति, विकृति, स्वार्थी समाजको यथार्थ तथा मानवीयताको प्रसङ्ग अङ्कित भएको पाइन्छ । अमानवताको त्रासद त्रासद पृष्ठभूमिबाटै कविले मानवतावादी भाव व्यक्त गरेका छन् । समानता, स्वतन्त्रता असल गुणलाई अवलम्वन गरी सुखी आनन्दी जीवनको कामना गरिएको छ । वात्सल्यपरक दया, माया, करुणा जस्ता संवेगहरू उपयोग गर्दै प्राणी, व्यक्ति र समाजका सुख, दुःखमा सहभागी बनी जीवनलाई सार्थक बनाउन सकिने मानवतावादी चिन्तनलाई प्रस्तुत गरिएको छ । मानवता, विनाको समाज जस्तै अन्धो हुन्छ तसर्थ मानवीयता समाजका लागि अपरिहार्य हुने हुदा हरेक व्यक्तिमा एक आपसमा मानवीय सद्भावको कदर गरिनु पर्दछ ।

## ४.३ 'गौरी' शोककाव्यमा मानवतावाद

खण्डकाव्यकार माधव घिमिरे नेपाली साहित्यका एक गणनीय ताराका रूपमा वि.सं २००४ सालमा 'गौरी' शोककाव्यको माध्यमबाट झुल्किएका हुन् । यस काव्यको प्रेरणास्रोत काव्यकार घिमिरे स्वयम्को जीवनमा घटित एक दर्दनाक दर्घटना हो । यस काव्यमा काव्यकारले वि.सं. २००४ साल आषाढको महिनामा सहनुपरेको पत्नी वियोगले मार्मिक दैवी दुर्घटनाको प्रस्तुति गरिएको छ । 'गौरी खण्डकाव्य २००४ सालमा लेखिएको हुनु पूर्ण सम्भावना छ किनभने त्यसै साल यसका चार कवितांशका चौंतीस श्लोक प्रकाशित पनि भइसकेका छन् र २०१५ सालमा पुस्तकाकारका 'गौरी' काव्य प्रकाशित हुदा पहिले पत्रिकामा प्रकाशित अंशहरूमध्ये कतिपयमा पर्याप्त काटछाँट र संशोधन पनि गरिएको छ । यसरी २००४ देखि २०१५ सम्मको लामो अन्तरालमा लेखिदै आएको हुन सक्ने देखिन्छ (पोखरेल, २०६९ : २५) ।

जम्मा एघार सर्ग र एक सय चौवीस श्लोकमा विभक्त शार्दुलविक्रीडित छन्दमा संरचित यस काव्यले २००० सालदेखि २००४ साल सम्मको अवधिलाई लिएको देखिन्छ (पौडल, २०६८ : ७१) । ‘गौरी’ को रचना स्वयम् आफैलाई परेको घटनाबद्ध भएको हो त्यहाा रोऔं भनेर रौएको आासु छैन । दिलबाट त्यसै सलस बहेको आासु छ । त्यहाा मैले प्रियतमाको मृत्यु आˆनै मृत्यलाई स्पर्श गरेको छु । त्यस्तो काव्य लेखूा भनेर पनि अब म लेख्न सक्दिान र त्यो सहज रूपले आासुका दाना उनेर लेखियो, ती दाना कसी उन्न सके, स्वयम् आफूलाई आश्चर्य लाग्छ’ (पौडेल, २०६८ : ७१) । यस खण्डकाव्य काठमाडौामा जागिर खान आएको पहाडी परिवेशको वैसाालु जोडीसाग घटेको उक्त घटनाक्रम कवि माधव घिमिरेसाग पनि मेल खाने हुादा उक्त कथा कवितको निजी वैयक्तिक जीवनसाग मेल राख्दछ तर त्यसमा कविको वैयक्तिक सामाजिक भावमा परिणत हुादै गएको साधारणीकरणको विस्तृतता पाइन्छ ।

### ४.३.१ कथावस्तुमा मानवतावाद

मर्स्याङ्दी नदी निकटको पहाडी भेकबाट ठूलो र मिठो सपना बोकेर एउटा सामान्य निम्न मध्यम वित्तको व्यक्ति आˆनो मनपर्दी मायालु पत्नी गोरीका साथ काठमाडौाको डेरामा जागिर गरी बसेको घटनाबाट यस काव्यको कथावस्तुको आरम्भ हुन्छ । पत्नीको अनुहार विफरले असर परको भए पनि त्यस कुराले पतिको प्रेमको गहिराइमा केही असर पार्न सक्दैनथ्यो दुवैले माया गर्दछन् । सुख र दुःख हरेक क्षणमा दुवै हाासी साथ दिन्छन् । दुःखजिलो गरी स-सानै जागिरको जीविका चलाई बसेका ती दम्पत्ती प्रेम र आनन्दमा मग्न भएर जीवन भोगिरहेका हुन्छन् । काठमाडौा आएको केही वर्षपछि शान्तिको र शान्ति तीन वर्षकी हुादा कान्तिको जन्म हुन्छ । चारजनाको त्यो परिवारमा दुई सुन्दरी छोरीहरूको अनुहार र व्यवहारले ती दम्पत्तीलाई मनोरञ्जित पार्नु साथै जीवन वााच्ने उर्जा दिइरहेको हुन्छ । शान्तिले थकित भएर आएको बुवालाई आमाको कुरा लगाउादा र सानी कान्तिले आमाबुवाको मुहार हेरी हाासिदिादा ती दम्पत्तिले आफूमा भएको सम्पूर्ण अभाव दुःख र पीडा हराएको अनुभव गर्थे । पतिबाट प्रगाढ माया पाएकी गौरीले आˆनो माइती भूलेर बसेकी चाडपर्वमा पनि माइत आउादिनस् भन्दै माइत लिएर जाादाएक रात छोरीले बुवा विना नमानेको बहाना गरेर काठमाडौातिर फर्किएको यसरी बाटैबाटको पुनरागमनलाई आफूसागको दूरी सहन नसकी छोरीको बहानामा फर्किएकी भन्ने बुझेर खुसी हुन्छ । प्रदेशमा आˆनो घर विर्सिएर बसेको त्यो टुहुरो युवकको खुसी बनेकी गौरी र ढुकुरको त्यो जोडीमा दैवको नजर लाग्छ । एकदिन

गौरीको मृत्यु, रोगका कारण हुन्छ । गृहस्थी भएर पनि घरव्यवहरामा पर्याप्त सचेत नदेखिएका युवामा एक्कासी दैवको वज्रपात पर्दछ । सखी रूपी पत्नीको असामयिक निधनबाट युवक विक्षिप्त हुन्छ । पत्नीको निधनको केही समयावधिपछि आˆनो प्रमुख र जीवनको एक मात्र उद्देश्य आगामी दुई नाबालिका छोरीहरूको सुन्दर भविष्य बनाउने हो भनेर आˆनो उत्तरदायित्वको बोध गर्दछन् र यसैसाग काव्यको समाप्ति हुन्छ ।

जीवन जगत्का विगसङ्गत पक्ष, प्रतिव्रत्य धर्म एवम् आदर्शबाट मानव आदर्श एवम् मानवमूल्यलाई चित्रण गरिएको मानवतावादी यस शोक काव्यको कथावस्तुमा प्रस्तुत गरिएको छ । नारी र पुरुष तथा पति र पत्नीहरू समाज एवम् परिवाररूपी रथका दुई पाङ्ग्रा भएकाले यी दुवै बिच व्यवहारिक, वैचारिक सन्तुलन हुनु आवश्यक देखिन्छ । प्राकृतिक जीवनजस्तै निश्छल मानवजीवनको उद्देश्य हुनुपर्ने यस काव्यमा प्रस्तुत छ । स्वार्थरहित मानवकर्तव्यबाटै जीवन र जगत सुन्दर हुने ता मानव महत्त्वमा उन्ने ध्येय यस काव्यमा पाइन्छ । यस 'गौरी' शोधकाव्यमा दाम्पत्य प्रेम बढी पाइन्छ । गौरी र गौरीका श्रीमान् दुवै आदर्श पतिपत्नी हुन उनीहरूको बीच गहिरोप्रेम सम्बन्ध छ । आर्थिक अवस्था कमजोर भए पनि एक अर्काप्रतिको प्रेम, स्नेह कमजोर देखिादैन । एक अर्काको साथ र सहयोगले घर छोडेर काठमाडौा आएका दम्पत्ति दुई छारीसाग रमाइलो मै जीवन विताइरहेका छन् । एक आपसको मिलनमा रमाइरहेको कविले यसको प्रस्तुत गरेका छन् :

मर्स्याङ्दीतटमा हिमालमनि त्यो संसार सानो थियो ।  
उब्जाईकन खानु बाहुबलले त्यै एक मानो थियो  
जोडी ढुक्कुर ती पहाडवनका छाडी घना छाहरी  
लागेर जागिर खान कान्तिपुरमा आएर डेरा गरी ।

(७/२) ।

परिवारप्रतिको उत्तरदायित्व बहन गर्ने दुःख सुख एक अर्काको साथ सहयोगमा विताउादै गरेका दम्पत्तिमा युवकले पत्नीलाई साथमा लिएर काठमाडौा आउनु सङ्घर्ष गर्दै जीवन विताउनु निजी सुखः भन्दा पारिवारिक सुख सन्तुष्टिको चाहना प्रवल देखिनुमा मानवातावादी चिन्तन पाइन्छ । गौरीले आमा लिन आउादा माइत जानु र एक रात बसेर

फर्किनुमा दाम्पत्य प्रेम बढी देखिन्छ । माइत नगई फर्किनुमा घर व्यवहारलाई ख्याल गर्नुमा पारिवारिक सुख सन्तुष्टिको चाहना प्रबल देखिन्छ । काव्यमा यसरी प्रस्तुत गरिएका पाइन्छ ।

ओहो Û भोलि विहान कान्तिपुरमा फर्किन नभन्दै उनी

'बा जानी' जानी नानि रातभर नै रोईरही रे भनी

नारी, धन्य तिमी Û भुलेर दुनियाा यै द्वारमा फर्किने

आफैालाई पनी मिटाइ प्रियको यै प्यारमा अर्पिने ।

(९/१०)

यसरी खुसी साथ बिताइरहेका दम्पत्तीमा एक दिन गौरी विरामी हुनु र मृत्यु हुनुले सिङ्गो काव्यलाई दुःखान्तमा पुऱ्याएको छ । करुण रसको प्रयोगका साथै काव्य वियोगतिर अघि बढेको पाइन्छ । काखको बच्चा घर परिवार सबै छोडेर आाखा चिम्लिनु दैवी प्रकोपको रूपमा देखा परेको छ । सबैलाई भुलेर आमाको ममतालाई भुलेर आ^नो घरव्यवहार सम्हाल्न सफल गृहिणीको निधन पछि भावविह्वल हाुदै कविले काव्यमा यसरी प्रस्तुत गरिएको छ ।

लीला माइतका भुलेर घरका धन्धा तिमीले गऱ्यौ

आमाको ममता भुलेर कसरी माया मलाई गऱ्यौ

छातीबाट झिकेर प्राणसरिका छोरी मलाई दियौ

हेरी आखिर घाटबाट रसिला आाखा ममा चिम्लियौ

(१०/१)

साथै रहादा होस् की सधैाको लागि गौरीले छोडेर जाादा होस् सधै उदार हृदयले पवित्रप्रेम गरेको पाइन्छ । गौरीको मृत्युपश्चात् पनि स्वर्गमा बास होस् भन्ने भाव व्यक्त हुनुमा आत्माले स्वर्गमा बास पाओस् भन्दै सदविचारद्वारा आर्शिवाद दिइएको अन्तिम भावमा मानवता चुलिएको छ । पत्नी निधनजन्य शोधसन्ताप र दुर्दशा वा प्रियसीको अत्यन्तै विरहजन्य बेदना नै यस काव्यको केन्द्रिय भाव हो । अत्यन्तै भाव विह्वल भएर काव्यमा यसरी प्रस्तुत गरिएको छ :

कोठामा कसरी पसूा, नजरकी श्रृङ्गार छैनौ तिमी

यत्रा शोध कहूा कहाा, हृदयकी आधार छैनौ तिमी

कोठामा अघि भर्खरैतक थियौ बोलीरहेकी तिमी

ए छैनौ कसरी भनूा Û हृदयमा खेलीरहेकी तिमी

(१४/१)

लाउफ लाउफ र खाउा खाउा उमेरमै यो संसारबाट सधैका लागि विदा भएका गौरीले मनको इच्छा सारा मनमै रहयो तिमी स्वर्गमा जाऊ सखी म तिम्रो इच्छा पूरा गर्नेछु भन्दै कविले यसरी व्यक्त गरेका छन् :

साचेको किन त्यति मात्रै रुपियाा आˆनै लुकाईकन

के के गर्न थियो, गयौ नि Û मनको धोक्रो नफोईकन

चौतारी म बनाइदिन्छु त्यसले संसारको मार्गमा

फोई बन्धन गुप्त त्यो रहरको, जाऊ सखी Û स्वर्गमा

(२५/२ )

मानव आदर्श तथा चरित्रको चित्रण गर्न कविले आˆनो जीवनमा आइपर्ने पीडा व्यथालाई यस काव्यको माध्यमबाट व्यक्त गरेका छन् । मानवकर्म र कर्तालाई देखाइएको यस काव्यमा मावनतवादी भाव व्यक्त भएको छ । अनाथ बालकलाई टुहुरो पारी दैवले लुटेको, अन्तमा शिरमा हात राखी आषिष दिई सधैका लागि विदा भएको देखाइएको छ । यबाट सन्ताप्रतिको प्रेममा प्रकट भएको पाइन्छ । जति माया स्नेह भए पनि सारा संसार छोडेर एक दिन सबैले जानुपर्ने जन्म र मृत्यु चक्र घुमिरहने कुरा प्रस्तुत गरिएको पाइन्छ । भगवानले कसैलाई रोक्दैन एक दिन सबैले जानु पर्छ भन्दै यस काव्यमा प्रस्तुत गरिएको पाइन्छ ।

गाईलाई लग्यो नि Û आज कसले बाच्छो छुटाईकन

पोथी पाश परी मरी नि Û गाुडका बच्चा नहुर्कीकन

के हेछयौ यतिको बिजोग, धरती माता Û तिमी फाट हे

आमा बालककी नमार भगवान् Û संसार भर्ने भए

(३१/२)

गौरी र म पात्र कविको प्रगाढ प्रेम सम्बन्धबाट थालिएको यस शोककाव्यमा उच्च मानवआदर्शको अभिव्यन्जन भएको पाइन्छ । काठमाडौमा जागिर खान आएको बैसालु जोडीसाग घटेको उक्त घटनाक्रम कवि माधव घिमिरेसाग मेल खाने हुादा उक्त कथावस्तु कविताको निजी वैयक्तिक जीवनसाग मेल राख्दछ तर एक निम्न मध्यम वर्गीय, मिहिनेती आदर्श घरपरिवार भित्र घटेको नितान्त व्यक्तिगत घटनालाई काव्यकारले साधारणीकरणको माध्यमबाट सार्वभौम स्वरूप दिन सफल भएका छन् ।

यसरी 'गौरी' खण्डकाव्यमा काव्यकार घिमिरेकी पत्नी गौरी प्रतिको एक चिन्ताले काव्यको शृङ्खलाबद्धताको काम गरेको छ । यस काव्यको आरम्भ गौरीको निबन्ध भएको सन्दर्भबाट गरिएको भए पनि भित्र एउटा कथानकको शृङ्खला देख्न सकिन्छ । काव्यकार जेठी श्रमिती गौरीको अतीतलाई पनि प्रस्तुत गरेको छ । यस काव्यकार जीवनको गोरेटोमा असामयिक रूपमा साथै साथीको साथ छुट्दाको अनुभव गर्ने पीडा, व्यथा र मृत्यु तुल्य अवस्थाको चित्रण गर्न सफल भएका छन् ।

### ४.३.२ पात्र /सहभागीमा मानवतावाद

'गौरी' खण्डकाव्यमा जम्मा चार जना पात्र छन् गौरी जागिरे व्यक्ति कवि घिमिरे शान्ति र क्रान्ति । यहाा कान्ति ज्यादै सानी भएको काव्यमा त्यसको कार्यकलाप प्रभावशाली भएर पनि अल्पमात्रामा छ, शान्तिको केही बढी कार्यकलाप देखिन्छ । त्यसैले प्रमुखताका दृष्टिले गौरी, कवि घिमिरे र शान्ति क्रमशः आएका देखिन्छन् । यस काव्यमा प्रमुख पात्रको चरित्रमाथि विश्लेषण गरिएको छ ।

क) गौरी

गौरी यस काव्यकी प्रमुख नारी पात्र हो । आ^ना पतिप्रति श्रद्धा भक्ति, आदर र प्रेम गर्दै घर व्यवहार चलाइरहेकी गौरी एउटा आदर्श गृहिणीको रूपमा उपस्थित भएको पाइन्छ । लामो कल्पना र आकांक्षा नभए पनि अगाध आस्था र विश्वास भएकी आ^नो उत्तरदायित्वको बलियो चेत पाइन्छ (भट्ट, २०६० : १६५) । गौरी सहनशीला, सुशिला, रूपवती, गुणवती र सती ता स्वाभिमानी नेपालीको प्रतीक बनेकी छन् । गौरीको चरित्र सबभन्दा महत्त्वपूर्ण कुरा उनी कविको काल्पनिक तरङ्गमा बगाइएकी छैनन साधारण घरखेत, साधारण बाबुआमा, साधारण लोग्ने भएकी र सीधासाधा छोरीकी आमा हुन् । एउटी सफल गृहिणीको सफल रङ्गढङ्ग, सरल जीवन प्रवाह गरेकी गौरीको चरित्र नेपाली धर्तीको ग्रामीण नारी व्यक्तित्व बन्न सफल छन् ।

आ^नो घर संसारलाई स्वर्गतुल्य बनाउन सफल गौरी असल गृहिणी, असल आमा, असल छोरीका गुणले भरिपूर्ण छ । आ^नो माइतीलाई समेत भूलेर आ^नो घरव्यवहारलाई नै मुख्य ठानेको पति पत्नी बीचको सुमधुर सम्बन्धले मानवताको चित्रण गरेको पाइन्छ । छोरीहरू प्रतिको मातृस्नेह अन्तिमसम्म पनि छोरीको टाउकोमा हात राखी संसारबाट विदा हुनुमा समेत मातृत्वप्रेममा सद्भाव झल्किएको छ । आर्थिक अभावकै कारणले दुईवटी छोरी (शान्ति र कान्ति) की आमा बनिसकेकी गौरीलाई आवश्यकता जन्य खुराक दिन नसकी र आवश्यक औषधी किन्न नसकी वाइस वर्षकै कलिलो उमेरमा मृत्यु हुन्छ (लामा, २०६६ : ४) । हिन्दू समाजमा नारीले गरेको आदर्शहरूको प्रतिनिधिका रूपमा उपस्थित भएको पाइन्छ ।

प्रस्तुत खण्डकाव्यमा गौरीलाई आम नेपाली हिन्दू नारीहरूकी प्रतिनिधि पात्रका रूपमा उपस्थित गराइएको छ । एक आदर्श नारीका रूपमा देखा परेकी गौरी सबैकी अत्यन्त प्यारी पात्रका रूपमा देखापरेको पाइन्छ । मानिसभित्र जिउने तीव्र चाहना हुादाहुादै पनि उसको चाहना पूरा हुन सक्दैन भन्ने कुरालाई गौरीको मृत्युले प्रष्ट पारेको छ । यस काव्यका प्रारम्भदेखि अन्त्यसम्म देखिने गौरी नेपाली आदर्श नारी सत् चरित्र भएकी नारी पात्रका रूपमा आएकी छन् । यस काव्यमा गौरीलाई असल सखी प्रेयसी र देवीका रूपमा प्रस्तुत गरिएको पाइन्छ । आदर्शोन्मुख यथार्थवादी नारी पात्रका रूपमा गौरीलाई उभ्याइएको पाइन्छ । नेपाली आदर्श जीवन, राष्ट्रिय प्रकृति अनुराग बात्सल्य र साास्कृतिक सन्दर्भहरूलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

ख)	गौरीका पतिको चरित्र

गौरीका पति सानुतिनु जागिर खाएर दुःखजिलो निर्वाह गर्ने ठूलो महत्त्वकांक्षा भएका नेपाली गृहस्थ हुन् । पत्नी माथि अगाध प्रेम र छोरीहरूमाथि असाध्यै स्नेह तथा ममता राख्ने आदर्श व्यक्तिका रूपमा यस काव्यमा उपस्थित भएका छन । उनी व्यावहारिक कामकाजमा संलग्न भएको गृहस्थ भए पनि घरव्यवहारमा पर्याप्त सचेत नदेखिने अर्थात् पत्नीको काधमा घरको धुनीफुनी सुम्पेर आफू केही अलमस्त रहनखोज्न अल्लारे वुद्धिका रसिक भावुक कवि प्रतीत हुन्छन (पोखरेल, २०६९ : २८) । दुःख सुममा जीवनयापन गर्दै आएका कविमा दैवी प्रकोपले पारेको प्रभावपश्चात् घरव्यवहारको हेरविचार गर्नु, छोरीहरूको स्याहारसुसार गर्नु तथा जीवनमा एक्लै यात्रा गर्नु पर्ने कठिनाइ आइपरेको पाइन्छ । पहाडी जीवन घरपरिवार बिर्सेर गौरीसाग दुःख, सुःख बााड्दै जीवनयापन गरेका कविको जीवनमा आइपरेको पीडा, व्यथाले अत्यन्तै भावुक बनाइएको छ । गौरीको निधन पश्चात् पनि छोरीलाई स्याहार्दै केही गर्नुपर्छ भन्ने जीवनवादी दृष्टि देखिन्छ । पितृत्वलाई ग्रहण गर्दै जिम्मेवारी वहन गर्नुमा मानवतावादी चिन्तन पाइन्छ ।

यस काव्यमा कविलाई आशा आकांक्षाहरू टुटेको, योजना आयोजना फुटेको, भविष्य धमिलिएको, मुटु चिरिको, आाखा भिजेको शोकमग्न, भयभीत कविको व्यक्तित्वका चित्रले हामीलाई रुवाउाछ (गौतम, २०३४ : २४) । आशा आकांक्षाहरू छुटेपनि भविष्य धमेलिएर पनि जीवनमा जति ठूलो सङ्कट पर्दा पनि मानिसले सङ्घर्ष गर्नुपर्छ, सङ्घर्षशील जीवन बााच्नुपर्छ भन्ने जीवनवादी दृष्टिकोण कवि पात्रको मध्यमबाट प्रस्तुत गरिएको पाइन्छ । गौरीको मृत्युपश्चात् भावविह्वल, भएका कवि मृत्यु पश्चात् पनि स्वर्गको कुरा गर्छन् आत्माले स्वर्गमा बास गरोस् भन्दै पुकार गर्छन् यसबाट आत्मिक प्रेमभाव व्यक्त भएको छ । जीवन जगत् अनौठो छ मानिसले जीवनमा अनेकौ कष्ट भोग्नुपर्छ भन्दै कविले दुःख पीडा मानिस कसरी जीउाछ भन्ने भाव प्रकट भएको छ । गौरीको पति जागिरे पुरुष काव्यको सुरुदेखि अन्त्यसम्म चारित्रिक विशेषता रहेको छ ।

यस काव्यका अन्य पात्र शान्ति र कान्ति सानै छन् केही जान्दैनन् तर पनि काव्यमा कवि आ`नो बााकी जीवन बााच्न विवश भएका छन् । सबै काम र विघ्नमा पनि एउटा आनन्द र सन्तोष छ, जीवनको ताप हेर्ने शिलता छ । यी बालिकाको चित्रण कविको उत्तरदायित्वपूर्ण चेतनामा देखा पर्छ जहाा उसलाई जीवनमा बााच्नुपर्ने खण्डको बलियो अनुभव हुन्छ । तसर्थ गौण पात्रका रूपमा उपस्थित भए पनि महत्त्वपूर्ण भूमिका रहेको छ । आमा र

बुवाको माया, प्रेरणामा रमाउदै गर्दा मातृत्व गुमाउन पुगेका शान्ति र कान्तिमा सबैभन्दा ठूलो विपत्ति आइपरेको छ ।

यसरी प्रमुख नारी पात्र गौरी, गौरीका पति कवि, शान्ति र कान्ति गरी जम्मा चार जना पात्रको माध्यमबाट काव्यलाई अगाडि बढाएको छ । यस काव्यमा उच्च मानवताको वकालत भएको पाइन्छ । आत्मिय भाव व्यक्त भएको यस काव्यमा दाम्पत्य प्रेमलाई बढी जोड दिइएको छ । दाम्पत्य प्रेममा असल चरित्रको उपस्थिति गराइ मानवताको चित्रण गरिएको यस काव्यमा मानवजीवनका दुःख कष्टलाई समेत चित्रण गरिएको छ । मातृत्व प्रेम, वात्सल्यप्रेम, दाम्पत्यप्रेमको उच्च प्रयोग भएको छ ।

### ४.३.३ उद्देश्यमा मानवतावाद

'गौरी' शोककाव्यमा पहाडबाट सहर पसेर केही गर्नु पर्छ भन्ने उद्देश्यले सहर आएका एक दम्पत्तिका जीवनको पीडा व्यथा र भोगाइका माध्यमबाट मानिसलाई जीवनमुखी बन्नतिर उन्मुख गरिएको पाइन्छ । जीवन र जगतको मिठास लिनु मात्र होइन जीवन भोग्नुलाई आवश्यक मानिएका छ । जीवनमा दुःख छ, पीडा छ, दुःख पीडासाग सङ्घर्ष गर्नु सङ्घर्षशील जीवनमा अघि बढ्नुपर्छ भन्ने मूल उद्देश्य रहेको पाइन्छ । पत्नी निधन जन्य शोक सन्ताप र दुर्दशा वा प्रेयसीको अत्यधिक विरहजन्य वेदना नै कविको केन्द्रीय भाव हो । (पोखरेल, २०६९ : ३३) । पौराणिक वा पुराण कथाहरूमा वर्णित 'खण्डप्रलय महाप्रलय' आदि कल्पनालाई नै उपजीव्य स्रोत बनाई महामरण र निष्ठुरनाश जस्ता कुराको प्रस्तुतीकरण गरे भैm प्रतीत भइरहेको छ (पोखरेल, २०६९ : ४५) । गौरीको आत्मा पौराणिक कथामा यमदूतले लगेभैंm कतै लगिदै छ र यमराजलाई बाटो दिन र देवतालाई स्वर्ग लान अनुरोध पनि गरिएको छ । जीवनमा कुनै दुःखद घटना घट्दा मनोदशा कस्तो हुन्छ र क्रमशः समय वित्दै गए पछि त्यस मनोस्थितिमा आउने परिवर्तन काव्यकारले प्रस्तुत गरको पाइन्छ ।

यस काव्यमा गौरी र गौरीका पति बिचको प्रेम सम्बन्ध दाम्पत्य प्रेम स्वर्गरहित र मानवप्रेत अङ्कित भएको छ । यस काव्यमा जीवन संस्कृति र संस्कार एवम् मानवप्रवृत्तिको चित्रण गरिएको छ । जीवनमा मानिसले सङ्घर्षशील बनेर जीवन विताउन सक्नुपर्छ सुकर्मबाट जीवनलाई सार्थक बनाउनुपर्छ भन्ने तिर अभिप्रेरित गरिएको छ । सु-संस्कृत, समाज निर्माण चाहना गरिएको यस काव्यका पात्रका माध्यमबाट आदर्श समाजको समेत चित्रण गरिएको छ । मानिसले सधै कर्मशील हुनुपर्छ, मानव वेदना वा जति ठूलो सङ्कटमा पनि धैर्यताका साथ

अघि बढ्न सक्नुपर्छ, विपन्न दुःख निरूपाय जीवनलाई हाम्रा कर्मले सञ्जीवनी प्रदान गर्न सक्नुपर्ने, उनीहरूप्रति सद्भाव गर्न सक्नुपर्ने उच्च मानवतावादी सन्देश दिएको छ । जीवन अत्यन्तै छोटो छ जन्म, मृत्य निरन्तर प्रक्रिया हुन यस विचमा मानिस अनेकौ दुःख सुखका विच सङ्घर्ष गर्नुपर्छ तसर्थ सच्चा मानव त्यो हो जसले आ^नो कर्तव्यलाई आत्मसाथ गर्दै अघि बढ्छ भन्ने जीवनका उच्च आदर्शहरूलाई प्रकट गर्ने क्रममा धर्मको सच्चा मार्ग पहिल्याउन मानव आत्माको शुद्धिकरण हुनुपर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । विषम आर्थिक अवस्थामा पनि एक असल दम्पत्तिले सुखःका साथ बिताइरहेको जीवनमा आइपरेका दैवीप्रकोपले पारेको प्रभाव मानवसभ्यताको प्रतीक गौरी जस्ता आदर्श गृहिणीले परिवारका सुख जस्तै हरेक दम्पत्तिले आ^नो परिवार सुख र खुसी बन्न सक्नु पर्छ भन्ने मानवतावादी सन्देश प्रदान गरको छ ।

### ४.३.४ निष्कर्ष

'गौरी' खण्डकाव्यले एकातिर सुन्दर सुखमय गृहिणी जीवनमा अचानक देखा परेको अन्योलपूर्ण, कष्टकर जीवनलाई दर्साएको छ । जीवनमा आइपर्ने पीडा अत्यन्त असहय, दर्दनाक हुन्छ भन्ने कुरालाई देखाइएको छ । गौरीलाई आदर्शमय, पतिव्रता व्यवहारिक ममतामयी नारीका रूपमा उपस्थित गराई आदर्श गृहिणी, आदर्श र ममतामयी माताका रूपमा स्थापत गराइएको छ । मातृत्वप्रेम, दाम्पत्यप्रेम उच्च रूपमा देखाइएको यस काव्यमा मानवताकी प्रतिमूर्तिका रूपमा गौरी र म पात्र कविलाई उभ्याइएको छ । आदर्श जनजीवन, वात्सल्यप्रेम र साास्कृतिक सन्दर्भहरूलाई प्रस्तुत गर्दै मानव सभ्यताको असल घरपपिरवारको अपेक्षा समेत गरिएको छ । आदर्श पात्रलाई उपस्थिति गराई व्यक्ति बिचको स्नेह, प्रेमलाई काव्यका माध्यमबाट मानवताको चित्रण गरिएको छ ।

वात्सल्यपरक प्रेम, दाम्पत्य प्रेममा सुख दुःखमा सहभागी बन्न जीवनलाई सार्थक बनाउन सकिने मानवतावादी चिन्तनलाई व्यक्त गरिएको छ । करुण रसको प्रयोग गरिएको वर्णमात्रिक छन्दमा रचना गरिएको यस कृति भावचेतना र सौन्दर्यवोध, काव्यशैली र भाषाशिल्पको एउटा ठोस र निजी रूप प्राप्त गरेको छ । क्रमिक विस्तार, गम्भिरता, शालीनता, औचित्य र परिष्कार परिमार्जन प्राप्त गर्दै काव्य साधनामा तल्लीन रहिआएका घिमिरेको यस काव्यमा मानवतावादी भाव प्रचुर मात्रामा प्रयोग भएको छ । दुःख सुःखमा एक अर्काका साहरा बनी जीवन बिताउदै गरेका दम्पत्तिको स्वार्थ रहित भावना एवम् मानव प्रेम

अङ्कित भएको छ । मानव आदर्श मानवमुल्य तथा मानव धर्मको महत्त्व देखाइएको छ । यस काव्यका माध्यमबाट मानवजीवनलाई भौतिक, चारित्रिक, आदर्शमय जीवन नै उत्तम हुन्छ भन्ने देखाइ मानव जीवन क्षणिक छ तर त्यसलाई अगाडि बढाउन जान्नु पर्छ असल सम्बन्धले व्यक्ति सधै सफल हुन्छ भन्ने देखाइएको यस काव्यमा दुःख सुख जे जस्तो भए पनि धैयताका साथ अघि बढ्नुपर्छ लगनशीलता नै सबैभन्दा ठूलो सफलता हो भन्ने देखाइएको छ । मानिसका असल कर्म र व्यवहारले नै जीवनलाई सफलता दिन सक्छ भन्ने मानवतावादी चिन्तन निहित भएको छ ।

'गौरी' खण्डकाव्य दुईओटी छोरी र पतिका माझबाट सदाका लागि बिदा भएकी गौरीको शोकमा रचना गरिएको काव्यमा मानवीय दया, माया, कोमलता, दाम्पत्य प्रेम र मातृत्व प्रमले मानवतालाई झल्काइएको छ । सन्तानप्रतिको जिम्मेवारी बोध गर्नुले आदर्श मानवीय जीवनको यथार्थ प्रस्तुत गरेको छ । यस आधारमा आत्मिक प्रेम, मातृत्व, असल कर्म वा कल्याण नै यस काव्यमा व्यक्त मानवतावाद हो ।

## ४.४ 'बोराको परदा' (२०५७) खण्डकाव्यमा मानवतावाद

खण्डकाव्यकार माधव घिमिरेको काव्य यात्राको प्रथम प्रहरतिरै रचना गरिएका 'बोराको परदा' सामाजिक विषयवस्तुमै आधारित खण्डकाव्य हो । यस काव्यको रचना वि.सं. २०१० सालमा भएको र प्रकाशन पनि त्यही बेलातिर परोपकार पत्रिकामा भएको पाइन्छ । त्यसैगरी वि.सं. २०५१ सालतिर परिष्कृत गरिएको पाइन्छ (पौडेल, २०६८ : १०५) । यस काव्यले पुस्तकाकार स्वरूप २०५७ सालमा 'इन्द्रकुमारी' काव्यसङ्ग्रहअन्तर्गत तेस्रो क्रममा प्राप्त गरको देखिन्छ । यस खण्डकाव्यमा रहेको मानवतालाई कथानक पात्र र उद्देश्यका आधारमा हेर्न सकिन्छ ।

### ४.४.१ कथानकमा मानवतावाद

कुनै एक दिन एउटा युगल प्रेमी पहाडी प्रदेशबाट भागेर आएदेखि लगभग सातवर्षको छोरो हुादासम्मको समयावधिको सन्दर्भमा आएको हुादा लगभग आठ वर्ष लामो समयावधिलाई लिएको छ । 'बोरोको परदा' खण्डकाव्य काठमाडौाको विश्वज्योति हल वरिपरिको एउटा पाटीको छेउमा वोराको परदाभित्र धिपधिप उज्यालोमा आमाको दूध चुसिरहेको सात वर्षीय बालक र उसकी आमा रातीको नौ बजेसम्म जागै रहेको प्रसङ्गबाट आरम्भ हुन्छ । आमाले

छोरालाई सुत्नु भन्दा छोराले आफूलाई भ्काउना साथ कतिपय मान्छेले ठूला ठूला आाखा पार्दै टोकुलाभैm गरी हेर्ने र 'माग्ने आयो' भनेर गिज्याउादै हास्ने लधार्ने सपना देख्ने बताउाछ । त्यही कारण ऊ आमासाग निदाउन डरलाग्ने कुरा गर्छ र मिठो निद लाग्ने एउटा सुनकेसरी मैयाको सुनको दरबार भएको कथा भन्न लगाउाछ । आमाले पनि छोराको मिठो पनाका लागी एउटा कथा भन्न थाल्छे । एकादेशमा एउटी युवती रहेकी र उसलाई पहिले पहिले निकै सुख भएको बताउाछे । युवती विहापछि पाधेरीमा पानी भर्ने गर्थी त्यस्तै ऊ जुनेली रातको समयमा फुलवारीमा बस्ने गर्थी । कथा आधा-आधी भए पछि छोरा निदाउाछ र आमाले कथाकी नायिकामा : आफूलाई रूपान्तरण गरेर आ^नै पूर्वजीवन घटनाक्रम प्रस्तुत गर्छे । उसलाई फूलवारीमा एउटा युवक पर्खिएर बस्ने गर्थ्यो । दुवै जना त्यही फूलवारीको भ्याङ्मुनि लुकेर जोडी ढुकुर भैंm कतै टाढा भागेर एउटा सुन्दर घर बसाल्ने सल्लाह गर्थे यसरी बैशाखदेखि कार्तिकसम्मको लामो समय विताएपछि ती जोडी आ^ना बाबु, आमा, समाज र सबैलाई चटक्कै छोडेर राती सातै र नवौं डाांडा तरेर सहरमा बस्न थाल्छन् । तर युवकले युवती गर्भवती भएको सात महिनामा एक रात छोडेर भाग्छ । सपनादेखि डराएर व्याुभ्एिकी युवतीले पाटीमा आफूलाई एक्लै असहाय पाउाछे । त्यही पाटीमा कुनै दिन उसको त्यही छोराले जन्म लिन्छ । त्यसपछि एक दिन तिहारको रमाइलो सेलरोटी र विभिन्न मिष्ठान्न परिकारहरूको सुगन्धले, सुगन्धित कान्तिपुर नगरलाई त्यही पाटीमा जन्मिएको उसको छोराले अतृप्त प्रेत भैंm बनेर ती सबै रमभ्रm हेरिरहेको हुन्छ । एउटा अल्लारे युवकलाई देखेपछि उक्त माग्ने बालकले अघिल्लो दिन उसको मिठो र राम्रो बोल बनाएर उक्त युवकसाग भीख माग्दा तथानाम गाली गरेकोले क्रोधित हुादै 'कसलाई सुनाउादै गीत गाएको ए' सुकुल गुण्डा भन्छ । आमाले मुख छोप्दै त्यसो नभन भन्न हुादैन बरु माग्ने भए पछि त्यसरी गाली गर्ने होइन आशीर्वाद दिनु जान्नुपर्छ भन्छे । तर छोराले अघिल्लो दिनको कुरा बताउादै आफू माग्ने भए पनि कसैको धन नलुटेको र कसैलाई नठगेको कुरा बताउाछ । यसै बेला काठमाडौंको विश्वज्योति सिनेमा हलबाट बम्बइको भव्य महल अगाडि माग्दै गरेकाहरूको कहानीमा आधारित सिनेमा हेरेर भावुक बनेकी महिला रुादै आउाछिन अन्य मानिसहरूको हूल र मोटरगाडीको उज्यालाले माग्नेहरूको पाटीमा प्रभाव पर्छ । यस अवस्थामा आमा उधोमुन्टो लगाएर बस्छे । भोलिपल्ट विहान हुनासाथ माग्ने आमा आ^नो छोरालाई हातमा डोर्‍याउादै मानिसहरूको भिडभाडमा भिख माग्दै हराउाछे । त्यही पाटीका एउटा किनारमा अर्को गरिव बालक नाङ्गो माथि तितौरा बेच्न बसेको हुन्छ ।

तितौरामा लाग्ने झिंगालाई धपाइ रहेको हुन्छ । त्यसैका सामु भूगोल पार्कबाट चर्को भाषण सुने रेष्टुराभित्र पसेका नवयुवकहरूले एक आपसमा देशको क्रान्तिका सम्बन्धमा कुरा गर्छन् । देशमा गरिवी, अन्याय र शोषण आदिकै कारण अरबौं भोका नाङ्गाले भाग लिएका क्रान्ति चलेको थियो त्यो अधुरै रहयो भन्दै गरिवका पक्षमा अनेक बहस चलाउाछन् । यसरी गरिबीका पक्षमा अनेक बहस चलिरहेकै बेला त्यस माग्ने बालकले अत्यन्त विश्वस्त हुादै ती नवयुकहरूसाग चिया र चप माग्छ । आमाले उसलाई नबोल्न इसारा गर्छे र घचघचाउाछे भने ती युवकहरूले आमाछोरालाई त्यहााबाट लघार्छन । त्यसरी भागेका आमाछोरा राती पाटीको एक छेउमा बत्ती नबल्ने ठाउामा केवल ताराको उज्यालाको भरमा बास बस्न पुग्दछन् । आमा र छोराबीच कुनै संवाद हुादैन । आमाले ती युवकहरूको दुर्व्यवहार आफूलाई माग्ने भन्दै एउटा मान्छे माथि अर्को मान्छे हाासेको र आफू अत्यन्त तिरस्कृत भएकोमा रुन मन लाग्छ । आमाको आासु देखेर नरमाइलो मान्दै छोराले अवदेखि त्यसरी कुरा नगर्ने र आमाले सिकाए अनुसार नै माग्ने र चिप्लेकीरा जस्तै आ ँनो अस्तित्व भुलेर बस्ने कुरा गर्दछ । तर आमाले बिचैमा छोराको कुरा काटि अबदेखि कसैको सामु माग्न नपठाएर आफूले विगतमा माग्न सिकाएको नियमहरू भुल्ने भन्छे । अवदेखि छोरालाई मागेर नभएर काम गरर खुवाउने प्रण पनि गर्छे । त्यस्तै उसले भोलीदेखि दरवार स्कूलमा पढ्न पढाउने कुरा कपडा लिएर किताब कपी च्यापेर स्कुल जाने कल्पनाका साथ 'भोलि चााडै उठाइदिनुस है आमा' भनेर सुत्छ र यसैका साथ काव्यको कथावस्तु समाप्त हुन्छ ।

'बोराको परदा' खण्डकाव्यमा एउटी ग्रामीण युवती प्रेममा परेपछि सहरमा गएर सुन्दर भविष्य निर्माण गर्ने र सुखमय जीवन बिताउने सपना विपरीत सहरमा एक्लै र असहाय भएर भीख माग्दै आमाको जीवन बााच्नु परेको सामाजिक यथार्थ विषयवस्तुलाई यस काव्यमा प्रस्तुत गरिएको छ । आर्थिक विपन्न परिवार दयनीय जीवनपद्धतिलाई यस काव्यमा प्रस्तुत गरिएको उच र निच वर्गविचको विभेदलाई औल्याइएको पाइन्छ । समाज धनीले गरिबलाई गर्ने व्यवहार मानिस मानिसमा हुने असमानता अपहेलनाले मानवताहीन समाजको चित्रण गरेको छ । समाजमा धनी झन् धनी बन्दै जानु गरिब झन् गरिब बन्दै जानु जस्ता मार्क्सवादी चिन्तन यस काव्यमा पाइन्छ । असहाय, गरिबमाथि भइरहेको थिचोमिचो र बिडम्बनालाई यस काव्यका माध्यमबाट चित्रण गरिएको छ । सामान्य ग्रामीण समाजमा हुर्केकी युवतीलाई प्रेममा पारी सहरमा घर बनाउने सपना देखाइ बीचमै अलपत्र छोड्ने युवक जस्ता समाजमा रहेका पुरुष जातिको प्रतिनिधित्व गराइ अमानवीय व्यवहारको चित्रण गरिएको छ भने अर्कातिर नारीले

सानो भुलका कारण जीवनभर भोग्नु पर्ने स्थितिको समेत चित्रण गरिएको छ । उच्च वर्ग र निम्नवर्गका बिचको विभेदपूर्ण र अन्तर एवम् अन्तरद्वन्द्व तथा पुरुषवर्गको प्रवृत्ति विशेषलाई समेत झल्काउने प्रयास गरिएको छ (गैरे, २०६५ : ६०) । बैसालु युवायुवतीको प्रेमकथाबाट प्रारम्भ भई प्रेममा धोका प्राप्त र त्यसबाट उत्पन्न दुःखदायी एवम् नैराश्यजनक परिस्थितिको भोगाइ तथा मातृत्वको प्रभावशाली चित्र उतार्न सफल रहेको यस काव्यमा समाजमा अपहेलित भएर बााच्नु पर्दाको पीडा र सामाजिक विडम्वनालाई सरल, सहज एवम् मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

हाम्रो समाजमा भएका वर्गीय विभेद, नेताहरूको व्यवहार भिखारीहरूप्रति गर्ने व्यवहार, गाउाले सरल र सोझा नारीलाई फकाइ प्रेममा पार्ने प्रचलन र प्रेमलाई समाजले अस्वीकार गर्ने परम्पराका कारण समाज र परिवार नै त्याग्नु पर्ने प्रचलनले मानिसको स्वतन्त्रतालाई वकालत गरेको छ तर दोष जति समाजलाई मात्र पार्ने नभई आफूले सचेत रहनु पर्ने चेतना भाव समेत व्यक्त भएको छ । सङ्घर्षशील जीवन बााच्नको लागि गर्नुपर्छ मागेर गठेर हैन गरेर खान जान्न पर्छ भन्ने जीवन दृष्टि समेत यस काव्यमा समेटिएको छ । धनी वर्गले मानिसको सम्मान हैन अपमान गर्न मात्र जानेका हुन्छन् तर गरिव वर्गमा सम्मानको पाठ सिकाइन्छ तसर्थ समानता गरिवमा हुन्छ । धनी वर्गले त उच र नीचको भावना र भ्रम फैलाउाछ भन्ने देखाइएको छ । वोराको परदामा रहेर जीवन जिउनको लागि गाास, बास र कपासको समेत अभाव हुनु कसैले ठूला महलमा रमाइ जीवन यापन गर्नु जस्ता जीवनका हरेक क्षणको चित्रण गरिएको मानव जीवनसागै जोडिएको मानवताको वकालत गरिएको पाइन्छ । मानिसले मानिस बिच गर्न पर्ने सहयोग सहानुभूति जस्ता पक्षलाई बिर्सेर स्वार्थी समाजको विकास हुादै गएको वर्तमानको चित्रण समेत गरिएको छ । धनी ठूला भनाउादाहरूले भन्दा गरिव भए पनि कसैलाई ठगेर नखाएको बााच्नको लाग हात थापेर खाएको जस्ता भावबाट मानवीयताको चित्रण गरिएको छ ।

समाजबाट अपहेलित पच्चिस वर्षीय भिखारिनी र उसका सात वर्षीय छोरो जस्ता पात्रलाई टिपेर तिनीहरूको दयनीय स्थितिको चित्रण गर्दै प्रेमीबाट धोका पाएपछि सडकमा फालिएकी भिखारिनी महिलाको सन्तानप्रेम, सामाजिक असमानताको पीडा, बालकको स्वभाविक जीवनइच्छा र आर्थिक सामाजिक द्वन्द्वको प्रस्तुति रहेको यस काव्यमा युवक जस्ता अमानवीय प्रवृत्ति भएका व्यक्तिले गर्दा एउटी नारीको जीवन दुःखदायी बनेको चित्रण गरिएको छ । गरिबीको परिणति स्वरूप सृजित यो काव्य मूलत : प्रतिपाद्य विषयले समाजमा रहेको विभेदको

निरूपण र त्यसको अन्त्य हुनुपर्ने अवधारणा प्रस्तुत गरेको छ (निरौला, २०६६ : १९७) । त्यही समाजमा बोरालाई पैतालामुनि राख्ने र फोहोर पुछ्ने साधनका रूपमा उपयोग गरी सम्पन्न वर्गले इज्जत प्रतिष्ठाको संरक्षक ठानेर प्रयोग गर्ने वर्ग पनि रहेको छ भन्ने देखाइ कविले एकै साधनको उपयोग पनि वर्गीय अवधारणामा वा मान्यताको आधारमा फरक फरक ढङ्गले हुने गर्छ भन्ने सङ्केत गरेको पाइन्छ (नेपाल, २०५९ : ३६८) । यसरी काव्यकारले हाम्रो समाजमा विद्यमान जीजिविषालाई चित्रण गर्दै मानव एक आपसमा सद्भाव, बन्धुत्व हुनुपर्छ जातिभेदको अन्त्य, भोगवादी जीवन भन्दा सङ्घर्षशील जीवनको आशा आत्मिक प्रेम, मातृत्वप्रेमको अपेक्षा राखेको पाइन्छ ।

एउटी नारीको जीवनमा आइपरेका समस्या, दुःख, पीडालाई काव्यको विषयवस्तु बनाइ समाजमा नारीले भोग्नुपरेका दुःखलाई समाज र समाजमा रहेका अमानवीय प्रवृत्ति भएका मानिसले गर्ने व्यवहारलाई देखाइएको छ । जति दुःख भए पनि आ̂नो सत्ताप्रतिको प्रेम वात्सल्यलाई प्रस्तुत गरिएको छ । युवक जस्ता स्वार्थी अमानवीय प्रवृत्तिका मानिस, धनी र गरिव विचको विभेद जस्ता पक्षलाई चित्रण गर्दै मानवीयता र अमानवीयताको द्वन्द्व गराएर असल र सत्मार्गको बाटो निर्देश गरिएको छ ।

### ४.४.२ पात्र/सहभागीमा मानवतावाद

काव्यकार घिमिरेको काव्ययात्राको प्रथम प्रहरमा रचना गरिएको 'वोराको परदा' खण्डकाव्यमा विशेष गरी गरिबीको रेखामुनी रहेर बाँच्न वाध्य भएको एउटा निम्न वर्गीय परिवारको दयनीय स्थितिको चित्रण पाइन्छ । यस काव्यमा छोरा, आमा, सुकुलगुण्डा, नेता, धनी मानिस सिनेमा हलबाट फर्केका मानिस आदि पात्रहरू आएका छन भने जसमध्ये प्रमुख भूमिका आमा पात्रको रहेको पाइन्छ । यहाँ प्रमुख पात्रको चरित्र चित्रण गरिएको छ :

क) आमा

यस खण्डकाव्यमा प्रमुख पात्रका रूपमा आएकी आमा नारीपात्रको प्रतिनिधि पात्र हो । ऊ विहान उठ्नासाथ पाधेरामा पानी भर्न जान्छे र दिनमा गाई चराउन जान्छे भने रातमा फुलवारीमा बसेर आकाशको जुनलाई हेर्ने गर्दछे । उसको जीवन एकदमै सुखसाग बितिरहेको हुन्छ । बैसालु उमेरकी भएकाले एक युवकसाग मायाप्रेम गाास्न पुग्छे । आ̂नो प्रेंमीसाग गाउाबाट टाढा भागेर सहर गई घर बनाउने सल्लाह गर्छे त्यो युवकको विश्वासमा परी गाउामा सबैलाई छोडेर सहरमा युवकसाग बस्छे (घिमिरे, २०५७ : २९-४०) । जसको विश्वास

र भरोसामा ऊ सहर आएकी हुन्छे त्यसैले उसलाई सात महिना पछि अलपत्र छोडेर भाग्छ । एउटी ग्रामीण युवतीलाई फसाएर धोका दिएकाले युवकको कारण जीवन भरीको दुःखको सुरुवात हुन्छ । यसरी युवकको झुटो आस्वासनमा फसाएर प्रेममा फसेकी युवती गर्भाधारण गर्न पुग्छे र एउटा छोरा जन्माउछे । उसको घर भन्नु नै सहरको कुनै प्रदुषित एवम् दुर्गन्धित बोराको परदाले छेकेको पाटी हो । ऊ जीवन गुजारा चलाउनलाई भीख मागेर र छोरालाई पनि भीख माग्न लगाएर एउटी पेसेवर भिखारीनी बन्छे (निरौला, २०६६ : १९६) । निम्न वर्गीय समाजले उच्च वर्गको सामु सधै भद्र, नम्र र दयनीय बन्नुपर्ने तर उच्च वर्गीय समाजले त्यसका विपरित व्यवहार देखाउने प्रवृत्तिलाई आमा पात्रका माध्यमबाट चित्रण गरिएको छ । आफ्नो छोराले सुकुल गुण्डालाई गरेको गाली र नवयुवकहरूप्रति देखाइएका विश्वासपूर्ण याचनालाई उसले गम्भीरताका साथ लिन्छे । ऊ छोरालाई बारम्बार नियन्त्रित संयमित र कारुणिक बन्न सम्झाउछे । गरिवीको चरम यातनालाई सहदै आएकी अमाले आखिरमा छोरालाई कसैसाग माग्न नपठाई भोलिदेखि दरबार स्कुलमा पढ्न पठाउने निश्चय गर्छे ( निरौला, २०६६ : ११२) । यसबाट आमाले सन्तताप्रतिको स्नेह र मातृत्व जति सुकै कठोर यातना सहनु परेपनि आफ्ना सन्तानले दुःख नपाओस भन्ने कुरा यसरी चित्रण गरिएको छ :

> सुर्की कुटेर जे मिल्छ जेला लिएर आउाछु
>
> पसिनाको कमाईले तिमीलाई खुवाउाछु
>
> जसरी बचरालाई चरी चारा खुवाउाछे
>
> (४५/४)

यसरी बोराको परदाकी आमा पात्रका माध्यमबाट यस काव्यमा मातृत्व शक्ति कति प्रवल छ र मातृत्वले सन्तानको लागि गर्ने योगदान वात्सल्य प्रेमलाई चित्रण गरिएको पाइन्छ । एउटी बैसालु प्रेमिका उत्तरदायी आमा, निम्न वर्गीय समाजकी एक प्रतिनिधि नारीपात्रका रूपमा उभ्याइएको छ । सचेत नागरिकका रूपमा समेत प्रस्तुत गरिएको छ । आत्मविश्वास अत्यन्त प्रवल भएकी आफूले विश्वास गरेर ज्यानै सुम्पेको मान्छेबाट धोका पाउादा समाजले तिरस्कार गर्दा अर्थात् आर्थिक अभावमा छुट्टिएर पनि ऊ जीवनबाट पलायन भएकी छैन । उसले सङ्घर्षलाई नै जीवन ठानेकी छे । उसको छाराले जसतै गल्ली गल्लीमा भीख माग्ने बच्चाहरू प्रशस्तै भेट्न सकिन्छ । त्यस्ता बच्चाहरूको संरक्षण हुनु आवश्यक देखिन्छ । यस खण्डकाव्यकी आमा पात्र सच्चा प्रेमिका, सोझी पात्रका रूपमा उपस्थित भएको

पाइन्छ । उसको जीवनमा बााच्नका लागि धेरै संघर्ष गरेकी छ तसर्थ ऊ अस्तित्ववादी मानवतावादी नारी पात्रका रूपमा यस काव्यमा आएकी छ ।

ख) छोरा

बोराको परदा काव्यमा सात वर्षको उमेर सम्म छोराको भूमिका रहेको पाइन्छ गर्भाअवस्थादेखि पाटीमा जन्म भएका नाबालकले भीख माग्दै हिड्नु परेको अवस्थाको चित्रण गरिएको छ । सानो बालक भए पनि अर्काको विगार नगर्ने नीडर बालकको रूपमा भूमिका रहेको पाइन्छ । एउटा बालकले भीख माग्दै पेट पाल्नु पर्ने जीजिविषाको चित्रण यस काव्यमा गरिएको छ । बालकमा पनि मगन्ते बालकले धनी, ठूलावडाहरूको तिरस्कारको प्रतिकार गरी मानवताको वकालत गरेको छ । भीख मागेर भए पनि पेट पाल्नको लागि गरेको अर्कोको चोर्ने काम नगरेको बाट असहाय बालक एउटी आमाको सहारामा बाचिरहेको जिजिविषाको चित्रणबाट हाम्रो समाजमा यस्ता मगन्ते बालक सडक पेटीमा छन् पढ्ने इच्छा छ मलाइ भोली विहान उठाइदिनु आमा भन्दै ऊ सक्रिय भएर सुतेको छ यसबाट व्यक्तिका इच्छा, प्रतिभा आर्थिक विपन्नताले तितरबितर पार्दछ भन्ने चित्रण गरिएको छ । इच्छा र रुचि अनुसार अवसर नपाउादा ऊ कसरी पछि पर्छ भन्ने देखाइएको छ भने मातृत्वप्रेमले उसलाई बााच्न सिकाएको चित्रण पाइन्छ । बालकहरूमा सत्चरित्र नैतिकता, सद्भाव जस्ता मानव आदर्शको जागरण गराई मानवजीवनलाई सार्थकता तिर मोड्ने चिन्तन रहेको छ । एउटा बालकको क्षमता, प्रतिभाको कदर भएमा उसले, देशको जिम्मेवारीलाई सम्हाल्ने कर्णधार बन्छ । यस्ता अनेकौ बालबालिकाको कदर र संरक्षण आवश्यक छ भन्ने यस काव्यमा माध्यमबाट बाल पात्रलाई उभ्याइएको छ । कोही मगन्ते तथा भिखारी हुने स्थिति मानवसमाजका निम्ति शोभनी विषय होइन र यसलाई मानवसभ्यताप्रतिको विडम्बना तथा मानवतामाथिको कलङ्क हो भन्ने कुरा यस पात्रका दुःख र भोगाइबाट चित्रण गरिएको छ । भिखारीको जीवनबाट मानिसले उच्च प्रगतिका माध्यमबाट मानवसभ्यतालाई सुन्दर बनाउन सक्छ भन्दै दया, माया, सद्भावमा आधीरित समानता र विश्ववन्धुत्वको भावलाई स्थापित गर्न चाहेको छ ।

ग) युवक

यस काव्यमा गौण पात्र तर महत्त्वपूर्ण भूमिकामा आएको । युवती वा आˆनो प्रेमिकालाई विचमै धोका दिएर उसले दायित्वबाट पन्छिएको लाचारी प्रवृत्ति देखिएको अमानवीय व्यवहार देखिन्छ । उन्मत्त भोग र विलास रमाउने पुरुषले असचेत रूपमै सन्तान

जन्माउने र आफ्नो जिम्मेवारी वहन गर्न नसक्ने वर्तमान समाजको प्रतिनिधि पात्रका रूपमा रहेको पाइन्छ । पारिवारिक सुखमा रमाएका धनी र गाँस, बाँस र कपासको अभावमा बोराको परदाले लाज छोपेको समाज बीच विभेदका साथै दया, माया हराएका वर्तमानका मानिस स्वार्थी समाजको चित्रण युवक पात्रका माध्यमबाट गरिएका पाइन्छ । एउटा व्यक्तिको सहयोग विना मन्छेको जीवनमा आइपरेका समस्या पीडा विशेष गरी नारीको जीवनमा पारेको प्रभाव र अन्धकारको कारकका रूपमा लिन सकिन्छ । हाम्रो विभेदपूर्ण समाजमा पुरुषले जे गर्दा पनि हुने र नारीले सानो गल्तिले सधैं भरी पीडामा बाँच्नुपर्ने तर आफ्नो दायित्व बहन गर्न नसक्ने अर्काको जीवन बर्वाद पार्ने अमानवीय पात्रका रूपमा उपस्थित भएको छ ।

अन्य पात्रहरूमा नेता, युवकहरूले देशमा गरिबी अन्याय र शोषण आदिकै कारण अरबौं भोका नाङ्गाले क्रान्तिमा भाग लिएको कुरा उठाएका छन् । गरिबका पक्षमा बहस चलाएका छन् तर चिया र चप माग्ने बालकले माग्दा आमा छोरा दुवैलाई लखेटेको अवस्थाले देशमा ठूलाठूला कुरा गर्ने तर गर्न केही नसक्ने बरु त्यस्तै ठूलाबडाबाट माग्ने भोका नाङ्गाहरू लखेटिएका छन् भन्ने देखाइएको पाइन्छ । एउटा सानो बालक नाङ्लो माथि तितौरा बेच्न बसिरहेको छ । बालकले भोग्नु परेको पीडालाई उक्त बालक पात्रका रूपमा चित्रण गरिएको पाइन्छ । आमाले ती युवकहरूले गरेको दुर्व्यवहार आफूलाई माग्ने भन्दै एउटा मान्छेको दुःखमा अर्को मान्छे हाँसेको र आफू अत्यन्तै तिरस्कृत भएको महसुस गर्नुमा एक अर्काप्रतिको सद्भाव, मानवता जस्ता पक्ष हराएको छ ।

मानवतावादी चिन्तन निहित यस काव्यमा भिखारीले समाजमा भोग्नु परेका समस्या मात्र नभई मानवतामा अन्धो भइरहेको विद्यमान भौतिक जीवन र जगतलाई व्युताउने प्रयत्न पनि गरिएको छ । वर्तमानमा मावनतामा गति आउनुको सट्टा ह्रास आएको देखिन्छ । यस्तै विद्यमान समाजमा असमान आर्थिक गतिविधिका कारण कोही असाध्यै धनी र कोही विपन्न एवम् भिख माग्ने हुनु परेको विश्व अवस्थाको समेत चित्रण गरिएका छ । समाजमा विद्यमान सामाजिक, आर्थिक, वर्गीय विभेदको अन्त्य नभएसम्म र समाजका सोझा नारीलाई दुःख दिने युवक पात्र जस्ता कलङ्कको अन्त्य हुँदैन तव सम्म मानवताको वकालत हुँदैन यस्ता विकृति विसङ्गतिलाई अन्त्य गर्दै हरेक नारीले सचेत भएमा समाज नै सचेत बन्छ भन्ने भाव समेत व्यक्त गरिएको छ । दुःख कष्ट जे जति भए पनि दुःखसाग सङ्घर्ष गर्नु पर्छ कर्म गर्नु पर्छ भन्ने सन्देश समेत यस काव्यमा प्रस्तुत गरिएको छ । मानवले आफ्नो कर्तव्यवोध गर्नुपर्ने

मानवतावादी जीवनदृष्टि पनि निहित रहेको छ । मानव जीवनका विषम आर्थिक अवस्था तथा मानवीय विभेदप्रति विमति प्रकट गर्दै तथा दिन दुःखीहरूप्रति सहानुभूति राख्दै मानिसहरूलाई मानवकर्तव्य बुझ्न आह्वान गरिएको प्रस्तुत काव्यमा विषय आर्थिक अवस्थाले निम्त्याएका दुःख, पीडालाई चित्रण गर्दै मानवतावादी भाव व्यक्त गरिएको छ ।

### ४.४.३ उद्देश्यमा मानवतावाद

'बोराको परदा' खण्डकाव्यमा मनुष्य चोला झिनामसिना तुच्छ विषयमा अलमलिनु भन्दा माथि उठेर मानवहितका कार्यमा जीवन सञ्चालित हुनुपर्छ भन्ने तर्फ केन्द्रित देखिन्छ । भोगको आचरण भन्दा सत्यमार्गमा लागेमा जीवन जगत सुन्दर बन्छ । जीवनका उच्च लक्ष्यतिर हिड्नुपर्छ मागेर होइन कर्म गरेर खान सिक्नुपर्छ भन्ने सन्देश यस काव्यमा प्रस्तत गरिएको छ । समाजमा भइरहेका र हुने गरेका विकृति विसङ्गति र नारीमाथि हुने व्यवहारले कति भयावह रूप लिन्छ भन्ने एकले अर्कालाई गर्ने व्यवहार, साथ र सहयोग विना मानिसको जीवन बर्बाद हुन्छ भन्ने चित्रण गर्नुका साथै यस्ता विकृतिको अन्त्य गर्नुपर्छ भन्ने उद्देश्य रहेको छ । मातृवात्सल्य कति प्रगाढ छ, अमूल्य छ, संसार सारा ठगी, स्वार्थी छ तर एउटा मातृत्वप्रेम कति सच्चा छ भन्ने मानवीयताको वकालत पाइन्छ । समाजमा कसैलाई रमझम छ कसैलाई एक छाक खान र पेट पाल्नको लागि भीख माग्नु पर्ने दयनीय अवस्थालाई देखाउनु यसको मूल उद्देश्य हो । एउटा बोराको परदा बनाइ आ̂नो लाज छोप्ने अवस्थामा बााचेका कयौा हाम्रो समाजमा नै छन् दुःखी गरिब माथि गर्ने व्यवहारलाई चित्रण गर्नु नै यस काव्यको उद्देश्य हो भन्न सकिन्छ । आ̂नी प्रेमिका गर्भाधारण भएको थाहा पाउना साथ भाग्ने युवक पात्र आत्मिक प्रेमभन्दा दहिक प्रेममा आ̂नो सुखलाई महत्त्व दिई भौतिकवादी व्यक्तिको रूपमा अमानवीय समाजको प्रतीकका रूपमा यस काव्यमा उपस्थित भएको छ । आर्थिक रूपले पछि परेका, असरबाट वञ्चित र पाटीमा छारो जन्माइ भीख माग्दै पेट पाल्ने आमा जस्ता पक्षलाई हेर्दा समाजमा मानवीयता र अमानवीयता दुवै विद्यमान छ यस्ता अमानवीयतालाई सुधारको चाहना राख्नु यस काव्यको उद्देश्य रहेको छ । मान सम्मान एवम् अपमान जस्ता पक्षमा द्वन्द्व गराइ अन्त्यमा कर्म गर्नु नै सबैभन्दा उत्तम हुने देखाइ कम गर्दा नै जीवन सुखी हुने देखाउनु समेत यसको उद्देश्य हो । भौतिक सम्पन्नताले युक्त मानिसहरूका विलासी जीवनभन्दा स्वच्छ आत्मा भएका विपन्न मानिस भीखारीनी आमा जस्ता मानिस महान् हुन्छन । विपन्न वर्गहरूबाट नै सम्मान प्राप्त गर्ने ठूलावडा धनी मानिसहरूले कर्तव्य ज्ञानको पाठ सिक्नु पर्ने

देखाइनुपर्ने छ । एउटी नारी माथि भएको अन्यायलाई देखाउादै वर्तमानमा पनि यस्ता थुप्रै नारीजातिका पीडा, शोषणलाई चित्रण गर्दै यस्ता अमानवीय प्रवृत्तिको अन्त्यको अपेक्षा यस काव्यले राखेको छ ।

### ४.४.४ निष्कर्ष

सामाजिक यथार्थ तथा मानवीय भावनाहरूको व्यापक प्रतिनिधित्व भएको यस काव्यमा समाजको यथार्थको चर्चा गरिएको छ । सामाजिक यथार्थबाटै उत्पन्न भएका मानवीय तथा अमानवीय भावका द्वन्द्वले काव्यभाव गहन र उच्च भएको छ । मानवता र असमानताको द्वन्द्व गराएका मानव आदर्श तथा मानवमूल्य वोध गराउने मूल अभीष्ट काव्यमा अङ्कित भएकाले मानवतावादी भाव रहेको पाइन्छ । मानवतावादी भावकै केन्द्रियतामा सामाजिक यथार्थमा समाजलाई सुमार्गमा लैजान प्रेरित गरेको यस्तै मानवता र अमानवताका बिच द्वन्द्व सिर्जना गरी कविले मानव कर्तव्य र मूल्यको महिनावोध गर्न सहज पारिएको छ । 'बोराको परदा' खण्डकाव्यमा मातृत्वको प्रबलता र मातृत्व प्रेमलाई बढी जोड दिएको पाइन्छ । गरिबले एक छाक खान र लाउनको लागि गर्नुपरेको दुःख पीडाको चित्रण समेत गरिएको समेत पाइन्छ । युवक जस्ता समाजमा विद्यमान ठगी गर्ने मान्छे हाम्रो समाजमा व्याप्त छन् । यस्ता व्यक्तिले अहिले पनि समाजका सोझा चेलीहरूलाई विभिन्न प्रलोभनमा दुःख दिने धोका दिने मात्र हैन बेचविखन गर्ने प्रवृत्ति बढ्दै गएको छ त्यस्तो प्रवृत्तिप्रति व्याङ्गे गर्दै यसको अन्त्यको चाहना यस काव्यमा रहेको छ । अर्कोतिर आमा र छोरा पात्रका माध्यमबाट जति दुःख कष्ट भए पनि आमाले छोराका लागि गरेको दुःख , सङ्घर्ष र कर्म गरेर पाल्नु पर्छ भन्ने साहस देखाउन खोजिएको छ । समग्रमा व्यक्ति र समाजले मानव मुल्यको महत्त्वलाई बुझ्दै कुनै पनि निर्णयात्मक विन्दुमा पुग्न सक्दा मात्र समाजमा सुख, शान्ति, सद्भाव सहिष्णुताका असल सुझावहरू फैलिन सक्छ भन्ने भाव व्यक्त गरिएको छ ।

काव्यमा प्रमुख पात्रको रूपमा रहेकी नारी पात्र आमा नितान्त निम्न वर्गको चरित्र अङ्कित भएको छ भने अर्कातिर मातृत्वकी धनी मातृत्वशक्तिकी प्रतिमूर्तिका रूपमा उपस्थिति भएको छ । भीख मागेर आ‌ँनो पेट पाल्न सफल आमा सिङ्गो नेपाली समाजमा नारीले सानो भूलका कारण भोग्नु परेको जीवन भरीको पीडालाई देखाउादै समाजमा घट्ने यस्ता घटनाकी प्रतिमूर्ति नै मानिन्छ । जीवनसाग सङ्घर्ष र बोराले आ‌ँनो लाज छोप्दै बस्नु पर्ने विवशतासागै जीवन यापन गर्ने मानवताको वकालत भएको पाइन्छ । यस्ता नारीका पीडा दुःख लाई समेट्दै

गर्भवती भएको थाहा पाएर भाग्ने युवक जस्ता अमानवीयताको अन्त्यको चाहना समेत यस काव्यमा पाइन्छ ।

गरिबीका कारण सबैबाट अपहेत हुनु परेको अवस्थाले कर्म गरेर योग्य मानिस बन्ने प्रेरणा दिन खोजिएको यस काव्यमा मानवीय आदर्शभाव व्यक्त गरिएको छ ।

## ४.५ ‘गौथली र गजधम्मे’ खण्डकाव्यमा मानवतावाद

खण्डकाव्यकार माधव घिमिरेद्वारा गीतिलयमा रचना गरिएको ‘गौथली र गजधम्मे’ खण्डकाव्यको रचना २०४५ सालमा भएको हो । यसको प्रकाशन विभिन्न पत्रपत्रिकामा समेत भइसकेको मानिन्छ (पौडेल, २०६८ : १०९) । तर यसले पुस्तकाकार स्वरूप भने ‘इन्द्रकुमारी’ ( वि.सं. २०५७) सागै लिएको छ । यस काव्यको प्रमुख स्वर मानवीय प्रेमाकर्षण नै रहेको छ तापनि यसमा कविको गहन दार्शनिक चिन्तनले पनि ठाउाठाउा कलात्मक काव्यिक अभिव्यक्ति पाएको छ (इन्द्रकुमारी, २०५७) । यस काव्यमा लाटो दुलाहा र लङ्गडी दुलहीको अमरप्रेमको दुःखान्त काव्यिक प्रस्तुति गरिएको छ । आठ ओटा पृष्ठमा समेटिएको यस काव्यमा आठओटै विश्राम रहेका छन् र प्रत्येक विश्राममा दश दश ओटा पद्यहरू रहेका छन् । जम्मा असीओटा पद्यहरूमा संरचित यस काव्यमा झ्याउरे छन्दको प्रयोग गरिको पाइन्छ (इन्द्रकुमारी, २०५७ : ३९-३६) । घिमिरेका अन्य काव्यहरू भन्दा लघु आकारको सबै भन्दा सानो काव्य पनि यही नै हो । अपाङ्ग जोडीका माध्यमबाट मानवतालाई चित्रण गर्दै अमानवता विद्यमान समाजका मानिसहरूको चित्रण यस काव्यमा प्रस्तुत भएको छ ।

### ४.४.१ कथावस्तुमा मानवतावाद

काव्यको थालनीमा नै ‘अचम्मको यौटा कथा सुन्दै हाासो उठ्छ सुन्दा सुन्दै किन कुन्नि आासू मूल फुट्छ’ भन्दै काव्यकारले आफ्ना काव्यमा करुण र हास्य रसको मिश्रणलाई सङ्केत गरेका छन् । काव्यकारका अनुसार एउटी सुनटीकी माछ्रा जस्ती सुन्दरी केटी र एउटा मधुर मुस्कान भएको केटाका बिच कुनै लमीले विवाह गराउाछ । विवाहको मण्डपमा आएपछि केटीलाई मण्डप घुम्न भन्दा लङ्गडी भएको थाहा हुन्छ र मण्डपमा मन्त्र पढेन क्रममा केटा लाटो भएको थाहा हुन्छ । जे भए पनि लमीलाई टुहुराले घरबार जोडेकामा खुसी नै लागेको हुन्छ । ती दुवै केटाकेटीको संयोग अत्यन्त राम्रो र अचम्मको देखिन्थ्यो । दुवै जना अपाङ्ग भए पनि एउटाका लागि ऊ रानी र अर्कोका लागि ऊ राजा जस्ता हुन्छन् । दुवै अपाङ्ग भए पनि

परम्परागत एक अर्कालाई सहयोग गरी आ̄नो जीवन खुसी साथ चलाइरहेका हुन्छन् लङ्गडीले धान लगाउादा लाटाले ढिकी कुट्छ । लङ्गडी गाउनमा सिपालु छे ऊ जाातो पिन्दादेखि हरेक काममा मिठो भाकामा गीत गाइरहन्छे । तीजमा पनि आफू बीचमा बसर ऊ गीत गाउादै केटीहरूलाई नचाउने गर्छे । सहयोगी भावका कारण उनीहरू भित्र कुनै किसिमको लोभ लालचा हुादैन र पाइदैन त्यसैले कसैले मही माग्न आयो भने ऊ नौनी घिउ समेत दिने उदार हृदया समाजसेवी मानवताकी प्रतिमूर्तिका रूपमा उपस्थिति भएकी छ । मङ्गल कार्यमा माागल गाउन पनि उसलाई बोलाउने गरिन्थ्यो भने गाउा भरमा बच्चाहरू पनि उसलाई हेर्न छोडिदिन्थे । लाटोले पनि लङ्गडीलाई काांधमा बोकेर मेला हेर्न लैजाने गर्थे । आ̄नो सिप, लगन र सहयोगी भावले पुरै गाउालाई आ̄नो घर ठान्ने ती अपाङ्ग सम्पत्तिमा गाउालेहरू खिल्ली गर्ने गर्थे । वस्तुतः उनीहरू गजाधरबाट गजधम्मे र गौथली माइलीबाट लाटी माइली बनेका हुन्छन् । अपुताको क्रिया गर्ने लाटो पोइकी ‘बाठी जोइ’ र निसन्तान गौथलीलाई ‘बाठो छोरो पाउली’ भनेर गिज्याउने गर्थे । यसो गर्दा ती दम्पत्तीलाई आ̄नो सन्तान नभएकोमा दैवले नै ठगेको अनुभूति गर्थे । लङ्गडी लाटोको बोली भर्न र सन्तान लागि प्राथना गर्थी भने लाटो लङ्गडीको खुट्टा भर्न प्राथना गर्यो । एक दिन अचानक लङ्गडीलाई शीतलामाइले भेट्छ । अन्धविश्वासका कारण गाउालहरूले उनीहरूको गुनलाई बिर्सेर गाउाबाट बाहिर निकाली काली ओडारतिर धपाउाछन् । उनीहरूको घरको तगारोमा काांडाले वार पनि लगाइदिन्छन् । गाउाबाट निकालिएपछि लङ्गडीको ज्वरो बढ्दै जान्छ र आठ दिनका दिन उसको कष्टकर र असामयिक मृत्यु हुन्छ । यसबाट गजधम्मे विरक्तिन्छ र ऊ पागल जस्तो हुन्छ । त्यसपछि ऊ गाउामा फर्किन्छ । गौथली उसको मृत्युमा उसको बोली फुट्छ तर गाउालेहरूले गौंथलीप्रतिको विरहले उब्जाएको विरागलाई पागलपनको संज्ञा दिन्छन् र उसलाई ‘पागल पागल’ भनी केटाकेटीहरू खेद्ने गर्दछन् । मान्छेहरू यस्तो व्यवहार देखेर गजधम्मे घर छोडी फेरी वनमा गुप्तवासका लागि जान्छ । गजधम्मे छोडेपछि घरको माहुरी पनि घर छोडेर जान्छन् । गजधम्मे आठौ दिनमा ओडरभित्र जूनको ज्याति देख्छ र त्यस ज्योतिमा उसले गौधली आ̄नै खुट्टामा उभिएको देख्छ । गौंथलीलाई आ̄नै खुट्टामा उभिएको देखेर खुसी भई गजधम्मे गौाथली भन्छ । गजधम्मेको मुखबाट आ̄नो नाम सुन्दा गौाथली खुसीले नाच्न थाल्छे र काव्यको अन्त्यमा अझै पनि त्यस ओडारभित्र दुई प्रेमी प्रेमिकाको नृत्यगीतको आवाज आइरहन्छ भनी काव्य टुङ्ग्याइएको छ ।

यस खण्डकाव्यमा लमीले गराइदिएको लाटा र लङ्गडीको मिलन लमीले गरेको निःस्वार्थ सहयोगले मावनताको वकालत भएको छ । खण्डकाव्यलाई अगाडि बढाउन दुई व्यक्ति विचको मिलन गराइ कथावस्तु अगाडि बढेको पाइन्छ । समाजमा सबै खराव मान्छे मात्रै पनि हुदैनन् सबै राम्रा पनि हुदैनन । कतिपय मानिस असल हुन्छन् भन्ने देखाइएको छ । शारीरिक रूपले अपाङ्ग भए पनि उनीहरू बिचको मिलनले जीवनमा एकदम रमाएको पाइन्छ । तसर्थ लमीले यी दुई बिचको मिलनमा आफूलाई पापी मन पनि खुसी हुदै हासेको काव्यमा यसरी प्रस्तुत गरिको छ ।

लाडाडीलाई कल्ले माग्थ्यो फूलको डोली थापी

लमी हास्छ आफूलाई भने पनि पापी

लाटालाई कल्ले दिन्थ्यो तित्राजस्ती छोरी

लमी हास्छ टुहुराको घरवार जोरी

(२९/८)

यसरी लमीले गरेको लाटो र लङ्गडीको घरबारमा मानवता वकालत भएको पाइन्छ । सामाजिक रूपमा अपहेलित तिरस्कृत गर्ने समाजले लाटा र लङ्गडीको घरवार सम्भव थिएन तर लमीका माध्यमबाट उनीहरूको मिलन भएको देखाइ लमी आफूलाई कसैले पापी भनेनी भनुन् बरु उनीहरूको मिलनबाट ज्यादै खुसी देखिएकाले निस्वार्थ मानवतावादी भाव व्यक्त भएको छ ।

दाम्पत्य प्रेम र मानवता प्रचुर मात्रामा देखिएको यस काव्यमा लाटो र लङ्गडी दुवै आदर्श पति पत्नीका रूपमा उपस्थित भएका छन् । उनीहरूका विच गहिरो प्रेमसम्बन्ध रहेको छ । यस काव्यमा प्रमुख स्वर मानवीय प्रेमाकर्षण नै रहेको छ तापनि यस काव्यको गहन दार्शनिक चिन्तनले ठाउा ठाउामा सुकुमार कलात्मक काव्यिक अभिव्यक्ति पाएको छ ।

आधा धर्ती, आधा आकाश कल्ले किन रच्छ

दुई ˆयाक बनी ईश्वर आफैलाई खोज्छ

(३३/७)

यी हरफमा पूर्वीय दार्शनिक चिन्तनको गहिराई शब्दको सतहमा आएर संसारलाई चियाएको स्पष्ट देखिन्छ (इन्द्रकुमारी, २०५७ प्रकाशकीय) । दुई पति पत्नी बिचको प्रेम सम्बन्धले एक अर्काप्रति माया, साथ सहयोगले जीवन सहज बनाएको पाइन्छ । एक अर्कालाई गर्ने व्यवहार अत्यन्तै गहन छ । समाजमा सपाङ्गगहरूले ठग्ने दुःख दिने, गरेको पाइन्छ तर अपाङ्ग भएर पनि एक अर्कालाई गर्ने सहयोगले दाम्पत्य प्रेमको चित्रण गरेको पाइन्छ । एक अर्कालाई गर्ने सहयोग यसरी व्यक्त भएको पाइन्छ ।

धान लाउाने लागडी त लाटो ठिकी कुट्छ

अचम्मको यौटा कुरा सुन्द हाासो उठ्छ

(२९/१०)

जोइ गर्छे लेखापढी, पोइ भर्छ पानी

गिल्ला गर्छन गाउालेहरू यै नराम्रो बानी

(३२/१)

यसमा मावनता र अमानवता दुवै पक्षको चित्रण गरिएको छ । लाटा र लङ्गडी दुवै शारीरिक रूपले अपाङ्ग छन् तर पनि एकले अर्कालाई गरेको सहयोग एकदमै सपाङ्ग छ, निःस्वार्थ छ । यस अर्थमा मानवतालाई झल्काइएको पाइन्छ भने सपाङ्ग समाजले उनीहरू गर्ने व्यवहार र गिल्ला गर्ने प्रवृत्तिले अमानवतालाई चित्रण गरेको छ ।

समाजमा उनीहरू दुवैले गर्ने सहयोगले विश्वबन्धुत्वको भाव झल्काएको छ । कसैले पैचो लगी फिर्ता गर्न बिर्सेपनि आफूले सहयोग गर्न पाएकोमा खुसी हुनु, मही माग्दा नौनी समेत दिइ पठाउनु जस्ता उसका प्रवृत्तिले समाजको उदाहरणको रूपमा लिइएको छ भने लाटाले गाउाघरमा आपत् पर्दा पुग्नु, सितैमा डालो बुन्नु जस्ता मानवीय प्रवृत्तिले विश्व-बन्धुत्व झल्काएको पाइन्छ । काव्यमा यसरी प्रस्तुत गरेका पाइन्छ ।

मही दिादा लागडी त्यो नौनी हालिदिन्थी

भिक्षा दिादा पसेरीले अन्नापूर्ण बन्थी

पैाचो लगी जानी जानी तिर्न बिर्से पनि

सन्तोष मान्छे अडठ्को पर्दा काम लागो भनी

(३१/३)

समाजमा गरेको निस्वार्थ सेवा उदार भावनाले ओतप्रोत भएको पाइन्छ । अपूताको क्रिया गर्दा उदार प्रवृत्तिले समेत लाटोद्वारा निःस्वार्थपरक भाव व्यक्त भएको छ । जीवन के हो ? जीवनका कर्म र कर्तव्यहरू कसरी सञ्चालित हुनुपर्छ ? त्यसको रहस्योद्घाटन भएको पाइन्छ ।

अपूताको क्रिया बस्न लाटैलाई टाासो

कुन जुनीमा जेठा खाइस् भनी उल्टै हाासो

(३२/४)

समाजले मानिसलाई हेर्ने दृष्टिकोण कति सङ्कुचित छ र मानिसप्रति गर्ने व्यवहार यस काव्यमा माध्यमबाट व्यक्त भएको छ । समाजले मानिसलाई कति कुण्ठित बनाउादछ र व्यक्ति लाटो होइन समाज नै लाटो छ भन्ने भाव यसमा दर्शाइएको पाइन्छ । अपाङ्गलाई समाजले कसर होच्याइएको हुन्छ र अपाङ्गप्रतिको व्यवहार कस्तो हुन्छ भन्ने पनि यसरी काव्यमा प्रस्तत गरिएको पाइन्छ ।

मेला जाादा उसकै काखमा बालक छोडी जान्छन्

बाठो छोरो पाउली भनी मर्मस्थलमा हान्छन् ।

(३२/७)

दुवैले एक अर्कालाई देउता समान ठानेर जीवन बिताउन सफल जोडी बिच शारीरिक अशसक्तता भए पनि मनको उदारताले एक अर्काप्रतिको प्रेमलाई चित्रण गरेको छ । यसै बिचमा लङ्गडीलाई शितलामाइले छुनु, विरामी पर्नु र गाालेले गाउमा बस्न नदिइ काली ओडारमा पठाउनु र घरमा तगाराले बार्नु जस्ता प्रवृत्तिले अमानवताको चित्रण गरेको पाइन्छ । मानिस कति स्वार्थी छ र निरीह छ भन्ने चित्रण गरिएको छ । एउटा विरामीलाई सहयोगको सट्टा ओडारमा पठाइनु गाउाबाटै निकाल्नुले अन्धपरम्परा र अमानवीयताको चित्रण गरिएको छ । व्यक्तिको दुःखमा रमाउने प्रवृत्तिको प्रतिनिधित्व गरेको समाजमा दुःख पर्दा साथ सहारा भएन भने मानिसलाई कति कष्ठ हुन्छ भन्ने पनि देखाइएको छ । अर्काको दुःखमा रमाउने हाम्रो समाज कति स्वार्थी निरीह छ भन्ने देखाइएको छ । आफ्नो पीडा व्यथालाई सहन नसकेको लाटोलाई समाजले उल्टै पागलको संज्ञा दिएको छ । यसबाट मानव समाजमा भएका विसङ्गति मानिसले मनिसलाई गर्ने पशुवत्, व्यवहार, असमानता, विभेदको आवाज प्रस्तुत

कवितामा उठाइएको विद्रोहको स्वर मुखरित भएको छ । अन्तमा कविले ओडारभित्र अझै पनि प्रेमी प्रेमिकको नृत्यगीतको आवाज आइरहन्छ भन्ने आत्मीयप्रेम रहेको छ ।

### ४.५.२ पात्र/सहभागीमा मानवतावाद

प्रस्तुत खण्डकाव्यकमा घिमिरेले हाम्रै समाजको अपाङ्ग एक जोडीलाई र तिनीहरूको अवस्थालाई विषयवस्तु बनाइएको छ । यस काव्यमा गौथली र गजधम्मे नाम गरेका दुई अपाङ्ग प्रमुख पात्र बनेर आएका छन् । अन्य समाजका मानिसहरू अपूता जस्ता पात्रहरू गौण पात्रका रूपमा उपस्थित भएका देखिन्छन् । प्रमख पात्रमा भएको मानवतालाई यहाा चित्रण गरिएको छ ।

क) गौथली

गौाथली यस खण्डकाव्यकी प्रमुख नारी पात्र वा नाीयक हो । नेपालको कुनै पहाडी गाउामा बसोवास गर्दै आएकी शारीरिक रूपले हष्टपुष्ट भए पनि लङ्गडी छे । ऊ सुनटीकी माछा जस्ती सुन्दरी छे । उसको विहे सुन्दर सिधासाधा सधैा मुस्कुराई रहने केटोसाग हुन्छ । तर ऊ बोल्न नसक्ने लाटो हुन्छ । जब उनीहरू बिहेको मण्डपमा आउाछन् तव मात्र केही लङ्गडी र केटो लाटो भएको कुरा थाहा हुन्छ । गौंथली घरको कामकाजदेखि मीठो स्वरकी धनी गीत गाउने र सबैलाई नचाउन सिपालु छे (घिमिरे, २०५७ : २९) उदार हृदय भएकी निस्वार्थ भावना भएकी गौंथली भित्र कुनै किसिमको लोभ लालच पाइदैन, त्यसैले ऊ सागै कसैले मही माग्यो भने नौनी घिउ समेत हालेर पठाउाछे । ऐचोपैचो लगेर तिर्न बिर्सेकाहरूलाई आफूले सघाउन पाएकोमा सन्तोष मान्छे । गाउाघरमा मङ्गल कार्यमा माागल गाउनु ऊ आ`नो कर्तव्य ठान्छे । गाउालेहरू, मेलापात जाादा उसलाई बाठो छोरा पाउली भनेर गिल्ला गर्दा र आ`नो सन्तान नभएकोमा दैवले नै ठगेको अनुभूति गर्छे ।

यसरी जस्तोसुकै भए पनि हाासो खुसीका साथ वितिरहेको हुन्छ । समाजमा उदार हृदय भएकी एउटा उदाहरणको रूप बनेकी गौंथलीको जीवनमा शीलतामाइको प्रकोपले विमारी हुन पुग्छे । उसलाई सहयोग गर्ने र हेरी दिने कोही हुादैनन । समाजले तिरस्कार गरी ओडारमा पुऱ्याएको दयनीय अवस्था रहेको पाइन्छ । समाजमा अपाङ्ग भएर पनि आफूले सक्दो सहयोग गरेको तर आफूलाई पर्दा कसैले नहेरेको अवस्थाले मानिसको स्वार्थीपनालाई दर्शाइएको पाइन्छ । यसरी उसको जीवनमा आएको दुःख बुझ्न उसको लाटो श्रीमान्लाई माइतीमा लगिदेऊ भन्छे

। गाउालेले ओडारमा लगेर राखिदिन्छन् त्यहाा उसको श्रीमान् बाहेक कोही हुादैन त्यस ठाउामा केही दिनसम्म थला परेर गौाथली सदाका लागि यो संसार छोडेर जान्छे यस काव्यमा एक अर्काप्रतिको सहयोग विना, मनिसको मृत्य हुन पुग्छ तसर्थ सद्भाव, सहयोग जस्ता पक्षलाई अङ्गालेको देखाइ मानवीयता हुनुपर्ने देखिन्छ । गौाथली जस्ता शारीरिक रूपले अपाङ्ग भए पनि बौद्धिक र मानसिक रूपमा सपाङ्ग व्यक्तिको खााचो छ । एउटा अपाङ्ग पात्रका माध्यबाट मानवीयताको उजागर गरिएको छ । मानिसले मानिसप्रति गरिने मान सम्मान र अपमानजस्ता विषयहरूको जीवनमा आइपर्ने दुःख, कष्टलाई चित्रण गर्दै स्वार्थी समाज समेत चित्रण गरिएको छ ।

प्रस्तुत खण्डकाव्यमा गौंथलीलाई हाम्रै समाजकी एउटी अपाङ्ग नारी पात्रका रूपमा उपस्थिति गराइएको छ । उसभित्रको मानवीय चाहनाहरू उसको लाटो पतिले मात्र बुझेको छ । उसको पति पनि अपाङ्ग भएका कारण एउटा अपाङ्गले अर्को अपाङ्गको मानवीय संवेदनालाई अनुभूति गर्न सकेको छ । समाजका लमी जस्ता केही भद्र मान्छेहरू बाहेक सबैले तिनीहरूको श्रम शोषण गरेका छन् । उसले हरेक सुख दुःखमा आफूलाई धीर र गम्भीर बनाएकी छे । ऊ ईश्वरमाथि पूर्ण विश्वास राख्छे तर उसलाई संसारको ईश्वरले लैजान्छ । अतः यी विभिन्न प्रसङ्गबाट ऊ हाम्रै समाजकी निम्न वर्गीय अपाङ्ग नारीपात्रका रूपमा प्रस्तुत भएकी छे । उसका आदर्श, इमान्दारिता र त्यागको भावना छ ।

यसरी मानवता र अमानवतालाई औाल्याएर गौाथली जस्ता निःस्वार्थ पात्रका माध्यमबाट यस काव्यमा मानवीयताको वकालत गरिएको पाइन्छ । उदार हृदय भएकी नारी पात्र गौाथली प्रेम, करुणा, सेवा, सद्भाव, अङ्गाल्ने मानवतावादी चिन्तनकी प्रमुखका रूपमा देखिन्छ । सहनशील, आदर्श, उदार हृदय भएकी प्रमुख अनुकूल नारी पात्रका रूपमा उपस्थित भएकी छ । गौाथली जस्ता पात्रका माध्यमबाट यस काव्यमा मानवताको चित्रण गरिएको छ ।

ख) गजधम्मे

यस खण्डकाव्यको प्रमुख पात्र अनुकूल पात्र आदर्श गतिहीन पात्रका रूपमा गजधम्मेलाई लिइन्छ । काव्यमा सुरुदेखि अन्त्यसम्म आदर्श असल प्रेमीका रूपमा यस पात्रलाई उपस्थित गराइएको पाइन्छ । शारीरिक रूपमा अपाङ्ग लाटा भएर पनि समाजको सेवामा तल्लीन रहेर निःस्वार्थ भावका काम गरेको पाइन्छ । आफ्नो अपाङ्ग पत्नी गौाथलीलाई असाध्यै माया, गर्ने आदर्श पात्रका रूपमा रहेको पाइन्छ । लमीले विवाह गराई दुई बिचको मिलन

गराएबाट जीवन रमाइलोमा विताएका दम्पत्तिले गौथली बिरामी हुादा कसैबाट साथ सहयोग नपाउादा पनि, समाजले गाउाबाट निकाला गर्दा होस् आ^नी पत्नीको सेवामा तल्लनी रहनु चरम मानवताको वकालत गरेको पाइन्छ । यस पात्रका माध्यमबाट विश्ववन्धुत्वको समेत वकालत गरेको पाइन्छ । समाजमा अपूताको मृत्यु हुादा किरीया गर्नु पनि सार्वजनिक काममा अगाडि बढ्नु जस्ता चरित्रले ऊ निःस्वार्थ साहसिक लगनशील पात्रका रूपमा उपस्थिति भएको पाइन्छ । भौतिक ऐश्वर्य तथा यसको मूल्य मानवका लागि निकै तुच्छ भएको सन्दर्भ समेत देखाइ मानव आदर्श र मूल्य स्थापनाका निम्ति समर्पित व्यक्तित्वका रूपमा देखाउन चाहेको वा मानवीय गुण प्रवाहकर निम्ति हो, भौतिक सञ्चयका निम्ति होइन भन्ने देखाउन खोजिएको छ । साथै जीवन दुःखै दुःखले पूर्ण भएको र यस्तो दुःख पूर्ण जीवनका कर्महरू पनि महान् सत्य बन्ने यथार्थपरक एवम् दर्शनमूलक चिन्तन यस पात्रका माध्यमबाट व्यक्त गरिएको छ । जीवनमा मानिसले सुकर्म एवम् मानवधर्म गरेर जीवनलाई सार्थक बनाउनुपर्छ भन्नेतिर अभिप्रेरित गरेको छ ।

### ४.५.३ उद्देश्यमा मानवतावाद

'गौथली र गजधम्मे' खण्डकाव्यमा हाम्रै समाजमा रहेका अपाङ्गहरूलाई सबैले गर्ने व्यवहार र उनीहरूप्रति देखाउन व्यवहार कलात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । अपाङ्ग मानिसहरूप्रति साङ्ग मानवको जस्तै भावना मन, इच्छा, चाहना र विवेक भएका वर्गहरू हुन् । उनीहरूको शारीरिक अपाङ्गतालाई प्राथमिकता दिएर उनीहरूको आन्तरिक भावनालाई हामीले बिर्सनु हुादैन र उनीहरू पनि यस समाजमा अन्य मानव सरह समान रूपले बााच्न पाउनु पर्दछ भन्ने सङ्केत गर्दै अपाङ्गप्रति हाम्रो समाजले गर्ने घृणित व्यवहारलाई यस काव्यमा प्रस्तुत गरिएको छ । जसको हृदयमा सद्भावले वास पाएको हुन्छ तिनीहरू मात्र मानवीय व्यवहार प्रदर्शन गर्न सक्षम हुन्छन् र हृदयमा दुर्भाव हुनेहरू अमानव बन्नमा नै पुरुषार्थ र आनन्दित छन् भन्ने मूल सन्देशलाई यस काव्यमा प्रस्तुत गरिएको छ (नेपाल, २०६९ : ३८) । निमुखाहरूप्रति सबैले सहानुभूति राखी मानवीय व्यवहार गर्नुपर्ने कुरालाई विर्सिएमा सिङ्गो समाज कलङ्कित हुन पुगेको सङ्केत पनि कविले गरेका छन् । हाम्रो समाजमा अपाङ्गबाट प्रसस्तै फाइदा लिने उनीहरूलाई आ^नो अनुकूल प्रयोग गरेको उनीहरू भित्र रहेको मानवीय संवेदनालाई नबुझ्री आ^नै मात्र स्वार्थमा लिप्त रहने गरेको जस्ता सामाजिक विभदेका रहस्यमय कुराहरूलाई हृदयस्पर्शी ढङ्गबाट प्रतिस्थापन गर्नु नै यस काव्यको मूल उद्देश्य हो ।

यसरी सामाजिक यथार्थका माध्यमबाट जीवनका हरेक पक्षको चित्रण गरिएको छ । अपाङ्गको दाम्पत्य जीवनमा भएका र भोगेका समाजमा हुने गरेका विभेदपूर्ण व्यवहारलाई काव्यका माध्यमबाट प्रस्तुत गर्दै यस्ता विभेदको अन्त्य हुनुपर्छ भन्ने सन्देश पाइन्छ । समाजका सबै मान्छे एउटै प्रवृत्तिका हुदैनन्, कोही राम्रा पनि छन् असल चरित्र भएका मान्छेहरू छन् र कतिपय खराब प्रवृत्ति भएका मानिसहरू पनि छन् जसले अरूलाई दुःख दिनुमा आनन्द ठान्छन् । त्यस्ता खराब प्रवृत्तिको सुधारको चाहना गर्दै काव्यकारले समाज सुधारको चाहना राखेको पाइन्छ ।

### ४.५.४ निष्कर्ष

गौाथली र गजधम्मे प्रगाढ प्रेमसम्बन्धबाट थालिएको यस खण्डकाव्य गहन विचारहरूमा उच्च मानवआदर्शको अभिव्यञ्जन मात्र नभई जीवनका हरेक पक्षको चित्रण गरिएको पाइन्छ । आत्मिक प्रेम र कर्मवादी जीवनदृष्टि आदर्शको प्रमुख पक्ष मानिएको छ । यसै गरी काव्यमा अङ्कित जीवन-संस्कृति ग्रामीण समाज मानव प्रवृत्तिहरू यहााका यथार्थसाग सम्बद्ध छन् । काव्यमा वर्णित प्रेम, करुणा, सेवा, सद्भावबाट कविको मानवतावादी चिन्तनको प्रमुख आयाम आध्यात्मिक मानवतावाद देखिन्छ । गौथली र गजधम्मेका मनमा उठेका सेवा सद्भाव, प्रेम निःस्वार्थता आत्मिक प्रकृतिका छन् । गौाथलीले समाजमा गरेको सेवा औाचौपाचो जस्ता निःस्वार्थ र गजधम्मेले गरेको सामाजिक काम र अपूताको किरीया जस्ता कामले सामाजिक कार्यले समाज सुधारको पाटालाई झल्काएको पाइन्छ ।

गाउालेहरूको अमानवीय आचरणका कारण ओडारमा बस्न वाध्य भएका अपाङ्ग दम्पत्ती गौाथलीको असामायिक निधन भएको देखाइ मानिसका अमानवीय प्रवृत्तिको समेत चित्रण गरिएको छ । गजधम्मेले गरेको प्रेम जति दुःख भए पनि श्रीमतिलाई बााचुन्जेल गरेको साथ सहयोग र माया जस्ता पक्षले मानवीयताको महान् अवसरका रूपमा लिइएको छ । गौाथलीको मृत्युपश्चात् गजधम्मे विरक्त भई छटपटाउनु उसलाई कसैले सहयोग नगर्नु उल्टै पागलको संज्ञा दिनु जस्ता पक्षले मानिस कति स्वार्थी र निरीह छ भन्ने प्रष्ट देखाइएको पाइन्छ । अन्त्यमा अझै पनि दुई प्रेमी प्रेमिकाको नृत्य गीतको आवाज आइरहन्छ भनी काव्य टुङ्ग्याइनुले आत्मिक प्रेम सधौ अमर हुन्छ भन्ने सङ्केत गरेको छ । समाजमा लमी जस्ता निःस्वार्थ र असल मान्छेहरू पनि छन् जसले अरूको उदार चाहन्छन् भन्ने भाव समेत व्यक्त गरिएको छ ।

काव्यमा प्रतिबिम्बित आत्मिक प्रेम-सन्दर्भ, सामाजिक यथार्थ, साास्कृतिक पक्षका साथै समाजमा जति खराब र अमानीय प्रवृत्तिका मानिसहरू छन् त्यो भन्दा असल चरित्र र उदार हृदय भएका मानिस कमै मात्रामा छन् भन्ने बताइएको पाइन्छ । समाजमा हुने विसङ्गति, विभेद जस्ता पक्षको अन्त्य हुन अझै बााकी छ यस्ता कुप्रवृत्तिलाई हटाइ असल समाजको चाहना यस काव्यमा पाइन्छ । समाजले अपाङ्गलाई गर्ने व्यवहार परिवर्तन हुन जरुरी छ । उनीहरूले अवसर साथ पाए भने सपाङ्ग जस्तै बन्छन् तसर्थ उनीहरूको कदर गरिनुपर्छ भन्ने भाव बोकेको यस काव्यमा सामाजिक विभेदलाई अन्त्य गर्नपर्छ भन्ने मूल मर्म बोकेको छ ।

समाजमा एक  जातिले अर्को जाति, वर्ग, धनीले गरिबलाई, सपाङ्गले अपाङ्गलाई पुऱ्याउने बाधा विश्वमानवताका निम्ति प्रतिघाती हुन् । मानवीय उदात्त व्वयहार वा मानवताका निम्ति सहानुभूति सहयोगको उदारता गर्न सक्नु पर्दछ । आˆनो स्वार्थका निम्ति मात्र हाइन अरूको उदारका निम्ति पनि केही गर्न सक्नु पर्दछ । मानवीय दयालुपन, सुकुमारता, उदारता नै मानवताका नमुना हुन् ।

## ४.६ पौराणिक खण्डकाव्य ‘धर्तीमाता’ मा मानवतावाद

खण्डकाव्यकार माधव घिमिरेद्वारा वि.सं. २०२८ सालमा रचित (घिमिरे राष्ट्रनिर्माता, पृ .३७) ‘धर्तीमाता’ खण्डकाव्यका सात टुक्रा वा सातवटा स्तवक पटक-पटक गरी मासिक पत्रिका ‘मधुपर्क’ मा २०२८ सालमै छापिएको पाइन्छ तसर्थ धर्तीमाताको रचना २०२८ सालमै भएको मान्न सकिए तापनि पुस्तकाकारमा प्रकाशित २०३० मा भएको पाइन्छ (पोखरल, २०३७ : १२८) । ‘धर्तीमाता’ अथर्ववेद द्वादश काण्ड अन्तर्गतको पृथ्वीसूक्त अनुवाद हो (पोखरेल, २०३७ : १२८) । यस काव्यमा पूर्वीय परम्परामा महत्त्वपूर्ण उपलब्ध मानिएका चार वेदहरूमध्येको एक अथर्ववेदभित्रको ६३ मन्त्रले संरचित पृथ्वीसूक्तका १-६० मन्त्रहरू मध्येबाट जम्मा ३३ मन्त्रहरूको भावानुवाद गर्ने प्रयास काव्यकारले गरेका छन् । इन्द्रवज्रा, उपेन्द्रवज्रा र उपजाति छन्दको प्रयोग गरिएको यस काव्यमा चार पाउको एक श्लोक हुने मान्यतालाई अस्वीकार गरिएको छ । यस काव्यमा कुनै निश्चित समयको सीमाङ्कन गरिएको छैन ।

### ४.६.१ कथावस्तुमा मानवतावाद

'धर्तीमाता' खण्डकाव्यमा सूक्ष्म र क्षीण आख्यान भए पनि यसमा धर्ती र मानवको अनादिकालदेखिको पारम्परिक सम्बन्ध साहचर्यको कथा-गाथा अतिसूक्ष्म रूपमै भए पनि यस काव्यमा पाउन सकिन्छ । यस काव्यमा घिरिमेले वर्तमानका मानवलाई वैदिक चिन्तनसित गाासेर हेर्ने प्रयास गरेका छन् । पृथ्वी र मनुष्यको अनादिकालदेखिको सहवास वा स्नेह सूत्र भित्र लहरिएको एक सूक्ष्म दीर्घ कथावस्तु मूल ग्रन्थ 'पृथ्वीसूक्त' मै पाइन्छ र यही कथावस्तु वा आख्यानसूत्र यसले समातेको छ (पोखरेल, २०३७ : २९) । पृथ्वी र मानव जातिका बिचका परापूर्व कालदेखिको अर्न्तसम्बन्धबाट प्रारम्भ भएको यो काव्य धर्तीका पुत्रहरूले गर्नुपर्ने क्रममा यस धर्तीमा रहेका विभिन्न चराचर प्राणीहरू, विशेष धर्तीमा बस्ने मानिसको स्वभाव उनीहरूका प्रवृत्ति समेतलाई सङ्केत गरिएको छ । यस महान् र पूज्य धर्तीप्रति अनुराग वा आस्था प्रकट गरिएको छ । पृथ्वी र मान्छेका बीच के कस्तो सम्बन्ध छ ? आजको सभ्य मानिस कसरी, कस्ता किसिमले, कसका काखमा खेलेर हुर्किएको हो ? मान्छेभित्र यस्तो प्रवल जिजीविषा, विजिगीषा, भोगेच्छा र सङ्घर्षशीलता बीजारोपण कसले गरिदिएको हो ? र मान्छका निमित्त सर्वस्व आधार पृथ्वी नै किन मानिन्छ ? इत्यादि प्रश्नहरूको प्रत्यक्ष उत्तर यस काव्यले दिएको छ (पोखरेल, २०३७ : १९) । मानवलाई काव्यमा सर्वश्रेष्ठ प्राणी र धतीको बनाइएको छ । धर्तीसाग मानव जातिको आमा र शिशुको सम्बन्ध हुने हादा ऊ आ`ना दुःख र सुख सबै यही धर्तीमातासाग बाड्न चाहन्छ । यस जाति धतिलाई धेरै माया गर्दछ । त्यस्तै धर्तीमाता मौन रहेर पनि आ`ना सन्ततिमाथि ममता रूपी वर्षा बसाईरहन्छिन् । काव्यको अन्त्यमा काव्यका यस्ता कर्मशील, कर्मठ र धर्तीकै सन्ततिरूपी मानवलाई सर्वशक्ति सम्पन्न धर्तीको संरक्षण गर्न सङ्केत गर्दै काव्यलाई टुङ्ग्याइएको छ ।

यस काव्यमा धर्तीलाई माता र आकाशलाई पिताका रूपमा लिइएको पाइन्छ । अथवा ऋषिले पृथ्वीसूक्तमा सर्वप्रथम आफूलाई 'मृतिकाको पुत्र' भन्नमा गौरव माने

माता भूमि : पुत्राऽहं पृथिव्या

'मेरी आमा पृथिवी हुन् म पृथिवीको पुत्र हा ।' यति मात्र हैन अमृत तत्त्वलाई पनि मर्त्यजीवनको पोषणको निमित्त पुकारे र यसैको निम्ति त्यसको महत्त्व स्वीकारेको छ ।

पर्जन्य : पिता स उ न : पिपर्तु

'पर्जन्य (मेघ, अमृतत्व) हाम्रा पिता हुन् उनले हाम्रो पोषण गरुन ।'

पृथ्वीसूक्त भावानुवाद भएका कारण यस खण्डकाव्यमा घिमिरे धर्ती र मानिस बीच मातृशिशुको सम्बन्ध देखाएका छन् । त्यसै गरी धर्तीमाता काव्य अराजकतावादी समाजको पूर्वरङ्गको रमझम हो, राम राज्यको सपना हो वैदिक र आनन्दवादको गीत हो (गौतम, गोरखापत्र, २०३४ पृ. ६ वर्ष ७७ अङ्क १४४) तसर्थ महान् धर्तीको पूजा कविले गरेको पाइन्छ । वैदिक कालदेखि धर्तीलाई माताका रूपमा मानिदै र पुजिादै आएको पाइन्छ । यही विश्वासको आधारमा आज पनि हाम्रो लोकजीवनमा धर्तीलाई आमाकै रूपमा पुज्ने स्थान दिने गरिन्छ । आदिम मानव र धर्तीका बीचको मातृत्वलाई यस काव्यमा प्रस्तुत गरिएको पाइन्छ । पृथ्वी सूक्तकाऋषि प्रकृतिमा प्राण, प्राणमा जीवन र जीवनमा आशा र उल्लासका गायक हुन् । उनी माटो र मुटुका कवि हुन् । उनले माटोको गन्ध सुधेका छन् र सुगन्ध चढेको कन्याको कमनीय कान्तिमा पनि यसकै झलक देख्न पुगेका छन् । उनले माटोको मुटुलाई 'हे भूमि Û म तिमीलाई खनेर जो चोट लगाउाछ त्यो तुरुन्तै पुरिएर पलाओस् । हे अन्नत अन्तरालका खोजिने पृथिवी तिम्रो मर्मस्थललाई म नदुखाऊ तिम्रो हृदयमा पीर नपारुा । यही मानृा मानवताकै दयालाई स्पर्श गरिएको छ । (घिमिरे, राष्ट्रनिर्माता, पृ. ३६) । धर्ती र मावनका बिचको अनन्त काल देखिको सम्बन्धलाई चित्रण गर्दै कविले मानवले धर्तीलाई दिएको दुःख, पीडा प्रति सहानुभूति जनाएको मानवता दर्शाएको छ ।

यस काव्यमा काव्यकार घिमिरेले पृथ्वीसूक्तका केही मन्त्रको अनुवाद भनेका छन् । यसमा व्यक्त भएको भाव धर्तीलाई आमाको संज्ञा दिई निजी भावहरूको प्रस्तुतिसागै धतीमा रहेको वा सृजित असङ्ख्य प्राणीहरू मध्ये चेतनशील, कर्मशील एवम् सम्वेदनशील प्राणीका रूपमा परिचित मानवले धर्तीको अपरिहार्यता महत्त्व एवम् गरिमालाई हृदयङ्गम गरी गुणगान गाएको प्रसङ्ग यहाा समेटिएको छ । धर्तीमातालाई पुकार गर्दै काव्यमा यरी व्यक्त गरिएको छ ।

हे धर्ती Û होऊ यसरी फराक

कि, हुन्छ छाती जसरी फराक

(३८/१)

जो सात बित्ता मटिया म पाउऱ

त्यहीं म यौटा कुटिया बनाऊा

डााडा र काडा अनि ढाकिजाऊा

गाडेर मौलो चिनु राखिजााऊ

(३८/२)

यस धर्तीमा म केही गर्न सकू हे धर्तीमाता मैले यस धर्तीमा एउटा कुटिया बनाउन पाउा भन्दै धर्तीमातासाग विन्ति गरिएको यस काव्यमा धर्ती सृष्टीकी जननी हुन् भन्दै पुकार गरिएको छ । यसरी धर्तीमातामा माटो र मुटुका सम्बन्ध अविभाज्य र शाश्वत छ, माटो भन्नु मानव मुटुको सर्वस्व हो तथा सिर्जनी प्रकृति धर्तीकै सन्नति हुन् । मनुष्यका आदि, मध्ये र अन्त्यका सबै कार्य यसै धर्तीमा सम्पन्न हुन्छन् र यसले धर्तीका काखमा हाम्रो अस्तित्व कायम रहेकाले धर्तीको शरण्यतामै हामी बााच्छौ भन्ने कविका चिन्तित मुख्य भावना प्रतिपाद्य हो । यस भावनालाई माववविकासका दीर्घतर तर सूक्ष्म मौन आख्यानका कोणमा विस्तारित गरेको छ । यस काव्यमा यसरी व्यक्त गरिएको छ ।

मुछेर माटो रचना हजार

सधैा सधैा सिर्जनकै हतार

गुल्जार पारी जगतै बसाल्छयौ

चुसाइ छाती सब विश्व पाल्छयौ

(४४/२)

यही माटोमा हजारौ सिर्जना रचनाकै लागि हतार छ यस धर्तीमै हजारौ जगत वस्ती बसाल्यौ यही धर्तीकै माटोमा विश्वसब पालिन्छ भन्दै मानव र पृथ्वीका बिचको मातृत्व प्रेम प्रकट भएको पाइन्छ । यस धर्तीमै मानव अस्तित्व छ यस धर्तीमै म सपूत बन्न पाउा हे धर्तीमाता तिम्रै दशधारा दूध खाएर सपूत बन्न पाइयोस भन्ने राष्ट्रप्रेम यसरी व्यक्त भएको छ ।

हे धर्तीमाता Û म बनू सपूत

खाएर तिम्रै दशधार दूध

(४६/१)

धर्ती सबैकी आमा हुन् धर्तीमै जन्म मृत्यु प्रक्रिया चलिरहन्छ धर्ती सधैा जीवनकी धनी छन् विश्व सबलाई पालन गर्ने पोषण गर्ने ढुङ्गा माटो जलभित्र, अन्नवाली, फुल भित्र बसेकी धर्तीमाता हामीलाई ज्योतिदेऊ भन्दै पुकार गरिएको पाइन्छ । पृथ्वी र मानव जातिका बिचको परापूर्व कालदेखिको अन्तर्सम्बन्धबाट प्रारम्भ भएको यस काव्यमा धर्तीका पुत्रहरूले गर्नुपर्ने कर्तव्यसम्मको उल्लेख गरिएको छ । पौराणिक विषयवस्तुलाई आधार बनाइ मौलिकता प्रदान गर्न सफल घिमिरेले यस काव्यमा प्रत्येक पङ्क्तिमा धर्तीलाई अचेत गर्दै धर्तीसाग मुटु, जीवन र मनुष्यको निकट सम्बन्ध छ भनी देखाउन सफल छन् (पौडेल, २०६९ : १०४) । जीवनको एक मात्र आधार स्थल धर्तीप्रति मानव जाति सदैव कृतज्ञ हुनुपर्ने र मातारूपी धर्तीका संरक्षण मानवबाट मात्रै हुन सक्ने देखाएको छ । काव्यको मूल सन्देश विश्ववन्धुत्व हो । काव्यमा सबै मान्छेलाई धर्तीमाताकै सन्तति दाजु-भाइ रूपमा हेरिएको सबैलाई एउटै बन्धु मानिएकाले विश्ववन्धुत्व र मानवता रहेको धर्तीलाई स्वार्थ रहित प्रकृतिका रूपमा लिइएको छ । यसमा मान्छे सुख भोग गर्ने मानिस नै हो । मानिसका सद्भाव र विश्वबन्धुत्व यसमै धर्तीमा छन् मानिसका कर्तव्य एवम् लक्ष्य भनेका प्रेम, सद्भाव, समर्पण सबै यस धर्तीमा नै भोग्छन् । प्रकृतिका विभिन्न गुणहरू निःस्वार्थ भावले जनहितको कर्म एवम् कर्तव्यमा संलग्न हुनुका निम्ति मानिसहरूलाई आख्यान गरिएको छ । धर्तीमाताको दुध रसपान गर्दै यस धर्तीमै सबै मानिसमा अन्तरण गर्ने कविइच्छामा प्रखर मानवतावादी चिन्तन प्रकट भएको छ ।

### ४.६.२ पात्र/सहभागीमा मानवतावाद

संस्कृत अर्थर्ववेद द्वादशा काव्य अन्तर्गतको पृथ्वी सूक्तको अनुवाद कृति धर्तीमाता । पात्रविधानका दृष्टिले धर्तीमाता कमजोर देखिन्छ । यसमा कुनै नाम तोकिएको पात्र देखिादैन । पात्रपात्राको रूपमा मानवजातिलाई लिइएको पाउन सकिन्छ । यसरी मानव जातिलाई मातृवत् स्नेह दिइरहेकी ममतामयी धर्तीलाई प्रमुख पात्र बनाइएको छ ।

सम्पूर्ण मानवजातिको संरक्षकका रूपमा धर्तीमातालाई उपस्थित गराइएको यस काव्यमा धर्तीकै काखमा सम्पूर्ण मानवजातिलाई दिनचर्या विताउने गरेको पाइन्छ । एक आपसमा सद्भाव सहानुभूति लिने दिने चाहना सौम्य प्रकृतिको छ । तसर्थ विराट मनुजत्वको प्रतिनिधित्व गर्ने मानवीय संवेदना, सद्भाव, श्रद्धा र सहानुभूतिले सम्पन्न मानव पात्रको दीप्ति धर्तीमाताले प्राप्त गरेको छ (पोखरेल, २०७ : १३२) । घिमिरेले धर्तीलाई मानवजातिका आमाका रूपमा प्रस्तुत गरेको छ । धर्ती नै सिङ्गो मानव जातिका आश्रय बनेको छ । ऋृतुहरूमा

देखापर्ने परिवर्तन वनस्पति जगत, प्राणी जगत् वा पशुपंक्षी सूर्य, चन्द्र र तारालगायत सम्पूर्ण महिमागान गर्नु, संरक्षण गर्नु अथवा सेवा गर्नु मानवजातिकै परम कर्तव्य हो । यस काव्यमा धर्ती आ^नो सन्तानबाट कहिल्यै विमुख हुन चाहादैन भन्दै सिङ्गो मानवजातिको आमाको रूपमा उपस्थिति गराइएको पाइन्छ । धर्तीवासी विशुद्ध मान्छे र निर्जीववस्तु धर्तीलाई माधव घिमिरेले मानवीकरण गरेका छन् । जो अप्रत्यक्ष वा मौन भएर पनि भित्र भित्र तीव्र एवम् प्रभावशाली बनेर काव्य भरी धर्तीमाता क्रियाशील रहेको छ ।

धर्तीलाई नारीपात्र जगत् जननीका रूपमा उभ्याइ विश्वप्राणी मातृवत् स्नेह दिइरहेकी ममतामयी धर्तीलाई नै सजिव पात्रत्वमा पुऱ्याइएको छ । जसलाई असिनीकुमारले नापे, जसमा विष्णुले एक पाइला टेकर अर्को पाइला उचाले, जुन भूमिमा वेदिको निर्माण गर्छन र जुन भूमिका यज्ञको विस्तार गर्छन् तिमीबाट जन्मन्छन् र तिमीमै विचरण गर्छन् त्यस्ती जननी मातालाई पुकार गरिएको छ । यस काव्यमा मानव मानवका बिचको विश्वबन्धुत्वलाई धर्तीमा रहेर अघि बढ्छ भन्ने देखाइएको छ (राष्ट्रनिर्माता, पृ. ९१) । यही धर्तीमा मानव जन्मिन्छ, एक आपसमा मिलेर बस्छ, यस धर्तीमै विलिन हुन्छ भन्ने चित्रण गरिएको छ । विश्वपृथ्वी एक वर्षमा घुमी फेरी उस्तै बस्छिन् । स्त्री पृथ्वी मङ्गल भावसहित प्रिय र सुन्दर स्थानहरूमा हामीलाई पुऱ्याउन हामी यस धर्तीका सन्तति सधै सुखी खुसी, मिलनका साथ बााच्न पाऊ सधै भरी एक अर्काप्रतिको भाइचारा बढोस्, विश्व विजय बन्न सकू हामी सबैको मनोकांक्षा पूरा गरुन् भन्दै विश्ववन्धुत्वको भाव झल्एिको छ ।

### ४.६.३ उद्देश्यमा मानवतावाद

प्रस्तुत काव्यमा 'माटो र मुटुको सम्बन्ध अविभाज्य र शाश्वत छ माटो भन्नु मानवमुटुको सर्वस्व हो तथा सिर्जनी प्रकृति धर्तीकै सन्तति हामी मनुष्य आदि, मध्य र अन्त्यका सबै कार्य यसै धर्तीमा सम्पन्न हुन्छन र यसै धर्तीका काखमा हाम्रो अस्तित्व कायम रहेकाले पनि धर्तीको शरण्यतामै हामी बााच्छौ भन्ने उद्देश्य रहेको छ' (पौडेल, २०६७ : १३२) । 'पृथ्वीसूक्त' को आश्रय लिइएको यस काव्यमा भावनालाई मानवविकासका दीर्घतर सूक्ष्म आख्यानमा विस्तारित गरेको छ । यस काव्यमा यसरी व्यक्त गरिएको छ :

हुन् धर्तीमाता सबकी स्वेदश<br>
जिएर यो जीवन ज्योति शेष

(८४/२४)

संसार यौटै घर भैm समाली
बस्छयौ विराट् विश्व-कुटुम्ब पाली
फुटी नफुट्ने परिवार हाम्रो
आमा Û तिमीले गरी प्यार हाम्रो

(७२/१)

कवि घिमिरेको राष्ट्रिय स्वर वा नेपाल नेपाली प्रेम 'धर्तीमा काव्यमा पुग्दा कसरी मेची महाकाली र चीन भारतका बिचको भू-भागको प्रेम विकसित हुदै विराट धर्तीमा फिाजिन पुगेको छ वा पृथ्वी र मानवमा विस्तारित भएको राष्ट्रिय चिन्तन प्रस्तुत गरिएको छ । यस काव्यमा एक राष्ट्रले अर्को राष्ट्र राष्ट्रलाई एक प्रतिको सीमा विवाद जस्ता पक्षलार्य जोड्दै नेपाली र नेपालीपनलाई छुन खोजेको अनेको वाहनामा एक देशले अर्को देशमाथि गर्ने हस्तक्षेपको चित्रण गर्नु यस काव्यको उद्देश्य रहेको छ ।

'पृथ्वीसूक्त' जस्तो विश्वमानव र विश्प्रकृति वा धर्तीको विषयमा केन्द्रित बैदिक मन्त्रमा आधारित 'धर्तीमाता' मा राष्ट्रियता वा नेपाल-नेपाली चैतन्यलाई लिएर लेखिएको नभए पनि समग्र पथ्वी र मानव मात्रलाई लिएर रचना गरिएको यस काव्यमा राष्ट्रप्रेम धर्तीप्रेंम धर्ती र मानवका बिचको सम्बन्धमा मानिसले धर्तीमा भएको सृष्टि जस्ता विषयलाइ लिएर मानवताको चित्रण गरिएको छ । पृथ्वी र मनुष्यको अनादिकालदेखिको स्नेहसूत्रभित्र पृथ्वी र मान्छेबिच के कस्तो विजारोपण कसरी भएको हो भन्ने विषयलाई जोड्दै मानव र धर्तीका बीचको सम्बन्ध धर्तीलाई माताका रूपमा मान्ने परम्परादेखि चलि आएको प्रचलन जस्ता पक्षको माध्यमबाट मानवताको चित्रण गराएको छ । विश्वप्राणी वा मानवलाई मातृवत् स्नेह दिइरहेकी ममतामयी धर्तीलाई नै पनि एक सजिव पात्रत्वमा पुऱ्याइएको छ, धर्तीलाई नारीपात्रका रूपमा उपस्थित गरिएको यस काव्यमा जति दुःख दर्द झेल्दै गरे पनि भित्र भित्र आनन्दानुभूति लिने मानिसका बिचको मानव मातृवत्सल पुत्रझैं धर्तीप्रेमी बनेको देखाइ मानवताको वकालत गरिएको छ । यस काव्यमा मानव र धर्तीका बिचको सम्बन्धलाई यसरी प्रस्तुत गरिएको छ :

म पुत्र तिम्रो, तिमी धर्तिमाता
अटूट माटो मुटुको छ नाता

(५०/१)

मनव र धर्तीका बिच धर्ती माता र पुत्र बिच अटुट माटोको सम्बन्ध देखाउदै पुत्रले धर्तीमातालाई गरेको धर्तीप्रेम यस काव्यमा प्रस्तुत भएको छ । यही धर्तीको माटोसाग रमाउदै बााचेको मानव जातिको धर्तीप्रेम र मानवताको चित्रण गरिनु यस काव्यको उद्देश्य रहेको छ ।

म जत्ति जोतूा -धरती सहन्छिन्

म एक रोपूा -सय लाख दिन्छिन्

झुप्पा र बोला लटरम्म यस्तो

कि, बीच यौटै पनि ब्रह्म जस्तो

(६२/३)

मैले जति दुःख कष्ट दिए पनि धर्ती सहन्छिन् मेरो भलाइका लागि सधैं तत्पर छिन् । एक रोप्दा लाखौ लाख अन्न उब्जन्छ यसै धर्तीमा हामीले अनेकथरी उब्जाउाछ भन्दै यस काव्यमा धर्तीमाता र मानिसको सम्बन्धलाई चित्रण गर्दै धर्तीप्रति मानवले दिएको दुःख पीडालाई सहेर सधैा मानव सेवामा तल्लीन धर्तीमाता प्रतिको स्नेह यस काव्यमा प्रस्तुत छ ।

प्रस्तुत ‘धर्तीमाता’ काव्यमा मानव र धर्तीका बिचको अनन्त कालदेखिको धर्तीप्रेम, धर्तीका सन्तति हामी मनुष्यको आदि, मध्य र अन्त्यको कार्यहरूको सम्पन्नता राष्ट्रप्रेम, जस्ता पक्षका माध्यमबाट मानव र धर्तीका बिचको सम्बन्धमा मानवताको वकालत गर्दै यो सम्बन्ध अनन्तकालसम्म पनि जिवित रहने देखाउनु यस काव्यको मुख्य उद्देश्य रहेको छ । विविध भाषा, धर्म, सबैको धारणा गर्ने पृवी क्षमाशील, प्राणदायी, अन्नभागलाई धारण गर्ने भूमिकै वरिपरि रहेर बााच्न पाउा यसै धर्तीमा मानवले वेदिको निर्माण गर्छन् यसै भूमिकामा यज्ञको विस्तार गर्दछ्न । यस धर्तीकै काखमा मानव जातिको समाप्ति हुन्छ भन्दै मानव र धर्तीमाताका विचको धर्तीप्रेम र मानवतावादी भाव प्रस्तुत गर्नु यस काव्यको उद्देश्य हो ।

### ४.६.४ निष्कर्ष

‘धर्तीमाता’ खण्डकाव्यमा खण्डकाव्यकार माधव घिमिरेले पौराणिक विषयवस्तुको प्रयोग गर्दै मौलिकता दिई रचना गरिएको काव्य हो । धर्तीलाई अर्चना गर्दै धर्तीसाग मुटु, जीवन र मनुष्यको निकटतम सम्बन्धमा मानवताको प्रयोग भएको छ । वेदमा उल्लेख भएको पृथ्वीसूक्तले मूल आधार गरिएकाले यस काव्यमा पनि पृथ्वी वा धर्तीकै अर्चना गरिएको छ ।

यस काव्यमा जीवनको एक मात्र आधार स्थल रहेको धर्तीप्रति मानव जाति सदैव कृतज्ञ हुनु आवश्यक छ भन्ने देखाउादै माता रूपी धर्तीको संरक्षक पनि मानव मात्रै हुन सक्ने धर्तीप्रेम, विश्वबन्धुत्व र मानवता रहेको छ काव्यमा सबै किसिमका मान्छेलाई धर्तीमाताकै सन्तति, दाजु भाइको रूपमा हेरिएको छ र सबैलाई एउटै बन्धु मानिएको छ । यसरी यस काव्यमा धर्तीलाई एउटी आमाका रूपमा चित्रण गर्नु अथवा 'पृथ्वीसूक्त' भित्रका मातृत्व परक भावप्रधान मन्त्रहरूको चयन गरी एउटी आमामा पाइने महान् गुणलाई उल्लेख गर्नु र धर्तीका महिमा गाउादै स्वर्गको बयान गर्ने र यो धर्ती मानव जीवन र जीवन धान्ने माटो र पानीलाई पूज्ने सधै रक्षा गर्ने रक्षकको रूपमा उपस्थिति गरिएको छ ।

मानव जीवन धान्ने आधार बनी धर्तीले मानिसलाई आवश्यक निरन्तर सेवा गर्ने निःस्वार्थता, समानतालाई आत्मसाथ गर्दै मानव जातिले पनि एक अर्काप्रति स्नेह, समान रूपमा बााच्न सकुन् अर्कालाई स्नेह र आदर गर्नु मानवताका निम्ति गरिने पवित्र कार्य वा त्याग हो । तसर्थ, प्रकृतिमा प्राकृतिकता भएफै मानिसमा मानवता हुनुपर्दछ । जसरी धर्तीमाताले सारा सृष्टिलाई थेग्न सफल भएकी त्यसैगरी हरेक मानिसले एक अर्काप्रति श्रद्धा, आदर, सहयोग गर्नु नै मानवता हो भन्ने भाव यस काव्यमा व्यक्त भएको छ ।

पाँचौं परिच्छेद

# माधव घिमिरेका ऐतिहासिक खण्डकाव्यमा मावनतावाद

## ५.१ विषय प्रवेश

खण्डकाव्यकार माधव घिमिरेका ऐतिहासिक खण्डकाव्यहरूमा 'नयाा नेपाल' (वि.सं. २०१३), 'राजेश्वरी' (२०१७), 'राष्ट्रनिर्माता' (वि.सं. २०१३) र 'इन्द्रकुमारी' (वि.सं. २०५७) गरी चार ओटा प्रकाशित खण्डकाव्य रहेका छन् । यी काव्यहरूमा राष्ट्रियता, समानता, भ्रातृत्व र विश्ववन्धुत्व जस्ता पक्षलाई समेटिएको छ । यस परिच्छेदमा घिमिरेका ऐतिहासिक खण्डकाव्यमा मानवतावाद के कसरी प्रयोग भएको छ त्यसको चर्चा गरिएको छ ।

## ५.२ 'नयाँ नेपाल' खण्डकाव्यमा मानवतावाद

खण्डकाव्यकार माधव घिमिरेद्वारा आˆनो काव्ययात्राको दोस्रो चरणमा नयाा नेपाल खण्डकाव्यको रचना भएको हो । यो खण्डकाव्य तत्कालीन श्री ५ महाराजधिराज महेन्द्रवीरविक्रम शाहदेवको शुभ राज्याभिषेकको अवसरमा रचना भएको हो । नयाा नेपाल कविता सङ्ग्रह भनी छपाए तापनि यसको विषयवस्तु र आकारप्रकारको दृष्टिबाट विचार गर्दा यसलाई ऐतिहासिक राष्ट्रिय कोषकाव्यको रूपमा राख्न सकिन्छ (गौतम, २०३४ : २८) । तीन खण्ड, उन्नाइस प्रकरण र एकसय सन्तानब्बे गुच्छकमा संरचित यस काव्यमा एक हजार आठ हरफहरू छन् (पौडेल, २०६८ : ६२) । नेपालको इतिहासमा प्रसिद्ध रहेका श्री ५ पृथ्वीनारायण शाह, श्री ५ त्रिभुवन र श्री ५ महेन्द्रका जीवनमा आधारित यस खण्डकाव्यको विषयवस्तु ऐतिहासिक रहेको छ । प्रत्येक खण्डमा अलग-अलग राजाहरूको योगदान र समग्रमा शाहवंशीय राजाहरूद्वारा नयाा नेपालको निर्माणमा पुऱ्याएको महत्त्वपूर्ण योगदानलाई समेटिएको भ्रातृत्व चिन्तनको प्रबलता रहेको छ । नेपालका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहरले दृढताका साथ साहसपूर्वक नेपालको एकीकरण नगरेको भए अथवा राणाहरूको एकतन्त्रीय जहाानियाा क्रूर तानाशाही शासनको अन्त्य गरी श्री ५ त्रिभुवनले नेपालमा प्रजातन्त्रको थालनी नगरेको भए अथवा नेपालीहरूलाई स्वाभिमानी, राष्ट्रवादी कर्मठ र इमान्दार हुनका लागि श्री ५ महेन्द्रले पुनर्जागरणको थालनी नगरेको भए आजको नयाा नेपाल बन्न्न नसक्ने भन्दै ती महान् राजाहरूले आˆनो राष्ट्रप्रति गरेको योगदान राष्ट्रप्रेमले मानवतालाई उजागर गरेको छ ।

### ५.२.१ कथावस्तुमा मानवतावाद

'नयाा नेपाल' खण्डकाव्यको प्रारम्भ खण्डमा श्री ५ महेन्द्रका पूर्खा श्री ५ पृथ्वीनारायण शाहको चर्चा गरिएको छ । यस खण्डमा गोरखाका राजाले तत्कालीन खण्डित नेपालको आवश्यकता अनुरूप आ̂नो व्यक्तिगत स्वार्थलाई छोडी नोपली जनता र नेपालको संरक्षण र हितका लागि एकीकरणको अभियान आरम्भ गर्नु देशभक्ति, राष्ट्रभक्ति श्रद्धाभाव व्यक्त गर्नु नै मानवता हो । यस काव्यमा गोरखा राज्यको ऐतिहासिक, पौराणिक, प्राकृतिक र राजनैतिक विशेषतालाई समेत प्रस्तुत गरिएको छ । नेपाल एकीकरण पृथ्वीनारायण शाहको एकमात्र सपना भएको र उनको त्यो सपना पुरा गराउन केटाकेटी, युवक युवती र वृद्धहरूले समेत सहयोग गरेका र युद्धमा भाग लिएका छन् । त्यस्तै पृथ्वीनारायण शाहको समयमा पुरै नेपाल युद्धमय थियो तर, युद्ध एकजुट हुनका लागि थियो । पृथ्वीनारायणको दृढता र कुशल नीति आदिबाट डराएर विश्वलाई साम्राज्यका घरामा बााध्न अघि बढेको प्रस्तुत गरिएको छ । यसरी यस खण्डको अन्तमा पृथ्वीनारायण शाह नभएको भए यो विशाल नेपाल बन्ने थिएन भन्दै पृथ्वीनारायणकै कारण भारत र चीनको मध्य भागमा अवस्थित नेपाल सभ्य-सम्पन्न, स्वाभिमानी र स्वतन्त्र राष्ट्रका रूपमा चिनिन पुगेको उल्लेख गरिएको छ । देशभक्तिमा पृथ्वीनारायण सधैा तल्लीन रहेको प्रसङ्ग यस खण्डमा प्रस्तुत गरिएको छ । देशको सेवामा सदा योगदान दिन सफल पृथ्वीनारायण आ̂नो जीवन राष्ट्रभक्ति मै समर्पित गर्न खोज्नु र हरेक सच्चा व्यक्तिले देशको सेवा गर्नु मानवीय भ्रातृत्व वा मानवतावादी भाव यस खण्डमा प्रस्तुत गरिएको छ ।

यस खण्डकाव्यको दोस्रो खण्डमा महेन्द्रका पुर्खाका रूपमा उनकै बाबु श्री ५ त्रिभुवनको चर्चा गरिएको छ । यस खण्डमा उनले नेपालमा प्रजातन्त्रको प्रारम्भ गराएर नयाा नेपालको निर्माणमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । यस खण्डको आरम्भ त्रिभुवन पााच वर्षको उमेरमा राजसिंहासनमा आसीन भएको प्रसङ्गबाट गरिएको छ भने त्रिभुवनको प्रजातन्त्रपछिको प्रतिबद्धता एवं जनप्रेमी भावनाको उल्लेख गर्दै उनको देहलीलाको समाप्तिसम्मको चर्चा गरी समाप्त भएको छ । श्री ५ त्रिभुवन राजा हुनु पूर्व नेपाली राजनीतिमा एकतन्त्रीय राणाशासनको नराम्रो असर रहेको थियो । कोही कसैसाग निर्धक्क बोल्न नसक्ने जहानिया शासनका समयमा जनताले भोग्नु परेको दुःख र कष्टको चित्रण गर्दै नेपाली जनताको स्वतन्त्रता माथि गरिएको दमनको झल्को समेत यस खण्डमा प्रस्तुत छ । राजा त्रिभुवनले त्यो दासतालाई मुक्त गर्न चाहे पनि आफू स्वयं राणाहरूको कठोर नियन्त्रणमा

बाधिएको प्रसङ्गले व्यक्तिको स्वतन्त्रता माथि गरिएको प्रतिबन्धका विरुद्ध राजा त्रिभुवनले पुऱ्याएको योगदानले राष्ट्रहित आफूभित्रको सच्चा देशभक्ति भ्रातृत्वभाव यस खण्डमा व्यक्त भएको छ । गद्दीको मोह छोडी उनले नेपालमा प्रजातन्त्रको थालनी गर्दछन्, तर पनि उनको मनमा नेपाली  जनताको स्वतन्त्रता, समानता र भ्रातृत्व जस्ता पक्षले कहिल्यै छाड्दैन र यही सोच र चिन्ताले उनी विरामी पर्दछन् । हृदयरोगको उपचारका लागि बाहिर लगिए तापनि उनी आफू मर्नु अघि नेपाल नै हेर्ने र यही धर्तीमा जल्ने इच्छा प्रकट गर्दछन् । यस खण्डकाव्यमा व्यक्त भएको राजा त्रिभुवनको देशभक्तिले सच्चा मानवसेवा, राष्ट्रसेवक, जनप्रेमपनले मानवीय भाव व्यक्त गरेको छ ।

'नयाा नेपाल' खण्डकाव्यको अन्तिम वा तेस्रो खण्ड महेन्द्रका प्रारम्भिक शासनकालका वैशिष्ट्य वर्णन गर्नमा केन्द्रित रहेको छ । यस खण्डको थालनी राजा महेन्द्रको प्रशंसाबाट भएको छ । आˆना पुर्खाहरूको वीरतालाई निरन्तरता दिइरहेका तत्कालीन राजा महेन्द्र कर्ममा विश्वास राख्ने र कर्ममै संलग्न राजाका रूपमा उतारिएको छ । उनी देशमा कोही दास र मालिक नभएर सबै समान हुन् स्वदेशलाई आˆनै मान्न र देशको उन्नतिमा लाग्न आग्रह गर्दछन् । कर्ममा विश्वास गर्ने हुादा उनले नै देश विकासका लागि पञ्चवर्षीय योजनाको अवधारणाको प्रारम्भ गर्दै समानतालाई उजागर गरेका छन् । त्यस्तै देश र जनताको हितको लागि आˆनो बाबुसाथै गद्दीको मोह छोडेर महेन्द्र भारत गएको प्रसङ्ग पनि यहाा प्रस्तुत गरिएको छ । जनतालाई राष्ट्रनिर्माणमा उत्साहित तुल्याउनुका साथै राष्ट्रको स्वतन्त्रता र समानतामा नेपालको प्रकृति संस्कृतिबाट पर्याप्त प्रेरणा समेत लिएर दृढ अठोटका साथ देश निर्माणका कार्यमा अघि बढेको देखिन्छ । यसका साथै यस खण्डकाव्यमा महेन्द्रले नेपालको विकासका लागि मित्रराष्ट्रहरूसाग सम्बन्ध स्थापित गर्दै सुमधुर सम्बन्ध स्थापना गर्दै एक अर्काप्रतिको सहयोग, सद्भाव जस्ता पक्षको उजागर गर्नु नै मानवता हो भन्ने चिनारी गराएका छन् । महेन्द्रले नै बुद्धको शान्ति सन्देशलाई एशियाभर फैलाएर उनी पञ्चशीलको सिद्धान्तलाई अनुशरण गर्दै युद्ध होइन शान्तिका पक्षमा लाग्नुपर्ने सन्देशले स्वन्त्रता, समानता र भ्रातृत्व जस्ता मानवतालाई समेटेको छ । शान्तिसाथै सहयोग, मेलमिलाप जस्ता पक्ष हुन्छन् । यस्ता पक्षले नै मानवतालाई चिनाउादछ । नेपाललाई सर्वप्रथम संयुक्त राष्ट्र सङ्घमा चिनाउन र नेपालीको स्वाभिमानी इतिहासलाई सुरक्षित गर्न राजा महेन्द्रको योगदानको उल्लेख गरिएको छ । यस खण्डको अन्तमा नेपाली जाति परापूर्वकालदेखि एकता, स्वाभिमानी र शान्तिका पुजारी

हुदै आएकाले पृथ्वीनारायण शाहले एकताको त्यसै भावनालाई मूर्त रूप दिने काम गरे, त्रिभुवनले स्वाभिमानलाई बचाउने प्रयत्न गरे तथा महेन्द्रले पनि नेपाली जातिको समय सापेक्ष उन्नति प्रगति एवं पहिचान कायम गराउने पक्षमा आवश्यक पहल गरेका हुनाले प्रशंसा योग्य छन् । एकता, स्वाभिमान, नेपाली जातिको उन्नति, प्रगति, राष्ट्रप्रेम, देशभक्ति जस्ता पक्षले मानवतालाई चिनाउादछ । यस्ता उदारता, स्वाभिमान स्वावलम्बी, राष्ट्रसेवक जस्ता पक्षलाई अङ्गाल्दै गएमा मानवता फैलिदै जान्छ ।

'नयाा नेपाल' खण्डकाव्यमा नेपालको शाहवंशीय राजाहरूको अथक प्रयासबाट निर्माण भई विकासका पथमा लम्किरहेको र विशेष गरी नेपालसाग जोडिएका श्री ५ पृथ्वीनारायण, श्री ५ त्रिभुवन र श्री ५ महेन्द्रजस्ता राजाहरूको योगदान नै मानवता हो । स्वजाति, स्वदेशप्रेम, देशको र जनताको भलाइ जस्ता पक्ष र टुक्रा राज्यलाई अखण्ड राज्य बनाउनु सबै समान हुन् दास र मालिक कोही छैन भन्ने देखाउनुले सामाजिक कर्तव्य बोधलाई उजागर गर्नु नै मानवता हो ।

### ५.२.२ पात्र/सहभागीमा मानवतावाद

'नयाा नेपाल' काव्यमा जम्मा तीन जना पात्र पृथ्वीनारायण शाह, त्रिभुवन र महेन्द्र गरी क्रमशः आएका छन् । यी तीन पात्रले राष्ट्रका लागि गरेको योगदानलाई यस काव्यको विषयवस्तु बनाइएको छ । यी तीन पात्रमा रहेको मानवतालाई निम्नानुसार चित्रण गरिएको छ ।

#### (क) पृथ्वीनारायण शाहको चरित्र चित्रण

विशाल नेपालको स्वप्न द्रष्टा, पृथ्वीनाराणले राष्ट्रको लागि गरेको योगदान नेपाल एकीकरण गरी सिङ्गो नेपाललाई चिनाउन सफल राष्ट्रप्रेमी, आदर्श, समाजसेवी, स्वधर्म, स्वजातिको रक्षा गर्नु नै मानवता हो । पृथ्वीनारायणले पुऱ्याएको योगदान नै सभ्य सम्पन्न स्वाभिमानी र स्वतन्त्र राष्ट्रको रूपमा चिनिन पुगेको छ । मानिसले जे जति सुकर्म गर्दछ त्यो सबै सन्ततिका लागि हो तसर्थ सन्ततिको सुखको लागि गरेको बलिदानी नै विश्वमानवता हो । देशको रक्षा गर्नु सामाजिक जिम्मेवारी हो, राष्ट्रप्रेम, देशभक्त भएर राष्ट्रको रक्षामा सामेल हुनु मानवीय उत्तम स्वभाव हो । टुक्रा टुक्रामा विभाजित राष्ट्रलाई सिङ्गो नेपाल बनाउनु नै पृथ्वीनारायणको त्याग हो । मानिसले नै मानवीय आदर्शका उच्च धरोहरहरू निर्माण गर्दै मानवताको सेवा, संरक्षण गर्नु मानवता हो । राष्ट्रिय मानवता नै विश्वबन्धुत्वको जग हो भन्ने यस काव्यमा पृथ्वीनारायण पात्रका माध्यमबाट चित्रण गरिएको छ ।

(ख) **त्रिभुवनको चरित्र चित्रण**

'नयाा नेपाल' खण्डकाव्यमा त्रिभुवनले नेपालमा प्रजातनत्रको प्रारम्भ गराएर नयाा नेपालको निर्माणमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । पााच वर्षको उमेरमा राजसिंहासनमा आसीन भएको प्रसङ्गबाट आरम्भ गरी प्रजातन्त्रप्रतिको प्रतिबद्धता एवं जनप्रेमी भावना नै मानवता हो भन्ने चित्रण गरिएको छ । एकतन्त्रीय राणा शासनमा कसैले पनि केही बोल्न नसक्ने, भन्न नपाउने एकतन्त्रीय शासनमा त्रिभुवनले पुऱ्याएको योगदान नेपालमा समाजसेवी, मिहिनती, कर्मवीर देशका सेवक स्वाभिमानी नागरिक माथि गरिएको प्रवृत्तिले स्वतन्त्रता, समानता माथि बन्देज लगाइएको र त्यो दासतालाई मुक्त गर्ने चाहनाले मानव हित, कल्याण भाव व्यक्त भएको छ । नेपाली जनताको स्वतन्त्रता, समानता नयाा नेपालको चाहना त्रिभुवनमा जागृत हुनु नै मानवता हो । देश र जनताको लागि गद्दीको मोह त्यागी हिडेका राजा त्रिभुवन मातृभूमि प्रतिको मायालाई चित्रण गरिनु र मानवतालाई उजागर गर्नु हो । राष्ट्रप्रतिको सद्भाव, राष्ट्रप्रेम, राष्ट्रियता, देशको रक्षा गर्नु सबैको दायित्व ठान्ने आदर्श, सद्भाव तथा भ्रातृत्व भाव राख्ने राजा त्रिभुवनका चरित्रमा मानवता पाइन्छ ।

(ग) **महेन्द्रको चरित्रचित्रण**

'नयाा नेपाल' खण्डकाव्यमा राजा महेन्द्रले आˆना पुर्खाहरूको वीरतालाई निरन्तरता दिइरहेका महेन्द्र कर्ममा विश्वास राख्ने र कर्ममै संलग्न राजाका रूपमा उपस्थित गराइएको छ । राजा महेन्द्रले देशमा कोही दास र मालिक नभएर सबै समान हुन् भन्दै समानताको उजागर गरेका छन् । स्वदेशप्रतिको प्रेम र देशको उन्नति तर्फ सबैलाई लाग्न आग्रह गर्दछन् । नेपाल र नेपाली जनताको खुसीमा रमाउने प्रवृत्ति भएका राजा महेन्द्रले राष्ट्रनिर्माणमा जनतालाई उत्साहित तुल्याइ राष्ट्रको स्वतन्त्रता र जातीय स्वाभिमान, नेपालको प्रकृति र संस्कृतिको जगेर्ना गर्नु जस्ता मानवता यस काव्यमा पाइन्छ । शान्तिपूर्ण स्वाभिमानी नेपाली जातिको उन्नति प्रगति एवम् पहिचान गराइ मानिसले एक अर्काप्रति उदार भावले व्यवहार गर्नुपर्ने एकता नै मानवता हो भन्ने चित्रण यस काव्यमा व्यक्त गरिएको छ । पूर्खाको सम्पत्तिको जगेर्ना गर्दै भावी सन्ततिको  लागि योगदान दिनु जस्ता चरित्रले महेन्द्रको चरित्रमा मानवता छ ।

### ५.२.३ उद्देश्यमा मानवतावाद

'नयाा नेपाल' खण्डकाव्यमा कविले व्यक्त गरेको राष्ट्रियता नेपाल र नेपाली जनताको हितको लागि गरेको योगदान नै मानवता हो । राष्ट्रिय अखण्डता, जातीय एकता, जस्ता मानवीय गुणको चित्रण गर्दै नेपालीको स्वाभिमानलाई चिनाउनु नै यस काव्यको उद्देश्य हो । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपालको एकीकरणमा पुऱ्याएको योगदान नै नयाा नेपाल हो भन्ने चिनारी नै यस काव्यको उद्देश्य हो । राजा त्रिभुवनले नेपालमा विद्यमान एकतन्त्री जहनिया राणाशासनको अन्त्य चाहेका जनताप्रतिको स्नेह, त्याग, सद्भाव, भ्रातृत्व जस्ता चरित्रबाट त्यसको अनुशरण गर्दै अघि बढ्न प्रेरित गर्नु यस काव्यको उद्देश्य रहेको छ । राजा महेन्द्रको कोही दास र मालिक छैनन् सबै समान छन् भन्ने चाहनामार्फत समानतालाई चित्रण गरिएको छ । नेपाल र नेपाली जनताका लागि यी तीन राजाहरूले गरेको योगदानलाई काव्य मार्फत प्रस्तुत गर्दै त्याग, प्रेम, समानता, विश्वबन्धुत्व, शान्ति जस्ता महान् मानवीय आदर्शको विस्तार गर्नु यस काव्यको मूल उद्देश्य रहेको छ ।

### ५.२.४ निष्कर्ष

माधव घिमिरेको 'नयाा नेपाल' खण्डकाव्यमा ऐतिहासिक विषयवस्तुका माध्यमबाट नेपाली हुनुको गौरव, राष्ट्रियता, शान्ति, सद्भाव, वर्गीय भेदभाव, उपकार, सदाचार, त्याग, निष्ठा जस्ता मानवीयतालाई चित्रण गरिएको छ । 'नयाा नेपाल' बनाउनको लागि राजाहरूले गरेको योगदानलाई पूर्खाहरूले जगेर्ना गर्नु पर्ने सन्देश समेत यस काव्यमा व्यक्त गरिएको छ । समाजमा सबैको प्रतिष्ठा होस्, हरेक व्यक्तिले एक अर्काप्रति सद्भाव राख्न सकोस् । सच्चरित्र एवम् वीरता, दृढता, कर्मशीलता, निर्भीकता र परोपकारिताको आदर्शले मानवताको उत्थान हुन्छ ।

## ५.३ 'राजेश्वरी' खण्डकाव्यमा मानवतावाद

'राजेश्वरी' खण्डकाव्य माधव घिमिरेका काव्य यात्राको तेस्रो चरण वा चालिस वर्ष ( वि.सं. १९७७-२०१६) पूरा गरिसकेको परिपक्व अवस्थामा रचना गरिको एक उत्कृष्ट खण्डकाव्य हो । वि.सं. २०१८ सालमा रचित र प्रकाशित यो खण्डकाव्य नेपालको इतिहास वि.सं. १८६३ तिरको राष्ट्रिय वस्तुस्थिति, राष्ट्रिय चेतना र राजनैतिक दाउपेच तथा षड्यन्त्रमा अन्तर्निहित द्वन्द्व नै मुख्य विषयवस्तुका रूपमा आएको छ । प्रथम राष्ट्रिय उपचरणको चिन्तन मुक्तता र द्वितीय उपचरणका बौद्धिक अन्योलको चापबाट कवि घिमिरेले जीवनको मूल्य र आ̐नो अवस्थाको पहिल्याउन पुग्दछन् परिणति (त्रिपाठी, २०२८ : ७) । नेपाली समाजमा

विद्यमान 'सती जानुपर्यो' भन्ने लोककथा द्वारा अनुभूतिबद्ध हुदै आएको ऐतिहासिक सत्य घटनामा आधारित छ (पोखरेल, २०६७ : ५०) । रणबहादुर शाहकी जेठी राज राजेश्वरीलाई षडयन्त्रपूर्वक चितामा पुऱ्याइएको कारुणिक र ऐतिहासिक विषयवस्तुलाई यस काव्यमा प्रस्तुत गरिको छ । राजेश्वरी हेलम्बुमा निर्वासित भए देखि बाग्मतीमा सती पठाएसम्मको मार्मिक चित्रणलाई प्रमुख स्रोत बनाएको छ । त्यसकारण घिमिरे यस काव्यको मुख्य आधारमा 'सती विज्यायमाल' लाई मान्दछन् (घिमिरे, २०६७, राजेश्वरी सम्बन्धमा) । यसरी इतिहास र लोकमा समेत प्रसिद्ध रहेकी शहीद वीरङ्गनाको अविस्मरणीय चरित्र कोरेर राष्ट्रिय कविको दायित्व पूरा गरेको छ (रिसाल, २०५० : २७८) । फ्रान्सेली विद्वान् रुसोको 'प्रकृतितर्फ फर्क' भन्ने आग्रहमा आधारित मानवतावादी अवधारणाका प्रवाह पनि यस काव्यमा भेटिन्छ । त्यसैकारण 'देह मरणशील छ तर मार्ने अधिकार दिनेलाई मात्र छ' भन्ने गहन दार्शनिक अभिव्यक्ति यस काव्यमा पनि रहेको छ (दाहाल, २०५५ : १४) । यस काव्यमा मानवलाई मानवीय कमजोरी स्वरूप देखा पर्ने कु-संस्कृतिलाई समेत चित्रण गरिएको छ ।

यस काव्यमा जम्मा २० छाल रहेका छन् र सबै छालको प्रारम्भमा एउटा सानो गद्यांश पनि दिइएको छ । प्रत्येक छालमा पाच पाच श्लोक छन् र जसले काव्यसूत्रलाई सङ्गाल्दै अघि बढाएको छ । काव्यको विषयवस्तु रणबहादुर शाहको राज्यकालमा केन्द्रित छ । काव्यमा रणबहादुर शाहलाई काशीबाट फर्काएर ल्याएदेखि उनको निधन पछिको समयावधिलाई समेटिएको छ । तापनि रणबहादुर शाहको निधनपछिका राजेश्वरीका तीन दिन दिनको कालिक वृत्त मुख्य अवधि बनेर आएको छ । यस काव्यका उन्नाईस छाल शार्दुलविक्रीडित छन्दमा र अन्तिम छाल शिखरिणी छन्दमा रचना गरिएको पाइन्छ । यसमा कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धति पनि अपनाइएको छ । राजेश्वरी खण्डकाव्य मा यस किसिमको ऐतिहासिक भूलको उल्लेख भएको छ । जहाा मावनलाई मानवीय कमजोरी स्वरूप देखापर्ने कुसंस्कृतिलाई आधार बनाइएको छ (निरौला, २०६३ : १६१) । यस काव्यमा षड्यन्त्रकारी राजनीतिमा महत्त्वपूर्ण व्यक्तिहरूलाई अवसर नदिने कुरालाई देखाइएको छ । घिमिरेका अनुसार वी.पी र श्री ५ महेन्द्रको आ-आˆनै व्यक्तित्व थियो र त्यही व्यक्तित्वको टक्करले वि.सं. २०१७ सालमा पन्चायत व्यवस्था आयो र त्यही व्यक्तित्व टक्करको सन्दर्भलाई उनी यस काव्य लेखनको पृष्ठभमिका रूपमा लिइन्छ (पौडेल, २०६७ : ७८) । वी.पी. राजा पनि संवैधानिक दायरामा रहेर बस्नु पर्ने नीति लिने भने महेन्द्र आˆनो

निर्देशनमा शासन चलाउन चाहन्थे । जसले गर्दा दुई बिच टक्कर उत्पन्न गरायो (पौडल, २०६७ : ७८) । ऐतिहासिक विषयवस्तुलाई आधार बनाए पनि नेपालको ऐतिहासिक अतीतदेखि वर्तमानकालीन समसामयिकतालाई पनि अङ्गालेको छ । तत्कालीन समाज र राजनैतिक अवस्थाको चित्रण गरिएको यस काव्यमा राजश्वरीको पीडालाई राष्ट्रिय पीडा र राष्ट्रिय पीडालाई अन्तर्राष्ट्रिय बनाउदै कवि घिमिरेले आ̂नो उच्च मानवतावादी दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । यो काव्य घिमिरेको कलात्मकताको शीर्षस्थ प्राप्तिहरू मध्ये एक हो ।

जीवनवादी मानवतावादी दृष्टिमा अभिव्यक्त यस काव्यमा राजा रणबहादुर शाहकी जेठी रानी राजेश्वरीको जीवनको अन्त्यसाग सम्बन्धित ऐतिहासिक घटनालाई समेटिएको छ । पतिद्वारा परित्यक्ता, एकान्तवासिनी र उदार हृदयकी नारीलाई कसरी छलकपटद्वारा बोलाएर सेतीवेदीमा चढ्न विवश पारिएको विषयवस्तु समावेश गरिएको छ । वि.सं. १८०६ वैशाख १४ गते शेरबहादुर शाहीले राजा रणबहादुर शाहलाई हत्या गरेपछि हेलम्बूमा निर्वासित राजेश्वरीलाई काठमाडौा झिकाएर सतीवेदीमा चढाएका ऐतिहासिक समय र सन्दर्भसाग यो काव्य सम्बन्धित छ । यस काव्यकी प्रमुख नारीपात्र राजेश्वरीलाई मानवताहीन समाजकी प्रतीकको रूपमा उभ्याइएको छ । यसमा राजेश्वरीको स्वतन्त्रता, समानताको हनन भएको छ । राजेश्वरीको मातृत्व र देशभक्तिप्रेमलाई अभिव्यक्त गरिएको छ ।

### ५.३.१ कथावस्तुमा मानवतावाद

'राजेश्वरी' खण्डकाव्य राजा रणबहादुर शाहकी जेठी रानी राजेश्वरीको अन्त्यसाग सम्बन्धित ऐतिहासिक घटनालाई काव्यकारले खण्डकाव्यात्मक स्वरूप प्रदान गरेको छ । गुल्मीको राजकुलमा जन्मिएकी पतिपरायणा तर सधैं उपेक्षित, सन्तानहीना तर गीर्वाणकी धर्मकी आमा, उदार हृदया तर दरवारिया षड्यन्त्रले हेलम्बुमा निर्वासित सधैं नेपालको सुनौला सपना देख्ने तर पच्चिसै वर्षको उमेरमा चिता चढेकी रानी राजेश्वरकिो जीवन जटिल भईकन पनि सरल, सरल भईकन पनि मार्मिक छ । अतीतको यात्रा गाथालाई मैले पनि आज आ̂नो स्वरमा उतार्ने प्रयत्न गरेको छु । यस कार्य मेरो मुख्य आधार 'सती विज्याय मल' भन्ने नेवारी लोकगीत छ, जो हेलम्बु निर्वासित भएदेखि वाग्मतीमा सती गएसम्मको राजेश्वरीको मर्ममधुर जीवनको शेष अंशसाग सम्बन्ध राख्दछ ।

एक दिन ब्रह्म मुहूर्तमा हेलम्बुमा निर्वासित जीवन बिताएका पति परायणा तर पतित्यक्ता रानी राजेश्वरीलाई कान्तिपुरका सात जना दूतहरूलाई बोलाएको प्रसङ्गबाट

राजेश्वरी खण्डकाव्यको कथानक प्रारम्भ हुन्छ । दूतहरूले रानीलाई कान्तिपुर लान आएको कुरा सुनाउादा उनी षड्यन्त्रको शङ्काले त्रास हुादै हेलम्बुमा नै बस्ने कुरा गर्दछिन् तर षडयन्त्रपूर्वक दूतहरूले राजा रणबहादुर शाहको जाली प्रेम सन्देश सुनाउाछन् । पति प्रेमविह्वल निमन्त्रणा सुनेर उनी खुशीले कान्तिपुरका लागि प्रस्थान गर्छिन् । तर एक बास बसेपछि भोटेकोसीमा आइपुग्दा राजाको स्वर्ग भएको खबर सुनेर रानी राजेश्वरी वैधयशोकले व्याकुल हुन्छिन र आफूमाथि आइपर्ने सम्भावित आपत्तिले ग्रस्त भई हेलम्बूमै फर्किन चाहिन्छन तर उनलाई दूतहरूले फर्किन दिादैनन् र रानी शोकाकूल र मलिन मुहार तथा दयनीय स्थिति देखेर एउटी गाउाले युवतीले दुःख प्रकट गर्छे । साथै बज्रयोगिनीमा पुगेपछि रानीले राजाको आत्मशान्ति र मङ्गल प्राप्तिका निम्ति सुनको आशागुर्जा चढाउाछिन् । पुजारीले रानीको कल्याणको कामना गर्छन् । राजेश्वरीको कान्तिपुरको यात्राकै क्रममा एकजना बुढो गाइने रानीले विगतमा नेपाल र राजालाई गरेको योगदान र सहयोग मध्ये रणबहादुर शाहलाई काशीबाट फर्काउन र उनलाई राज्य सञ्चालनमा संलग्न गराउन महत्त्वपूर्ण भूमिका खेलेको कुरालाई गीत मार्फत बताउाछन् । तीन दिनको यात्रा पछि रानी बागमती किनारमा आइपुग्छिन् । त्यहाा तैनाथ एक सैनिक टुकडीले रानीलाई दरवार जान रोक्छ । रानी सेनालाई आˆनो पक्षमा पार्न कोसिस गर्छिन् तर उनी असफल हुन्छिन् । सेनापतिले रानीमाथि दया राख्दै अमात्य र भारदारहरूको अवसरवादिताको स्पष्टता गराउाछन् । रानीले वागमतीको तीरमा जनसमूह लगायत सारा भाइभारदार र अमात्यलाई राज्यका लागि आफूले बााच्नु पर्ने आवश्यकता जनाउादै आˆनो राष्ट्रपतिको नीति बताउाछिन् । अमात्य पुरोहित सतीको साांस्कृतिक र धार्मिक महत्त्व दर्शाउन 'सती विज्याय माल' सुनाउादै रानीलाई सतीवेदी चढ्न प्रेरित गर्दछ । राजीले आफूले राजनीतिमा सक्रिय भएर जीवन विताउन नपाए पनि एक साधारण मान्छेझैं बााच्न पाउा भनेर विन्ती गर्न थाल्छिन् यसै बीच देवारमा आठ वर्षका बालक राजा गीर्वाण आमा राजेश्वरी नआइ पुगेकीमा विह्वल बनेर आमालाई पुकार्छन् । साथै उनले कतै आमालाई अनिष्ट त भएन ? भनेर शङ्का पनि गर्दछन् । यता रानी हेर्न पाउा भनेर आर्तपुकारा गर्दै जीवनको भिक्षा मान्छिन् । तर अमात्यले रानीलाई सतीका लागि सतीवेदीमा जान आदेश दिन्छ । अमात्यले रानीका पक्षका कनै किसिमको सहानुभूति नराख्न र शान्त भएर बस्न जनसमूहलाई धम्की दिन्छ तर रानीको त्यस्तो दयनीय स्थिति देखेर एक राजनैतिक, एक दार्शनिक र एउटा कलाकार गरी तीन जनाले रानीको जिजीविषाको समर्थन गर्दै बााच्न दिनुपर्ने स्वर

निकाल्छन् । तत्कालीन परिस्थितिमा तिनको स्वर त्यसै दवेर जान्छ । काव्यमा प्रत्क्ष रूपमा नदेखिए पनि काव यको विषयवस्तुको समाप्ति रानीलाई सतीवेदीमा चढाई अग्निमा होमिएको घटना स्वत : व्यञ्जित हुन्छ । त्यसैगरी रानीलाई जर्वजस्ती सती जान वाध्य तुयाएको र उनको जीजीविषा अपूर्ण नै रहेका कारण आज पनि वागमतिको नदिको भुल्काहरूमा ती भुलभुलाई रहेको एवम् उनी हेलम्बूमा रहेका छन् भन्ने कवि कल्पनाका साथ काव्यले उपसंहारको स्वरूप लिएको छ । यही उपसंहारका साथ यस काव्यको विषयवस्तु पनि समाप्त भएको छ ।

यस खण्डकाव्यमा पहिलो छालदेखि चौथो छालसम्मका श्लोकमा राजेश्वरी छलछाममा परी हेलम्बूबाट कान्तिपुरतर्फ हिडको घटनाबाट कथावस्तुको आदि भागको निर्माण गरिएको छ भने पाँचौदेखि पन्धौा छालसम्म राजेश्वरीका मनमा पैदा भएको अनिष्ट शङ्का उनले प्राप्त गरेको वैधव्य सूचना अनि पुजारी बुढो गाइने आदिका कनबाट सङ्केत पाएको घटना राजेश्वरीको देशप्रेम र धर्तीप्रेमका आकांक्षाको अभिव्यक्ति, पुरोहितले रानीलाई सती जान दिएको उत्प्रेरणा, बालक राजाले गरेको आमाको सम्भना र षड्यन्त्रकारीका घेरामा परेकी राजेश्वरीले एकै पटक भए पनि आ ँनो शिशु बालक राजालाई भेट्न पाउा भनी गरेको आग्रह जस्ता भावपूर्ण घटनाक्रमबाट यस आख्यानात्मक कथावस्तुको मध्यभाग बनेको छ । प्रस्तुत खण्डकाव्यका सोह्रौदेखि बीसौं छालमा अमात्यले राजेश्वरीलाई सती जान तुल्याएको घटना र राजनीतिक, दार्सनिक एवम् कलाकारले गरेको राजनीतिक षड्यन्त्रका आलोचना अनि प्राकृतिक शक्ति र आत्मिक शक्तिको महिमागान तथा अन्यायको प्रतिरोध नगर्ने मानव चेतनाका सुषुप्तिको भर्त्सना, सृष्टिसौन्दर्य र मानवीय जिजीविषाको पक्षपोषणसाग सम्बन्धित कथनका साथै राजेश्वरी सती गएको सङ्केत जस्ता घटनाक्रम तथा विचारको अभिव्यक्तिका समाष्टिबाट यसको कथावस्तुगत अन्त्य भागको निर्माण गरिएको छ । यसरी आदि, मध्ये र अन्त्यक्रमिक रूपमा शृङ्खलाबद्ध रहेको पाइन्छ ।

हेलम्बूमा जीवन निर्वाह गरिरहेकी रानी राजेश्वरीलाई छलकपटका माध्यमबाट दूत पठाइ राजाको भुटा प्रेम सन्देश सुनाउदै रानीलाई कान्तिपुर फर्कन वाध्य पार्नुमा नै अमानवीयता प्रकट भएको छ । हेलम्बूको प्राकृतिक सौन्दर्यमा रमाउदै बसेकी रानीलाई दूतहरूले यसरी भुटो प्रेमसन्देश सुनाएका छन् :

जोगीलाई फिराइ कान्तिपुरमा वैराग्यदेखिन् खिच्यौ

मेरा निम्ति हजारबाट सागिनी Û संसार नौलो रच्यौ

बैशाखी निशिमा वसन्तपुरमा शय्या रची राजसी
आफू बाहिर जोगिनी बनिगयौ रानी Û खरानी घसी

(६/४)

रानीलाई झुक्याइएको यस श्लोकमा अमानवीयता झल्कीएको छ । यसरी रानीलाई छलेर दूतहरूले कान्तिपुर ल्याउनका लागि गरिएको षडयन्त्रलाई देखाइएको छ ।

सरलहृदया रानी प्रेम सन्देशको विश्वासमा परेर कुटीबाट निस्केर बाहिर निस्किन्छिन् कान्तिपुरको प्रस्थान गर्छिन् । दाम्पत्यप्रेमलाई यस काव्यको चौथो छालमा रानीका माध्यमबाट यसरी चित्रण गरिएको छ ।

तिम्रै नित्य नजिक बस्छु प्रिय हे Û बोल्दै नबोले पनि
काहालीसरि लाग्छ यो विरहमा बस्ता अकेली बनी
मै तिम्रा क्षणलाई घेर्छु गृहिणी भै कार्यले व्याकुल
खोला रच्तछ शैलकै चरणमा कल्लोल कोलाहल

(८/४)

रानीले मोहित भएर राजालाई तिम्रै नित्यमा बस्न चाहेको कुरा समेत व्यक्त गरिएको छ । कहाली लागेर आउाछ यस उमेरमा एक्लै बस्दा तिम्रो साथ पाए म हेलम्बु छोड्छु भन्दै रानीको आत्मियतालाई खोलिएको छ । यहाा पत्नीत्व गुण एवम् चरित्रको प्रकाशन र करुण नारी-आदर्शका गुण र धर्म अभिव्यन्जन भएको छ । यसरी रानी विश्वासमा परेर आˆनो मनमा गुम्सिएका भाव खुशीका साथ व्यक्त गरिएको छ ।

राजा स्वर्गे भएको सुनेपछि अज्ञात विपत्तिका आशङ्काले फेरि हेलम्बूमै फर्कने प्रयास गर्दा रानी राजेश्वरी शिरमा रहेको सौभाग्यको प्रतीक सिन्दुरलाई धुनुपर्दा गङ्गा नै सिन्दुरमय बन्ने, चुल्ठोलाई खोलेर पति विहीन वैधव्यको जीवन जीउनु परेमा संसार अन्धकारमय हुने भाव यसरी व्यक्त गरिएको छ -

गङ्गाको धमिलिन्छ धार शिरको सिन्दुर धोऊा भने
धर्ती बन्दछ अन्धकारमय यो चुल्हो म फोऊ भने,
काटूा रे अब रोइ रोइ कसरी वैधव्यको जीवन
वर्षा गर्छ विलाप इन्द्रधनुको शृङ्गार धोइकन

(९/२)

हेलम्बू छोडी कान्तिपुर आउने क्रममा गाउाका युवतीहरू रानीका कमलका फूलझैं कोमल पाउलाई त्यो वन, खोला, बगरमा खोला तर्दाका समस्याहरूलाई आत्मविभोर भएर कति दुःख भयो होला काडा बिझे होलान् भन्ने रानीप्रतिको प्रेम, स्नेह भाव व्यक्त गरिएको यस काव्यमा यसरी व्यक्त गरिएको छ -

रानी एक त पाउ छन्, कमलका फूलैसरी कोमल
दोस्रो हिाड्नु छ खोाचमा बगरमा खोला तरी फेनिल

(पृ. ११/१)

यस काव्यको छाल ७ मा पुजारीले राजेश्वरीप्रतिको उदार प्रवृत्तिको चित्रणका साथै रानी राजेश्वरीले मन्दिरमा प्रतिभालाई अङ्गाली रोउको पक्कै केही पीडा छ शान्त होस् भनी पुजारीले प्राथना गरिएको छ । यसबाट रानीप्रति गरिएको सहानुभूतिले मानवताको चित्रण गरिएको छ । पुजारीले रानीलाई परेको विपत्तिमा भगवान्ले रक्षा गरुन् भन्दै आशीर्वाद दिनु जस्ता पक्षले आध्यात्मिक मानवतालाई समेत चित्रण गरिएको छ । काव्यमा यसरी व्यक्त गरिएको छ -

देवी Û प्रस्तरमूर्तिबाट कसरी आासू बह्यो भल्भल
तिम्री सन्तति ती कतातिर पुगिन् के दुःखले विह्वल
देख्छ्यौ दुःख र दर्द आर्तजनको आाखा खुली भालको
हानी ठोस सुवर्ण दण्ड , वशमा लेऊ महाकाल यो

(१४/४)

हे देवी दुःखमा परेकाहरूको दुःखहर्ता सुखकर्ता यी सबै दुःख दर्द सबै हटाइदिनुहोस, भन्दै पुजारीले रानी राजेश्वरी प्रति दर्शाएको सहानुभूति र देवीप्रति गरिएको पुकारले

आध्यात्मिक चिन्तन प्रस्तुत गरिएको छ । दुःख पाएर गैरहेकी रानी राजेश्वरीको अतीतको वीरगाथाको गाथा गाइरहेको गाइनेका मध्यमबाट पनि यस काव्यमा मानवताको वकालत गरिएको छ ।

प्रकृतिको सौन्दर्यमा रमाएकी रानीले वाग्मती पारि आइपुग्नासाथ सेनाको एक दलले रानीलाई रोक्छ । रानी सेनालाई आ̃नो पक्षमा लिन खोज्छिन र देशको भक्तिका लागि नराम्रो अवस्था देख्दा रानीको विद्रोह र देशप्रेम प्रकट भएको छ । मलाई कसले रोक्न सक्छ भन्दै विद्रोही भाव व्यक्त भएको छ । मेरा सन्ततिहरू आध्यारोमुनि नै छन्, लाखौ दुःख र दर्द आमा भन्दै पोख्नेछन् भन्दै देशभक्ति, राष्ट्रभक्ति र सन्तानहरूप्रतिको नेपाली जनताप्रतिको मातृत्व भाव यसरी व्यक्त गरिएको छ ।

मेरा सन्तति कोटि कोटि कसरी रुन्छन्, आध्यारामनि  
लाखौ दुःख र दर्द एक स्वरमै उच्चारि आमा भनि  
कल्ले रोक्न मलाइ सक्छ म जसै चम्कन्छ विद्युत्सरी  
मेरा सन्तति ती उतार्छु छलका कारा आध्यारा चिरी

(१८/५)

सेनापतिले राजश्वरीलाई हृदयदेखि नै गरेको राजमाता हजुरले जति विन्ति भाउ गरेपनि तपाईको आज्ञा मान्न सक्दैनौ तर तपाईको यो दुरदशा माथि दया राख्न सक्छौ । क्षमा गर्नुहोस् भन्दा सेनापतिले देखाएको भावमा पनि मावनतालाई देखाइएको छ । रानी राजेश्वरी नेपाल जनको सेवा गर्न सकू मेरो सिन्दुर पुछेपनि म बााचेर केही गर्न सकू भन्दै रानीको आ̃नो जीवन र नेतृत्वको आवश्यकता देखाएको यस काव्यमा रानी राजेश्वरीका माध्यमबाट प्रकट भएको छ । देश प्रतिको प्रेम, असल राष्ट्रनिर्माणको चाहना यस काव्यमा रानी राजेश्वरीका माध्यमबाट यसरी व्यक्त गरिएको छ -

नेपाली जनको सिागार म गरुा सिन्दूर मेरो पुछी  
फुस्केको यस केशसाथ शिरमा चिन्ता जुरामा कसी  
साच्चै बााच्न सकू मरेर अरूको अव्यर्थ उद्देश्यमा  
केही साान्न सकू विराट् मनुजको अक्षय्य यै कोशमा

(२२/५)

रानीलाई सती जान प्रेरित गर्दै पुरोहितले पाप पखाल जाउ रानी पवित्र पथको बाटो शीतल हौ, तिमी जलिसके पछि तिमीलाई यस आर्यघाटमा हेर्न सधैं आउनेछन् । तिम्रो शुभ सतीत्वको महिमा-गान गाउनेछन्, भन्दै पुरोहितले रानीप्रतिको चरम अमानवीय र सतीप्रथालाई यहाा चित्रण गरिको छ । जिउादै मानिसलाई चितामा होमेर जलाएमा स्वर्ग गइन्छ भन्ने कु-प्रथालाई यहाा चित्रण गरिएको छ । चन्द्रशमशेरका पालामा (वि.सं. १९७७) सालमा हटाइएको कुप्रालाई काव्यकार घिमिरले 'राजेश्वरी' काव्यका माध्यमबाट चित्रण गरिएको पाइन्छ । यस काव्यको छाल १३ मा पुराहितले राजेश्वरीलाई सती जान गरेको आग्रहमा चरम अमानवीयता प्रस्तुत भएको छ ।

देवी Û पावन आर्यघाट तटमा मान्छे सधैा आउलान्
तिम्रो शुभ्र सतीत्वपूर्ण महिमा-गाथा सबै गाउलान्
देलान् शान्त सतीशिला-उपरमा पानी भरी अञ्जली
जाऊ पाप जली पवित्र पथको सङ्कल्पको शीतली

(२४/४)

साामको समयमा बालक गीर्वाणले आमाको बाटो हेरिरहेको आमा अझै आइनौ कतै छल गरेर मान्छे केही भयो की भन्ने सङ्का गर्दै सात दिन भईसक्यो न त आमा फर्किएको न त दूत नै फर्किएको पीडालाई बालक गीर्वाण पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यहाा छोराले आमा प्रति गरेको माया, ममता, स्नेहलाई चित्रण गरिएको छ । छोराले वरु सपूत बनेर पाल्छु भन्दै आमाप्रतिको कर्तव्य वोध गरिएको छ । बालक भए पनि गीर्वाणले आˆनो कर्तव्य दायित्वलाई बोध गरेको आमा म तिम्रै शान्त सौम्य मुखको मुस्कान पर्खिरहको छु छिटो आउनुहोस् भन्दै विलाप शोक व्यक्त गरिएको छ । पहिलेका मानिस र अहिलेका मानिसबीच तुलना गर्दै सिङ्गो पर्वत नाघेर खण्डको जस्तो पखेटा फिलाएर तर आजका मानिस मानवता नभएका मानवताहीन भन्दै वर्णन गरिएको यस काव्यको छाल पन्ध्रमा व्यक्त गरिएको छ । म पनि पुरुखा जस्तै जान्छु सात समुन्द्र नाघेर सुनको दरबारमा अनि ती राक्षसहरूबाट मुक्त हुन चाहन्छु भन्दै काव्यमा यसरी व्यक्त भएको छ -

सानै छौ अहिले, बढेर कहिले ठूलो बनौला भनी
भन्थ्यौ हृदयमा लिएर कुन त्यो स्वप्ना सुनौली तिमी
आऊ हेर्न, पुगेर आठ अब ता ठूलो भएको छु म
आमा Û वीर सपूत भैकन तिमीलाई स्वयम् पाल्छु म

(२७/३)

माउ विनाको बाच्छो खोसिए झैं राजेश्वरी पनि आˆनो बच्चाको आत्मीयताले छटपटी टाढा बसीरहेका वात्सल्यप्रेम ममतामयी भाव व्यक्त भएको छ । अन्तमा मेरो बालकको मुख हेर्न देऊ भन्दै वात्सल्यप्रेम र मानवता पन्धौ छालमा रहेको छ ।

पन्छी लम्किरहेछ छोप्न बचरालाई पाखेटा मनि
सम्झी वत्स धेनु दुधको दौडन्छ हम्बा भनी
टाढा रोइरहेछ हे, विरहमा निर्वोध मेरो शिशु
गङ्गा बार लिएर आासू गहमा एक्लै कसोरी बसू

(२९/१)

अन्यायको विरुद्धमा एक जना राजनैतिकमा स्वतन्त्रता, समानता जुरमुराएको छ । शोकमा डुबेकी रानीलाई चीतामा होमन गर्न ल्याउादा विरोध भाव जनाएको छ । असहाय विधवालाई सहयोग गर्नुको सट्टा उल्टै उभिने ठाउा समेत नराखेको भन्दै निरीह नारीलाई थुनेर, तर्साएर, हप्काए र धर्मले फसाएर अन्तिममा चित्रामा होमिएको मनोभावलाई यहाा व्यक्त गरिएको छ । मान्छे कति निरीह हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । चरम अमानवीयताको चित्रण यसरी गरिएको छ -

खोज्छिन् केवल बाााच्न वीर-रमणी यै देशको निम्तिमा
ज्यूादो ज्योति निभाउछौ तर तिमी निष्प्राणको प्रीतिमा
तिम्रो धर्म यही-अधर्म अरूका बाााच्ने सबै कोशिश
यस्तो पावन सृष्टिभित्र कसरी पापी बन्यो मानिस

(३४/४)

प्रकृतिमा बााच्ने अधिकार सबैको बराबर हुादाहुादै पनि मानिसले मानिसको नैसर्गिक अधिकार खोसका छन् । किन एक जनाको जीवन हेर्न खोज्दैछौ भन्दै मानिस मानिसको रूपमा नरहेको एक दार्शनिकका माध्यमबाट व्यक्त भएको छ । स्वतन्त्र रूपमा बााच्न पाउनु उसको अधिकार हो अर्काको अधिकारलाई किन हनन् गर्दैछौ भन्दै यस काव्यमा दार्शनिकका माध्यमबाट व्यक्त भएको छ । एकजना कलाकारले रानीको स्वतन्त्रताको लागि बोलेका छन् । रानीको स्वतन्त्र जीउने इच्छा माथि सहानुभूति व्यक्त गर्दै मानिसले दिने सुखदुःख कुनै पनि अवस्थामा काट्न मिल्दैन यदि सक्छौ भने अरूलाई प्यार दिल नै खोलेर देऊ तिमी सक्दैनौ भने अरूको लाभ खोसी लिने अधिकार तिम्रो छैन भन्दै कलाकारका माध्यमबाट व्यक्तिको स्वतन्त्रता माथि हनन भएको मानवतावादी भाव यहाा प्रकट भएको छ ।

सक्छौ ता अरूलाई प्यार दिल नै खोलेर देऊ तिमी
सक्तैनौ त अलभ्य लाभ अरूको खोसी नलेऊ तिमी
आत्माका वरदान हर्न भन रे तिम्रो छ के को हक ?
यौटा दिव्य प्रकाश घुम्छ दिनहू बोकी नयाा आसिक

(३८/४)

मानिसले मानिसलाई गर्ने मानवीयताको हनन हुादै गएको समाजमा केही गर्छु भन्ने मान्छेलाई गर्न दिइदैन मानिसको स्वतन्त्रता हनन भइरहेको छ भन्ने मानवतावादी जीवनदृष्टि प्रस्तुत गर्दै दार्शनिक पक्षको समेत प्रयोग पाइन्छ ।

यसरी २० छालमा संरचित राजेश्वरी खण्डकाव्यमा मानवता, स्वतन्त्रता, समानताको वकालत गरिएको छ । मानवीय तथा अमानवीयतालाई चित्रण गरिएको यस काव्यमा राजेश्वरीले देशभक्ति, राष्ट्रप्रेम र मातृत्वको चित्रण गरिएको छ । आदि, मध्ये अन्यको शृङ्खलाबद्ध यस काव्यमा समाजमा विद्यमान सती प्रथाले मानिसप्रतिको बााच्ने अधिकार हनन भएको परम्परालाई समेत चित्रण गरिएको छ ।

### ५.३.२ पात्र/सहभागीमा मानवतावाद

राजेश्वरी खण्डकाव्यमा प्रत्यक्ष रूपमा क्रमशः दूत राजेश्वरी, ग्रामयुवती, पुजारी, गाइने, सेनापति, पुरोहित, राजा, गीर्वाण अमात्यता राजनीतिज्ञ, दार्शनिक, कलाकार र कवि गरी जम्मा१४ पात्रहरू उपस्थित भएका छन् । अप्रत्यक्ष रूपमा भारदारहरू, कान्तिमती, त्रिपुरा,

दासी र उपस्थित जनसमूह अर्थात् नेपाली जनता पनि पर्दछन् । राजेश्वरी काव्यमा आएका प्रमुख पात्रको चरित्रमा पाइने मावनतालाई चित्रण गरिएको छ ।

क) राजेश्वरीको चरित्र

राजेश्वरी रणबहादुर शाहकी जेठी रानी, काव्यकी प्रमुख नायिका केन्द्रिय चरित्र हुन् । पतिपरायणा भए पनि पतिबाट नै उपेक्षित र सन्तानहीन गीर्वाणकी धर्मकी आमा, उदारहृदय भएकी दरवारिया षडयन्त्रको सिकार भई हेलम्बुमा ˆयााकिएकी नारी पात्रका रूपमा यस काव्यमा उपस्थित छन् । सधै नेपालको सुनौलो सपना देख्ने तर पच्चिस वर्षको उमेरमा चितामा जल्न पुगेकी नारी हुन् (त्रिपाठी, २०२८ : १२) । उनी हेलम्बूमा पतिद्वारा नै परित्यक्ता जोगिनी -वियोगीनी बनेर बसेकी तर पतिका प्रेमसन्देश सुन्नासाथ जालसाजको शङ्का हुादाहुादै पनि कान्तिपुर नफर्किइ पतिको प्रेमनिमन्त्रणालाई स्वीकार्ने पति परायणा समग्र हिन्दू नारी वा गृहिणीकी प्रतिनिधि पात्रका रूपमा उपस्थित छन् ।

बालक गीर्वाणलाई हेर्ने अन्तिम इच्छा राख्दै वात्सल्य प्रेमलाई चित्रण गरिएको प्रसङ्गमा लैनो गाई बाच्छो सम्झेर सन्ताप्रति ममतामयी माताको रूपमा आफूलाई उपस्थित गराएकी मातृवात्यसल्यपर्ण उदार हृदया नारकिो प्रतिनिधि गरेको छ । तत्कालीन राजनीतिको फोहोरी खेलमा डटेर भिड्न सक्ने र नेपालको भविष्य उज्जवल बनाउने आकांक्षा लिएकी राजेश्वरी सम्पूर्ण मावनताकै एक प्रतिनिधि पात्र हुन् । दृढ सङ्कल्पित एकान्त प्यारी, दरवारीया घिन लाग्दो फोहोरी वातावरणलाई परित्याग गरी स्वच्छ पवित्र प्राकृतिक वातावरणमा रम्न चाहने नारी पात्रका रूपमा लिन सकिन्छ (दाहाल, २०५५ : २७) । राजेश्वरी सुख, दुःख दुवैलाई स्वीकारेर भविष्य र मानवताको उद्देश्य प्राप्त गर्न चाहने, जीवनलाई सार्थक, मूल्यवान ठान्दै धर्तीका पक्षमा मान्छेको सहानुभूतिमा भन्दा राष्ट्रिय मानवीय अर्थ र मूल्यतिर सोच्न र प्रेरित गर्न चाहन्छन् । महान आदर्श व्यक्तित्व र उदात्त प्रतिभाका अभिलक्षण हुादाहुादै पनि निरीह, असहाय नारी पात्रका रूपमा आएकी छन् । देश र जनताप्रतिको कर्तव्य र उत्तरदायित्वप्रति सदैव चिन्तित रहने, देश भक्ति को अगाध माया हुादाहुादै पनि चितामा होमिनु परेको देखिन्छ । सत् पात्रका रूपमा आएकी राजेश्वरीमा गतिशील, धर्मपरायण, स्वच्छन्दता र अस्तित्ववाद जस्ता विशेषता पाउन सकिन्छ ।

स्वार्थरहित मानवकर्तव्य, मानवआदर्श, स्वतन्त्रताकी प्रतीक हुन् । राष्ट्रहित र कर्मवादी जीवनदृष्टि राजेश्वरीमा रहको पाइन्छ । बालक गीर्वाणलाई धर्मआमा बनेर अन्तमा समेत सुख

हेरेर मर्न पाउा भन्ने चाहना राख्ने मातृत्व रहेको छ । देश र जनताको रक्षा र सेवा गर्न पाउा भन्दै देशभक्ति भाव राजेश्वरीमा पाइन्छ । बज्रयोगिनीमा आशागुर्जा चढाएर आ~नो मनोअभिलाषा प्रकट गरेबाट ईश्वरप्रतिको आस र आर्यसंस्कृतिको गहिरो प्रभाव रहको छ । तसर्थ राजेश्वरी देशप्रेमद्रविता जनप्रिया महारानी, आदर्श र कुशल गृहिणी, पुत्र वत्सला आमा, पतिपरायणा रमणी, परित्यक्ता, सतीपत्नी, योगिनी, गृहलक्ष्मी र चितामा जवरजस्ती होम्न ल्याइएकी असहाय दयनीया, निरीह नारी आदिको प्रतिनिधित्व गर्ने पात्रका रूपमा यस काव्यमा प्रमुख पात्रका रूपमा उपस्थिति छन् ।

ख ) अन्य पात्रहरूको चरित्र

अन्य पात्रहरूको चरित्रलाई स्वाभाविक र व्यक्ति सुहाउादो बनको छ । अमात्य केही षड्यन्त्रकारी, पदलोलुप र राजनीतिको निहुामा कूटनैतिक धूर्तता खेल्न खप्पिस प्रतीकका रूपमा उपस्थिति भएको छ । तत्कालीन दरबारीया राजनीति, मन्त्री वर्गको प्रतिनिधि पात्रका रूपमा उपस्थित भएको पाइन्छ । अमात्य रानीलाई सतीवेदीमा जलाएर आफू निर्विघ्न रूपले सत्तामा आउन चाहन्छन् राजेश्वरी पछि मुख्य भूमिका खेल्ने प्रमुख पात्रको रूपमा अमात्यलाई प्रस्तुत गरिएको छ । राजनीतिमा दया माया नभएर चालबाजी र धूर्तता हुन्छ भन्ने कुराको आभास अमात्यको चरित्रले दिएको छ । तत्कालीन परिवेशका राजनीतिनिपूर्ण, धूर्त, केही क्रूर कठोरता राजभक्त एवम् देशभक्त व्यक्ति देखिन्छन् ।

बालक राजा गीर्वाणको बालोचित चरित्र प्रकट भएको पाइन्छ । बालक भएर पनि आमाप्रतिको कर्तव्य र दायित्व वोध गर्ने बालपात्रका रूपमा उपस्थिति भएको पाइन्छ । आमा प्रतिको माया, ममता गीर्वाणमा पाइन्छ । पुरोहित, भारदार, सैनिक गाइने, दूत, ग्रामयुवती आदि पात्रको परिवेशबाट पनि नेपाली जनजीवनका निकै विशिष्टतालाई उनले आ~नो काव्यमा भित्र्याएका छन् । वीर नेपाली बालकको अनुभूतिका साथै नेपाली राजनीतिको चित्रण समेत गरिएको छ । सेनापतिको रानीलाई आसन्न विपत्तिको सूचना गर्दै मानवतावोध गरेको छ ।

यौटा चील उडीरहेछ शिरमा गै छुन्छ गै छुन्छ भैङ

आशङ्का मनमा छ आज सबको क्यै हुन्छ क्यै हुन्छ भैङ ।

(१९/३)

यसमा प्राकृतिक परिवशेबाट अणुयुगसम्म लम्किरहेको मानवताको प्रतीक बन्न पुगेकी राजेश्वरी हेलम्बूबाट बाग्मती चितामा आइपुगेकी राजेश्वरी । अब केही हुन्छ भन्ने सबैलाई छ तर राजेश्वरीलाई छलकपटमा पारी चितामा पुग्नुले मानवता हराउादै गएको समेत चित्रण छ । अणुवम बोकी हिड्ने विमानमनि बसेर आज आतङ्कित भइरहेको मानवता समेत व्यक्त गरिएको छ ।

राजनैतिक, दार्शनिक, कलाकार र कविका आवाजमा आदर्श र मानवता पाइन्छ । एक राजनैतिकले अन्यायको विरोध गरेको पाइन्छ । मान्छेले बााच्न पाउन स्वतन्त्रताका वकालत गरेको छ । रानीले चितामा जल्नुपर्दा एक राजनैतिकले देशको लागि केही गर्छु भन्नेलाई रोक लगाइन्छ, अरूको स्वतन्त्रताको कदर हुादैन भने दूर पुगेर वीरहरूले विश्व जितेर के भयो अरूको बााच्ने अधिकार दिन जान्दैनौ, हाम्रो दशेको लागि बाच्न खोज्नेलाई ज्यूदो ज्योति निभाउाछौ मानवप्रतिको व्यवहार हराउाछ भन्दै सेनापतिले रानी प्रतिको मानवीय भाव यसरी व्यक्त गरेको छ ।

खोज्छिन् केवल बााच्न वीर-रमणी यै देशका निम्तिमा
ज्यादो ज्योति निभाउाछौ तर तिमी निष्प्राणको प्रीतिमा

(३४ ⁄ ४)

देशको उन्नति प्रगति चाहने, केही गर्छु भन्ने चाहनालाई ध्वस्त पार्दै ज्योति नै निभाएर के नै गर्छौ भन्दै मानवीय भाव व्यक्त भएको छ । त्यसै गरी एक दार्शनिकले मानिस-मानिसको रूपमा नरहेको देख्छन् । मानवीय भाव र अमानवीयताको चित्रण गरिएको छ ।

### ५.३.३ उद्देश्यमा मानवतावाद

माधव घिमिरेको 'राजेश्वरी' खण्डकाव्यमा राष्ट्रप्रेम, देशप्रेम, मातृत्वप्रेमलाई चित्रण गरिएको छ । राजेश्वरीलाई हेलम्बू निर्वासित गरिनु हेलम्बूबाट छलकपट गरी सती पठाइनु जस्ता समाजमा विद्यमान मानिसका अमानवीय प्रवृत्ति मार्फत चित्रण गर्नु यसको मूल उद्देश्य रहेका छ । राजेश्वरी जस्ता देशभक्त, देशप्रेमी राष्ट्रप्रेमीलाई सती पठाइ सत्ता आफुले लिन खाज्नेहरू पनि हाम्रो समाजमा अझै विद्यमान छन् भन्ने यस्तो सत्ताको अर्काको ज्यान मार्ने अमानवीय प्रवृत्तिको अन्त्य हुनुपर्छ भने उद्देश्य छ । सती प्रथा जस्ता प्रथा र परम्परा थुप्रै छन् जसको कारण मानिसको स्वतन्तताको हनन भएको छ । सामाजिक बन्धनका कारण मानिस

श्रीमान् मर्दा श्रीमती सती जानुपर्ने प्रथाप्रति व्याङ्ग्ये समेत गरिएको छ । समाजमा असल र खराव प्रवृत्तिका मान्छेहरू छन् । राजेश्वरी जस्ता उदारहृदया नारी जसले सधै राष्ट्रको हीतका लागि देशको र जनताको सेवाका लागि सधैं मरिमेट्छन् तर खराब समाजका अगाडि जति राम्रो भए पनि केही गर्न सक्दैनन् त्यसैले मानिसको अधिकार, स्वतन्त्रतामा आघात पुऱ्याउनु हुादैन त्यस्ता अमानवीयताको अन्त्य हुनुपर्छ भन्ने मानवतावादी उद्देश्य यस काव्यमा रहेको छ ।

गीर्वाणकी धर्मकी आमा बनेर राजेश्वरीले सन्तानको उदारका लागि आफूले भोग्नु पर्ने जति पनि दुःख कष्ट तयार हुन्छन् । मातृत्वले सधै सन्तानको प्रगति चाहन्छन् । बालक गीर्वाणको मुख हेरेर मर्छु भन्ने जस्ता वात्सल्य प्रेमले आमाले आ˜नो सन्तान प्रतिको माया अगाध छ मर्ने बेलासम्म पनि मातृत्व उदार हृदय भएकी राजेश्वरी जस्ता थुप्रै आमाहरूले आ˜ना सन्ताप्रतिको स्नेह, वात्सल्यलाई यस काव्यका माध्यमबाट प्रस्तुत गर्नु नै उद्देश्य हो । समाजमा सबै खराब मात्र हुादैन केही राम्रा मान्छेहरू पनि पनि छन् जसले अन्यायका विरुद्ध आवाज उठाएका छन् । यस काव्यका राजनीतिक, कवि, कलाकार, दार्शनिक जस्ता पात्रका मार्फत अन्यायको विरोधी सचेत व्यक्तिहरू पनि छन् । अन्यायको विरोध गर्दा पनि केही सीप लाग्दैन भन्ने देखाइ यस्ता मानवीय प्रवृत्तिका मानिसहरू पनि छन् । आजको सन्तान मानवताको उपासना मूल साध्न छ र प्राकृतिक परिवशेबाट आणविक परिवेशतिर तानिादो मानवको निरीह स्थिति देखाइ त्यसको समाधानमा मानवता नै रहनु पर्छ भन्ने मुख्य उद्देश्य रहेको छ । यहाा मानवतालाई, मनवीय सम्वेदानलाई विराट विश्वमानवीय समस्यालाई प्रमुखता दिएर टुसाएको राष्ट्रिय चिन्तन, मानवतावादी भाव मूल उद्देश्य बनेको छ । विराट, धर्ती विश्वव्यापी प्रकृति र विश्वमानवप्रतिको मातृत्व, देशप्रेम र मानवीयता तर्फ प्रेरित गरेको छ । मानव आदर्श, मानवता तथा अमानवता प्रस्तुत यस काव्यमा मानवता र अमानवताका विचको द्वन्द्व देखाउनु यस काव्यको उद्देश्य रहेको छ ।

१) वैयक्तिक चिन्तन

राजेश्वरी हेलम्बू निर्वासित भएर पनि हेलम्बूको प्रकृति र सौन्दर्यमै रमाएर बसिरहादा छलकपट गरी झुटो प्रेम सन्देश सुनाइ राजेश्वरीलाई कान्तिपुर ल्याइनु र सती पठाइनु जस्ता मावनता विरोधी काम भएकाले व्यक्ति भावनाको समेत कदर हुनुपर्ने देखिन्छ । रानी राजेश्वरीलाई फकाइ फुल्याइ सती पठाइनु रानीले भाग्न खोज्दा भाग्न नदिइनु जस्ता पक्षले मानव स्वतन्त्रतालाई बन्धनमा पारेको वैयक्तिकताको हनन भएको छ ।

२)	राष्ट्रिय भावना र मानवता

राजेश्वरीमा मानव जीवन राष्ट्रप्रेम एवम् राष्ट्रिय हितका निम्ति हो भन्ने कुराको चित्रण रानी राजेश्वरीका माध्यमबाट प्रस्तुत भएको छ देशलाई सधै सेवा गर्ने नेपाली जनको सेवा गर्न पाऊ भन्ने राष्ट्रभक्ति भाव यस काव्यमा प्रस्तुत भएको छ ।

नेपाली जनको सिागार म गरा सिन्दूर मेरो पुछी
फुस्केको यस केशमाथ शिरका चिन्ता जुरामा कसी
साच्चै बााच्न सकू मरेर अरूको अव्यर्थ उद्देश्यमा
केही साच्न सकू विराट् मनुजको अक्षय्य यै कोशमा

(पृ. २२/५)

राजेश्वरीका माध्यमबाट एउटा नारीले देशको रक्षाका लागि, राष्ट्रहितका लागि गरेको योगदानलाई यस काव्यमा प्रस्तुत गरेको छ । मलाई राष्ट्रसेवा गर्न देऊ म देशको र जनताको रक्ष ागर्न चाहन्छु भन्दै रानीले काव्यमा यसरी व्यक्त गरेका छन् ।

मेरा सन्तति कोटि कोटि कसरी रुन्छन् अध्यारामनि मनि

लाखौ दुःख र दर्द एक स्वरमै उच्चारि आमा भनी

(पृ. १८/५)

देश अध्यारोमा धकेलिदैछ सन्ततिले मलाई पुकार्दै रुनेछन्, त्यसैले मलाई कसैले रोक्न छेक्न सक्दैन म ती सन्तितिको उद्धार गर्नेछु अध्याँरो हटाइ उज्यालो ल्याउन मलाई कसैले रोक्न सक्दैन भन्दै रानी राजेश्वरीका माध्यमबाट राष्ट्रियता व्यक्त भएको छ ।

३)	प्रकृति र मानवता

सहरिया कृत्रिम जीवन भन्दा एकान्त, शान्त स्थल हेलम्लाई स्वर्ग समान ठान्दै रानीले मृत शावकहरू, फूल लता वृक्षसागको जीवनको चित्रण छ । कृत्रिम मानव जीवनप्रति भन्दा पनि प्राकृतिक मानवजीवन प्रति आकर्षण भावलाई प्राकृतिक वा प्रकृतिपरक मानवतावादी सन्दर्भवाट प्रस्तुत गरेको छ ।

वैलायो किन आज एक दिनमै अम्लानको फूल यो

छाडो पर्णकुटी परेर छलमा, मैले गरो भूल यो

धर्तीको शिरमा बिहान रविले सिन्दूर हाल्छन् जहाा

(९/१)

कहिल्यै नवैलिने अम्लनाको फूल किन ओइलायो भन्ने अशुभ सङ्केत समेत पाइन्छ भने दिनरात सधै हुन रविले सिन्दूर हेलम्बूको सिरमा सधैं विरामी प्रखरको चित्रण पाइन्छ । ग्रामीण जीवन प्रकृति भैफ सुखी, निराषद भएको प्रष्ट पाइन्छ । सहरीया जीवन यस्ता जीवनबाट उत्पन्न विसङ्गति तिर पनि सङ्केत गरेको पाइन्छ रानीले हेलम्बूलाई सम्झिादै प्राकृतिक छटा मीठो घाम चरा चुरुङगीको चीरविरले सङ्गीतमय भएको हेलम्बप्रतिको प्रेमभाव प्रकट भएको छ । त्यही आनन्द नै जीवनको आनन्द हो भन्ने प्रस्तुत गरिएको छ ।

फर्की जान्छु म ता जहाा गिरिगुफा बस्छिन् मलाई कुरी

मीठो घाम छरी पहाड वनमा सङ्गीत बर्सेसरी

(९/३)

हेलम्बूको प्राकृतिक छटामा रमाउादै बसेकी रानी राजेश्वरी पुनः हेलम्बूमै फर्किन चाहन्छिन्, त्यही खुसी र आनन्द ठान्छिन् । त्यसै गरी रानी राजेश्वरीको स्वतन्त्र जीउने इच्छा चाहना हनन् भएको छ । त्यस अवस्थामा रानी आफूलाई मौरी जस्तै स्वतन्त्र रूपमा प्रकृतिमा उड्न चाहन्छिन् । अन्य देशका अज्ञात माधुरी लिएर आउाछ भन्ने स्वतन्त्र जीवनको चाहना व्यत भएको छ । बालक गीर्वाण कस्तो भयो होला भन्ने वात्सल्य भाव समेत पन्छी र बचेराको माध्यमबाट व्यक्त भएको छ । प्रकृतिलाई ममतामयी, करुणामयी नारीका रूपमा उभ्याई यिनकै वात्सल्य प्रेममा मानवजीवन हुर्किएको सन्दर्भ काव्यमा स्थापित गरिएको छ ।

### ५.३.४ निष्कर्ष

कवि घिमिरेको 'राजेश्वरी' खण्डकाव्य मानवीय भावनाहरूको प्रतिनिधित्व भएका काव्यहरूमध्ये प्रमुख मानिन्छ । सामाजिक यथार्थबाट उत्पन्न भएका मानवीय तथा अमानवीय भावका माध्यमबाट अघि बढेको छ । ऐतिहासिक विषयवस्तुमा आधारित 'राजेश्वरी' (२०१७) दुःखान्त घटनालाई संयोजन गरिएको यस खण्डकाव्यमा नारीपात्रको उद्घाटन गर्दै युगको त्रासद, षडयन्त्र, हत्या, संवेदनाहीन मानवताको स्थितिलाई चित्रण गरिएको छ। नेपाली इतिहास र वर्तमानका राष्ट्रिय सन्दर्भका साथै मानवीय धरातललाई समेत समेटेको छ । मानवता र अमानवताको द्वन्द्व गराएर मानव आदर्श तथा मानव मूल्यबोध गराउने उद्देश्यले काव्य

मानवतावादी भाव चुलिएको छ । प्रकृतिको मानवीकरण तथा प्राकृतिक सौन्दर्यको विविध सन्दर्भलाई  जोडी इतिहास एवम् यसकै धरातलमा राजनैतिक चलखेलको चिनारी समेत प्रस्तुत गर्दै मातृत्व, देशप्रेम, राष्ट्रप्रेम जस्ता पक्षको चित्रण गरिएको छ ।

मानवता एवं अमानवता बिच द्वन्द्व सिर्जना गरी कविले मानव कर्तव्य र मूल्यको महिमाबोध गरेका छन् । तसर्थ 'राजेश्वरी' खण्डकाव्यमा अभिव्यक्त मानवतावादी चिन्तन आध्यात्मिक र भौतिकवादी प्रकृतिका चिन्तनका रूपमा देखा पर्दछ । खासगरी राष्ट्रहित, देश र जनताको रक्षाका लागि सधैा तल्लिन रहने राजेश्वरीले निःस्वार्थ भावबाट आफूलाई सेवामा अर्पण गरेको पाइन्छ । बालक गीर्वाणकी धर्मकी आमा बनेर मातृत्व, वात्सल्यमयी आमाका रूपमा उपस्थित भई देश र जनताको रक्षा गर्नुले 'राजेश्वरी' को दृष्टिकोण आध्यात्मिक प्रकृतिको छ । रानी राजेश्वरीले बज्रयोगीनीमा पुगेर मङ्गलप्राप्तिको निम्ति आशागुर्जा चढाउनु, त्यहााका पुजारीले कल्याण कामना गर्नु जस्ता पक्षहरूले काव्यलाई आध्यात्मिकता अङ्गालेको छ । अर्को पक्ष भौतिकतालाई समेत समेटिएको यस काव्यमा रानीलाई झुटो प्रेम सन्देश सुनाइ कान्तिपुर ल्याइनु सत्ता र राज्यको चलखेलमा रानीलाई सती पठाइनु जस्ता पक्षले भौतिकतालाई चित्रण गरेको छ । 'राजेश्वरी' काव्यमा स्वतन्त्रताको चाहनाका साथै वात्सल्यपरक दया, माया, करुणा जस्ता संवेगहरूले व्यक्ति र समाज एक अर्कामा सहयोगी बनी जीवनलाई सार्थक बनाउन सकिन्छ एक अर्काको सहयोग विना समाजका असल मान्छेहरू पनि केही गर्न सदैनन् । तसर्थ एक अर्काप्रति सद्भाव, सहयोगी बनी जीवनलाई सार्थक बनाउन सकिने मानवतावादी चिन्तनलाई विन्यास गरिएको छ । यस काव्यमा केही धार्मिक प्रकृतिको मानवतावाद समेत पाइन्छ । रानी राजेश्वरीले आशागुर्जा चढाउनु, मङ्गल कामना गर्नु, पुजारीले आशीर्वाद दिनु जस्ता पक्षले धार्मिक मानवतालाई चित्रण गरेको छ । अर्कातिर रानीलाई सती पठाउनाले तत्कालीन समयको कुरीतिलाई समेत चिनाएको छ । तसर्थ यस काव्यमा धार्मिक, ऐतिहासिक प्रकृतिको मानवता समेत प्रकट भएको छ । काव्यमा एक राजनैतिक, कलाकार, दार्शनिक, कवि जस्ता पात्रले अन्यायको विरोध गरेका छन् । तसर्थ यस काव्यमा स्वतन्त्रताको चाहना गरिएकाले मानवीयता प्रस्तुत भएको छ ।

'राजेश्वरी' खण्डकाव्यका सन्दर्भमा कही धार्मिक मानवतावाद, कहीा प्रकृतिकेन्द्री मानवतावाद, राष्ट्रप्रेम, देशप्रेम, मातृत्वप्रेम जस्ता मानवतावाद प्रतिविम्बित भएका छन् । काव्यको केन्द्रीय पात्र राजेश्वरीमा उदार मानवतावादी भाव प्रस्तुत भएको छ भने अनुदार अमानवीय भाव सती पठाइनु जस्ता पक्षमा अमानवीयता प्रकट भएको छ ।

## ५.४ ‘राष्ट्रनिर्माता’ खण्डकाव्यमा मानवतावाद

‘राष्ट्रनिर्माता’ खण्डकाव्य खण्डकाव्यकार माधव घिमिरेले वि.सं. २०२३ सालमा रचना गरेका हुन् । यस काव्यको पहिलो प्रकाशन त्यही साल रोयल ऐकेडमीबाट प्रकाशित ‘कविता’ पत्रिकाको (वर्ष २ , अङ्क ४) काव्य विशेषाङ्कमा प्रकाशित भई पुरस्कार रूपमा वि.सं. २०३० मा प्रकाशित भएको हो । नेपाल अधिराज्यको सीमा पूर्वमा अरूणपारि र पश्चिममा चेपे नदीसम्म पुगको राष्ट्रिय एकीकरण सम्बन्धी युद्ध भई नै रहेको अवस्थामा पृथ्वीनारायणसित उनका भाई दलमर्दनले युद्ध रोकेर राज्य विस्तारको गतिमा विराम लगान र विजित राज्य दाजुभाइमा बाड्ने प्रस्ताव राख्दा विशाल र अखण्ड नेपालको सपना देखिरहेका पृथ्वीनारायणलाई त्यो प्रस्ताव मान्य नभएको ऐतिहासिक कलङ्कको रूपमा देखा परेको त्यो निकृष्ट विवाद नै यस काव्यको मूल वीज हो । पााच सर्गमा विभाजित यस काव्यमा जम्मा १२८ श्लोकहरू छन् । शास्त्रीय उपेन्दबज्रा र इन्द्रबज्रा छन्दबाट बनेको उपजाति छन्दको प्रयोग यस काव्यमा एउटा शक्तिशाली र एकताको महत्त्वलाई बुझ्ने महान्, पुरुषको आवश्यक रहिरहेको तत्कालीन अवस्थामा पृथ्वीनारायण शाह एक्काइस वर्षको उमेरमा नै त्यो महत्त्वलाई बुझ्ने ऐतिहासिक वीरपुरुषका रूपमा उदाए र ती टुक्रा राज्यहरू जोडेर विशाल नेपालका स्वप्नद्रष्टा, दूरदर्शी व्यक्ति, अखण्ड नेपालका स्रष्टा, महापुरुष र त्यसका भोक्ता र कुशल राजनीतिज्ञका रूपमा प्रस्तुत गरिएको छ । ‘राष्ट्रनिर्माता’ खण्डकाव्य ऐतिहासिक व्यक्त्वि र ऐतिहासिक घटनालाई लिएर तयार पारिएको काव्य हो । स्वतन्त्र, वीरतापूर्व सम्पन्न कला कौशल, सभ्यता, संस्कृति र प्रकृति केन्द्रको रूपमा रहेको नेपालको जीवन चित्र यस काव्यमा चित्रण गरिएको छ ।

### ५.४.१ कथावस्तुमा मानवतावाद

‘राष्ट्रनिर्माता’ खण्डकाव्य माधव घिमिरेको ऐतिहासिक विषयवस्तुमा आधारित राष्ट्रिय चिन्तनले ओतप्रोत भएको काव्य हो । यस काव्यमा शाहवंशीय दाजुभाइका बिचमा राज्य विभाजन सम्बन्धी भएको विवादलाई घिमिरेले मुख्य विषयका रूपमा प्रस्तुत गरको छन् । पृथ्वीनारायण शाहको अखण्डवादी सोच र दलमर्दनको व्यक्तिवादी सोचविचको विवाद मार्फत् घिमिरेको आ ँनो राष्ट्रवादी सोचलाई प्रस्तुत गर्न सफल भएका छन् ।

वाइसी-चौबिसी राज्यमा विभक्त नेपाल राज्यलाई विशाल अखण्ड र सम्प्रभुत सम्पन्न एउटै नेपाल राष्ट्रका रूपमा निर्माण गर्नुपर्ने तत्कालीन माग पूरा गर्न अघि सरेका तत्कालीन

गोरखाका राजा पृथ्वीनारायण शाह शरदकालीन सौन्दर्य सहित आ^ना अदम्य उत्साह एवम् लक्ष्यबारे सङ्घर्ष गरेको कुराकानीबाट काव्यको आरम्भ हुन्छ । पृथ्वीनारायणले नेपालको विशालबाट स्वयम् पनि विशाल बनेको अनुभव गर्दै यस्तै विजय सङ्घर्षमा आफू लागिरहने जिजिविषा आ^ना भाई दलमर्दन शाहका सामु राख्छन् । यसरी राष्ट्रनिर्माणका क्रममा विखण्डनवादी सङ्कीर्ण ईर्ष्या, स्वार्थ अविवेक र सङ्कुचित अहम्ले पनि टाउका उठाउन थाल्छ । यही अनुसार दाजुको महान उत्साहपूर्ण अभिव्यक्तिसाग दलमर्दन शाह केही विशाल हुन्छन् । उनका अनुसार विशालताको पक्षमा लागेर दुःख र सङ्घर्ष बुझ्नि होइन र विशालमा पाइने आकर्षण र स-साना राज्यहरूमा पनि पाइने कुरा गर्छन् । उनले आ^नो सम्हाल्न नसक्ने विशालता भन्दा आफूले सम्हाल्न सक्ने सानो क्षेत्र नै आकर्षण र राम्रो हुने कुरा बताउाछन् । पाल्पाका राजा मुकुन्दसेनले त्यति धेरै राज्य जितेर पनि त्यसलाई व्यवस्थापन गर्न नसकेको बताउादै यदि हामीले धेरै भू-भाग एकीकरण गर्यौ भने राज्य व्यवस्था गर्न नसकेर भविष्यमा मुकुन्दसेनको जस्तो अवस्था होला भन्दै जितेका राज्यलाई एकीकरणमा सहयोग पु¥याएका भाइहरूमा बाडन आग्रह गर्दछन् । उनले आ^नो व्यक्तिगत विचार प्रस्तुत गर्ने क्रममा सम्हाल्न नसक्ने विशालताभन्दा आफूले सम्हाल्न सक्ने सानो क्षेत्र नै आकर्षक राम्रो हुने बताउाछन् । पाल्पाका राजा मुकुन्दसेनले त्यति धेरे राज्य जितेर पनि त्यसलाई व्यवस्था गर्न नसकेको बताउादै यदि हामीले धेरै भू-भाग एकीकरण गर्‍यो भने राज्य व्यवस्थापन गर्न नसकेर भविष्यमा मुकुन्दसेनले जस्तो अवस्था होला भन्दै जितेको राज्यलाई एकीकरणमा सहयोग पु¥याएका भाइहरूमा बाड्न आग्रह गर्दछन् । उनले आ^नो व्यक्तिगत विचार प्रस्तुत गर्ने क्रममा सम्हाल्न नसकिने असुरक्षित वस्तु भन्दा सम्हाल्न सकिने सानो वस्तु नै सार्थकपूर्ण रहने तर्कलाई अघि सार्दछन् । भाइका व्यक्तिवादी सोचमा असहमति जनाउादै पृवीनारायणले आफूले चाहेको कदम युगको आवश्यकता हो भन्दै ऋग्वैदिक, पौराणिक तथा ऐतिहासिक कालदेखिको विभूति र महिमाले सम्पन्न भएको नेपालका बखान प्रस्तत गर्दछन् । साथै उनी आश्रान्त रूपमा विजिगीषाका साथ आ^नो विशाल अखण्ड नेपालको निर्माणको बाटोमा बढेर जाने दृढ विश्वास प्रकट गर्दछन् । दाजुका आदर्शमय कुरा सुनेपछि दलमर्दनमा आफूमा दाजुको जस्तो महत्त्वाकांक्षा नभएको र जीवनभर दुःख र सङ्घर्ष झेलेर इतिहासको आदर्श पात्र बन्ने कल्पना गर्न रुचाउादैनन् र उनी दाजुलाई विशाल राज्यको निर्माण मृगतृष्णा हो भन्दै त्यो मृगतृष्णा र सङ्घर्षको जीवन छोडी सन्तोष र ऐस-आराम साथ राज्य भोग गर्नुपर्दछ भन्दै एकीकरणमा

सहयोग गरेका दाजुभाइहरूलाई अंशवण्डा गर्ने बताउाछन् । साथै उनी पनि दाजु जस्तै छुट्टै राज्यको राजा बन चम्कने र आ`नो छुट्टै राजवंश चलाउने इच्छा व्यक्त गर्दछन् । भाइका राज्य टुक्रयाउने विखण्डनवादी सोचको प्रतिकार गर्दै पृवीनारायण राज्य शिकारीको शिकार र व्यक्तिगत सम्पत्ति होइन जुन वााडफााड गर्न मिल्ने भन्दै राज्य बााडफााड र छिन्नभिन्न गर्न नमिल्ने अमूल्य सम्पति रहेको बताउाछन् । जसरी टाढा रहेको सूर्यले आ`नो तिलस्मी किरणले हिमताल चुम्दछ, त्यसै गरी आफूले पनि नाशक्त रहेर नै नेपालका भोग गर्ने अभिलाषा पृथ्वीनारायणले काव्यको अन्त्यमा व्यक्त गर्दछन् । यस काव्यमा मनुष्यका दुर्गन्ध वा कुत्सित प्रवृत्ति सित सङ्घर्ष गरी सामाजिक मनुष्य दुर्गन्ध वा कुत्सित प्रवृत्तिसित सङ्घर्ष गरी सामाजिक मनुष्य बनेर रहने वा समाजमै बस्ने कुरा यस काव्यमा गरिएको छ । काव्यमा व्यक्तिको भोगेच्छा र समाजिक दायित्को द्वन्द्वबाट जीवनलाई हेरिएको छ । यहाा व्यक्तिगत भोगलाई भन्दा त्यागमय दायित्वलाई बढी महत्त्व दिादै सामाजिक दायित्व बोध गर्नुपर्छ भन्ने मानवतावादी भाव रहेको छ ।

राष्ट्रको विखण्डन प्रक्रिया पनि राष्ट्र भित्रबाट प्रारम्भ हुन्छ । हामी भित्र दलमर्दन शाहजस्ता व्यक्ति जन्मन्छन् जो व्यक्ति र वर्गको स्वार्थको निम्ति काम गर्छन् र एक दिन राष्ट्रलाई टुक्रा पारेर खान खोज्छन् । परन्तु राष्ट्र त एक अखण्डनीय तत्त्व हो, यसबाट सबैलाई समान अवसर प्राप्त हुन्छ । जसले सम्पूर्ण राष्ट्रजनको भविष्यभित्र आ`ना भविष्यय देख्छ । त्यही नै सच्चा स्रष्टा हो र यस्तै स्रष्टाबाट न राष्ट्रिय हितको सृष्टि हुन सक्छ (घिमिरे, २०३३, पृ. २) भन्ने राष्ट्रियता यस काव्यमा व्यक्त गरिएको छ । यो काव्य रचना गरेताका मैले जगत् र जीवनको अनन्तताको कताकता अनभूति गरिरहेको थिए । राष्ट्रको अखण्डताको वोध त्यसैको प्रसङ्गमा आएको एक तपसिल हो (घिमिरे, २०३३ : २) । यस काव्यमा पृथ्वीनारायण शाहले गरको योगदान र देशप्रेम, राष्ट्रप्रेमको चित्रण गरिएको छ ।

नजीक आए अब दूर डाँडा
रहेन कोही पनि हेर, टाढा
म देख्छु मान्छे सबलाइ आ̂ना
र देख्छ भाई Û कन दिव्य स्वप्ना

(६/६)

सबैलाई समान देख्ने पृथ्वीनारायणले यस देशको माटोप्रति गरेको सद्भाव र निःस्वार्थ सेवा जसको सङ्घर्षले आजसम्म पनि नेपालीले गौरवको साथ बाँच्न पाएका छौं । तसर्थ यहाँ विश्ववन्धुत्व, एकता, सदभाव, राष्ट्रप्रेम जस्ता मानवतावादी भाव व्यक्त गरिएको छ । सिङ्गो देश बचाई राख्नको लागि गरेको योगदान टुक्रा टुक्रा विभाजित देशलाई सिङ्गो नेपाल बनाइ नेपालीलाई गौरव बनाउनमा पृथ्वीनारायण शाहको योगदान ठूलो रहेको छ । सुन्दर देश निर्माणको चाहना एक आपसमा भ्रातृत्वको भावना जाग्रत गर्न गरिएको योगदानको चर्चा यस काव्यमा गरिएको छ । यस काव्यको द्वितीय सर्गमा दलमर्दन शाहले गरेको गोर्खाको वर्णनमा पनि मातृभूमिको स्नेह प्रकट भएको छ । पूर्खाहरूले सौन्दर्यताको वर्णन गर्दै गोरखा छुट्टै राज्य हुनुपर्छ भन्छन् । यसमा एकातिर आ̂नो मातृभूमि प्रतिको स्नेह मातृभूमिप्रतिको प्रेमको चित्रण गरिएको छ भने अर्कातिर देशलाई टुक्रयाएर आ̂नो शासन सञ्चालन गर्ने स्वार्थी प्रवृत्तिको चित्रण गरिएको छ । तसर्थ मानवता र अमानवताका पक्षमा रही चित्रण गरिएको छ । काव्यमा यसरी प्रस्तुत गरिएको छ ।

परन्तु दाज्यै Û अब पाउने र
म गर्छु विन्ती धनु भैफ झुकेर
भो लड्न छाडौं, अब बढ्न छाडौं
यहीं बलीयो ध्वजदण्ड गाडौं

(१४/१७)

दाजु पृवीनारायणले गरेको युद्धदेखि त्रसिद र थकित हुँदै दलमर्दन शाहले दाजुलाई विन्ती गर्दै अव लड्न छाडौं किन लडनु पर्‍यो हामीलाई पुग्छ अरूको लागि किन लड्ने भन्ने प्रसङ्गले दरबारिया भोग, विलास, आराम जस्ता प्रवृत्तिको चित्रण गरिएको यस वर्गमा विशाल राष्ट्रको निर्माण गर्ने, त्यसको अखण्डता अक्षुण्ण राख्ने जस्ता महान, कार्यमा समर्पित स्वार्थ र अमानवीयताको प्रतिनिधित्व गरिएको पाइन्छ । मानिस व्यक्तिवादी बन्यो भने उसमा वैयक्ति

सुखलिप्सा भरिन्छ वा सामाजिक दायित्व बिर्सिन्छ र स्वार्थी बन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

प्रस्तुत कव्यमा वैयक्तिक भोगेच्छा र सामाजिक दायित्वको द्वन्द्वबाट पनि जीवनलाई हेरिएको छ । व्यक्तिवादी भोगलाई भन्दा त्यागमय दायित्वलाई बढी महत्त्व दिइएको छ । सामाजिक दायित्व बोधको चित्रण गर्दै मानवताको चित्रण यस काव्यमा गरिएको छ । राष्ट्र, राष्ट्रियता वा जाति र जातीयताको निर्माण सिद्ध सम्बद्ध भएकाले यस काव्यमा राष्ट्रिय चिन्तन, राष्ट्रिय स्वरको प्रबलता रहेको छ । काव्यमा यसरी प्रस्तुत गरिएको छ :

नेपाल यो सुन्दर दिव्य देश

पुर्खाहरूले चिर भुक्तशेष

पिएपनी नित्य भरी भरी यो

रित्तिन्न कैल्यै मधुमाधुरी यो

(२८/७)

हिमालको यो हिमगौर हाासो

दियो हिजोले जुन आज नासो

आउन्न भोली भनि मास्न हुन्न

(२८/९)

प्रस्तुत श्लोकमा हिजो पूर्खाले जुन नासो दिएका छन् त्यसलाई हामीले मास्न हुन्न भोलीको लागि केही गरेर जानु छ सन्ततिलाई हामीले केही गर्न सक्नु पर्छ भन्ने भावले सन्ततिप्रेम, राष्ट्रप्रेम, निःस्वार्थ भाव जसता मावनताको प्रयोग गरिएको छ । त्यस्ता गरी राष्ट्रिय चिन्तन व्यक्त भएको यस काव्यमा राष्ट्रियताका बहुलता रहेको छ ।

पारिन्छ सत्ता जब खण्ड खण्ड
रहन्छ के राष्ट्र त्यहाा अखण्ड
थुतिन्छ पत्ता जब खात खात
सिद्धिन्छ शोभा अनि फूलबाट

(२९/१०)

राष्ट्रलाई टुक्राएमा राष्ट्र नै नरहने जसरी फूलबाट पत्ता थुतिन्छ र एउटा फूलको सोभ्का नै नष्ट हुन्छ सोभायमान फूलको सोभा नै भेटिन्छ त्यसै गरी राष्ट्रलाई टुक्रा टुक्रा पारेमा राष्ट्र ध्वजा बन्छ राष्ट्रको सोभ्का नै मेटिन्छ र राष्ट्रियता नै समाप्त हुन्छ । एक आपसमा वैमनस्यता भाईभाईबिचको सत्ता खिचातानी सुरु हुन्छ तसर्थ विश्वबन्धुत्व, एक सद्भाव, सहिष्णुता, समानताका लागि एक हुनुपर्छ एक राष्ट्र रहनु पर्छ भन्दै सिङ्गो नेपाल र नेपालीको पहिचान अनि भावी सन्ततिलाई उपदेश समेत दिएको यस काव्यमामानवीय भाव दर्शाइएको छ । यस राष्ट्रिय अखण्डता, विश्ववन्धुत्व, समानता जस्ता पक्षलाई हेर्दा यस काव्यमा मानवता रहेको छ ।

### ५.४.२ पात्र/सहभागीमा मानवतावाद

'राष्ट्रनिर्माता' काव्यमा जम्मा दुई पात्र पृथ्वीनारायण शाह र दलमर्दन शाह आएका छन् । नेपाल एकीकरण गर्ने गोरखाका राजा श्री ५ पृथ्वीनारायण शाह प्रमुख पात्रका रूपमा र दलमर्दन शाहलाई सहायक पात्रको रूपमा उपस्थित गराइएको छ । दुवै चरित्रको चित्रण निम्नानुसार गरिएको छ :

क) पृथ्वीनारायण शाहको चरित्र चित्रण

यस काव्यमा पृथ्वीनारायण शाहको व्यक्तित्व उदात्त प्रवृत्तिको छ । विशाल नेपाल स्वप्न द्रष्टा, दूरदर्शी व्यक्तित्व, अखण्ड नेपालका स्वप्न द्रष्टा महापुरुष र त्यसका भोक्ता कुशल राजनीतिज्ञको रूपमा प्रस्तुत गरिको छ । उनको धीरोदात्त प्रकृति अनुरूपको महान उद्देश्य उनका हृदयमा विराजमान थियो । पृथ्वीनारायण राज्यविस्तारवादी युद्धवीर मात्र नभई युगसचेत सांस्कृतिक आध्यात्मिक नायक पनि देखिएका छन् (पौडेल, २०६७ : १००) । विशाल भू-भाग र विशाल जनसमूहलाई एक आबद्ध गर्ने उद्देश्य रहेका पृथ्वीनारायण उदार प्रवृत्ति देशभक्त, राष्ट्रभक्त पात्रका रूपमा यस काव्यमा उपस्थित भएका छन् । निःस्वार्थ राष्ट्रप्रेम भल्किएका पृवीनारायणमा स्वधर्म, स्वसंस्कृति र वर्गीय जातीय भावनाको चिरसंरक्षण गर्नु, जातीय एकता अखण्ड राख्न एकीकरण अभियान चलाउन दूरदर्शी- पारदर्शी पात्रका रूपमा उपस्थित गराइ मानवताको चित्रण गरिएको छ । हिमाल मुस्कुराएको सुन्दर लाग्ने त्रिसप्त गङ्गा हिमालकै काखबाट भर्दै बहन नदीनाला, पाखा पखेरा र बोसी सबैमलाई प्यारो लाग्छ । मलाई यही माटो यही धर्ती पाखा पखेरा प्यारो लाग्छ यसको माली हुन पाए हुन्थ्यो भन्ने सपना देख्दै काव्यमा यसरी व्यक्त गरिएको छ ।

मलाईता सुन्दर लाग्छ भाई Û

हिमाल सर्वोपरि मुस्कुराई

(१६/१)

यसरी पृथ्वीनारायणले नेपालको माटोप्रतिको स्नेह झल्कीएकाले देशभक्त पात्रका रूपमा उपस्थित गराइएको पाइन्छ । पृथ्वीनारायणलाई नेपालको एकीकरण अभियानको थालनी कर्ताको रूपमा उपस्थिति गराइ यस कव्यमा सिङ्गो नेपालको पहिचान दिन सफल देखाइएको छ ।

विछिन्न विछिन्न हुने प्रवृत्ति

सहन्न भाई Û म त एक रत्ती

विशाल नेपाल म रच्छु रच्छु

कहाा छ मृत्युञ्जयलाइ मृत्यु

(२९/१२)

भाई दलमर्दनले राज्य टुक्रयाउने र आफू शासन हाक्ने कुरालाई असमर्थता जनाउादै पृवीनारायण शाहले हामी सबै एक भएर अघी बढ्नपर्यो विछिन्न हुने प्रवृत्ति राम्रो होइन म विशाल सिङ्गो नेपाल रच्छु भन्दै नेपालप्रतिको सदभाव र राष्ट्रियता यहाा झल्कीएको छ । राष्ट्रलाई अखण्ड राखी चिरप्रंवाह नदीको रूपमा समाजसित एकाकार भएर व्यक्ति बग्नुपर्छ भन्दै मानवीय संवेदना र अनुभूतिको व्याख्या मानव जीवनकै धरातलमा हुनुपर्छ एक अर्कामा मानवीय भाव विश्वबन्धुत्व रहनु पर्छ । भन्ने भाव यस काव्यमा व्यक्त गरिएको छ । राष्ट्रभित्रै रहेर राष्ट्रलाई खोक्रो बनाउने चरित्र पनि हुन्छन् राष्ट्रको लागी सङ्घर्ष गर्ने व्यक्ति पृथवीनारायण जस्ता व्यक्ति पाउन गाह्रो छ जसले मानवता र राष्ट्रियता चित्रण गरेको पाइन्छ ।

पारिन्छ सत्ता जब खण्ड खण्ड

रहन्छ के राष्ट्र त्यहाा अखण्ड ?

(५/१०)

प्रस्तुत श्लोकमा राष्ट्र अखण्ड रूपमा राखिनुपर्छ भन्दै व्यक्तिवादी वा राज्यलाई व्यक्तिगत सम्पत्ति ठान्ने व्यक्तिहरूलाई जसरी भए पनि राष्ट्रिय अखण्डता राखेर छोड्छु भन्ने दृढ विश्वासका साथ राष्ट्रिय स्वर प्रस्तुत गरएको छ ।

भासिन्छ सुस्तै जब यो तिमी नै
कहाा उभिन्छौ भन हे, तिमी नै
काटेर डाली रुखबाट भाइ Û
के नीड रच्छौ, कुन गीत गाई

(२९/११)

मातृभूमिप्रतिको प्रेम प्रस्तुत यस काव्यमा यस देशको जिमी नै भासिएर कहाा उभिन्छौ रुखको डाली काटेर कसरी पलाउाछे भन्दै पृथ्वीनारायण शाहले मातृभूमि प्रति गरेको निःस्वार्थ योगदान सिङ्गो नेपालको रक्षालाई मानवीयताको रूपमा उभ्याइएको छ । अनन्तकालसम्म सबैले पिउनुपर्छ राष्ट्रलाई अखण्ड अमृतस्रोतका रूपमा अनन्त कालसम्म राख्नुपर्छ भन्दै सूर्यले अभैm सौन्दर्य ज्योतिद्वारा उज्याल्दै आफैले हिमालको रसमाधुरी चुमेभैंm सिङ्गो रूपमा राष्ट्रको सम्भाव गर्नुपर्छ भन्ने मानवता राष्ट्रियता प्रस्तुत गरिएको छ ।

ख) दलमर्दन शाह

प्रस्तुत काव्यमा दलमर्दन शाहलाई उदात्त पनि होइन, पर्याप्त उदात्त पनि होइन, बरु सरदर असल असलै सामान्य मान्छेका रूपमा प्रस्तुत गर्न चाहेका छन् । उनलाई साम्प्रदायिक विभाजन चाहने र व्यक्तिगत स्वार्थका निमित्त काम गर्न तयार हुने व्यक्तिका रूपमा चिनाउन खोजिएको छ (पौडेल, २०६७ : १००) । दाजु र आफूले आर्जेको सुन्दर प्राप्तको रेखदेख आफूबाट हुन नसक्ने एकातिर सम्भिmन्छन् भने अर्कोतिर दरबारिया भोग, विलास, आराम आदिलाई म्भिmर त्यसका साथ साम्प्रदायिक विभाजन चाहने पृत्तिका पात्रका रूपमा यस काव्यमा उपस्थित भएका छन् र राष्ट्रिय स्वार्थ वा जातीय अखण्डताको दृष्टिले कमजोर व्यक्तित्वका रूपमा चित्रण गरिएको छ भने अन्य जीवन दृष्टिसित कविले उत्तिकै सहानभुीत राखेको छ । दलमर्दन शाह पृथ्वीनारायणको राष्ट्रनिर्माता व्यक्तित्वको तुलनामा स्वार्थी र छोटो मनोवृत्तिको खलनायकका रूपमा बहुसङ्ख्यक मान्छेको प्रतिनिधि पात्रका रूपमा उपस्थित गराइएको छ । समाजमा दलमर्दन शाह जस्तो थुप्रै मानिसहरू छन् । सामाजिक जिम्मेवारी र कर्तव्यलाई बिर्सेर

व्यक्तिगत स्वार्थ, व्यक्तगत हित र व्यक्तिभोग जस्ता पक्षको चित्रण दलमर्दन पात्रका माध्यमबाट चित्रण गरिएको छ । व्यक्ति भोगबाट धारणा र गोरखामा सीमित रहादाको आनन्दी जीवन प्रस्तुत गर्दछन् :

भो लड्न छाडौ अब बढ्न छाडौ
यही बलियो ध्वजदण्ड गाडौ

(१४/१७)

दाजु पृथ्वीनारायणलाई अब अघि बढ्न छोडौ किन लड्ने भन्ने स्वार्थी प्रवृत्ति दलमर्दनमा देखिन्छ । व्यक्तिगत स्वार्थलाई बढी महत्त्व दिने राष्ट्रिय प्रेम समाजसेवा, विश्वबन्धुत्व जस्ता पक्षलाई बिर्सिएर व्यक्तिवादी भोग्वादी जीवन चाहना अमानवीयताको झलक दलमर्दनमा रहेको छ ।

दुवै पात्रको चरित्रलाई केलाउादा निष्कर्षमा राष्ट्रियताका रूपमा ता जातीय अखण्डताको चाहना महामहिम व्यक्तिका रूपमा पृथ्वीनारायण श्रद्देय छन् , आदर्श छन् तर यस्ता आदर्श महापुरुषहरू थोरै हुन्छन् । यसैले सरदर मनुष्यका जीवन चिन्तन वा आमलोक धारणाको प्रतिनिधित्व पृथ्वीनारायणबाट नभए पनि दलमर्दनबाट यस्ता प्रवृत्तिको प्रतिनिधित्व भएको छ । मानवता, राष्ट्रियतालाई यस काव्यकापात्रका माध्यमबाट चित्रण गरिएको छ भने अर्को तर्फ व्यक्तिगत जीवन भोगलाई चित्रण गर्दै व्यक्तिगत स्वार्थ लागि मानिस दुःख गर्न पछि हट्दैन तर सामाजिक राष्ट्रप्रेमको लागि कसरी पछि हट्छ भन्ने चित्रण पाइन्छ । तसर्थ हामीले राष्ट्रप्रेममा राष्ट्रिय हित अङ्गाल्नु पर्छ । एउटा व्यक्तिले सिङ्गो देशको लागि गरेको योगदानको सबै नेपालीलाई बचाएका छ भन्ने राष्ट्रियता र मानवता यस काव्यमा पाइन्छ ।

### ५.४.३ उद्देश्यमा मानवतावाद

'राष्ट्रनिर्माता' खण्डकाव्यमा कविले व्यक्त गरेको राष्ट्रिय चिन्तन वैयक्तिक स्वार्थ सामाजिक र सामाजिक विराट स्वार्थको द्वन्द्व प्रस्तुत गर्दै जीवनलाई अर्थ्याउन जीवन जगतको अनन्तता एवम् सिर्जनशीलता देखाई राष्ट्रिय अखण्डताको महत्त्व प्रस्तुत गर्नु नै कविको मूल उद्देश्य हो । स्वधर्म, संस्कृति र स्वकीय जातीय भावनाका सौ राष्ट्रिय अखण्डता, निःस्वार्थता सिङ्गो देशको रक्षाका लागि गरेको योगदान सामाजिक सेवा जस्ता मानवीयतालाई चित्रण गर्नु यस काव्यको मुख्य उद्देश्य रहेको छ । राज्यलाई टुक्राउादा देश नै नरहने तसर्थ देश

बचाउनेका लागि राज्यलाई टुक्रयाउन देश नै नरहने तसर्थ देश बचाउनको लागि राज्यलाई टुक्रयाउन नहुने मान्यत र काव्यमा रहेको छ । देश निर्माणको लागि गरेको योगदान नै यस कव्यको मूल विषयवस्तु रहेको छ । नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहले गरेको निःस्वार्थ राष्ट्रप्रेम र देशविकाको चाहना पूर्खादेखि भावी पुस्तासम्मको लागि गरेको सिङ्गो नेपाल एकीकरणलाई काव्यका माध्यमबाट प्रस्तुत गर्नु राष्ट्रियता, मानवतालाई चित्रण गर्नु नै यस काव्यको उद्देश्य रहेको छ । व्यक्तिगत जिम्मेवारीलाई पन्छाएर सामाजिक दायित्व र जिम्मेवारीलाई महत्त्व दिदै सिङ्गो नेपाको रचना गर्न सफल व्यक्तिको व्यक्तित्वलाई यहाा प्रस्तुत गरिएको छ । समाजमा दलमर्दन जस्ता सङ्घर्षबाट पन्छिने व्यक्तिगत जिम्मेवारीलाई बढी प्राथमिकता दिने व्यक्तिहरूबाट यहाा प्रस्तुत गर्दै वर्तमानमा राष्ट्रको रक्षाका लागि भन्दा आˆनो व्यक्तिगत विकासलाई यहाा प्रस्तुत गर्दै मानवताको चित्रण समेत गरेको छ । व्यक्तिवादी सोचमा असहमति जनाउदै ऐतिहासिक कालदेखिको विभूति र महिमाले सम्पन्न भए नेपालको चित्रण गर्दै, सङ्घर्षको जीवन छाडी सन्तोष र ऐस आरामका अर्कातिर भाइको विखण्डनवादी सोचको प्रतिकार गर्दै राज य शिकारी शिकार नभई अमूल्य सम्पत्ति रहेका चित्रण गर्नु यस काव्यको मुख्य उद्देश्य रहेको छ ।

१. वीरभाव र मानवता

जीवनमा मानिसहरूमा आाट, हिम्मत, साहसजस्ता वीरोचित भाव हुनु आवश्यक मानिन्छ । जीवन र जगतका सत्य निरूपण गर्नका निम्ति हिम्मतका साथ अघि बढ्नु पर्छ । वीरताका साथ अघि बढेमा सफल भइन्छ जसरी पृथ्वीनारायणले सिङ्गा देश नेपाललाई बचाए त्यसैगरी हामीले सबैले निःस्वार्थ भावले देशको रक्षा गरेमा अघि बढ्न सकिन्छ । जीवन जगत्को सार बुझेर विलासी, भोगवादी आचरण नभई बरु महाप्रलय उलपुथल समस्या साग जुधेर अविवादित र अखण्ड राज्यको विस्तार गर्न तर्फ हिड्नु नै मानवताको पहिचान हो भन्ने भाव यस काव्यमा व्यक्त छ ।

विच्छिन्न विच्छिन्न हुने प्रवृत्ति

सहन्ना भाई Û म त एक रत्ती

विशाल नेपाल म रच्छु रच्छु

(५/१२)

होमिन्छु मै, होम्दछु वीर मेरा
म घेर्छु एकै चुलि सात फेरा

(५/३२)

व्यक्तिगत स्वार्थबाट माथि उठ्दै महाप्रलयका लागि आतुर भएर विजय गर्ने आाट गर्दै पृथ्वीनारायण शाह जीवनलाई परसेवामा समर्पण गर्ने महान उद्देश्यका साथ बरु आफूलाई होम्न तयार छु सिङ्गो राष्ट्रको लागि जति सङ्कट आउादा पनि तयार हुन्छु भन्दै वीर भावका साथ मानवतावादी भाव समेत अभिव्याञ्जित भएको छ ।

२) कर्मवादी जीवनदृष्टि र मानवता

कर्मले मानिस महान बन्दछ भन्ने कारुणिक धारणा यस काव्यमा रहेको छ । कर्महीनता र भोगावादी जीवनमा केही गर्न नसकिने स्वार्थ, व्यक्तिगत स्वार्थ क्षणिक हुन्छ । स्वार्थरहित कर्मले जीवनमा अमर रहने कर्मशील हाम्रा पौरखले सागर संसारमा सफल बन्छ भन्ने कर्मवादी जीवनदृष्टि यस काव्यमा रहको छ । मनुष्यका कुत्सित प्रवृत्ति सित सङ्घर्ष गरी सामाजिक मनुष्य बनेर रहने त्यागपूर्वक भोग र व्यक्तिवादबाट टाढा रही सामाजिक दायित्व वोधद्वारा कर्मशील बन्न पर्छ भन्ने जीवनदृष्टि यस काव्यमा व्यक्त गरिएको छ । हामीले कर्म व्यक्तिगत र भोगवादी नभई जीवन र जगतमा सुधार ल्याउन आवश्यक हुन्छ, कर्ममा विश्राम वा थकान हुादैन र कुनै प्राप्तिको चाहना हुादन भन्ने कर्मवादी जीवनदृष्टि अभिव्यक्ति भएको छ ।

३. प्रकृति र मानवता

प्रकृतिका रहस्यमय सौन्दभर्यले मानवतालाई प्रोत्साहन पकृतिहरू पनि आˆनो नियममा नियमित हुन्छन । निरन्तर अनुशासित रही जीवन जगत्लाई निरामय, निरापद बनाउने प्रकृतिले आˆनो कर्तव्य विर्सिदैन । सुन्दर ऋतु, झरी जस्ता प्रकृतिका सौन्दर्य हिमाल जस्ता प्राकृतिक सौन्दर्यका छटाले विशालताको आभास गराउादछ भन्ने कुरा काव्यमा यसरी प्रस्तुत भएको छ :

भाई Û शरद सुन्दर याम लाग्यो
उध्यो झरी, झल्मल घाम लाग्यो ।
हिमालको दर्शन बल्ल पाए
विशालको दर्शन-तुल्य पाए

(१/१)

हिमाल मुस्कुराएको सुन्दर लाग्ने त्रिसप्त गङ्गा हिमालकै काखबाट झर्दै बहने पाखा पखेरा वनशैल र बोसी सबै मलाई प्यारो लाग्छ । मलाई यही माटो यही धर्ती, पाखा र पखेरा प्यारो लाग्छ यसको माली बन्न पाए हुन्थ्यो भन्दै काव्यमा यसरी प्रस्तुत गरिएको छ ।

मलाई ता सुन्दर लाग्छ भाइ ।

हिमाल सर्वोपरि मुस्कुराई

त्रिसप्त गङ्गा बहने बलोसी

छायाा डुलेका नव शैल बोसी

(१६/१)

यो पार्वतीको प्रिय फूलवारी

एकान्त यो चिन्तनको छहारी

बनूा कि क्यारे यसको म माली

पर्खाल अग्ला चुलिमा उचाली

(३०/१७)

सुन्दर, शान्त विशाल राष्ट्रको माली बन्न चाहने पृथ्वीनारायणले सिङ्गो राष्ट्र बनाइ यस देशको शोभालाई सधै उच्च राखेका छन् । पार्वतको प्रिय फूलवारी यो देश यसको माली बनेर अझैं माठी उठाउनु छ शिखरमा पुऱ्याउनुछ । यो पूर्खाको नासोलाई भावी पुस्ता समक्ष राख्नु छ भन्दै प्रकृतिका सौन्दर्यमय छटाको वर्णन गर्दै देशभक्ति, मानवतावादी भाव व्यक्त भएको छ ।

४. राष्ट्रिय भाव र मानवता

'राष्ट्रनिर्माता' काव्यमा राष्ट्रिय भाव उथल पुथल भएको छ । यस काव्यमा व्यक्तिगत स्वार्थ भन्दा राष्ट्रिय हित, राष्ट्रिय एकता जस्ता पक्षलाई पृथ्वीनारायणले सिङ्गो नेपालको लागि गरेको योगदान नेपाल राष्ट्रको रक्षाका लागि गरेको सङ्घर्षलाई चित्रण गर्दै राष्ट्रियताको चित्रण गरिएको छ । राज्यको अंशबन्डा गरिनु हुादैन, राष्ट्र सधैा अखण्डनीय हुनुपर्छ । राष्ट्रिय राष्ट्रिय वा जाति र जातीयताको निर्माण सित सम्बद्ध भई यहाा राष्ट्रिय चिन्तन प्रस्तुत भएको छ । दलमर्दन शाहको तरवार फालेर फूलको थुङ्गो समाप्तने अनि आरामसित बस्ने प्रस्ताव

बाटै राजा वा आमाका रूपमा उपस्थिति भई देश र जनताको रक्षा गर्नुले 'राजेश्वरी' को दृष्टिकोण आध्यात्मिक प्रकृतिको छ । रानी राजेश्वरीले वज्रयोगीनीमा पुगेर मङ्गल प्राप्तिको निम्ति आशागुर्जा चढाउन, त्यहााका पुजारीले कल्याण कामना गर्नु जस्ता पक्षहरूले काव्यलाई आध्यात्मिकता अङ्गालेको छ । अर्को पक्ष भौतिकतालाई समेत समेटिएको यस काव्यमा रानीलाई झुटो प्रेम सन्देश सुनाइ कान्तिपुर ल्याइनु सत्ता र राज्यको चलखेलमा रानीलाई सती पठाइनु जस्ता पक्षले भौतिकतालाई चित्रण गरेको छ । 'राजेश्वरी' काव्यमा स्वतन्त्रताको चाहनाका साथै वात्सल्यपरक दया, माया, करुणा जस्ता संवेगहरूले व्यक्ति र समाज एक अर्कामा सहयोगी बनी जीवनलाई सार्थक बनाउन सकिन्छ एक अर्काको सहयोग विना समाजका असल मान्छेहरू पनि केही गर्न सक्दैइन तसर्थ एक अर्काप्रति सद्भाव, सहयोगी बनी जीवनलाई सार्थक बनाउन सकिने मानवतावादी चिन्तनलाई विन्यास गरिएको छ । यस काव्यमा केही धार्मिक प्रकृतिको मानवतावाद समेत पाइन्छ । रानी राजेश्वरीले आशागुर्जा चढानु मङ्गल कामना गर्नु, पुजारीले आर्शिवाद दिनु जस्ता पक्षले धार्मिक मानवतालाई चित्रण गरेको छ । अर्कातिर रानीलाई सती पठाउनले तत्कालीनसमयको कुरीतिलाई समेत चिनाएको छ तसर्थ यस काव्यमा धार्मिक, ऐतिहासिक प्रकृतिको मानवता समेत प्रकट भएको छ । काव्यमा एक राजनैतिक, कलाकार, दार्शनिक, कवि जस्ता पात्रले अन्यायको विरोध गरेका छन तसर्थ यस काव्यमा स्वतन्त्रताको चाहना गरिएकाले मानवीयता प्रस्तुत भएको छ ।

'राजेश्वरी' खण्डकाव्यका सन्दर्भमा केही धार्मिक मानवतावाद, केही प्रकृतिकेद्री मानवतावाद, राष्ट्रप्रेम,देशप्रेम मातृत्वप्रेम जस्ता मानवतावाद प्रतिबिम्बित भएका छन् । काव्यका केन्द्रीय पात्र राजेश्वरीमा उदार मानवतावादी भाव प्रस्तुत भएको छ भने अनुदार अमानवीय भाव सती पठाइनु जस्ता पक्षमा आमानीयता प्रकट भएको छ वा राष्ट्राध्यक्षका इच्छाले मात्र राज्य वा राष्ट्र चलेको हुादैन, त्यसका पछाडि जातीय चेतनाको भूमिका रहन्छ भन्ने कुराका उठान गरिएको छ । आफूलाई आराम ऐस र विलास गर्न पुग्नेजति काम भइसकेपछि किन युद्ध गर्ने भन्ने दलमर्दन शाहका विचारको विरोध पृवीनारायण शाह यसरी गर्छन :

हिमालको सुन्दर सिर्जना यो
जातीयताको चिर चेतना यो
यो शक्ति आफै शिवतत्वसङ्ग
फलाममा चुम्बकको तरङ्ग

(१९/१९)

खेलेर ऐह्रा मृग एक मारी
बाँडी कलेजो जति छन् शिकारी
बिलो लिएझैं शरमा उनेर
यो राज्य बाँड्ने चिज हैन हेर

(२७/३)

राष्ट्र अखण्ड राखिनुपर्छ बल प्रयोग गरेर भए पनि राष्ट्रिय अखण्डता कायम राखेरै छाड्ने दृढता व्यक्त गरिएको छ । राष्ट्र वा राज्यका सन्दर्भमा व्यक्तिवादी वा साम्प्रदायिक विभाजनवादी प्रवृत्तिको विकास समष्टिवादी-अखण्डतावादी दृष्टिकोणको स्थापना गरिएको छ । यस काव्यमा राष्ट्र विरोधी अर्थात विदेशी साम्राज्यवादी विस्तारवादी शक्तिसित आफ्नो राष्ट्रिय स्वतन्ता खतरामा पार्न चाहने व्यक्तिहरूका प्रवृत्तिको विरोध समेत गरिएको छ ।

### ५.४.४ निष्कर्ष

माधव घिमिरेको 'राष्ट्रनिर्माता' खण्डकाव्यमा ऐतिहासिक विषय वस्तुका माध्यमबाट राष्ट्रियता, राष्ट्रिय अखण्डता, विश्वबन्धुत्व राष्ट्रप्रेम जस्ता पक्षहरूको चित्रण गरेको छ । इतिहासमा उल्लिखित शाहवंशीय दाजुभाइबिच भएको राज्यको अखण्डतावादी र खण्डबीच विचारधारको द्वन्द्वलाई मुख्य विषय वनाइएको यस काव्यमा सामीजक दायित्व, राष्ट्रिय अखण्डता जस्ता राष्ट्रवादी र पृथ्वीनारायण शाहले सिङ्गो देशको लागि गरेको योगदान नै मानवतावादी राष्ट्रवादी भाव व्यक्त भएको छ । प्रस्तुत काव्यभित्र विशाल र व्यापक राष्ट्रिय स्वार्थ र सङ्कुचित टुक्रे प्रवृत्तिबिचको द्वन्द्वको माध्मबाट कवि राष्ट्रको जीवनमा आइपर्ने चुनौतीहरूको सचेतना प्रस्तुत गर्दछन । मानवतावादी धारभित्र आइपर्ने चुनौतीहरूको सचेतना प्रस्तुत गर्दछन् । मानवतावादी धारभित्र सिङ्गो नेपालको रचना मानवीय मूल्य, दायित्व र

आदर्शहरू मान्वतावादी भाव व्यक्त भएको छ । टुक्रा टुक्रा विभाजित राज्यलाई सिङ्गो नेपाल र नेपालीको पहिचान झल्काउनादै पृथ्वीनारायण शाहले गरेको सामाजिक दायित्व राष्ट्रियता जस्ता पक्षहरूलाई चित्रण गर्दै राज्य टुक्राउादा सिङ्गो देश तहसनहस हुन्छ र नेपाल र नेपालीको पहिचान नै हराउने उपदेश समेत प्रस्तुत गरिएको छ । प्राचीन धर्म, संस्कृति र सभ्यताको चिनारी गराउादै आदर्शवादी मानवता प्रस्तुत भएको छ । मानव जीवन उच्चतम कर्म प्राप्तिका निम्ति हुनपर्छ, व्यीक्तगत स्वार्थ भन्दा सामाजिक दायित्व अजर र अमर रहन्छ व्यक्तिगत स्वार्थ क्षणिक आनन्दको लागि मात्र हुन्छ भने सामाजिक दायित्व सधै अमर हुन्छ भन्ने मानवतावादी सन्देश यस काव्यमा प्रस्तुत भएको छ । सामाजिक यथार्थलाइ उच्च मानव आदर्शले बेष्टित गर्दै राष्ट्रको रक्षा गर्न हामी सबैको कर्तव्य हो भन्ने जीवनदृष्टि समेत व्यक्त भएको छ भौतिक सुख र मानव स्वभावलाई तुलना गर्दा मानवीयताले भौतिक ऐश्वर्यलाई धेरै अगाडि पन्छाउाछ र समाजमा र सिङ्गो राष्ट्रमा सुख शान्ति, सद्भाव र सहिष्णुता फैलिने तथ्यलाई काव्यले प्रकाश पारेको छ ।

यस काव्यमा घिमिरेले नेपाल र नेपाली हुनुको गौरव, राष्ट्रियता, पृथ्वीनारायण शाहले गरेको सामाजिक दायित्वले राष्ट्रप्रति के भ्रातृत्वलाई प्रस्तुत गरिएको छ । एकताको सूत्रमा उनेर सिङ्गो राष्ट्र, सबै समान जसले राष्ट्रलाई बलिदानी दिन्छ, त्यो नै मानवताको सच्चा पुजारी हो । पूर्खाको सम्पत्तिलाई जोगाइ राख्नु सबैको कर्तव्य हो, सबै नेपालीको पहिचान हो यसको संरक्षण गरिनुपर्दछ भन्ने आदर्श र भ्रातृत्व जस्ता पक्षले मानवतालाई उजागर गरेको छ । मानवीय सद्भाव, सच्चरित्र एवम् वीरता, दृढता, कर्मशीलता, निर्भीकता र परोपकारिताको आदर्शले मानवताको उत्थान हुन्छ ।

## ५.५ 'इन्द्रकुमारी' खण्डकाव्यमा मानवतावाद

'इन्द्रकुमारी' खण्डकाव्य खण्डकाव्यकार माधव घिमिरेका हालसम्म प्रकाशित खण्डकाव्यहरू मध्ये अन्तिम खण्डकाव्यात्मक कृति हो । यस कृतिका केही गद्यगीत वि.सं. २०५१ मा लेखिएको देखिन्छ (घिमिरे, 'पूर्वपरिचय', इन्द्रकुमारी) । त्यस्तै यस काव्यको प्रकाशन २०५७ सालमा भएको हो । यस काव्यसङ्ग्रहभित्र 'वोराको परदा', 'गौथली र जगधम्मे' र 'इन्द्रकुमारी' खण्डकाव्यहरू सङ्ग्रहित छन् । यस काव्यको चौथो चरण र यसको पूर्ण प्रकाशन पाचौ चरणमा भएको देखिन्छ । यस काव्यमा इतिहासमा उल्लिखित ऐतिहासिक सन्दर्भलाई कानकका रूपमा पस्तुत गरिएको छ । मकवानपुरकी राजकुमारी र विवाहिता भएर पनि

अविवाहिता जस्तो भएर माइतमा नै जीवन विताउन विवश श्री ५ पृथ्वीनारायण शाहकी जेठी रानी इन्द्रकुमारीको वैयक्तिक वेदनालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । एकदेखि एक्काइससम्मका इन्द्रकुमारीमा प्रेमपत्रमा व्यक्त विचारहरू यस काव्यमा मुख्य विषय बनेर आएको छ । त्यस्तै यस काव्यको प्रारम्भ र अन्त्यमा कविपौढोक्तिमा क र ख खण्डकाव्य संरचित छ । यो काव्य घिमिरेको विप्रलम्व शृङ्गारमा आधारित काव्य हो । यस काव्यको प्रेरणास्रोतका रूपमा आ^नै छिमेकी बसन्तजीलाई मान्दछन् (पौडेल, २०६८, ११४) । चौरासी वर्ष पुगेपछि बसन्तले आ^नो वर्तमानलाई बिर्सेर विगतमा फर्किए । त्यस उमेरका स्मृतिपटलमा आएका व्यक्ति र कुराहरू सम्झन थाले आ^ना दौतरी झैं सबै कुरा गर्ने बसन्तलाई देखेपछि कविका मनमा मानव जीवन सवएर समय कति हो ? भन्ने कुरा जाग्यो उनले जीवनको सबैभन्दा उर्वर समय तीस-पैतिसभन्दा पूर्वको लाग्यो मकवानपुरकी राजकुमारी इन्द्रकुमारी सोह्र वर्षको उमेरमा बीस वर्षका पृथ्वीनारायण शाहसाग विवाह गरेर पनि त्यस.... बीस वर्षको उर्वर समय त्यतिकै प्रतीक्षा र परित्यक्ता भएर बस्नुपऱ्यो । इन्द्रकुमारी पनि बसन्तले जस्तै वर्तमानमा अतीतकोस्मरण मात्र गरेर वस्नु परेको छ ।

'इन्द्रकुमारी' खण्डकाव्य ऐतिहासिक घटना सन्दर्भ र ऐतिहासिक पात्रको प्रयोग भएको विषयवस्तु ऐतिहासिक घटना मै आधारित छ । गोरखाका राजा पृथ्वीनारायण शाहको विवाह मकवानपुरकी राजकुमारीसाग भएको र विभिन्न कारणले उनले माइतमा नै छोडिएको सन्दर्भ वा घटना नेपालको इतिहासमा उल्लिखित घटना हो । इतिहासमा उल्लिखित घटनालाई मुख्य आधार बनाउदै पतिबाट टाढा रहेर एक्लै बस्दा इन्द्रकुमारीले भोगेको वा अनुभव गरेको भावलाई कविले पत्रको कल्पना गरी त्यसका माध्यमबाट प्रस्तुत गरिएको यस काव्यमा पत्नीत्व भाव व्यक्त भएकाले आ^ना पति प्रतिको प्रेमभाव व्यक्त भएकाले मानवता भाव व्यक्त भएको छ । यस काव्यमा इन्द्रकुमारीले विवाहपछि बिस वर्ष प्रतिक्षा मै जीवन यापन गर्नुपरेको चित्रण गरिएको छ ।

### ५.५.१ कथावस्तुमा मानवतावाद

'इन्द्रकुमारी' खण्डकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित खडकाव्य हो । यस काव्यमा पृथ्वीनारायणकी जेठी रानी र मकवानपुरका राजा हेमकर्णकी छोरी इन्द्रकुमारीको विवाहपछि एक्लै माइत वस्नुपर्दाको विरहको समयलाई प्रस्तुत गरिएको छ । दुई दरवारिया पक्ष बीचको राजह कारण दुलहासाग गोरखा जान नपाई माइतमा नै जीवनका अमूल्य क्षणहरूलाई

शून्यवत् गुजार्न विवश ऐतिहासिक पात्र इन्द्रकुमारीको हृदयका सुकोमल भावनाहरू निरस र व्यर्थ बन्न पुगेका सन्दर्भलाई विषयवस्तु बनाएर अभिव्यक्त गरिएको छ । जुन भावनालाई इतिहासका पानामा कतै पनि उल्लेख गरिएको छैन ।

काव्यको प्रारम्भको पहिलो गुच्छकमा डाँफे र रानीचरीको प्रेम प्रसङ्गबारे सङ्केत गर्दै हिमालमा बस्ने डाँफे र मधेसमा बस्ने रानीचरीको संयोग हुन नसकेको सन्दर्भ उठाएर पृथ्वीनारायण र इन्द्रकुमारी मिलन नभएको सङ्केत गरेका छन् । दोस्रो गुच्छकमा इन्द्रकुमारीको ३५ वर्षको उमेरमा सीतारामको भक्तिमा लागेकी तर सुकुमार पतिलाई उमेरमा सीतारामको भक्तिमा लागेकी तर सुकमार पतिलाई आकर्षण गर्न नसक्ने अवस्थामा पुगेको कुरालाई काव्यकारले सङ्केत गरेका छन् । त्यसपछि काव्यकारले इन्द्रकुमारीको विवाह पछिको अवस्था पैतीस वर्ष पूर्व देखि पतिका नामका लेखेका प्रेमपत्रका माध्यमबाट प्रस्तुत गरेका छन् । जुन इन्द्रकुमारीले पतिबिना एक्लै आफूले अनुभव गरेको भाव र विचारहरू हुन् । सोह्र वर्षको कलिलो उमेरमा पतिले छोडेपछि आँना पतिलाई सम्भेर इन्द्रकुमारी केही लेख्न खोज्छिन् तर आँसुका भल बग्न थाल्छन । उनले प्रेमपत्रकै माध्यमबाट आँना श्रीमान्साग राम्ररी बोल्न नपाएको कुरा व्यक्त गर्दै विगतका घटनाहरूलाई सम्भना गर्छिन् । पृथ्वीनारायणसागको पाणिग्रहण पछिको पहिलो स्पर्शले आफू असिना पसिना भएको बताउदछ । दाजुले सपनामा नौलखाहार र हात्तीहरू देखेका कारण उनका सुकुमार पतिले उनलाई माइतमै छोडी फुलको डोली लिएर लगतै गोरखा गएकोमा उनलाई आश्चर्य तुल्याउाछ । उनी सपनामा पनि डुलिरहन्छिन् पतिबिना एक्लै र निरीह भएकोमा बादललाई देख्दासाथ बादलसाग आँना दिलका चिठी गोरखामा लैजान आग्रह गर्छिन् । गोधुलि साँभमा दुलहीको मुख हेर्ने साइत नछुटाउन र बाहिर रोइरहेकी दुलहीको घुम्टो उठानका लागि सन्देश लैजान भन्छिन् । सपनामा मात्र होइन विपनामा पनि राष्ट्र निर्माताकी वीरबधुका रूपमा आफू बस्ने चाहना भएको र पतिको सुकोमल मुहार हेर्ने इच्छा प्रकट गर्छिन् । सपनामा पतिको कल्पनामा पनि रमाएकी इन्द्रकुमारीलाई सखीले भनेको लोककथा अनुसार राजपुत्री र राजकुमारकाबिचको स्वयम्वर भए पछि राजपुत्र हिाडेको राजपुत्रीले सिरानीमा स्वर्णकलश राखेर पर्खिएको राजपुत्रको हंस सपना तिर्खाएको र त्यही सुनको कलशमा पानी खान आउादा सुनको ढकनीले छोपिएको घटनाले उनलाई आफूमाथि पनि त्यस्तै घटना, घट्ने आशङ्का जाग्दछ र रातदिन पतिको स्मरणमा रुन थाल्छिन् । तर पनि त्यस आँसुको आनन्द लाग्छ । पतिले लिन नआएपछि र समय वित्दै गएपछि उनको

हृदय पनि बस्दा बस्दैको आासुले बुझाउन थालेको अनभुव गर्छिन । कल्पनाको माध्यमबाट आफू रित्तिएर पनि भरिपूर्ण बनेको अनुभव गर्छिन । सुनको पिाजडामा परेकी पोथी चरीलाई उसको भालेले गरेको व्यवहारबाट केही आश्वस्त हुादै आ`ना पतिलाई किन लिन आउादैनौ भन्दै प्रश्न गर्छिन र आफूलाई त्यस पिाजडाबाट फुत्काएर लैजान भन्छिन् । त्यस्तै यता पृथ्वीनारायणले इन्द्रकुमारीलाई लिन नआए पछि इन्द्रकुमारीका बाबु हेमकर्णको गोरखासाग सम्बन्ध गाास्ने सपना सपना नै बन्छ कि भन्ने लाग्छ भने इन्द्रकुमारीकी आमाले ज्वाई लिन नआए आफै छोरीलाई ज्वाइाकोमा पुऱ्याइदिन चाहन्छिन् । तर दुई राजघरानाको हट कम नभएपछि छोरीको पीरले उनकी आमाको मृत्यु हुन्छ । आफूलाई लिन नआए पनि एकीकरणका समयमा पहिलो चोटी सिन्दूर हालेकी पत्नीलाई कहिले पनि चाहेर बिर्सन नसक्ने बताउाछिन् । जीवनका उर्वर समय बित्न लागेपछि आखिरमा इन्द्रकुमारी सिमभञ्ज्याङमा आएर हिमशृङ्खला हेर्दा हिमवत् खण्ड रच्ने आ`ना वीर स्वयम् अपराजित श्रीमान्‌की सहयोग पत्नी हुन नपाएकोमा पीर मान्छिन् । उनी एकपल्ट भए पनि पतिलाई हेर्ने इच्छा प्रकट गर्छिन् तर जीवनका उर्वर समय प्रतिक्षाकै क्रममा वितेपछि केश पनि फुल्यो भन्दै अहिले पतिको कुनै पनि स्मरणले बताउने कुरा बताउाछिन् । यसैका साथ रानीको प्रेमपत्र समाप्त हुन्छ । काव्यको अन्तका दुई गुच्छकमा कविले उक्त दरवार भत्के पनि त्यहाा जादुको दृश्य देखिने बताउाछन् । त्यहाा दिव्य सुन्दर सुन्दरीहरू आविष्कार हुने र श्यामकर्णे घोडामा उनीहरू चढ्ने गरेको कुरा बताउाछन् । जसले जीवनका अपूर्ण आकांक्षाहरू मृत्युपश्चात् पनि पूर्ण हुने सङ्केत गरेको यसरी दरवार भत्केर गएपछि रानीका गीत एवम् पत्रहरू सबै ध्वस्त भएर गए पनि उनको पीर कहिल्यै नसिद्धिने कुरा काव्यकारले बताउादै यस कव्यको कथावस्तु पनि समाप्त हुन्छ ।

यस 'इन्द्रकुमारी' काव्यमा कवि घिमिरेले मेरो नजिक नातेदार एक व्यक्ति ८४ वर्ष पुगेपछि छिनको कुरा छिनमै विर्सन लागे र आखिर आ`नो ३५ वर्षको उमेदेखि पूर्वको जीवनमा फर्किए । उनी वर्तमानका कुनै युवा युवतीलाई देख्दा पनि अतीत आ`नै दौातरी भन्ने ठानेर रमाईरमाई कुरा गर्थे अनि ती युवा युवतीहरूचाही आाखाभरि आासु लिएर सुन्थे । कसैका जवानीका दिन शून्यवत् बित्नुजति ठूलो क्षति के हुन सक्छ र Û त्यही शून्य आाशुका थोपामा परिवर्तित गर्ने प्रयन्त हो - 'इन्दकुमारी' (घिमिरे 'पूर्वपरिचय' इन्द्रकुमारी) । आ`नो कुनै गल्ति नहुादा पनि इन्द्रकुमारीले भोग्नु परेको पीडालाई चित्रण गर्दै इन्द्रकमारीका दाइजोका कारण पृथ्वीनारायणबाट तिरस्कृत हुनु परेको यथार्थ यहाा प्रस्तुत गरिएको छ । मानवताका आधारमा

हेर्दा 'इन्द्रकुमारी' खण्डकाव्यमा पतिले वेवास्ता गर्दा पनि पतिव्रता बनेर माइतमै बसेकी आदर्श नारी 'इन्द्रकुमारी' सधै आˆनो पतिको यादमा बर्सैको पति परित्यक्त तर पति परायणा नारीका रूपमा देख्दा परेकाले मानवता को वकालत भएको छ । बिस वर्षे जवानी प्रेम प्रतिक्षामा वितेको हुादा करुणाकी मूर्तिका रूपमा सहनशीलता, धीरता र मानवता रहेको छ । इन्द्रकुमारीको मनको बहलाई यस काव्यमा यसरी व्यक्त गरिएको छ ।

रित्याएर मलाई नै मै भरि भरियौ तिमी

मेरो ईश्वर Û मायामा कसरी छरियौ तिमी

(१२/५)

तिमी आकाशको पन्छी, पिजराकी चरी म ता

किन हे लिन आउन्नौ, म बसूा कति माइत

(१४/४)

इन्द्रकुमारीले आˆनो पतिको बाटो कुर्दै लिन आउाछन् कि भन्ने आशामा आˆनो जीन्दगीको बिस वर्ष वित्दा पनि पृथ्वीनारायण लिन नआउादा पति परायणा बनेर बसेकी इन्द्रकुमारी आफूलाई पिजराकी चरी र पृथ्वीनारायणलाई आकाशको पन्छीसाग तुलना गर्दै किन किन आएनौ म कति माइतमै बसूा भन्दै पतिव्रता धर्म र आदर्श पात्रका रूपमा इन्द्रकमारीलाई उपस्थिति गराइ यस काव्यमा मानवताको चित्रण गरिएको छ । विहे गरेर माइत छोडेर गएका पति नफर्के पछि माइतमै जीवन विताउन सफल इन्द्रकुमारीको मनको पीडालाई यसरी व्यक्त गरिएको छ :

आासु सुकिसक्यो सारा बर्सिदाबर्सिदै अहो
बिस वर्ष बिते मेरा पर्खदापर्खदै अहो

(२३/८)

आाखाको आाशुपनि सुकिसक्यो पति लिन नआउादा बिस वर्ष पर्खदा पर्खदै बितिसक्यो भन्दै पतिको सम्झना गर्दै इन्द्रकुमारीले गरेको बिलौना र पतिप्रतिको स्नेह, पत्नीत्व गुण,। आत्मियता प्रस्तुत भएको छ । इन्द्रकुमारीका माध्यमबाट नारी करुणा, नारी आदर्श र धर्म अभिव्यञ्जित भएकाले यस काव्यको कथावस्तुमा मानव सभ्यताको प्रयोग भएको छ ।

राजपुत्री सिरानीमा थापी कलश कुर्दछिन्
गुभाबाट जसै धर्ती फलमा रस भर्दछिन्
(११/३)

हिन्दू संस्कार परम्पराको चेत चित्रण गरिएको यस काव्यमा इन्द्रकुमारीका माध्यमबाट मानवताको वकालत गर्दै इन्द्रकुमारीले भोग्नु परेको दुःख लाई इन्द्रकुमारीको स्वतन्त्रता, समानताको कदर नभएको चित्रण समेत गरिएको छ ।

प्रस्तुत काव्यमा पितृसत्तात्मक समाजमा नारीले भोग्नु परेको दुःख र दास भएर बस्नु पर्ने यथार्थको चित्रण गर्दै छोरा र छोरीप्रति गरिने विभदेका कारण दाइजो दिन नमान्दा आइपरेको इन्द्रकुमारीको जीवनको अन्धकारको पक्षको चित्रण गर्दै मानवीयताको हनन भएको देखाइएको छ । इन्द्रकुमारीको दाजु दिग्बन्धनले नौलाखा हार र एकदन्ते हात्ती दिनुपरको सपना देखेका तर विपनामा पृथ्वीनाराणलाई नदिने भनेको प्रसङ्गले छोरीप्रति गरिने विभदेको चित्रण समेत गरेको छ भने अर्कातिर दाइजोको निहुमा विवाहिता पत्नीलाई छोडेर गएका पृथ्वीनारायणका माध्यमबाट दाइजो प्रथाले निम्त्याएको समस्या र असमानताको चित्रण यस काव्यमा व्यक्त गरिएको छ । दाइजोका कारण निर्दोष नारीले जीवनका भेग्नु परेको दुःख अन्धकार जीवनको चित्रण वर्तमान समाजमा समेत दाइजोका कारण नारीले जल्नु पर्ने अनेक दुःख सहनु पर्ने जस्ता पक्षको अन्त्य हुनु पर्ने चाहना यस काव्यमा व्यक्त गरिएको छ ।

### ५.५.२ पात्र/सहभागीमा मानवतावाद

प्रस्तुत 'इन्द्रकुमारी' खण्डकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित छ । यस काव्यका पात्रहरू इतिहास सम्बद्ध छन् । यस काव्यमा उपस्थित भएका पात्रहरूमा इन्द्रकुमारी, पृथ्वीनारायण शाह, हेमकर्ण सेन, उसको पत्नी र छोरा साथै इन्द्रकुमारीको सखी आएका छन् । यस शोधमा प्रमुख पात्रका चरित्रका आधारमा मानवताको विश्लेषण गरिएको छ ।

#### (क) इन्द्रकुमारीको चरित्र

इन्द्रकुमारी मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी, पृथ्वीनारायणकी विवाहित पत्नी हुन् । यस काव्यमा राम्री सुन्दर एवं गम्भीर भक्तिनीका रूपमा उपस्थित भएकी आ^नो सिन्दुर पैह्रिए पनि अझै चिरकुमारी छिन् । विवाह भैसकेर पनि माइतैमा बस्नु पर्नेको कारण द्विरागमन नगरी छोरी नपठाउने र रित्तो डोली फर्काएर नलैजाने गोर्खाको राजहठ नै कारण थियो ( निरौला, २०६३ : २०६-२०७) । सोह्र वर्षको उमेरमा बिहे भएपनि पृथ्वीनारायण शाहको

पर्खाइमा बीस वर्ष बिताएकी इन्द्रकुमारीका अन्तर्मनमा अनेक किसिमका द्वन्द्वहरू विकसित भएर आउाछ । पहिलो दर्शनमै जुगारेखीसहित मुस्कानपूर्ण अवस्थामा देखेकी र पाणिग्रहणका बेला पहिले स्पर्श पाए पनि त्यसबाहेक पतिसागको कुनै सानिध्य पाएकी छैन । पतिको स्मरणमा सपनामा पनि डुबिरहन र कहिले उडेको एवं कहिले खसालिएको वा मध्यरातमा जागा भएको चरित्र इन्द्रकुमारीमा व्यक्त भएको छ । पतिरापराण इन्द्रकुमारी आदर्श नारी, सहनशील पात्रका रूपमा उपस्थित भएकाले मानवता देखापरेको छ ।

राजघरानकै द्वन्द्वबाट आफू निर्दोष हुादाहुादै पनि प्रभावित हुन परेको दुःख इन्द्रकुमारीमा छ । मकवानपुरबाट सीमभञ्ज्याङ्गसम्म पुगेर हिमशृङ्खला हेर्ने अन्तिम इच्छा प्रकट गर्दै आ~नो कुनै पनि चाहनाहरू पुरा हुन नसकेको पनि लिन आउाछन् भन्ने आशामा बीस वर्ष बिताइसकेकी पतिपरायण हिन्दू नारीकी प्रतिनिधि पात्रका रूपमा यस काव्यमा आएकी छन् । दाइजोको निहुमा पतिबाट माइतमै बस्नु परेकी तर पत्नीत्व गुणले सधै पतिलाई सम्भिादै बस्ने सहनशीला, आदर्श नारीका रूपमा यस काव्यमा इन्द्रकुमारीका माध्यमबाट मानवताको चित्रण गरिएको छ । पतिबाट धोका पाउदा समेत उसकै दासी बनेर बस्नु, विद्रोह गर्न नसक्नु जस्ता पक्षले इन्द्रकुमारीको कमजोरी देखाइएको छ । यस काव्यमा परित्यक्ता भएर पनि पति परायण नारीका रूपमा उपस्थित गराइ मानवताको चित्रण गरिएको छ ।

आ~नो सम्पूर्ण जीवन पतिको स्मरणमा र दाम्पत्य सुखमय जीवनको कामना गर्दै बिस वर्षसम्म पतिको प्रतिक्षामा जीवन बिताउन सपल इन्द्रकुमारीमा धीरता, सहनशीलता, पतिपरायण, आदर्श नारीजस्ता पक्षका साथै मानवताको समेत चित्रण गरिएको छ । इन्द्रकुमारीले आ~नो जीवनमा पुरा हुन नसकेको कुरा प्राप्त गर्न विद्रोह त गर्न सकेको छैन तर कल्पनाको भावलोकमा सधैा डुबिरहन्छन् । हाम्रो समाजमा नारीले भोग्नु परेका अनेक दुःख, सङ्घर्ष र पीडा जस्ता पक्षको चित्रण गर्दै निर्दोष भएर पनि पीडा खप्नु पर्ने नारी जातिकी प्रतिनिधि पात्रका रूपमा इन्द्रकुमारीको यस काव्यमा चरित्र रहेको छ ।

### (ख) पृथ्वीनारायण शाह

गोरखाका राजा पृथ्वीनारायण शाहको बिस वर्षको उमेरमा मकवानपुरका हेमकर्णकी छोरी र दिग्बन्धनकी बहिनी इन्द्रकुमारीसाग विवाह भएको र दाइजोको निहुमा आफुलाई अपमान गरेको ठानी विवाहिता पत्नीलाई माइतमै छोडेर गोरखा गएका दोस्रो बिहे गरेका पात्रका रूपमा काव्यमा उपस्थित गराइएको छ । इन्द्रकुमारीका दाजु दिग्बन्धनले दाइजो दिन

नमानेको र आ^नो अपमान भएको ठानी विवाहिता पत्नीलाई छोडी तुरुन्तै गोरखा गएका पृथ्वीनारायणले अर्को विवाह गर्नुले असमानता निम्त्याएको छ । दरवारिया पक्षबिचको राजहठका कारण अर्को विवाह गर्नु, इन्द्रकुमारीलाई धोका दिनु, बेवास्ता गर्नु जस्ता पक्षले अमानवीयताको चित्रण गरेको छ । पतिपरायण, आदर्श नारी इन्द्रकुमारीलाई दाइजोको निहुमा माइतमै छोड्नु धोका दिनु, अमानवीय देखिन्छ । पृथ्वीनारायण जस्ता जिम्मेवार व्यक्तिले आ^नो विवाहिता श्रीमतीलाई बेवास्ता गर्नु, निर्दोष नारीको जिन्दगी बर्बाद बनाउनुले वर्तमानमा पनि हाम्रो समाजमा पृथ्वीनारायण जस्तै दाइजोको निहुमा कुटपिट, जिउदै जल्नु परेका हजारौं घटनाहरूलाई समेत सङ्केत गर्दै प्रतिनिधि पात्रका रूपमा यस काव्यमा उपस्थित गरिएको छ । धन र मानको लागि अर्कोको जीन्दगीनै अन्धकारमा धकेल्ने पृथ्वीनारायण जस्ता मान्छे हाम्रो समाजमा थुप्रै छन् । बिना गल्ती नै एउटी नारीले जीवनभर उसैको प्रतीक्षामा बिताउादा समेत बेवास्ता गर्ने प्रवृत्ति पृथ्वीनारायणको कमजोर पक्षका रूपमा रहेको छ ।

(ग) अन्य पात्र

हेमकर्ण इन्द्रकुमारीका र दिग्बन्धनका बुवाका रूपमा यस काव्यमा उपस्थित भएका छन् । गोरखासागको सम्बन्ध गाास्न पृथ्वीनारायणलाई आ^नो छोरी दिएर दाइजोको लागि छोरीलाई छोडेर जाादा समेत केही गर्न नसक्ने पात्रका रूपमा उपस्थित गराइएको छ ।

### ५.५.३ उद्देश्यमा मानवतावाद

'इन्द्रकुमारी' खण्डकाव्य ऐतिहासिक विषयवस्तुलाई आधार बनाई रचना गरिएको काव्य हो । यस काव्यमा दाइजोका कारण इन्द्रकुमारीले भोग्नुपरेको दुःख पीडालाई चित्रण गर्दै निर्दोष भएर पनि इन्द्रकुमारीले भोग्नु परेको समस्याको चित्रण गर्नु नै यस काव्यको उद्देश्य रहेको छ । हाम्रो समाजमा व्याप्त दाइजो प्रथा र दाइजो प्रथाले निम्त्याएको समस्या इन्द्रकुमारी जस्ता अन्य हजारौं नारीहरूले भोग्नु परेको दुःख र यातनालाई चित्रण गर्दै अमानवीय पक्षको चित्रण समेत गर्नु यस काव्यको उद्देश्य रहेको छ । इन्द्रकुमारीले आ^नो जीवनमा पुरा हुन नसकेको कुरा प्राप्त गर्न विद्रोह त गर्न सकेको छैन तर कल्पनाको भावलोकमा साथै डुबिरहने इन्द्रकुमारी जस्ता आदर्श, पतिपरायण नारीको प्रतिनिधि पात्रका रूपमा उपस्थित गराइ आदर्श समाज निर्माण र मानवताको चित्रण पाइनु यस काव्यको उद्देश्य रहेको छ । समानता, भ्रातृत्व जस्ता पक्षलाई अङ्गाल्नु पर्ने र एक आपसमा सहमती आवश्यक देखाइ कसैको जीवनमा अन्धकार

ल्याउने आ^नो व्यक्तिगत स्वार्थका लागि उसको अधिकार समेत हनन हुनु जस्ता पक्षको चित्रण गर्दै एक अर्काबिच मानवता आवश्यक छ भन्ने देखाउनु यस काव्यको उद्देश्य रहेको छ । भौतिक सुख र आ^नो अपमान भएको ठानी पृथ्वीनारायणले आ^नी विवाहिता पत्नीलाई अलपत्र माइतीमै छोड्नु र अर्को बिहे गर्नु जस्ता पक्षलाई देखाइ इन्द्रकुमारीको आत्मिक प्रेमलाई असफलता देखाउनु यस काव्यको उद्देश्य हो । पतिले बेवास्ता गर्दै माइतमै छोडेपनि पतिको यादमा ध्यानमा बसेकी इन्द्रकुमारीको अन्तिमसम्मको पतिभक्तिले मानवताको चित्रण यस काव्यमा गरिएको छ ।

### ५.५.४ निष्कर्ष

प्रस्तुत इन्द्रकुमारी खण्डकाव्यमा आएका विभिन्न प्रसङ्गबाट इन्द्रकुमारीमा पति परित्यक्ता तर पतिपरायण आदर्श हिन्दूनारीका साथै मानवता समेत रहेको छ । नेपालको इतिहासमा नाम उल्लेख भएकी मकवानपुरका राजा हेमकर्णकी छोरी र पृथ्वीनारायण शाहकी जेठी धर्मपत्नी इन्द्रकुमारीलाई काव्यकी नायिका नायिका बनाइनुका साथै इन्द्रकुमारी र पृथ्वीनारायणको विवाह प्रसङ्ग, दाइजो प्रसङ्ग र घटना उल्लेख गरिएको यस काव्यमा मानवता र अमानवता दुबै पक्षको चित्रण गरिएको छ । एक्लै माइतमा बिस वर्ष बस्नु परेकी इन्द्रकुमारीको मनोविकार वियोगको प्रारम्भमा एक्लै बस्दा पनि प्रेमको भावनामा डुल्दै गएको क्रमशः त्यो एक्लोपन बढ्दै बढ्दै गएपछि एक्लै हुनुको विरहलाई थाहा पाएको र निराश भएर बााचिरहेकी निरीह जीवनको प्रस्तुति यस काव्यमा गरिएको छ । विवाह भए तापनि माइतमै एक्लै बिस वर्षे जीवन बिताएकी इन्द्रकुमारीको पीडालाई विषयवस्तु बनाइ दाइजोको निहुमा पृथ्वीनारायणले छोडेर जानु, इन्द्रकुमारीका दाजु र पृथ्वीनारायण बिच दाइजोको निहुमा विवाद हुनु जस्ता पक्षलाई हेर्दा यस काव्यमा अमानवता जस्ता पक्षको चित्रण पाइएको छ भने इन्द्रकुमारी जस्ता सहनशील नारी पात्रका माध्यमबाट मानवताको चित्रण पाइन्छ । दाइजोको कारण जीवनभर माइतमै बसेर जीवन यापन गरेपनि पतिको प्रतिक्षामा जीवन बिताएकी इन्द्रकुमारीले विद्रोह गर्न नसकेको सहनशीलता, आदर्शता जस्ता चरित्रले मानवताको प्रयोग भएको छ । ऐतिहासिक विषयवस्तुमा आधारित यस काव्यमा राज्य सत्ताको दाउपेचका कारण र राजहठका कारण उत्पन्न भएका अमानवीय पक्ष र इन्द्रकुमारीमा देखिएको मानवताका बिच द्वन्द्व गराएर मानवमूल्यबोध गराइएको छ ।

दिग्बन्धन इन्द्रकुमारीको दाजु र हेमकर्णको छोराका रूपमा काव्यमा उपस्थित छ । काव्यमा थोरै भूमिका भएपनि महत्त्वपूर्ण र काव्यलाई दुःखान्त बनाउनमा महत्त्वपूर्ण भूमिका खेल्ने पात्रका रूपमा यस काव्यमा उपस्थित भएको छ । नौलखा हार र एकदन्ते हात्ती दिनु परेको सपना देखेका र विपनामा पृथ्वीनारायणलाई नदिने भएको प्रसङ्गले इन्द्रकुमारीको जीवनमा आएको उतार चढाव ल्याउनमा महत्त्वपूर्ण भूमिका भएको पात्रका रूपमा यस काव्यमा भूमिका रहेको छ । पितृसत्तात्मक हाम्रो समाजमा छोरीप्रति गरिने भेदभाव अंशको लोभमा अर्काको भविष्य माथि खेलवाड गर्ने हाम्रो समाजको प्रतिनिधि पात्रका रूपमा उपस्थित भएको पाइन्छ । 'इन्द्रकुमारी' खण्डकाव्यमा थोरै भूमिका भएर पनि महत्त्वपूर्ण भूमिका र सिङ्गो काव्यलाई नै अघि बढ्न महत्त्वपूर्ण पात्रका रूपमा उपस्थित भएको छ । धन, सम्पत्तिको लोभ-लालचमा बहिनीको भविष्यलाई समेत नसोची दाइजो नदिनु जस्ता पक्षले छोरीलाई गर्ने हेपाहा प्रवृत्ति असमानताको चित्रण गरिएको छ भने अर्कोतिर समाजमा व्याप्त विसङ्गति, विकृति दाइजोका कारण नारीले भोग्नु परेका यातना जस्ता पक्षलाई औंल्याउादा दाइजो प्रथाको अन्त्य हुनु नै उत्तम देखिने हुादा दिग्बन्धनले दाइजो नदिइ बहिनी पठाउन खोज्नु राम्रो पक्ष पनि रहेको छ । मानवता र अमानवताका बिचको द्वन्द्व गराइ 'इन्द्रकुमारी' काव्यमा पात्रहरूको उपस्थिति गराइएको छ ।

इन्द्रकुमारीले पतिबाट परित्यक्ता भएर बस्नुपर्ने बाध्यता जसले इन्द्रकुमारीको स्वतन्त्रताको हनन भएको छ भने दाइजोको कारण उनको जीवनमा आएको समस्याले समानताको कदर नभएको जनाइएको छ । इन्द्रकुमारीले विवाह पश्चात् माइतमै बिताएको जीवनले आदर्श पत्नीमा गुणलाई चित्रण गरेको छ । यसबाट सामान्य कारणले पनि कति ठूलो समस्यालाई निम्त्याउादछ तसर्थ एक अर्काप्रति मानवीय भाव जागृत हुनु जरुरी छ भन्ने भाव यस काव्यमा व्यक्त गरिएको छ ।

'इन्द्रकुमारी' काव्यमा उपस्थित पात्रका चरित्रलाई चित्रण गर्दा इन्द्रकुमारी परित्यक्ता, पतिपरायण, आदर्श नारीका रूपमा उपस्थित गराइ मानवताको चित्रण गरिएको छ भने पृथ्वीनारायण र दिग्बन्धन जस्ता पात्रका माध्यमबाट राज्यको दाउपेच र दाइजो जस्ता पक्षलाई विषयवस्तु बनाइ एउटी निर्दोष नारीले जीवनमा भोग्नु परेको पीडा जस्ता पक्षलाई हेर्दा अमानवीयताको चित्रण गरिएको छ ।

# छैंटौं परिच्छेद

# निष्कर्ष

प्रस्तुत शोधकार्यको मुख्य विषय माधव घिमिरेका खण्डकाव्यमा मानवतावाद हो । यस सम्बन्धी विश्लेषण प्रस्तुत शोधपत्रका दोस्रोदेखि छैंटौं परिच्छेदसम्म गरिएको छ । यस विश्लेषणबाट प्राप्त हुन आएको उनका खण्डकाव्यको मानवतावाद निष्कर्षलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

## ६.१ परिच्छेदगत निष्कर्ष

शोधपत्रको दोस्रो परिच्छेदमा मानवतावादको परिचय, उद्‌गम र विकास प्रक्रियालाई स्पष्ट गरिएको छ । अङ्ग्रेजीको ह्युम्यानिट्ससाग सम्बन्धित र इज्म प्रत्यय गाासिएर उन्नाइसौा शताब्दीदेखि ह्युम्यानिजमका रूपमा प्रसिद्ध छ । पुर्नजागरण कालका पिता इटालेली दार्शनिक पेट्रार्कले सर्वप्रथम यस शब्दको प्रयोग गरेका हुन् । परिच्छेदगत निष्कर्षलाई बुादागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१. विभिन्न दार्शनिकहरूले अलग अलग परिभाषा गरे तापनि निष्कर्षमा मानव सेवा र सच्चा मानव धर्म नै मानवतावाद हो ।

२. मानवताले भौतिक जगत स्वीकार्दै सत्यवादी, परमार्थी, निःस्वार्थी भावका साथ जगत् कल्याणका निम्ति कर्म र कर्तव्य सञ्चालन गर्ने र विविध धर्म, संस्कृति, परम्परा र सम्प्रदायहरूबिच सद्‌भाव कायम गर्दै विश्वबन्धुत्वका उच्च आदर्शले जीवन र जगत्‌लाई एउटै सूत्रमा आवद्ध गर्दछ ।

३. पाश्चात्य जगत्‌का प्राचीन पौराणिक ग्रन्थहरूमा मानवजीवन र भौतिक जगत्‌लाई भन्दा परलोक र ईश्वरको अस्तित्वलाई शीर्षस्थानमा राखेको छ ।

४. पाश्चात्य जगत्‌का प्राचीन धार्मिक ग्रन्थ, नीति, सूक्ति, साहित्य आदिद्वारा विस्तृत चर्चा भएपनि मूलतः मानवजीवनका केन्द्रीयतामा ती आदर्श, मूल्य, धर्म आदिको व्याख्या नभई मानवजीवन र भौतिक जगत्‌लाई भन्दा परलोक तथा ईश्वरको अस्तित्वलाई महत्त्व दिइएको छ ।

५. भौतिक जीवन र जगत्‌प्रति करुणा, दया, प्रेम, सद्‌भाव राख्दै निःस्वार्थ भावले सेवा गर्ने प्रगतिशील दृष्टिकोण यस दर्शनबाट निसृत भएका छन् ।

६. पूर्वीय चिन्तन परम्पराअन्तर्गत वेद, पुराण, उपनिषद्, नीति, धर्म, दर्शन तथा चिन्तकहरूले सेवाभावलाई महत्त्व दिएका छन् ।

७. पूर्वीय चिन्तन प्रणालीभित्र सत्य, अहिंसा, मानवप्रेम, सद्भाव, स्नेह, सदाचार, क्षमा, दया, धर्म अङ्गाल्ने र निःस्वार्थ रूपमा मानवसेवा गर्ने प्रेरणा प्रदान गरिएको छ ।

८. विभिन्न धर्म समाज सुधारक चिन्तकहरूका विचार र चिन्तनमा मानवसेवालाई नै माधवधर्म, स्वतन्त्रता, समानता सम्प्रभुता, बन्धुत्वलाई बढी महत्त्व दिएका छन् ।

९. औपनिवेशिकता तथा पराधिनता विरुद्ध तत्कालीन राष्ट्रहरूद्वारा सञ्चालित जे जति गतिविधि थिए ती सबै मानवतावादी चिन्तन एवम् दर्शनमा आधारित थिए र पहिलो र दोस्रो विश्वयुद्धपछि उपनिवेशविरुद्ध उठाइएका कदमहरू यसै दर्शनमा आधारित छन् ।

१०. प्रकृति चिन्तक रुसोको 'सोसियल कन्ट्रयाक्ट' ग्रन्थमा निहित समानता स्वतन्त्रता र बन्धुत्वका आदर्शले फ्रान्सेली राज्यक्रान्तिमा व्यापकता रहेको छ ।

११. भारतीय साहित्यपरम्परामा रवीन्द्रनाथ टैगोर, कालिदास, विद्यापति, विहारीलाल जस्ता कविहरूको मानवतावादी चिन्तन सत्यम्, शिवम् र सुन्दरम् जस्ता पक्षलाई आगाल्दै विश्वबन्धुत्व र मानवतावादी स्वर पाइन्छ ।

१२. नेपाली साहित्यका परिष्कारवादी कवि लेखनाथ पौड्याल, बालकृष्ण सम जस्ता कवि लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरे पनि साहित्यमा जीवन र जगत्लाई मानवीय चिन्तनका साथ हेर्नुपर्ने अवधारणा विकसित हुन थालेको छ ।

१३. मानवीय आदर्श र मूल्यलाई उच्च महत्त्व दिदै यिनीहरूले अहिंसा शान्ति, सद्भाव, समानता, स्वतन्त्रता, बन्धुत्वका असल आदर्शहरूलाई काव्यमा प्रतिबिम्बन गराइएको छ ।

तेस्रो परिच्छेदमा घिमिरेका मानवतावादी चिन्तनको पृष्ठभूमि प्रेरणास्रोतलाई स्पष्ट पारिएको छ । वि.सं. १९७६ साल आश्विन ७ गते गौरी शङ्कर र द्रोपदी घिमिरेका पहिलो सन्तानका रूपमा लमजुङ् जिल्लाको पुस्तुन गाउमा जन्मिएका घिमिरे सानै उमेरमा आमाको माया र ममताबाट बञ्चित भएपनि बुबासाग गोठमा बस्दा बाबुले गाउने बालुन, गाथा र त्यहाा गाइने बाह्रमासे गीतहरूबाट लोकगीतप्रति आकर्षित र गोठमा रहदा उपदेश मञ्जरी, रामायण र पूर्ण उपदेश मञ्जरी श्लोक हालेर गाउने अवसर पाउनु कवि घिमिरेको कविता लेखनको प्रेरणाका स्रोत हुन् । खुदीबेनीमा बस्दा, 'वैख्यपुण्य' शीर्षकको कविता लेखेर पण्डित

नारायणदत्तलाई सुनाएका घिमिरेललाई वसन्ततिलका छन्दको नियम सिकाइ दिएर कविता लेखनप्रति अभिप्रेरित गरेकाले प्रेरणाको स्रोतका रूपमा लिन सकिन्छ । उनको 'ज्ञानपुष्प' ( १९९२) मा गोरखापत्रमा प्रकाशित प्रथम कविता हो ।

आरम्भिक शिक्षादीक्षा घरबाट सुरुभई रानीपोखरी पाठशाला तथा तीनधारा पाठशाला भर्ना बनारसको क्विस कलेजबाट मध्यमा उत्तीर्ण गरेका घिमिरे लमजुङ्मा शिक्षक पेसामा संलग्न भई काठमाडौमा 'शिक्षक शिक्षण केन्द्र' मा शिक्षक र सो संस्था 'कलेज अफ एजुकेशन' मा परिणत भएपछि त्यसको प्राध्यापक बन्न पुगेका छन् । माधव घिमिरेका खण्डकाव्यको वर्गीकरण गर्दा सामाजिक खण्डकाव्य 'पापिनी आमा', बोराको परदा', 'गौथली र गजधम्मे', पौराणिक खण्डकाव्य धर्तीमाता र ऐतिहासिक खण्डकाव्य 'नयाा नेपाल', 'राजेश्वरी', 'राष्ट्रनिर्माता' र 'इन्द्रकुमारी' गरी जम्मा नौ वटा प्रकाशित खण्डकाव्य रहेका छन् । उनका खण्डकाव्य यात्राको चरणलाई समय परिवर्तनका आधारमा अनुसन्धाता तथा समालोचकहरूले विभिन्न चरणमा विभाजन गरी विश्लेषण गरेका छन् । उनका काव्यमा समानतना, स्वतन्त्रता, विश्वबन्धुत्व, राष्ट्रियता भावले ओतप्रोत, मातृत्व जस्ता मानवतावादी चिन्तनको प्रबलता पाइन्छ ।

चौथौ र पााचौ परिच्छेदमा घिमिरेका काव्यकृतिहरूको विश्लेषण गर्दा खण्डकाव्यका प्रमुख तत्त्व कथावस्तु, सहभागी र उद्देश्यका सापेक्षतामा विश्लेषण गरिएको छ र उनका काव्यकृतिमा पाइने मानवतालाई केही मात्रामा धारहरूका आधारमा समेत विश्लेषण गरिएको छ । आठओटा खण्डकाव्य र गौरी शोककाव्य गरी जम्मा नौओटा प्रकाशित खण्डकाव्यको विश्लेषण गर्दा जीवनमा दुःख, पीडासाग सङ्घर्ष र सहज बनाउने उद्देश्य यी काव्यकृतिमा निहित छ । यस्तो सुखमय र कल्याणमय जीवन निर्माणका निम्ति कविले आˆना काव्यहरूमा मानवताको प्रयोग निम्नानुसार गरेका छन् :

१. व्यक्ति र समाजलाई नैतिक आदर्श तथा चारित्रिक बनाउन जोड दिनुपर्ने । (जस्तैः पापिनी आमा, राजेश्वरी, बोराको परदा, गौथली र गजधम्मे, इन्द्रकुमारी) ।

२. मानिसका आचरणमा सकारात्मक परिवर्तन ल्याई जीवनलाई सकारात्मक बनाउनुपर्नेमा जोड दिएका छन् । (पापिनी आमा, राजेश्वरी, बोराको परदा, गौथली र गजधम्मे, इन्द्रकुमारी)

३. दीन दुःखीहरूको सेवा नै परमेश्वरको पूजा भएको हुादा जीवनका यावत् कर्म र कर्तव्यहरूलाई परोपकारका निम्ति लक्षित तुल्याउने । (बोराको परदा, गौंथली र गजधम्मे) ।

४. राष्ट्रिय एकता, सद्भाव, विश्वबन्धुत्व र स्वावलम्बी तथा कर्मशील जीवनका निम्ति प्रेरणा दिने । (राजेश्वरी, राष्ट्रनिर्माता) ।

५. देशभक्ति, धर्तीप्रेम, राष्ट्रियता जस्ता उच्च आदर्शलाई अवलम्बन गर्नु पर्नेमा जोड (धर्तीमाता, राष्ट्रनिर्माता) ।

६. जीवनमा दया, माया, करुणा, प्रेम, सद्भावहरूको विकास गरी जीवनलाई नै सार्थक तुल्याउने, सत्य अहिंसात्मक भावनाका साथ कर्म सञ्चालन गर्न जोड दिएका छन् । ( पापिनी आमा, गौरी, राजेश्वरी, राष्ट्रनिर्माता, बोराको परदा, गौंथली र गजधम्मे) ( इन्द्रकुमारी) ।

७. दासता एवम् पराधीनता विरुद्ध सङ्गठित गर्दै शान्ति, स्वतन्त्रता, समानता जस्ता पक्षमा सदैव क्रियाशील रहनुपर्नेमा जोड दिएको छ । (बोराको परदा, गौंथली र गजधम्मे) ।

८. नारीमाथि गरिने यातना, पीडा, लिङ्गभेद, वर्गभेद जस्ता विभेदको विरुद्ध आवाज उठाउादै सद्भाव, समानता जस्ता पक्षको अवलम्बन गर्नुपर्ने । (पापिनी आमा, राजेश्वरी, बोराको परदा, गौंथली र गजधम्मे, इन्द्कुमारी) ।

९. प्राकृतिक नियममा अनुबन्धित जीवन सुखी र त्यसबाट निर्बन्ध जीवन दुःखी हुने धारणा व्यक्त गरिएको छ (राजेश्वरी) ।

१०. समाजमा व्याप्त गरिबी, अज्ञानता, असमानता, सामाजिक विभेदका कारण घट्ने घटना आदि विसङ्गत पक्षहरूलाई निवारण गर्न प्रेरित गर्नुपर्नेमा जोड दिइएको छ (पापिनी आमा, बोराको परदा, गौंथली र गजधम्मे) ।

११. निःस्वार्थ मानवसेवाको भावना लिई त्याग, बलिदानी, सहअस्तित्व, दुःख सुखमा साथ सहयोग गर्न सक्ने आचरण विकास गर्नु नै मानवता हो भन्ने चित्रण गरिएको छ । ( गौरी, राजेश्वरी, राष्ट्रनिर्माता, गौंथली र गजधम्मे) ।

१२. सद्भाव, शान्तिपूर्ण नैसर्गिक जीवन, स्वतन्त्र जीवन बााच्न पाउनुपर्ने पक्षमा जोड दिइएको छ (राज्यश्वरी, बोराको परदा) ।

१३. नारीमाथि गरिने सद्भाव, सामाजिक बन्धन, दाइजोका कारण भोग्नु परेको यातना जस्ता पक्षको अन्त्यको चाहना घिमिरेका काव्यमा पाइन्छ । (पापिनी आमा, राजेश्वरी, बोराको परदा, गौंथली र गजधम्मे र इन्द्रकुमारी) ।

उल्लिखित बुादाका आधारमा कविले मानव जीवनलाई नैतिक र चारित्रिकका साथै कर्तव्यमा संलग्न हुन प्रेरित गरिरहेका छन् । मानव कर्मले महान हुने र उसका कर्म र कर्तव्यहरू मानव सेवामा समर्पित हुनुपर्ने काव्यमा जोड दिइएको छ । सत्य, सदाचार, अहिंसा, निःस्वार्थ तथा बलिदानी भावद्वारा जीवनमा सङ्गति आउने, धर्तीप्रेम जस्ता पक्षमा जोड दिदै जीवनमा सहज सुखी बनाउादै जगत्मा शान्ति, कल्याणको स्थापना गर्ने उद्देश्य कविको रहेको छ । उपकार, दया, सेवा, सद्भाव, सहिष्णुता जस्ता मानवीय असल आदर्शका केन्द्रीयतामा मानवतावादी भाव स्थापना गरेका छन् । यस्तै स्वतन्त्रता, समानता, सहअस्तित्व, लिङ्गभेद, वर्गसमन्वय जस्ता भावनाका पृष्ठभूमिमा कविले आदर्शसमाजको निर्माण गर्न चाहेका छन् । सामाजिक, पौराणिक र ऐतिहासिक विषयवस्तुलाई आधार बनाई काव्यमा मानवता, मानव आदर्शता, मानवीय मूल्य, आदर्शहरू स्वतन्त्रता, समानता, राष्ट्रियता, विश्वबन्धुत्व जस्ता मानवतावादी भाव व्यक्त गरेका छन् ।

## ६.२ समग्र निष्कर्ष

माधव घिमिरेको जन्म वि.सं. १९७६ असोज ७ गते मङ्गलबार गौरीशङ्कर घिमिरे र द्रौपदी घिमिरेको पहिलो सन्तानका रूपमा गण्डकी अञ्चल, लमजुङ जिल्लाको पुस्तुन गाउामा भएको हो । घिमिरे दुई-अढाई वर्षको हुादा आमाको मृत्युपछि बाबुसाग लेकमा बस्दा बाबुले गाउने बालुन, गाथा र बाह्रमासे गीतबाट लोकगीतप्रति आकर्षित भएका थिए । औपचारिक रूपमा वि.सं. १९९३ सालमा काठमाडौंको रानीपोखरी संस्कृत पाठशाला प्रथम परीक्षा प्रथम श्रेणी उत्तीर्ण गरेर तीनधारा पाठशालामा भर्ना भए । पछि बनारसको क्विन्स कलेजबाट वि.सं. १९९७ सालमा मध्यमा परीक्षा प्रथम श्रेणीमा तथा त्यसै कलेजबाट२००१ सालमा सर्वदर्शन विषयमा शास्त्री पनि प्रथम श्रेणीमै उत्तीर्ण गरे ।

बालक कालमै मातृस्नेहविहिन हुन पुगेका घिमिरेले आˆनो पूरै बाल्यकाल बाबुसागै बिताएका थिए । त्यहााको प्राकृतिक दृश्य, वर्षाकालीन पहाडी बसाईं घिमिरेका लागि साहित्यिक प्रेरणाको प्रमुखस्रोत बन्न पुग्यो । साहित्य सिर्जनाका क्रममा महाकवि कालिदास, रवीन्द्रनाथ टैगोर, किट्स, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, तीर्थराज पाण्डेका

रचनाबाट प्रभावित हुादै वि.सं. १९९२ सालमा 'ज्ञानपुष्प' नामक कविता गोरखापत्रमा प्रकाशन गरेबाट साहित्य लेखनको प्रारम्भ गरेका हुन् । उनका प्रकाशित खण्डकाव्यहरू 'पापिनी आमा' (२०१३, 'नयाा नेपाल' (२०१३), 'गौरी' (२०१५), 'राजेश्वरी' (२०१७), 'राष्ट्रनिर्माता' (२०२३), 'धर्तीमाता' (२०३०), 'इन्द्रकुमारी' (२०५६), 'बोराको परदा' (२०५७) र 'गौंथली र गजधम्मे' ( २०५७) खण्डकाव्यहरू रहेका छन् । उनका सामाजिक खण्डकाव्यहरूमा 'पापिनी आमा', 'गौरी', 'बोराको परदा' र 'गौाथली र गजधम्मे' रहेका छन् । पौराणिक खण्डकाव्य 'धर्तीमाता' र ऐतिहासिक खण्डकाव्य 'नयाा नेपाल', 'गौरी', 'राजेश्वरी', 'राष्ट्रनिर्माता' र 'इन्द्रकुमारी' रहेका छन् ।

खण्डकाव्यकार माधव घिमिरेका खण्डकाव्यमा पूर्वीय र पाश्चात्य दुबै साहित्यको प्रभाव पाइन्छ । प्रस्तुत शोधकार्यमा पूर्वीय चिन्तन परम्पराअन्तर्गत वेद, पुराण, उपनिषद्, नीति, धर्म, दर्शनलाई आधार मानिएको छ भने पाश्चात्य साहित्यको हिब्रू, ग्रिसेली र रोमेली दर्शनलाई आधार मान्नुका साथै रुसोको समानता, स्वतन्त्रता र भ्रातृत्वलाई समेत आधार बनाइएको छ । भारतीय साहित्य र नेपाली साहित्यलाई समेत आधार बनाइएको छ । पूर्वीय साहित्यमा सेवा भाव, सत्य, अहिंसा, मानवप्रेम, सद्भाव, स्नेह, सदाचार, क्षमा, दया, मानव धर्म जस्ता पक्षलाई बढी महत्त्व दिइएको छ । पाश्चात्य साहित्यमा मावन सेवा र सच्चा मानव धर्म नै मानवता हो, यसले भौतिक जगत्, स्वीकार्दै सत्यवादी, परमार्थी, निःस्वार्थ भावका साथ जगत् कल्याण उच्च आदर्श जीवन र जगत्लाई एउटै सूत्रमा आवद्ध गर्दछ । रुसोको 'सोसियल कन्ट्रयाक्ट' ग्रन्थमा निहित समानता, स्वतन्त्रता र भ्रातृत्वको आदर्शले फ्रान्सेली राज्यक्रान्तिमा व्यापकता रहेको छ । भारतीय साहित्यमा रवीन्द्रनाथ टैगोर, कालिदास, विद्यापति, विहारीलाल जस्ता कविहरूले सत्यम्, शिवम् र सुन्दरम् जस्ता पक्षलाई अङ्गाल्दै विश्वबन्धुत्व र मानवतावादी स्वर पाइन्छ । नेपाली साहित्यमा लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरेले पनि जीवन र जगत्लाई मानवीय चिन्तनका साथ हेर्नु पर्ने मानिसले मानिसलाई गर्ने व्यवहार मानवीय हुनुपर्नेमा जोड दिएका छन् ।

घिमिरेका खण्डकाव्यलाई सामाजिक, पौराणिक र ऐतिहासिक आधारमा वर्गीकरण गरी ती खण्डकाव्यको कथानक, पात्र र उद्देश्यमा रहेको मानवतावादलाई यस शोधपत्रमा विश्लेषण गरिएको छ । उनका सामाजिक खण्डकाव्य 'पापिनी आमा', 'गौरी', 'बोराको परदा' र 'गौाथली र गजधम्मे' मा समाजमा व्याप्त विकृति, विसङ्गतिको चित्रणका साथै व्यक्ति र समाजलाई नैतिक आदर्श तथा चारित्रिक बनाउनु पर्नेमा जोड दिएका छन् । नारी माथिको सामाजिक

बन्धनका कारण त्यसले निम्त्याएको समस्याको चित्रण गरिनुका साथै समाजमा अवैध सम्बन्धका कारण आमाबाट ˆयाकिएका सन्तान र त्यस्ता आमाहरूको अमानवताको चित्रण गरिएको छ । यस्ता समस्या आउन नदिन विधवा विवाहलाई समाजले मान्यता दिनुपर्ने र हरेक आमाले पापिनी नभई आˆनो जिम्मेवारीलाई स्वीकार्नुपर्ने जस्ता पक्षले मानवतालाई चित्रण गरेको छ । 'गौरी' को मृत्युपश्चात् भाव विह्वल भएर काव्य रचना गरिनुले असल दाम्पत्यप्रेम र जिम्मेवारी बोध जस्ता पक्षको चित्रण गरिएको छ । मानवता हराउादै गएको वर्तमानमा निः स्वार्थप्रेम, सभ्यता र उच्च आदर्श जस्ता मानवतावादी भाव यस काव्यमा प्रस्तुत गरिएको छ । 'बोराको परदा' र 'गौथली र गजधम्मे' मा समाजमा रहेको कुसंस्कार जातीय विभेद, जस्ता पक्षको चित्रण गर्दै समानता, स्वतन्त्रता र भ्रातृत्व जस्ता पक्षको अवलम्बन गरिनुपर्नेमा जोड दिइएको छ । मानवीय हित विपरीत रहेका नियम, चलन-चल्तीमा रहेका विकृति-विसङ्गतिको विरोध गर्न खोज्नु र त्यसको सुधारको अपेक्षा गरिएको छ । लैङ्गिक, आर्थिक र जातीय असमानताले निम्त्याउने समस्याको चित्रण गरिएका काव्यकारका सामाजिक खण्डकाव्यमा नारी र पुरुष बिचको विभेद, धनी र गरिब बिचको विभेदको अन्त्यको चाहना रहेको छ । त्यसैगरी पौराणिक खण्डकाव्य 'धर्तीमाता' का माध्यमबाट स्वजाति, धर्तीप्रतिको स्नेह, मानव र माटोको सम्बन्ध जस्ता पक्षको चित्रण गरिएको छ । धर्तीलाई माताका रूपमा उपस्थित गराइ मानिसले धर्तीमै जन्मने र धर्तीकै काखमा विलिन हुने धर्तीले निःस्वार्थ मानव सेवा गरिरहने धर्ती र मानिसको सम्बन्ध चलायमान छ भन्ने भावले धर्तीप्रेम, विश्वबन्धुत्व मौलाएको छ ।

घिमिरेका ऐतिहासिक खण्डकाव्य 'नयाा नेपाल', 'राजेश्वरी', 'राष्ट्रनिर्माता' र 'इन्द्रकुमारी' मा रहेको मानवताले समानता, स्वतन्त्रता र भ्रातृत्वलाई समेटेको छ । राष्ट्रिय एकता, सद्भाव, विश्वबन्धुत्व र स्वावलम्बी तथा कर्मशील, जीवनका निम्ति प्रेरणा, सद्भाव, शान्तिपूर्ण नैसर्गिक जीवन बााच्न पाउनुपर्ने पक्षलाई जोड दिइएको छ । निःस्वार्थ मानव सेवाको भावना लिई त्याग, बलिदानी, सहअस्तित्व दुःख, सुखमा साथ सहयोग गर्न सक्ने आचरण विकास गर्नु नै मानवता हो भन्ने चित्रण गरिएको छ । विश्वमा जुनसुकै ठाउा, जात, लिङ्ग, समुदाय वा वर्गसित सम्बन्धित मानिस एउटै परिवारको सदस्यसरह हुन्छ सो अनुकूल सबैले सबैसित मानवीय व्यवहार गर्नु नै मानवीय कर्तव्य हो । राष्ट्रप्रेम, धर्तीप्रेम, देशभक्ति मानिसमा हुनुपर्दछ । उनका विचारमा आमाको जस्तो त्याग, सद्भाव र हार्दिकताको अभिव्यक्तिमा मानवता हुन्छ, त्यसको अभावमा पृथ्वी सचेत मानिसको बस्ने थलो हो भन्ने कुरामा प्रश्न उठ्तछ । धर्तीमा भएका नदी, वृक्ष, गाई  जस्ता मानवेत्तर प्राणीहरूले परोपकार नै गर्छन् भने

मानिस पनि परोपकारका निम्ति प्रेरित हुनु पर्दछ । निःस्वार्थ राष्ट्रप्रेम, देशभक्तिको भाव हुनुपर्दछ देशको सेवाका निम्ति तत्पररहनुपर्दछ भन्ने मानवतावादी भाव काव्यमा व्यक्त भएको छ । राजेश्वरीले देश र जनताको लागि गरेको योगदान निःस्वार्थ भक्तिपूर्ण रहेको र पृथ्वीनारायणले टुक्रा टुक्रा देशलाई सिङ्गो देशको सिर्जना गरेको जस्ता विषयवस्तुका माध्यमबाट मानवताको चित्रण गरिएको छ । मानवता हराउदै गएको वर्तमान समाजमा राजेश्वरी र पृथ्वीनारायण जस्ता असल देशभक्तको आवश्यकता छ । त्यस्ता आदर्श पात्रका माध्यमबाट काव्यकारले आ̆ना काव्यमा मानवता प्रस्तुत गरेका छन् । उनले राष्ट्रियता, मानवतालाई विश्वबन्धुत्वको जग ठानेका छन् । राष्ट्रलाई मानवताका विरोधीहरूबाट बचाउन सक्नु पर्दछ तबमात्र मानवताको पाठ सिकिन्छ भन्ने मानवतावादी चिन्तन काव्यकार घिमिरेका काव्यमा व्यक्त भएको छ । कवि घिमिरेले मानवतालाई मानिसले मानिसलाई गर्ने व्यवहार र मानिसको हृदयपक्षले मानवतालाई चिनाउादछ । मानिसलाई अन्य प्राणीभन्दा छुट्टै चिनाउने चिज हृदय पक्ष नै हो, यसले मानिसलाई सत् असत्, सुमार्ग तर्फ प्रेरित गरिरहेको हुन्छ र पशुत्वबाट उजागर गरेको हुन्छ । मानव हितको चाहना काव्यकारका काव्यमा रहेको छ ।

निष्कर्षमा माधव घिमिरेका खण्डकाव्यहरू सामाजिक, पौराणिक र ऐतिहासिक आधारमा विश्लेषण गरिएको छ । यस शोधकार्यमा पूर्वीय र पाश्चात्य धर्म ग्रन्थहरूममा पाइने मानवतावाद, भारतीय साहित्यमा पाइने मानवतावाद र नेपाली साहित्यमा पाइने मानवतावादको अवधारणालाई ग्रहण गरी **माधव घिमिरेका खण्डकाव्यममा मानवतावाद** शीर्षकमा घिमिरेका काव्यमा प्रस्तुत भएको मानवताको विश्लेषण गरिएको छ । उनका काव्यमा स्वतन्त्रता,समानता र भ्रातृत्व जस्ता पक्षमा सत्य, सदाचार, अहिंसा, निःस्वार्थ, बलिदानी भावद्वारा जीवनमा सङ्गति आउने धर्तीप्रेम जस्ता पक्षमा जोड दिदै जीवनमा सहज सुखी बनाउने जगत्मा शान्ति, कल्याणको स्थापना गर्ने उद्देश्य कविको रहेको छ । उपकार, दया, करुणा, सेवा, सद्भाव जस्ता मानवीय असल आदर्शका केन्द्रीयतामा मानवतावादी भाव स्थापना गरेका छन् । घिमिरेका काव्यमा मानवता, मानव आदर्शता, मानवीय मूल्य आदर्शहरू स्वतन्त्रता, समानता, राष्ट्रियता, विश्वबन्धुत्व जस्ता मानवतावादी भाव व्यक्त गरेका छन् ।

## सन्दर्भग्रन्थ सूची

अधिकारी हेमाङ्गराज र अन्य (सम्पा.) (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौा : विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी, महादेव (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** काठमाडौं : इन्टेलेक्चयुअल्स बुक प्यालेस ।

उपाध्याय, रामप्रसाद (२०५८), **विश्वको इतिहास,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

घिमिरे, माधव (२०५७), **इन्द्रकुमारी,** ललितपुर : साझा प्रकाशन ।

.............. (२०६८), **गौरी,** अठारौं सं, ललितपुर : साझा प्रकाशन ।

.............. (२०६९), **राजेश्वरी,** एघारौं सं, ललितपुर : साझा प्रकाशन ।

.............. (२०६९), **राष्ट्रनिर्माता,** बाह्रौं सं, ललितपुर : साझा प्रकाशन ।

जोशी, कुमारबहादुर, **महाकवि देवकोटा र उनका महाकाव्य,** चौथो सं. पुल्चोक, ललितपुर : साझा प्रकाशन ।

निरौला, लेखप्रसाद (२०६६), **राष्ट्रकवि घिमिरेको खण्डकाव्यकारिता,** काठमाडौं : सनराईज प्रकाशन ।

पोखरेल, भानुभक्त (२०६९), **माधव घिमिरेका विशिष्ट खण्डकाव्य,** ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६७), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६७ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०३४), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

### सन्दर्भ पत्रिका सूची

त्रिपाठी, वासुदेव, “कवि घिमिरेको काव्ययात्रा र राजेश्वरी खण्डकाव्य” **रूपरेखा** (वर्ष १२, अङ्क ११ पूर्णाङ्क ३१, २०२८), पृ. २- २४ ।

न्यौपाने, देवराज, “कवि घिमिरेका राष्ट्रनिर्माता”, **मधुपर्क** (वर्ष ६, अङ्क, ६, २०३० कार्त्तिक) पृ. २५-२६

भट्टराई, घटराज, “माधव घिमिरेको : व्यक्ति र कृति”, **मधुपर्क** (वर्ष ११, अङ्क १ २०३५ जेठ) पृ. ३-१६ ।

## अप्रकाशित शोधपत्र


गैरे, ईश्वरी (२०६५), **माधव घिमिरेका खण्डकाव्यमा करुण रस,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

गौतम, तारानाथ (२०३४), **कवि माधवप्रसाद घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको विवेचना** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

गौतम, मधुलाल (२०६९), **माधव घिमिरेका ऐतिहासिक खण्डकाव्यमा स्वच्छन्दतावाद,** शोधपत्र, अप्रकाशित ।

दाहाल, घनश्याम (२०५५), **राजेश्वरी खण्डकाव्यको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

नेपाल, शैलेन्द्रप्रकाश (२०५९), **माधव घिमिरेका खण्डकाव्यको ध्वनितात्त्विक अध्ययन,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, महेन्द्र संस्कृत विश्वविद्यालय ।

पौडेल, अम्बिका (२०६८), **माधव घिमिरेका खण्डकाव्यको वस्तुस्रोत,** अप्रकाशित स्नातकोत्तर, शोधपत्र ।

बस्याल, ध्रुवप्रसाद (२०७१), **लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा मानवतावाद,** अप्रकाशित दर्शनाचार्य, शोधप्रबन्ध, त्रि.वि. ।


## इन्टरनेट सामग्री


Background, History and predessors of Humanism,http: //www.wikipedia, the free encylopedia. com, 2013.

Huanist Manifesto First (1933), Huanist Manifesto Second (1973), Humanist Manifesto Third (2003), www.americanhumanist.org (2014.

Hunanist Manifest, WWW, american humanistorg

Rousseau, Jean Jacques, 1920, The social cantract, http: WWW. openlibrary. com